# “नेपाल–भारतबीच उच्चस्तरीय भ्रमणहरूको आदानप्रदान २००७–२०१९”

**त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र संकायअर्न्तगत इतिहास विषयको स्नातकोत्तर तह दोस्रो वर्ष  छैटौ पत्रको**

**प्रयोजनको लागि प्रस्तुत**

**शोधपत्र**

**शोधार्थी**
**हरि प्रसाद भुसाल**
**क्याम्पस रोल नं. १८**

**त्रिभुवन विश्वविद्यालय इतिहास केन्द्रीय विभाग**
**कीर्तिपुर, काठमाडौं**
**२०६५**

# सिफारिस पत्र

त्रिभुवन विश्वविद्यालयबाट इतिहास विषयमा स्नातकोत्तर तहको उपाधि प्राप्तिको आंशिक आवश्यकता परिपूर्तिका लागि हरिप्रसाद भुसालद्वारा "नेपाल-भारतबीच उच्चस्तरीय भ्रमणको आदान-प्रदान २००७-२०१९" विषयमा तयार पारिएको शोधपत्र मेरो निर्देशन र सुपरिवेक्षणमा तयार पार्नु भएको हो । प्रस्तुत शोधपत्रलाई मूल्याङ्कनका लागि सिफारिस गर्दछु ।

.........................................

डा. भवेश्वर पंगेनी

शोधनिर्देशक

इतिहास केन्द्रीय विभाग

त्रि.वि. कीर्तिपुर

मितिः२०६५/०४/०१

**त्रिभुवन विश्वविद्यालय**

**मानविकी तथा सामाजिकशास्त्र सङ्काय**

**इतिहास केन्द्रीय विभाग**

**कीर्तिपुर**

# स्वीकृति पत्र

त्रिभुवन विश्वविद्यालय मानविकी तथा समाजिकशास्त्र सङ्कायअन्तर्गत इतिहास विषयको स्नातकोत्तर तहको उपाधि प्राप्तिका लागि हरिप्रसाद भुसालद्वारा तयार पारी प्रस्तुत गरेको "नेपाल-भारतबीच उच्चस्तरीय भ्रमणको आदान-प्रदान २००७-२०१९" विषयक शोधपत्र इतिहास विषयको स्नातकोत्तर तहको उपाधि प्राप्तिका लागि उचित ठहरिएकोले स्वीकृत प्रदान गरिएको छ ।

## शोधपत्र मूल्याङ्कन समिति

विभागीय प्रमुख

प्रा.निरञ्जन शर्मा ................................

शोधनिर्देशक

डा. भवेश्वर पंगेनी ...................................

बाह्य परीक्षक ...................................

# दुई शब्द

त्रिभुवन विश्वविद्यालय मानविकी तथा समाजशास्त्र संकायअन्र्तगत इतिहास विषयको स्नातकोत्तर तह छैठौं पत्रको आंशिक आवश्यकता परिपूर्ति गर्नका लागि प्रस्तुत गर्नुपर्ने शोधपत्रको विषय शीर्षक "नेपाल-भारत उच्चस्तरीय भ्रमणहरूको आदान-प्रदान (२००७-२०१९)" भन्ने राखेको छु ।

नेपाल भारत सम्बन्ध ज्यादै पुरानो छ र भारतसँग रहेका सामाजिक, आर्थिक, साँस्कृतिक धार्मिक र ऐतिहासिक सम्बन्धहरूका कारण एक अर्काबीच अटुट सम्बन्ध विकसित बन्दै आइरहेको छ । भौगोलिक अवस्थिति र विभिन्न समिप्यताहरूका कारण अन्य देशको तुलनामा नेपालको सम्बन्ध भारतसँग अलि बढी छ । यिनै सम्बन्धहरूका कारण नेपाल भारत उच्चस्तरीय भ्रमणहरूको प्रक्रिया पनि अति पुरानो मान्न सकिन्छ । विभिन्न समयमा विभिन्न उद्देश्यहरू लिएर एक अर्को देशमा जाने आउने गरेका उल्लेखहरू पनि प्रशस्त पाइन्छन् । यस्ता प्रक्रिया राजनीतिक अवस्थाअनुसार कहिले बढी र कहिले कम हुने गरेका छन् । नेपाल-भारत सम्बन्धमा यस्ता भ्रमणहरूले प्रशस्त चर्चा परिचर्चा पाउने मात्र नभई आपसी शंका र उपशंकाहरूले पनि प्राथमिकता पाउने गरेका छन् । तर यस विषयमा बौद्धिक जगतको ध्यान पुग्न सकेको देखिदैन । नेपाल-भारत सम्बन्धका वारमा स्वदेशी तथा विदेशी लेखकहरूले प्रशस्त कलम चलाएपनि यस्ता भ्रमणहरूको उल्लेख प्रशङ्गबस मात्रै त्यो पनि ज्यादै न्यून चर्चा गर्ने गरिएको पाइन्छ । उच्चस्तरीय राजनेताहरूका औपचारिक र अनौपचारिक भ्रमणहरू भई त्यस्ता भ्रमणहरूले देशका हरेक क्षेत्रमा प्रभाव पार्ने भए पनि बौदिक जगतको ध्यान पुग्न नसक्नु दुःखको कुरा हो । भारतको तुलनामा भ्रमणका प्रक्रियाहरू नेपालबाट ज्यादै बढी हुने गरेका  छन् । गोप्यरुपमा भारतीय राजनेतालाई भेट्न जाने प्रक्रियाले नेपालको राजनीतिक इतिहासमा पटक-पटक दोहोरीरहने अर्को एउटा इतिहास बनाएको छ । यहाँका हरेक शासक (प्रधानमन्त्री टंकप्रसाद वाहेक) सत्ता प्राप्ति पछि भारत भ्रमण गर्न हतार गरेका छन् । त्यस्तै भारतीय राजनेताहरूबाट पटक-पटक नेपालको सार्वभौममाथि आँच पुग्ने अभिव्यक्तिहरू दिइरहदा पनि नेपाल सरकार मौन बस्दै आइरहेको छ । आफ्नो छिमेकी देश नेपालको राजनीतिका हरेक गतिविधिहरूलाई आफ्नो अनुकुल बनाउनका लागि प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा सक्रिय हुँदै आइरहेको भारत नेपाली राजनीतिका पक्ष, प्रतिपक्ष र विद्रोही सवै शक्तिहरूसँग आफ्नो प्रभाव विस्तार गर्दै हरेक समस्याहरूको समाधान उ आफैबाट गराउन चाहने भारतीय रणनीतिको के रहस्य लुकेको छ ? किन नेपाल भारतसम्बन्ध भावनात्मक नभई शंका उपशंका व्याप्त हुन पुगे? किन नेपालीहरूले पटक-पटक भारत सरकारबाट ठगिएको महसुस गरिराखेका छन्? इत्यादी विषय वरीपरी अध्ययन केन्द्रीत छ ।

नेपाल भारत सम्बन्धमा रहेका अस्पष्ट जानकारी प्रदान गर्ने उद्देश्यले शोधपत्र तयार गरेको हुँ । वास्तवमा शोध मैले जति सहज सोचेको थिए त्यति सहज हुन सकेन । उपर्युक्त शीर्षकअन्तर्गत शोध तयार गर्दा ज्यादै कठिन भएको महसुस मैले गरेको छु सय पूर्णाङ्कको आंशिक पत्रको परिपूर्तिका लागि मात्र तयार पारिएका कारण सवै विषयहरू उजागर नभएका पनि हुन सक्छन् यसमा क्षमा चाहन्छु । इतिहासको गर्भमा लुकेका कुराहरू खोतली राजनैतिक नेतृत्वलाई प्रेरणा प्रदान गर्न अति आवश्यक भएको हुँदा यस विषयमा वौद्धिक वर्गको ध्यान पुगेमा नेपाल भारत सम्बन्धको संचालनमा सहजता आई सम्बन्ध सुधार हुने र नेपाल भारत सम्बन्धमा आइरहने गतिरोधहरू समाप्त हुने आशा एवं विश्वास लिएको छु ।

प्रस्तुत शोधपत्र तयार पार्दा विभिन्न महानुभावहरूबाट प्रेरणा पाएकाले उहाँहरूप्रति निकै आधार व्यक्त गर्दछु । शोध प्रस्तावको तयारीदेखि शोधपत्र तयार पार्ने समयसम्म कार्यव्यस्तताका वावजुद आफ्नो अमूल्य समय उपलब्ध गराई प्रोत्साहन र प्रेरणा प्रदान गर्दै आवश्यक सल्लाह, सुझाव र उचित निर्देशन प्रदान गर्नुहुने आदरणीय गुरु भवेश्वर पंगेनीप्रति कृतज्ञताज्ञापन गर्दछु । अनुसन्धान कार्यलाई सहज तुल्याउन सुझाव दिनुहुने आदरणीय गुरु त्रिरत्न मानन्धर, तीर्थप्रसाद मिश्र र घनश्याम भट्टराईप्रति निकै आभारी छु साथै शोध मूल्याङ्कन कमिटि र इतिहास विषयका समस्त गुरुहरूप्रति पनि म निकै कृतज्ञ छु ।

मलाई औपचारिक शिक्षाको यस तहसम्म ल्याउन सदैव संघर्षरत मेरा पुज्य पिता भोलानाथ भुसाल र माता टिका देवी शर्माको आशिर्वाद सदा साथमा रहेको छ । यसैगरी शोधपत्रको तयारीदेखि अन्त्यसम्म सहयोग पुऱ्याउने मेरा सहपाठी भुपेन्द्र राईलाई धन्यवाद दिन चाहन्छु । आफ्नो कार्य व्यस्तताका वावजुद समय निकालेर सहयोग गर्ने मित्र कमल गौडेल, युवराज आत्रेय, ढाकाराम सापकोटा, वहिनी सृजना शर्मा र हौसला प्रदान गर्ने जीवनसाथी कमला शर्मालाई पनि विशेष धन्यवाद दिनचाहन्छु । साथै कम्प्युटर टाइपिङ्ग कार्यमा अथक सहयोग प्रदान गर्ने क्रिएटिभ कम्प्युटर सेन्टर, कीर्तिपुरका अशोक क्षेत्री, विष्णु देवी क्षेत्री र दिव्या क्षेत्रीलाई धन्यवाद दिन चाहन्छु ।

**हरिप्रसाद भूसाल**

# विषयसूची


| | पृष्ठ |
|---|---|
| **पहिलो परिच्छेद : शोधपरिचय** | **१–१०** |
| **दोस्रो परिच्छेद : नेपाल भारतबीच सम्पन्न उच्चस्तरीय भ्रमणहरूको ऐतिहासिक पृष्ठभूमि** | **११–३२** |
| २.२ राणाकाल पूर्व | १२ |
| २.२.१ राणा काल | १७ |
| क) राणाकाल पूवार्द्ध | १७ |
| ख) राणाकाल उत्तरार्द्ध | २८ |
| **तेस्रो परिच्छेद : नेपाल भारतबीच उच्चस्तरीय भ्रमणहरूको आदान–प्रदान (२००७–२०१०)** | **३३–७९** |
| ३.१ राजा त्रिभुवनबाट भएका भ्रमणहरू | ३३ |
| ३.२ प्रधानमन्त्रीका तर्फबाट भएका भ्रमणहरू | ६० |
| ३.३ भारतीय प्रधानमन्त्री जवाहरलाल नेहरुको भ्रमण | ७३ |
| **चौँथो परिच्छेद : नेपाल भारतबीच उच्चस्तरीय भ्रमणहरूको आदान प्रदान (२०१०–२०१५)** | **८०–१२९** ४. |
| नेपालको तर्फबाट राजाले गरेका भ्रमणहरू | ८० |
| ४.२ प्रधानमन्त्रीबाट भएका भारत भ्रमणहरू | १०३ |
| ४.३ भारतीय राष्ट्रपतिको नेपाल भ्रमण | १२६ |
| **पाँचौं परिच्छेद : नेपाल भारतबीच उच्चस्तरीय भ्रमणहरूको आदान प्रदान (२०१५–०१७)** | **१३०–१५७** |
| ५.१ राजाबाट भएका भारत भ्रमणहरू | १३० |
| ५.२ प्रधानमन्त्रीकाबाट भएका भारत भ्रमणहरू | १४० |
| ५.३ भारतीय प्रधानमन्त्री जवाहरलाल नेहरुको नेपाल भ्रमण | १५१ |
| **छैटौं परिच्छेद : नेपाल भारत उच्चस्तरीय भ्रमणहरूको आदान–प्रदान (२०१७–२०१९)** | **१५८–१६९** |
| ६.१ राजाबाट भएका भारत भ्रमणहरू | १५८ |
| **सातौं परिच्छेद : निष्कर्ष** | **१७०–१७६** |
| **सन्दर्भसामग्री** | **१७७-१८०** |

# पहिलो परिच्छेद

# शोधपरिचय

## १.१ शोधपरिचय

एक देशको प्रतिनिधिले अर्को देशको भ्रमण गरी भेटघाट गर्नाले परस्पर मैत्रीभाव बढ्न गई अन्तर्राष्ट्रिय सहयोग तथा विश्व शान्तिको निम्ति ठूलो बल मिल्ने कुरा निर्विवाद छ। कुनै पनि राष्ट्र विश्व परिस्थितिबाट अलग्गिएर रहन सक्दैन । समन्वय र भाइचारा बढाउन तथा अन्तर्राष्ट्रिय क्षेत्रमा एउटा स्वतन्त्र राष्ट्रका रूपमा अन्तर्राष्ट्रिय परिवेशमा उपस्थिति देखाउन यो एक अनिवार्य विषय बन्दै गएको छ । वर्तमानमा भूगोलको जुनसुकै क्षेत्रको मुलुकहरूसँग पनि मैत्री सम्बन्ध स्थापना गरी अगाडि बढ्नु पर्ने आवश्यकता नै छ भने पनि हुन्छ । देश सामरिक दृष्टिकोणले कमजोर भएपनि आफ्नो राष्ट्रको अस्तित्व बचावटको लागि पनि यस्ता भ्रमणहरू गरिन थालिएको छ । कुनै पनि राष्ट्रको कुटनीतिक सफलता उसको छिमेकीसँगको सम्बन्धका आधारमा हेर्ने गरिन्छ ।

एक देशको प्रतिनिधिले अर्को देशको भ्रमण गरि समस्याहरू समाधान गर्ने प्रक्रिया ज्यादै पुरानो हो । वास्तवमा राष्ट्र प्रमुख वा सरकार प्रमुखहरूबाट छिमेकी देशको भ्रमण गर्नु स्वभाविक विषय हो तर यसरी गरिएका भ्रमण सद्भावबाट प्रेरित हुनुपर्दछ । नेपाल भारत सम्बन्धमा पनि यस्ता उच्चस्तरिय भ्रमणहरू धेरै अगाडिबाट हुने गरेको पाइन्छ । वर्तमानमा पनि यो प्रक्रिया जारी नै छ । फरक भ्रमणको उद्देश्य र व्यक्तिहरूमा छ । नेपालबाट यस्ता भ्रमणहरू कहिले राजाले गरे, कहिले प्रधानमन्त्रीले गरे त्यस्तै भारतका तर्फबाट पनि कहिले राष्ट्रपतिले गरे, कहिले प्रधानमन्त्रीले गरे । उच्च तहमा भएका भन्दा तल्लो तहमा भएका भ्रमणहरूको संख्या ज्यादै बढी छ । देशको सामाजिक, ऐतिहासिक, साँस्कृतिक आर्थिक, राजनैतिक जस्ता सम्बन्धहरू मजवुत पार्नका लागि यस्ता भ्रमणहरू आवश्यक छन्, जसको फलस्वरूप दुवै देशको मित्रताको गाँठो अझ दरिलो बन्दै गएको छ। आपसी शंका निवारण भएका छन् ।

तुलनात्मक रूपमा यस्ता भ्रमणका श्रृङ्खलाहरू भारतको तर्फबाट भन्दा नेपालको तर्फबाट बढी भएका छन् र यो क्रम यहाँको राजनैतिक अवस्था अनुसार कहिले बढी र कहिले कम हुने

गरेका छन् । वि.सं. २००७ देखि २०११ सम्ममा नेपालबाट भएका भ्रमणको भित्री आसय प्रायः राजनीतिक परामर्शका लागि हुने गरिएको पाइन्छ भने त्यसपछिका दिनहरूमा यो प्रक्रिया केही कम हुन पुग्यो । शासनमा राजा महेन्द्रको उदय र विदेशनीतिको उनको फरक उद्देश्यका कारण मातृका मन्त्रीमण्डलको पतनपछि नेपाल भारत सम्बन्ध फरक रूपमा विकास भयो । नेपालमा २००७ सालदेखि भारतले जमाएको विशेष प्रभाव राजा महेन्द्रको समयबाट समाप्त भयो । जसको कारण भारतसँग नेपालको मैत्रीपूर्ण सम्बन्ध मात्र कायम भयो । यस्तो सम्बन्ध नेपालले अन्य देशसँग पनि गर्न चाहन्थ्यो । भारतले नेपालमा आफ्नो विशेष प्रभाव चाहेको थियो । तर नेपालको यस्तो क्रियालापले उ सशंकित बन्न पुग्यो । भारतले नचाहँदा नचाहँदै पनि नेपाल चीनसँग नजिकिन पुग्यो यसले गर्दा भारतले आफ्नो सुरक्षामा गम्भीर खतराको महसुस गर्न पुग्यो । अन्तर्राष्ट्रिय क्षेत्रमा बढी सक्रिय भूमिका निर्वाह गर्न उत्साह नदेखाओस् र नेपालको वैदेशिक र सुरक्षा मामिलामा आवश्यक सल्लाह र सहयोग प्रदान गरी अभिभावकत्व निर्वाह गर्दै आफ्नो हिमालय सुरक्षा अवधारणा नेपालमा सधैंभरि लागू गर्न चाहने भारतीय सुरक्षा कुटनीतिको भित्री चाहना विपरीत राजा महेन्द्रको विदेशीनीतिले भारत सरकारलाई झस्कायो । यसै कारण आफ्नो नेपालसँगको विशेष सम्बन्धलाई निरन्तरता दिन भारतीय राष्ट्राध्यक्षबाट नेपाल भ्रमण पनि भएको थियो । जसको उद्देश्य चीनतर्फ मोडिएको नेपालको विदेशनीतिलाई भारतीय अनुकुल ल्याउनु थियो । भारत सरकारको यो सोच राजा महेन्द्रको विदेश नीतिको विपरीत थियो । यसबाट के कुरा स्पष्ट हुन्छ भने भारत नेपालमा जसरी भएपनि आफ्नो प्रभाव विस्तार गरी यहाँको समस्याहरूको समाधान आफैबाट गराउन चाहन्थ्यो । ताकि कुनै अर्को तेस्रो देशको प्रभाव नपरोस् । ऊ नेपालको प्रत्येक क्रियाकलापको सूक्ष्म तरिकाबाट अध्ययन गरिरहेको हुन्छ र नेपालको राजनीतिमा आफ्नो अनुकूलता र प्रतिकूलताप्रति सदैव सजग बन्दै कार्य सञ्चालन गर्दै आइरहेको छ । जुन कुरा उसले नेपालसँग सम्पन्न भएको सन् १९५० को सन्धि र त्यसपछिका दिनहरूमा अवलम्बन गर्दै आएको नीतिबाट प्रस्ट हुन्छ ।

## १.२ समस्याकथन

यस कारण प्रस्तुत शोधमा निम्न लिखित समस्याहरू उजागर गर्न खोजिएको छ ।

क) राणाशासनविरुद्ध भएको आन्दोलनमा भारतले किन मध्यमार्गी नीति अपनायो ? अध्ययन गर्ने,

ख) भारत नेपालमा कस्तो राजनैतिक परिवेश चाहन्छ ? उल्लेख गर्ने ,

ग) नेपालको राजनीतिक मामलामा भारत मौन रहन नसक्नुको कारण के हो ? उल्लेख गर्ने,

घ) उच्चस्तरिय भ्रमणको आदान प्रदानको प्रक्रियामा भारतको तुलनामा नेपालबाट किन बढी भए ? कारण पत्ता लगाउने ।

ङ) प्रजातन्त्रको स्थापनासँगसँगै किन नेपालमा भारत विरोधी स्वरहरू सुनिए ? उल्लेख गर्ने ।

## १.३ शोधको उद्देश्य

प्रस्तुत शोधमा निम्न लिखित उद्देश्यहरू रहेका छन्:-

क. नेपाल-भारत उच्चस्तरीय भ्रमणहरूको संक्षिप्त जानकारी गराउने ।

ख. नेपाल-भारत उच्चस्तरीय भ्रमणहरूको भित्री उद्देश्य पत्ता लगाई विश्लेषण गर्ने ।

ग. भारत किन सदैव नेपालमा आफ्नो अनुकलताको खोजिमा रहन्छ प्रकाश पार्ने ।

घ. किन भारतले नेपालमा कुनै अस्थिरता उत्पन्न हुने वित्तिकै प्रत्यक्ष वा अप्रत्यक्ष आफ्नो उपस्थिति दर्शाउने गर्दछ सोको बारेमा जानकारी गराउन ।

## १.४ पूर्वकार्यको समीक्षा

नेपाली राजनेताहरूले छिमेकी देश भारतको भ्रमण महत्वका साथ धेरै पहिला देखि नै गर्दै आइरहेका थिए र त्यो क्रम अहिलेसम्म पनि जारी छ । तर यति महत्वपूर्ण विषयवस्तुलाई केन्द्रविन्दु बनाएर आजसम्म कुनै पनि लेखकले अध्ययन गरेको वा पुस्तक प्रकाशित गरेको भने पाइदैन । नेपाल र भारतबीचको सम्बन्धलाई विषयवस्तु बनाएर भने केही विद्वान् लेखकहरूले यस विषयवस्तुलाई केही कोट्याउन भने खोजका छन् तर त्यसलाई पर्याप्त मान्न सकिदैन । तर नेपाल भारतबीचको सम्बन्ध र नेपालको वैदेशिक नीतिका बारेमा भने विभिन्न पुस्तकहरू पाइन्छन् । यसमध्ये गिरीलाल जैनद्वारा लिखित **"इण्डीया मिट्स चाइना इन नेपाल"** १९५९ नामक पुस्तक पनि हो । यस पुस्तकमा राणाशासनको अन्त्यदेखि १९५६ सम्मका राजनीतिक घटनाक्रमहरू केलाउँदा नेपाल भारत सम्बन्धका बारेमा केही जानकारीहरू उल्लेख गरेका छन् । यो पुस्तकमा महेन्द्रको शासन शुरु भएपछि नेपाल चीनतर्फ ढल्किन थालेको र भारत नेपालतर्फ अलि उदास भएको कुरा उल्लेख गर्न खोजिएको पाइन्छ । यो पुस्तकमा शोधको विषयसँग सम्बन्धित केही कुराहरू उल्लेख भए पनि शोधको विषयमा मेल खाने पुस्तक चाहि होइन ।

लियो इ. रोजद्वारा लिखित **"नेपाल स्ट्राटेजी फर सर्भाइभल"** १९७१ अर्को महत्वपूर्ण पुस्तक हो । यो पुस्तकमा नेपालको विदेश नीतिको बारेमा विस्तृत रूपमा उल्लेख गर्ने प्रयास गरिएको छ । यस क्रममा नेपाल भारत सम्बन्धको बारेमा पनि प्रशस्त जानकारीहरू दिन खोजिएको छ । यो पुस्तक शोधको लागि केही सहयोगी अवश्य छ । यो पुस्तक नेपाल भारतबीचको सम्बन्धलाई वास्तविक रूपमा बुझ्न मद्दत गर्दछ । तर नेपाल र भारतका उच्चस्तरीय भ्रमणहरूको उद्देश्य बारे यो पुस्तक पनि मौन छ ।

डी. मुनीद्वारा लिखित पुस्तक **"फरेन पोलिसी अफ नेपाल"** दिल्ली, १९७३ अर्को एउटा महत्वपूर्ण पुस्तक हो । लेखकले यस पुस्तकमा दुई देशबीचको गहिरो मित्रताको साथै नेपालको विदेश नितीका विविध पक्षहरूमा उल्लेख गरेका छन् । लेखकले यस पुस्तकमा नेपाल र भारत दुबैतर्फबाट भए गरेका भ्रमणहरूको बारेमा १९५१ -१९७१ सम्म सामान्य उल्लेख भएको छ । तर सम्पन्न भएका सबै भ्रमणहरू यसमा समावेश हुन सकेका छैनन् । गोप्य रूपमा गरिएका

केही भ्रमणहरूको उल्लेख पाइए पनि सबैलाई समेट्न सकिएको छैन । यो पुस्तक पनि प्रस्तुत शोधको निम्तिसहयोगी छ ।

राजकुमार झाद्वारा लिखित पुस्तक **“द हिमालयन किङ्गडम्स इन इण्डीयन फरेन पोलिसी”** पनि अर्को महत्वपूर्ण पुस्तक मान्न सकिन्छ । यस पुस्तकमा भारत सरकारले हिमालयन प्रदेशका राज्यप्रति अपनाएको कुटनीतिको बारेमा उल्लेख गरिएको छ । त्यस्तै भारतले किन नेपालसँग १९५० को सन्धि गऱ्यो, त्यस पछिका दिनहरूमा भारत नेपालपति कस्तो अपेक्षा राख्दछ भन्ने भारत सरकारको दृष्टिकोणको सामान्य उल्लेख गर्न खोजिएको छ । यो पुस्तक शोधका लागि केही उपयोगी रहेको छ ।

ए.एस. भासिनद्वारा सम्पादित पुस्तक **‘डकुमेन्टस अफ नेपाल्स रिलेसन्स विथ इण्डीया एण्ड चाइना”** नामक पुस्तक पनि महत्वपूर्ण पुस्तकअन्तर्गत पर्दछ । यस पुस्तकमा सन्धिहरूका कागजातका साथै नेपाल-भारतबीच उच्चस्तरीय भ्रमणहरूको विषय र त्यस्ता भ्रमणपछि प्रकाशित हुने संयुक्त विज्ञप्तिहरूलाई जस्ताको तस्तै समावेश गरिएको छ जुन शोधका लागि अति उपयोगी मान्न सकिन्छ तर यति हुँदाहुँदै पनि यस पुस्तकमा भ्रमणहरूको सबै जानकारी समेट्न सकिएको छैन । साथै उच्चस्तरीय भ्रमणहरूको सामान्य कारण र उद्देश्यको विश्लेषण यसमा पाइदैन ।

अर्को महत्वपूर्ण पुस्तक डा. आसद हुसेन द्वारा लिखित **“कन्फ्लीक्ट्स इन एसिया अ केश स्टडी अफ नेपाल”** १९७९ पनि एक हो । यस पुस्तकमा लेखकले नेपाल भारत सम्बन्धको बारेमा विस्तृत उल्लेख गरेका छन् । यस पुस्तकमा नेपाल भारत सम्बन्ध उल्लेख गर्दा शोधको विषयसँग सम्बन्धित केही विषयहरू पनि उल्लेख भएका छन् ।

लेखक रमाकान्तको **“नेपाल चाइना एण्ड इण्डीया”** नामक पुस्तकमा राजा त्रिभुवनको विदेशनीति, नेपालमा त्यस समयमा उत्पन्न भारत विरोधी भावना र राजा महेन्द्रको समयमा परिवर्तन भएको नेपाल भारत सम्बन्धका बारेमा जानकारी दिन खोजिएको छ । यो पुस्तक पनि आंशिक रूपमा शोधको निम्ति उपयोगी मान्न सकिन्छ ।

लेखक मुरलीधर धरमदसानीको पुस्तक **"इण्डीया डिप्लोमेसी इन नेपाल"** अर्को महत्त्वपूर्ण पुस्तक हो । यस पुस्तकमा लेखकले भारत नेपाल कुटनीतिका निर्धारण तत्व र उद्देश्यहरू बारेमा प्रष्ट उल्लेख गरेका छन् । उक्त पुस्तक शोधको विषयसँग सहयोगी रहनेछ ।

दमनराज तुलाधरको पुस्तक **"कन्टेम्पोररी नेपाल (१९४५-१९५५)"** पुस्तकमा विभिन्न राजनैतिक घटनाक्रमहरूका साथै त्रिभुवनको राजगद्दी त्याग र उनको समयमा भएका आन्तरिक र बाह्य घटनाहरूलाई ज्यादै सरल र सूक्ष्म तरिकाबाट उल्लेख गरिएको छ । उच्चस्तरीय भ्रमणहरूको आदान-प्रदानका बारेमा पनि केही जानकारी दिन खोजिएको यस पुस्तक शोध कार्य सम्पन्न गर्नका लागि सहयोगी बनेको छ ।

कुशुम श्रेष्ठद्वारा लिखित "मोनार्की इन नेपाल त्रिभुवन एरा" भन्ने पुस्तकमा राजा त्रिभुवनले राणा शासन विरोधी आन्दोलनमा लिएको नेतृत्वकारी भूमिका, संबैधानिक राजतन्त्रको रूपमा उनले खेलेको भूमिका, त्रिभुवनको समयमा स्थापना भएका मन्त्रीमण्डल र ती सरकारहरूसँग राजाको सम्बन्धको बारेमा विस्तृत चर्चा गरिएको यस पुस्तक राजनैतिक कुराहरूतर्फ बढी केन्द्रित देखिए पनि शोधका विषयसँग सम्बन्धित केही जानकारी प्राप्त गर्न सकिन्छ ।

लेखक ग्रीष्मबहादुर देवकोटाको "नेपालको राजनीतिक दर्पण" नामक पुस्तक पनि शोधको लागि महत्वपूर्ण पुस्तक हो । खासगरी २००७ साल पछिका नेपालका राजनीतिक घटनाक्रमहरू बढो परिश्रमका साथ अनेकन खवर, मन्तव्य र वक्तव्यहरूको संकलन गरिएको यस पुस्तकका चारवटा भागमध्ये तीनवटा भागहरू शोधको लागि निकै उपयोगी सावित भएका छन् । यसमा तत्कालीन नेपालको राजनीति स्थितिको बारे छर्लङ्ग पार्ने प्रयास गर्नुका साथै नेपाल भारतबीच सम्पन्न भएका उच्चस्तरीय भ्रमणहरूको बारेमा पनि केही जानकारीहरू दिने कोशिस गरिए पनि शोधका लागि यसलाई पर्याप्त मान्न सकिदैन ।

त्रिरत्न मानन्धर र निरञ्जन शर्माको पुस्तक "आधुनिक नेपालको राजनैतिक इतिहास" भन्ने पुस्तक पनि शोधको लागि उपयोगी रहेको छ । प्रस्तुत पुस्तकमा नेपालको खासगरी २००७ देखि २०१९ सम्मको समयलाई चार भागमा विभाजन गरी राजनैतिक अस्थिरतादेखि पञ्चायती व्यवस्थाको स्थापनासम्मको राजनैतिक परिस्थिति विस्तृत रुपमा उल्लेख गरिएको छ । तत्कालीन राजनैतिक घटनाक्रमलाई विभिन्न चरणमा विभाजित गर्दै समीक्षात्मक तरिकाबाट

अध्ययन गरिएको यस पुस्तकमा तत्कालीन समयका प्रधानमन्त्री र मन्त्रीहरूको अन्तर्वार्ता लिई यथार्थपरक राजनैतिक चित्रण गर्न खोजिएको छ । यो पुस्तकबाट कस्तो परिस्थितिमा उच्चस्तरीय भ्रमणहरू हुने गर्दा रहेछन् भन्ने सम्बन्धमा केही जानकारी प्राप्त गर्न सकिन्छ ।

त्यस्तै गणेशराज शर्माको “विश्वेश्वरप्रसाद कोइरालाको आत्मवृत्तान्त” भन्ने पुस्तक यो शोधका लागि उपयोगी मान्न सकिन्छ । तत्लकालीन राजनीतिका मुख्य खेलाडी मान्न सकिने विश्वेश्वरप्रसादको अनुभव, यथार्थपरक वर्णनहरू समेटी प्रकाशन गरिएको यस पुस्तकमा स्वयम् विश्वेश्वरले आफूले देखेका र भोगेका कुराहरूको उल्लेख भएबाट शोधकार्य पूरा गर्न केही मद्दत गरेको छ । उनले कुनै कुनै ठाउँमा भारतको तर्फबाट हुनेगरेको दवावमुलक कार्यहरूको स्पष्ट जानकारी दिएका छन् जुन शोधका लागि बढी उपयोगी सिद्ध भएको छ । उनी आफै पनि यस्ता उच्चस्तरीय भ्रमणमा संलग्न भएको पाइन्छ । त्यसको अलावा उनी पटक पटक गोप्य भारत भ्रमण गरेका थिए त्यस विषयमा उक्त पुस्तकमा वर्णन गरेका छैनन् । यस आत्म वृतान्तमा सवल पक्षमात्र उल्लेख गरिएको छ ।

माथि उल्लेखित पुस्तकहरूको अध्ययनबाट नेपाल भारतको राजनैतिक अवस्था र त्यस समयमा भएको एक अर्को देशबीचको सम्बन्धको बढी चर्चा गरीएको छ कुनै पुस्तकहरू राजनीतिक विषयवस्तुमा आधारित छन् भने कुनै पुस्तक दुई देशबीचको सम्बन्धमा आधारित देखिन्छ । नेपाल-भारत सम्बन्धका वारेमा स्वदेशी तथा विदेशी लेखकहरूले प्रशस्त कलम चलाएपनि नेपाल भारतबीच सम्पन्न उच्च स्तरीय भ्रमणहरूको उल्लेख गरि कुनै पनि पुस्तक प्रकाशित भएको वा यसै विषयलाई समेटी अनुसन्धान पनि भएको पाइदैन । जसको कारण नेपाल-भारत सम्बन्धलाई वास्तविक रुपमा बुझ्न सकिएको छैन । पटक-पटक सम्बन्ध सुधार गर्न उच्चस्तरीय भ्रमणहरू भए पनि किन नेपाल भारत सम्बन्धमा आपसी शंका उपशंकाहरू व्यप्त छन्? भारतको नेपालमा के स्वार्थ छ र उ नेपालबाट के अपेक्षा राख्दछ? यस्ता विषयहरूमा व्यापक अध्ययन हुनुपर्ने आवश्यकता महशुस गरी यो अनुसन्धान गरिएको छ ।

## १.५ प्राक्कल्पना

नेपालको राजनीतिक इतिहासको हरेक कालखण्डमा भारतको भूमिकाले धेरे थोरै महत्व पाइरहने छ र चीनसँगको राजनैतिक प्रतिद्वन्द्विताको कारण नेपालप्रति सदैव रक्षात्मक र दवावमुलक कुटनीति सञ्चालन गरिरहने छ ।

## १.६ अध्ययनको महत्व

नेपाल भारतबीच युगौं पुरानो सम्बन्ध गाँसिदै आएको छ । सवैसँग समान मित्रता र सम्बन्ध विस्तारका जतिजुकै आदर्श देखाउन खोजे पनि भारतसँगको सम्बन्धसँग अन्य देशको सम्बन्धलाई दाँज्न नसकिने पक्का हो । नेपालको भू- राजनैतिक अवस्थिति नै वैदेशिक सम्बन्धको आधारभूत र निर्णायक तत्व बनेको छ । यसले भारतसँगको सम्बन्धमा नेपाली शासकहरू विशेष चनाखो हुनुपर्ने देखिन्छ । आपसी सम्बन्ध मजवुत पार्न सम्बन्धलाई प्रगाढ बनाउन उच्चस्तरीय भ्रमणहरूको आदान प्रदान हुने गरेका इतिहास हामीसँग छन् । यो विगत धेरै अगाडिबाट संचालनमा आएको प्रक्रिया हो । दुवै देशबाट धेरै नै उच्चस्तरीय भ्रमणहरू भए पनि तत्कालीन रूपमा यसै विषयलाई समेटेर कसैले पनि अध्ययन अनुसन्धान गरिएको पाइएन, यतिका भ्रमणहरू भइसक्दा पनि यसलाई नेपाल भारत सम्बन्ध भित्रमात्र राखी हेरिएको छ । जसको कारण भ्रमणका उद्देश्य, कारण परिणाम र असरहरूको वारेमा इतिहास मौन छ । यस्ता भ्रमणहरूको भित्री आसय के रहेको हुनसक्छ? किन भ्रमणहरू नेपालबाट बढी हुने गरे? इत्यादी विषयहरूमा जान्न चाहने जो कोहीलाई पनि ठूलो राहत मिल्ने छ, साथै नेपाल भारत सम्बन्धको वास्तविक रूपलाई बुझ्न पनि सहयोग बन्ने आशा गरीएको छ ।

## १.७ शोधको सीमाङ्कन

यस शोधमा मुख्य रूपमा नेपाल भारतबीच सम्पन्न भएका उच्चस्तरीय भ्रमणहरूका श्रृङ्खलाहरूको वारेमा प्रकाश पारिएको छ । यस शोधमा उच्चस्तरीय भ्रमण भन्नाले राष्ट्राध्यक्ष र सरकार प्रमुखहरूलाई मात्र समावेश गर्न खोजिएको भए तापनि उनीहरूसँगसँगै वा अगाडि पछाडि अन्य मन्त्रीहरूबाट र अन्य कुनै व्यक्तिहरूबाट भएका भ्रमणहरू जसको भ्रमणले उच्चस्तरीय भ्रमणहरूलाई प्रत्यक्ष वा अप्रत्यक्ष असर पुऱ्याएको छ । त्यस्ता भ्रमणहरू पनि कहिँ कतै आवश्यक ठाउँमा उल्लेख भएको पाइन्छ । कुनै निश्चित सिमाभित्र रहि कार्य गर्नुपर्ने हुँदा यस शोधका लागि उच्चस्तरीय भ्रमणहरूको आदान प्रदान २००७ देखि २०१९

सम्म अध्ययन गरिएको छ । यस अवधिको अध्ययन गर्दा केही अगाडी र पछाडिका विषयवस्तुहरू पनि समावेश गरिएको हुन सक्छ ।

## १.८ शोधविधि

प्रस्तुत शोधकार्य सम्पन्न गर्नका लागि शोधको विषयलाई छोएर प्रकाशित भएका थुप्रै पुस्तकहरूलाई शोधसामग्रीको रूपमा प्रयोग गरिएको छ त्यस्तै पत्रपत्रिका, लेख, रचना इत्यादिबाट शोध सम्पन्न गरिएको छ । पाठ्यपुस्तकहरूको प्रचुरता भएको ठानी विश्लेषणात्मक अध्ययन गर्ने हेतुले कुनै प्रश्नावलीहरू र अन्तर्वार्ताको पद्धति अपनाइएको छैन ।

## १.९ शोधप्रयोजन

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गत त्रिभुवन विश्वविद्यालय केन्द्रीय क्याम्पस, इतिहास विभाग, कीर्तिपुरको स्नातकोत्तर तह छैटौं पत्रको आंशिक आवश्यकता परिपूर्ति गर्नका लागि तयार गरिएको छ ।

## १.१० अध्ययनको रूपरेखा

यो शोधपत्र पूरा गर्न खास गरि त्रि.वि. केन्द्रीय पुस्तकालय र नेपाल-भारत मैत्री पुस्तकालयमा अध्ययन गरिएको छ । प्रस्तुत शोधलाई देहाय बमोजिम सात अध्यायमा विभाजन गरिएको छ ।

पहिलो परिच्छेद : शोध परिचय

दोस्रो परिच्छेद : नेपाल-भारतबीच सम्पन्न भ्रमणहरूको ऐतिहासिक पृष्ठभूमिको छोटकरीमा उल्लेख गरिएको छ ।

तेस्रो परिच्छेद : नेपाल-भारत उच्चस्तरीय भ्रमणको आदान प्रदान २००७-२०१० सम्म उल्लेख गरिएको छ । यसमा राजा त्रिभुवनको दिल्ली प्रस्थानदेखि प्रधानमन्त्री मातृकाप्रसाद कोइरालाको प्रथम मन्त्रीमण्डलको विघटनसम्मका भ्रमणहरूको अध्ययन गरिएको छ ।

चौथो परिच्छेद : नेपाल-भारत उच्चस्तरीय भ्रमणको आदान प्रदान २०१०-२०१५ सम्म उल्लेख गरिएको छ । जसमा दोस्रो पटक मातृकाप्रसाद कोइरालाको नेतृत्वमा गरिएको मन्त्रीमण्डलको गठनदेखि प्रथम संसदिय निर्वाचनसम्मका भ्रमणहरूको उल्लेख गरिएको छ ।

पाँचौ परिच्छेद : नेपाल-भारत उच्चस्तरीय भ्रमणको आदानप्रदान २०१५-२०१७ भन्नाले संसदिय निर्वाचन सम्पन्न भई निर्वाचित नेपाली काँग्रेसको सरकार गठनदेखि यसको विघटनसम्म भएका भ्रमणहरूको उल्लेख गरिएको छ ।

छैटौं परिच्छेद : नेपाल-भारत उच्चस्तरीय भ्रमणको आदान प्रदान २०१७- २०१९ सम्म उल्लेख गरिएको छ । यसमा राजा महेन्द्रले नेपाली कांग्रेसको निर्वाचित मन्त्रीमण्डल विघटनदेखि २०१९ (चीन-भारत युद्धपछि) सम्म भएका भ्रमणहरूको उल्लेख गरिएको छ ।

सातौं परिच्छेद : निष्कर्ष

# दोस्रो परिच्छेद

# नेपाल भारतबीच सम्पन्न उच्चस्तरीय भ्रमणहरूको ऐतिहासिक पृष्ठभूमि

## २.१ विषय प्रवेश

प्राचीनकालदेखि नै नेपाल-भारतसँग सामाजिक, आर्थिक, सांस्कृतिक धार्मिक जस्ता सम्बन्ध स्थापना भएको देश हो । भू-राजनैतिक अवस्थितिले पनि एक अर्को देशलाई समिप्याएको छ। विगत धेरै सय वर्षदेखि सामाजिक र सांस्कृतिक रुपमा दुई देशबीच ज्यादै पुरानो समिप्यता गाँसिदै आएको छ ।[१] दुबै देशबीच खुल्ला सिमानाका कारण एक देशको बासिन्दा सजिलोसँग अर्को देशमा जान आउन सक्ने भएकाले कुनै कारणबस आफ्नो स्थान छाड्नु पर्ने परिस्थिति सृजना भएमा सजिलोसँग अर्को देशमा गई बस्ने गरेका परम्पराहरू विकसित हुँदै आइरहेका छन् । धार्मिक कारणहरूले गर्दा पनि यस्ता प्रक्रियाहरू हुने गरेका छन् । भारतका विभिन्न तीर्थस्थलहरूमा तीर्थ गर्न जाने त्यस्तै उताबाट पनि नेपालका विभिन्न स्थानहरूमा तीर्थ गर्न आउने परम्परा अहिलेसम्म पनि चलिरहेकै छ । भारत नेपालीहरूका लागि शिक्षा आर्जन गर्ने थलोको रूपमा पनि रहेको थियो । त्यस्तै दुबै देशका जनता तथा शासकहरूबीच वैवाहिक सम्बन्धहरूले गर्दा पनि एक अर्कोलाई नजिकाएको छ ।

यस्ता यावत सम्बन्धका कारण नेपाल भारतबीच उच्चस्तरीय भ्रमणहरू धेरै पहिलादेखि नै हुने गरेको सङ्केत मिल्दछ । राम र सीताको विवाह, बुद्धले बुद्धत्व प्राप्त गरेको स्थान भारतमा रहनुबाट पनि अनुमान लगाउन सकिन्छ । उच्चस्तरीय भ्रमण आदान-प्रदानको विषयमा प्रवेश गर्दा इसापूर्व २५५ मा भारतीय सम्राट अशोक नेपालको भ्रमणमा आएको प्रसङ्ग उल्लेख गर्न सकिन्छ । त्यस अवसरमा उनले लुम्बिनीमा केही शिलास्तम्भ राख्न लगाएका थिए ।[२] पछि उनले त्यहाँका जनतालाई कर मुक्त गरे भन्ने कुराको उल्लेख हुँदा यो प्रसङ्ग अलि विवादित मानिएको छ । सम्राट अशोकको समयदेखि भारतको उत्तरी सिमाना र नेपालको राजनैतिक संस्कृति भारतसँग मिल्दो जुल्दो छ । गंगा क्षेत्रको समथर भागको

---

[१] लियो ई. रोज, *नेपाल स्ट्राटेजी फर सरभाइभल,* न्यूदिल्ली: अक्फोर्ड युनिभर्सिटी प्रेश, ई.सं.१९७१, पृ. ८ ।

[२] रमाकान्त, *इण्डो-नेप्लिज रिलेसन्स,* न्यू दिल्ली : एस चाँद एण्ड कम्पनी लि., ई.सं. १९६८, पृ. १ ।

राजनैतिक संस्कृति  नबुझी नेपालको राजनैतिक संस्कृति बुझ्न सकिदैन[३] भन्ने उल्लेखबाट पक्कै पनि राजनीतिक सम्बन्ध भएको अनुमान लगाउन सकिन्छ तर पर्याप्त स्रोतहरूको अभावमा प्राचीनकालमा नेपाल भारतबीच राजनैतिक सम्बन्ध कस्तो थियो भनी यकिन गर्न गाह्रो छ । तर के कुरा निर्विवाद देखिन्छ भने दुई देशका बीचमा विभिन्न उद्देश्यका साथ भ्रमण आदान प्रदानका प्रक्रिया ज्यादै पहिलेबाट हुने गरेका थिए ।

## २.२ राणाकाल पूर्व

त्यस्तै नेपालतर्फबाट भारततर्फ भएका उच्चस्तरीय भ्रमणहरूको प्रसङ्ग कोट्याउँदा पृथ्वीनारायण शाहको वाराणसी यात्रा उल्लेख गर्न सकिन्छ । उनी त्यहाँ इ. १७४३ मा गएका थिए ।[४] देखावटी रूपमा यात्राको उद्देश्य जे भए पनि आन्तरिक रूपमा यस यात्राको उद्देश्य भिन्दै थियो । वाराणसी हिन्दूहरूका लागि ठूलो तीर्थस्थल भएकोले जाडोको मौसममा बाईसी चौबीसी राजाहरू तीर्थटन गर्न त्यसतर्फ जान्थे त्यही अवसरमा आफूले पनि तीर्थटन गर्न गएको खण्डमा आफ्नो र आफ्नो राज्यको कल्याण हुने देखि उनी त्यहाँ गएका थिए । नुवाकोटमा भएको पराजयले गर्दा सेनामा आधुनिकीकरण नगरी उपत्यका जित्न नसकिने महसुस गरी काशीमा आफ्ना ससुरा अहिमानसिंहको सहायताले नयाँ किसिमको बन्दुक साथै अधिकाधिक हतियार जम्मा गर्ने योजना पृथ्वीनारायण शाहले बनाएका थिए ।[५]  त्यहाँ उनले गोत्र त्याग गरी गण्डक क्षेत्रका ठकुरीहरुको एउटै डफा तयार गरी आफ्नो प्रभावमा पार्ने कुटनीतिक चाल चलेका थिए तर पहाडी राजाहरूको आपसी मतभेदको कारणले  उनको गण्डक क्षेत्रका शाही ठकुरीहरूको एउटै डफ्फा तयार गर्ने राजनैतिक लक्ष्य सफल हुन सकेन । तर हातहतियार प्राप्त गरी आफ्नो भ्रमण सफल पारी फर्किए ।[६]  समग्र रूपमा भन्नु पर्दा उनको यो भ्रमण राजनैतिक उद्देश्यबाट अभिप्रेरित थियो त्यसमा उनी केही सफल पनि भए । उनको यस भ्रमणबाट नेपाल भारत दुई देशका बीच कुटनीतिको क्षेत्रका कुनै योगदान

---

[३] रोज, *पूर्ववत् , पादटिप्पणी नं १,* पृ. १०  ।

[४] तुलसीराम वैद्य र तीर्थप्रसाद मिश्र, *नेपालको राजनैतिक इतिहास,* काठमाडौं: नेपाल एसियाली अनुसन्धान केन्द्र, वि.सं. २०५४, पृ. २२ ।

[५] बालचन्द्र शर्मा, *नेपालको ऐतिहासिक रुपरेखा,* वाराणसी : कृष्णकुमारी देवी, वि.सं. २०१३, पृ. २१९ ।

[६] *ऐजन* ।

पुऱ्याउन नसकेको भए पनि नेपालको एकीकरणको दीर्घकालीन योजनामा भने यस भ्रमणले ज्यादै नै महत्वपूर्ण प्रभाव पाऱ्यो । त्यस पछिका दिनहरूमा उनका उत्ताराधिकारीहरू, भाइ खलकहरू र दरबारीयाबीचको गुटबन्दीबाट निकालिएका वा भागेर हिडेका सबै व्यक्तिहरूको सुरक्षित वासस्थान पनि भारत बन्न पुग्यो । भक्तपुरको आक्रमणपछि पराजित राजाहरूलाई पृथ्वीनारायण शाहले राजकीय व्यवहार गरी जय प्रकाश मल्ललाई पशुपतिमा ल्याइयो , तेजनरसिंह मल्ललाई कैद गरियो भने रणजित मल्लले आफ्नो बाँकी जीवन वनारसमा बिताउने इच्छा गरे बमोजिम उनको इच्छा पूरा गराइयो । रणजित मल्ल पनि आफ्नी प्यारी रानी र सुपुत्रलाई साथ लिई वनारस गए ।[७]

दरबारीया षडयन्त्रबाट भूतपूर्व राजा र वर्तमान राजाका बीच टकराव पर्ने स्थिति ई.सं. १८०० मा नेपालमा देखियो । यस सयममा द्वैध शासन भएको भान जनतालाई पर्न गयो जसले देशमा गृहयुद्ध  सम्भावना देखियो । आफ्नो बल कमजोर हुने देखी केही अनुयायीहरूका साथ रणबहादुर शाह काशी लागे । त्यसैको तेस्रो दिन रानी राजराजेश्वरी पनि वनारसतर्फ लागिन् ।[८] राजनीतिक मतभेदको स्थितिले गर्दा नै पूर्व योजना विना उनी अकस्मात वनारस हिडेका थिए । उनी ई.सं. १८०१ अप्रिल १८मा काशी गएका  थिए । उनी त्यहाँ पुगे पनि नेपालमा आएर पुनः शासन गर्ने इच्छा मरेको थिएन । उनको ध्यान नेपालतर्फ नै थियो । भारतमा  गएका रणबहादुर शाहसँग क्याप्टेन नक्सले नेपाल दरबारको पछिल्लो विवादको  मध्यस्थकर्ता बने इच्छा  व्यक्त गरे ।  उनलाई ब्रिटिस अधिकारीहरूबाट राम्रो स्वागत गरी क्याप्टेन नक्सलाई उनको सेवा र सहयोगको लागि खटाइयो ।[९] रणबहादुरले नेपाल फर्किने विषयमा ब्रिटिस कम्पनीसँग सहायता प्राप्त गर्न सकिन्छ कि भनी ब्रिटिस अधिकारीहरूसँग भेट गरे ।[१०] उनको यस काशी आगमन ब्रिटिसहरूका लागि आफ्नो स्वार्थसिद्धिको ठूलो अवसर थियो । विगतका सबै प्रयासहरूको असफलताका वावजुद यो अवसर उनीहरूका लागि ज्यादै महत्वपूर्ण थियो । उनको भारत प्रस्थानले दामोदर पाण्डे

---

[७] वैद्य र मिश्र, *पूर्ववत् , पादटिप्पणी नं ४,* पृ. ५१ ।

[८] *ऐजन,* पृ. १२२-१२३ ।

[९] रोज, *पूर्ववत् , पादटिप्पणी* नं. १, पृ. ७७ ।

[१०] चित्तरञ्जन नेपाली, *श्री ५ रणबहादुर शाह,* काठमाडौंः रत्नपुस्तक भण्डार, वि.सं. २०५७,  पृ. ५४ ।

अंग्रेजसँग सम्झौता गर्न राजी भए । उता रणबहादुर शाहले आफ्नो गुमेको स्थान पुर्नस्थापित गरिदिए तराई र पहाडको केही राजस्व कम्पनीलाई बुझाउने र यदि वंश नै नास हुने स्थिति सृजना भएमा सम्पूर्ण नेपाल कम्पनी प्रशासनमा आउने प्रस्ताव राखे ।[११] तर निर्बल रणबहादुरसँग सम्झौता गरे फाइदा नहुने देखि उनको उक्त प्रस्ताव अस्विकार भयो अंग्रेजले काठमाडौंको शक्तिसँग ई.सं. १८०१ अक्टोबरमा सम्झौता गरे जसको फलस्वरुप क्याप्टेन नक्स ब्रिटिस कम्पनीको दूत भएर राजधानी आए । तर अंग्रेंजप्रति शङ्काको दृष्टिकोणले हेर्ने नीतिका कारण उद्देश्यमा सफल हुन नसके पनि दरबारिया षड्यन्त्रको बारेमा राम्रो जानकारी प्राप्त गरी राजनैतिक अस्थिरता बनाइराख्नसकेको खण्डमा आफ्नो उद्देश्य सफल हुने कुरा महसुस गरी त्यसै अनुरुपको 'फुटाउ र शासन गर' नीति नेपालमा पनि लागू गरे । रानी राजराजेश्वरीको स्वदेश फिर्ती, केही समयपछिको रणबहादुरको नेपाल फर्काइ र सत्तामा भीमसेनथापाको उदय अंग्रेजको स्वार्थ विपरीत भयो । त्यस्तै रणबहादुर शाहले नेपालमा आएर शासन सम्हालेपछि ब्रिटिस भारतसँग नेपालको मैत्री टुट्नमात्र गएन कि यी दुई राज्यका बीच अमैत्रीपूर्ण वातावरण समेत उत्पन्न भयो । यसपछि नेपालले अपनाएको अंग्रजको स्वार्थ प्रतिकूल नीतिका कारण युद्ध भयो ।

यसबाट अब नेपाली शासकहरूमा के भावनाको विकास भयो भने आफूलाई अप्ठ्यारो पऱ्यो भने ब्रिटिससँग सहयोग मागी आफ्नो मुठ्ठी दरिलो बनाउन सकिन्छ । बहादुर शाह पनि अप्ठ्यारो परिस्थितिमा अंग्रेज कै शरणमा पुगेको थिए । विभिन्न आरोपहरु लगाई देशबाट निस्कासित गरिएका बहादुर शाह भारतको बेतियामा गई बसे । त्यहाँबाट उनले आफ्ना दाजुलाई बारम्बार पत्र पठाई उचित सल्लाह र उपहार पठाइ सद्भावना व्यक्त गर्थे । त्यस्तै भीमसेन थापाले पनि माथवर सिंहलाई कलकत्ता पठाई बेलायतसँग सोझो सम्पर्क गर्न खोजेका हुन् तर हडसनको विरोधका कारण नेपालबाट पठाइएको दूतमण्डल बेलायत जान सकेन । त्यतिबेला उनीहरूसँग तर्किएर बस्ने शासकहरूको राजनीतिक भविष्य पतन दिशामा जाने परिस्थितिको विकास भएको थियो । भीमसेन थापाको अंग्रेज स्वार्थ विपरीत नितीका कारण युद्ध निम्त्यायो र छिटै उनको पतन पनि भयो । यस पछिका दिनहरूमा पनि यस्ता क्रमहरू नेपालको राजनीतिमा पटक पटक दोहोरिए ।

---

[११] रोज, *पूर्ववत्* , *पादटिप्पणी* नं. १, पृ. ७८ ।

सम्भवत राज्यको वास्तविक शक्ति जंग बहादुरको हातमा गएपछि त्यस अवस्थामा नेपालमा बस्नु असुरक्षितदेखि राजा राजेन्द्र अनेक हत्याको प्रत्यक्ष वा परोक्ष सम्बन्ध आफूसँग भएको स्वीकार गर्दै पापको प्रायश्चित गर्न भनी काशी जाने इच्छा प्रकट गरे । भण्डारखाल काण्डपछि दरबारमा जंगबहादुरको विरोध गर्ने कुनै भारदार भएनन् । यसैको झोकमा महारानीलाई पन्छाउनु श्रेयस्कर ठानी रानीलाई विभिन्न आरोपहरू लगाई अविलम्ब नेपाल छाडी काशी जाने आदेश दिइएको थियो ।[१२] त्यसैले होला जङ्गबहादुरले रानीलाई देश छाड्ने आज्ञा दिएपछि राजा रानी दुवैले देश छाड्ने निधो गरेका थिए ।[१३] उनी नोभेम्बर ई.सं.१८४६ मा काठमाडौंबाट प्रस्थान गरेका थिए । [१४] त्यतिवेला नेपालबाट निकालिएका, ज्यान जोगाउन भागेर गएका र आफ्नै इच्छाले बस्नेहरूका लागि पनि भारत एउटा सुरक्षित स्थल बन्यो । कतिपय व्यक्तिहरूलाई ब्रिटिश भारत सरकारले राम्रो संरक्षण दिएर राखेको पनि पाइन्छ । त्यसको अलावा नेपाल सरकारको विरुद्धमा संगठित भई यहाँको शासनको विरुद्धमा विभिन्न षडयन्त्र रच्ने ठाउँ पनि भारत बन्यो । यस्तै एउटा षडयन्त्र राजा राजेन्द्र पनि गर्न पछि परेनन् । अरुको लहैलहैमा लागेर राजशक्ति पुनः हस्तगत गर्ने अभिलासाका कारण काशीबाट नेपालतर्फ हिडे । [१५] राजा राजेन्द्र एउटा सानो फौज जम्मा गरी नेपालको सीमा क्षेत्रमा बसे ।[१६] यो खबर जङ्गबहादुरले थाहा पाई उनलाई पराजित गरेपछि कैद गरी सुरेन्द्रलाई राजा बनाइए ।[१७] अलौको घटना जङ्गबहादुरको लागि शक्ति वृद्धिको अर्को महत्वपूर्ण अवसर थियो । जसमा आफ्ना बचेखुचेका विरोधीहरू तह लगाए । सुरेन्द्र राजा बनेपछि नेपालको राज संस्था कमजोर बन्दै गयो । जङ्गबहादुरले सुरेन्द्रबाट विभिन्न लालमोहरबाट आफूलाई सर्वशक्तिमान बनाएपछि राजा नाममात्रका बन्ने दिनहरूको सुरुवात भयो । त्यसपछि नेपालमा १०४ वर्षे राणा शासन विधिवत स्थापना भयो ।

---

[१२] वैद्य र मिश्र, *पूर्ववत् ,पादटिप्पणी नं ४,* पृ. १०६ ।

[१३] गिरी लाल जैन, *इण्डिया मिट्स चाइना इन नेपाल,* बम्बईः एसिया पब्लिसिङ्ग हाउस, ई.सं. १९५९, पृ. ५।

[१४] शर्मा, *पूर्ववत्, पादटिप्पणी नं.* ५, पृ. ३१६ ।

[१५] *ऐजन,* पृ. ३२० ।

[१६] रोज, *पूर्ववत् ,पादटिप्पणी* नं. १, पृ. १०६ ।

[१७] शर्मा, *पूर्ववत् ,पादटिप्पणी नं. ५,* पृ. ३२० ।

नेपालको तर्फबाट विभिन्न उद्देश्यहरूका साथ गरिएका उच्चस्रीय भारत भ्रमणहरूले नेपाल भारत कुटनीतिक सम्बन्धमा कुनै उल्लेखनीय योगदान नदिएपनि नेपालको राजनीतिमा प्रत्यक्ष र अप्रत्यक्ष प्रभाव परिरहेको देखिन्छ । दरवारीया षडयन्त्र, भारत पलायन र स्वदेश आगमनजस्ता बारम्बारका क्रियाकलापहरूले गर्दा नेपालको राजनीतिमा ब्रिटिस भारत सरकारको नेपालप्रतिको राजनीति हातमा लिने र आफ्नो अनुकूल बनाइराख्ने जुन चाहना थियो त्यो पूरा भयो । फलतः कोतको हत्याकाण्डपछि जंगबहादुरको उदय भयो जसले दुई देशको सम्बन्ध नयाँ रुपमा विकास हुँदै गयो ।

### २.२.१ राणा काल

#### क) राणाकाल पूवार्द्ध

पूर्वराणाकालमा विभिन्न उद्देश्यका साथ भारततर्फ हुने गरेको भ्रमणहरू विशेष गरी बनारसतर्फ बढी केन्द्रीत हुन्थे भने राणाशासनको उदयपछि यस्ता भ्रमणहरू कलकत्तातर्फ बढी हुन थाले । राणाहरूले आफ्नो सत्ता जोगाउने अभिप्रायका कारण यस्ता भ्रमणको आदान-प्रदान अलि बढी नै गरे । देशको हितभन्दा ठूलो आफ्नो स्वार्थदेखि नयाँ-नयाँ तरिकाबाट अंग्रेज रिझाउने परम्परा बस्यो । शासनमा आफू हर्ताकर्ता वनेपछि जङ्गबहादुरले पहिलोचोटि यस्तो भ्रमणको थालनी गरे । ई.सं.१८५० जनवरी १५ मा आफ्ना भ्रमणदलका सदस्यहरूलका साथ यूरोप यात्राका लागि जङ्गबहादुरले काठमाडौं छाडे ।[१८] ११ मार्च १८५० ई.सं.मा भारतका अनेकौ प्रदेशहरू घुम्दै जङ्गबहादुर कलकत्ता पुगे । कलकत्ता पुग्दा उनलाई तत्कालीन गर्भनर लर्ड दलौजीले भव्य राजकीय स्वागत गरे । साथै बेलायत भ्रमणका लागि जङ्गबहादुरसँग क्याम्पटेन क्याभिनग ( Cavenagh) लाई साथमा पठाए ।[१९] जङ्गबहादुर एक महिनासम्म कलकत्ताका विभिन्न ठाउँहरू घुमी अनेक कुराहरूको निरीक्षण गर्दै ७ अप्रिल १८५० ई. मा भारत छाडे ।[२०] हुनत उनको यो यात्रा बेलायतको लागि भनी तय गरिएको थियो । उनी किन बेलायत जान चाहे भन्ने कुरामा विद्वान्हरूबीच भिन्न विचारहरू व्यक्त भएको पाइन्छ ।

---

[१८] पद्म जङ्गबहादुर राणा, *लाइफ अफ महाराज सर जङ्गबहादुर* , काठमाडौं : रत्नपुस्तक भण्डार, ई. सं. १९०६, पृ. ११७ ।

[१९] *ऐजन,* पृ. ११८ ।

[२०] *ऐजन,* पृ. ११९ ।

उद्देश्य जे भए पनि आधुनिक समयमा बेलायत जाने उनी प्रथम हिन्दू राजकुमार मानिन्छन् ।[२१] यूरोप यात्रापछि भारतका प्रमुख तीर्थस्थलहरूमा भ्रमण गरी समुद्र पारको प्रायश्चीत गरी नेपालको तराई हुँदै ६ फेब्रुवरी १८५० इ. मा थापाथली दरबारभित्र प्रवेश गरे ।

उनको यस यात्रा राजनैतिक रूपमा सफल रह्यो । देशभित्र उनको स्थिति झन मजबुत र स्थायी भयो । भारत र यूरोप भ्रमणपछि जुन नवीनतम सभ्यताको परिचय जङ्गबहादुरले पाए त्यसले उनको हृदयमा केही मात्रा भएपनि सुधारको भावना जगाइदियो । जसले उनले पहिलो पटक नेपालमा अंग्रेजी शिक्षा भित्र्याए । आफ्नो दरवारमा केही वर्गको मात्र पहुँचमा यो शिक्षा राखिए पनि नेपालमा अंग्रेजी शिक्ष भित्र्याउने प्रथम व्यक्ति उनलाई मान्न सकिन्छ । त्यसका अवला पुरानो ढङ्गको समाज र व्यवस्थामा केही परिवर्तन गर्नपट्टि तल्लीन देखिए । राणाहरूको व्यक्तिगत जीवनमा यस्ता भ्रमणहरूले प्रत्यक्ष असर पारेको देखिन्छ । त्यस्तै नेपालको पहिलो पटक समुद्रपारिका देशहरूसँग सम्पर्क स्थापना भयो । यसले बेलायतमा भारतीय राज्यको तुलनामा नेपालको कुटनैतिक मर्यादा धेरै माथि उठायो । जंगवहादुरले ब्रिटेनकी महारानी भिक्टोरियासँग हात मिलाउने कार्य गरी आश्चर्य चकित पारेका थिए । उनको रवाफिलो स्वभावका कारण महारानीको दरवारमा जंगबहादुरको कुटनैतिक स्तर स्पेनीस राजदुत पछि स्थानमा राखियो जसबाट जंगबहादुरले अंग्रेजहरुबाट सम्मान पाउन थाले । नेपालको कुटनीतिक इतिहासमा यो एउटा गहकिलो पाइलो पनि थियो । यस यात्रापछि उनले नेपालले ब्रिटिस इण्डियाप्रति अपनाउनु पर्ने नीतिको आधारशिला तयार भयो । यसले देशभित्र पनि ठूलो प्रभाव पऱ्यो । जङ्गबहादुरले ब्रिटिसहरूलाई हेर्ने एउटा निश्चित दृष्टिकोण बनाए । बेलायत एउटा अपराजय शक्ति रहेको निर्क्यौल निकाली त्यहीअनुसारको विदेशनीति तय गरे ।

त्यस्तै उनी ई.सं. १८५७ को सिपाही विद्रोह दबाउन दोस्रो पटक भारत गएका थिए । अंग्रेजलाई गर्नुपर्ने सहयोगको बारेमा छलफल गर्न बोलाइएको भारदारी सभामा राजगुरु लगायत सबैले तटस्थ बस्नुपर्ने विचार राखे तर जङ्गबहादुर त्यसमा सहमति नभई सहयोग

[२१] रोज, *पूर्ववत्* , *पादटिप्पणी नं.* १, पृ. १०७ ।

गर्नुपर्ने तर्क राखे ।[२२] पहिले पठाएको नेपाली सेना र उनकै नेतृत्वको सेनाले भारतका विभिन्न स्थानहरूमा विद्रोह दबाउन सफल भयो । यो विद्रोह जङ्गबहादुरको जीवनको एउटा महत्वपूर्ण घटना थियो ।[२३] धेरै ठाउँहरूको विद्रोह नियन्त्रणमा आएपछि ५ अप्रिल १८५८ ई.सं.मा इलाहावादमा गएर गर्भनर जनरलसँग भेट गरे । जहाँ उनको भव्य स्वागत गरियो । त्यहाँ उनले आफूलाई नेपालको राजगद्दी प्राप्त गराइदिन आग्रह गरेका थिए ।[२४] यस विद्रोहमा सहयोग गर्नुपर्ने कारण उनको व्यक्तिगत र पारिवारिक स्वार्थभन्दा अर्को केही नदेखिए पनि भारतका लागि राजनैतिक र सैनिक दृष्टिकोणले यो सहयोग ज्यादै महत्वपूर्ण सावित भयो । यस सहयोगको फलस्वरूप जङ्गबहादुरले व्यक्तिगत रुपमा केही इनाम कदरहरू प्राप्त गरे । विपत्तिको परिस्थितिमा सहयोग गरी आफ्नो सत्ता दरिलो बनाउने अवसर पाए । यस घटनापछि राणाशासकहरू र अंग्रेजहरूका बीच पारस्परिक सदभावना वृद्धि भयो । यस विद्रोहमा नेपालले खेलेको सैनिक भूमिका पछि अंग्रेज अधिकारीहरूले नेपालको महत्वलाई राम्ररी बुझे । त्यसैले नेपालसम्बन्धी दृष्टिकोणमा परिवर्तन ल्याउनुपर्ने आवश्यकता महसुस गरी सहयोगको कदर स्वरुप स्थायी पुरस्कार दिइने निर्णय भयो । यस सहयोगको महत्वपूर्ण उपलब्धी नेपालले नयाँ मुलुक प्राप्त गऱ्यो । अर्को महत्वपूर्ण उपलब्धी एक अर्कालाई अविश्वास र शंङ्काको दृष्टिकोणले हेर्ने जुन प्रवृत्ति थियो त्यो परिवर्तन भयो । अंग्रेजहरूबाट पाएको जुन सद्भावना र स्वागत छ त्यसले शासनमा जङ्गबहादुरको हैकम बढ्यो । जङ्गबहादुरका विरोधीहरूको नैतिकबल कमजोर बन्न पुग्यो । यात्राकै फलस्वरुप इष्ट इण्डिया कम्पनी सरकारसँग अपराधिहरु सुर्पुदगी गर्ने एउटा सन्धि पनि भयो ।[२५]

अर्को पटक जङ्गबहादुर २० सेप्टेम्बर १८७४ ई.सं.मा कलकत्ता भ्रमणको लागि काठमाडौंबाट हिडे ।[२६] आफ्ना केही सहयोगीहरूका साथ भारतका विभिन्न ठाउँहरू घुम्दै १ अक्टोबरमा पटना पुगे । उनी इण्डियाका धेरै ठाउँहरू घुमी छोटो समयमा नै नेपाल फर्के ।

---

[२२] रमाकान्त, *पूर्ववत् , पादटिप्पणी नं. २* , पृ. २८२ ।

[२३] कञ्चनमय मजुम्दार, *पोलिटिकल रिलेसन्स विटविन इण्डीय एण्ड नेपाल,* न्यू दिल्ली : मुन्सीराम मनोहर लाल पब्लिसर्स, ई. सं. १९७३, पृ. ८३ ।

[२४] रोज, *पूर्ववत् , पादटिप्पणी नं. १* , पृ. १३१ ।

[२५] शर्मा, *पूर्ववत्, पादटिप्पणी नं. ५,* पृ. १०७ ।

[२६] पद्म जङ्गबहादुर, *पादटिप्पणी नं १८,* पृ. २८६-२८७ ।

उनको यो यात्रा किन भयो भन्ने विषयमा स्पष्ट जानकारी नभए पनि यसको दुई महिना नपुग्दै दोस्रो पटक आफू बेलायत भ्रमण गर्ने घोषणा गरेबाट यो भ्रमण त्यसैको पूर्व तयारीका लागि भएको अनुमान लगाउन सकिन्छ ।

त्यस्तै २० नोभेम्बर १८७४ मा आफू पुनः बेलायत भ्रमण गर्ने घोषणा गरी पूरा तयारीका साथ १९ डिसेम्बर १८७४ मा काठमाडौं छाडे ।[२७] उनी केही दिनमै बनारस हुँदै बम्बई पुगे । भारतका विभिन्न स्थलहरूको भ्रमणकै क्रममा उनी घोडाबाट लडे यो कुरा थाहा पाई ब्रिटिस भारत सरकारको तर्फबाट तत्काल उपचारका लागि यूरोपियन डाक्टर पठाए ।[२८] उपचारपछि खतरामुक्त भएको र एक महिनासम्म राम्रो उपचार गर्नुपर्ने सल्लाह दिएपछि सबैको आग्रहमा बेलायत भ्रमण अर्कोवर्ष गरे हुने र यात्राको अशुभ सङ्केतमा भ्रमण गर्न नहुने भनी सम्झाई सहमति गराई २० अप्रिल १८७५ ई.सं.मा काठमाडौंमा  फर्किए ।[२९]

राणा शासनको उदयपछि नेपालबाट मात्र होइन ब्रिटिस भारतका तर्फबाट पनि उच्चस्तरीय भ्रमणहरू हुन थाले । वेलायतका युवराज एडवर्ड सप्तम भारत आएको अवसरमा नेपालको जङ्गलमा शिकार खेल्नको निम्ति जङ्गबहादुरले आफ्ना भाइ रणोद्दिपसँग निमन्त्रणा पठाए ।[३०] राजकुमारले निमन्त्रणा स्वीकार गरेको थाहा भए पछि १८७६ फेब्रुवरीमा काठमाडौंबाट हिडी एडवर्डलाई स्वागत गर्न वनवासा पुगे । त्यहाँबाट ठूलो सत्कारका साथ नेपालको जङ्गलतिर ल्याइयो । बढो मनोरञ्जनका साथ शिकार खेली छिट्टै फर्किए । त्यस अवसरमा एडवर्डले जङ्गबहादुरलाई विद्रोहमा सहयोग गरेकोमा धन्यवाद दिँदै आभार व्यक्त गरे ।[३१] उक्त अवसरमा जङ्गबहादुरले आफू दोस्रो पटक बेलायत आउन नसकेको कारण बताए ।[३२] यसबाट पनि उनको पुनः बेलायत भ्रमण गर्ने इच्छा अझै नमरेको पाइन्छ । उनले पटक पटक ई.सं. १८६२, ई.सं. १८६५ र ई.सं. १८७४ मा आफू बेलायत जान इच्छुक भएको कुरा

---

[२७] *ऐजन*, पृ. २८७ ।

[२८] *ऐजन* ।

[२९] *ऐजन* ।

[३०] *ऐजन*, पृ. २९१ ।

[३१] *ऐजन*, पृ. २९३ ।

[३२] *ऐजन* ।

व्यक्त गरेका थिए ।[३३] तर दोस्रो पटक यूरोप यात्रा गर्ने उनको लक्ष्य भने पूरा हुन सकेन । पटक पटक यस्ता भ्रमणहरु र सहयोगबाट जङ्गबहादुरले आफू अंग्रेज भक्त बनी प्रदर्शित गरे । त्यतिबेला उनी अंग्रेजहरूबाट ज्यादै प्रभावित थिए । तत्कालीन महाशक्ति राष्ट्र बेलायतको आफू साथी हुन पाउँदा गौरवान्वित महसुस गरी उनीहरूलाई खुशी तुल्याउन ध्यान दिएका थिए ।

यस्ता प्रकारबाट हुने गरिएका भ्रमणहरूकै क्रममा जङ्गबहादुर पछि उनका उत्तराधिकारीहरूले पनि उनकै नीतिको अनुशरण गर्न थाले । नयाँ नयाँ प्रक्रियाहरूबाट अंग्रेजहरूलाई सहयोग गर्ने क्रम चलि नै रहयो । जङ्गबहादुर पछि प्रधानमन्त्री बनेका रणोद्दिप पनि तीर्थ गर्न भनी वि.सं १९३७ (ई. सं. १८८३) हिउँदमा भारतर्फ लागे ।[३४] इण्डियामा उनलाई १५ तोपको सलामी चढाइयो उनले आफूलाई १९ तोपको सलामी दिनुपर्ने इच्छा व्यक्त गरे । त्यहाँ ब्रिटिस भारत सरकारको तर्फबाट उनलाई जङ्गबहादुर भन्दा फरक नदेखेको बताइयो ।[३५] उनले उक्त अवसरमा आफूलाई हातहतियारको सहयोग गर्नका लागि आग्रह पनि गरे । ब्रिटिस इण्डिया सरकार उनलाई हतियार तथा आवश्यक वस्तु दिन तयार भए । रणोद्दिप पनि अंग्रेजलाई केही व्यापारिक स्वतन्त्रता दिन सहमत भए । उनको उद्देश्य तीर्थ गर्न भनिए तापनि भारत स्थित भायसरायसँग भेट गरी आपसी छलफल गर्ने उद्देश्यबाट प्रेरित थियो ।[३६] भ्रमणको अवसरमा आपसी भेटघाट भएपछि उनी खुशी हुँदै नेपाल फर्किए । अंग्रेजहरूको माग बमोजिम केही व्यापारिक स्वतन्त्रता साथै गोर्खा भर्तीको बारेमा केही सकारात्मक हुँदै फर्किए । नेपालमा उनलाई भव्य स्वागत गरियो ।[३७] रुसले अफगानिस्तानको बाटो भएर भारत आक्रमण गर्ने हल्ला उठ्यो । यसको लागि नेपाल भित्र अंग्रेज पल्टनको

---

[३३] एस. डी. मुनी , *फरेन पोलिसी अफ नेपाल,* दिल्लीः नेशनल पब्लिसिङ्ग हाउस, ई.सं. १९७३, पृ. ८ ।

[३४] ज्ञानमणि नेपाल, *नेपाल निरुपण,* काठमाडौः नेपाल राजकीय प्रज्ञाप्रष्ठिान, वि.सं.२०५५, पृ. ३४७ ।

[३५] एड्रियन सेभर, *नेपाल अण्डर द रानाज,* न्यू दिल्लीः अक्फोर्ड एण्ड इब्स पब्लिसिङ्ग प्रा.लि., ई.सं. १९९३, पृ. १७५ ।

[३६] नेपाल, *पूर्ववत्* ,पादटिप्पणी नं ३४ ।

[३७] सेभर, *पूर्ववत् , पादटिप्पणी नं ३१ ,* पृ. १७५ ।

निमित्त आवश्यक पर्ने सैनिक भर्ना सुविधाको मागलाई वीरशमशेरको प्रेरणाले स्वीकृत गरे ।[३८] उनी वि.सं. १९३७ चैतमा काठमाडौं फर्किएका थिए ।[३९]

षडयन्त्रद्वारा रणोद्दिपको हत्या गरी प्रधानमन्त्री बनेका वीरशमशेर अंग्रेजहरूसँगबाट मान्यताका लागि लालायीत थिए । त्यसैकारणबाट ई.सं. फेब्रुवरी १८८८ मा लर्ड डफरिनलाई भेट्न कलकत्ताको औपचारिक भ्रमण गरे ।[४०] त्यहाँ उनले आफूलाई मान्यता प्रदान गरेको खण्डमा नेपालीहरूलाई नियमित रूपमा अंग्रेज सेनामा भर्ती हुनका लागि पठाउने इच्छा जाहेर गरे ।[४१]

त्यस्तै ई. सं. १८९२ मा लर्ड रोवर्टसलाई काठमाडौं भ्रमणका लागि निमन्त्रणा गरे । यो भ्रमण नेपालको राजधानीमा ब्रिटिस भारतको तर्फबाट भएको सबैभन्दा उच्च भ्रमण थियो । उनलाई १८ हजार सैनिकहरूको परेड निरीक्षण गराइयो ।[४२] यसभन्दा अगाडि १८९० ई.सं.मा बेलायतका भावी सम्राट एडवर्ड सप्तमलाई पुन हिन्दूस्थान आएको बखत उनलाई दोस्रो पटक शिकार खेल्न नेपालको जङ्गलमा निमन्त्रणा दिइयो र सुदूर पश्चिमको जङ्गलमा शिकार खेलियो ।[४३]

त्यस्तै ई. सं.१८९२-९३ तिरको जाडोमा वीरशमशेर भारतका गर्भनर जनरललाई लर्ड लैन्सडाउनसित भेट गर्न कलकत्ता गए ।[४४] यस समयमा उनले भारतको विस्तृत यात्रा गरे । यसैवर्ष उनलाई ब्रिटिस भारत सरकारको तर्फबाट जी.सी.एस.आई. उपाधि प्रदान गरियो । त्यहाँबाट उनले प्रशस्त हातहतियार प्राप्त गरे ।[४५] उनले पनि बेलायत भ्रमण गर्ने इच्छा व्यक्त गरी जङ्गबहादुरमा जति क्षमता आफूमा भएको पनि बताए । यस विषयमा ब्रिटिस

---

[३८] नेपाल, *पूर्ववत् ,पादटिप्पणी नं. ३४ ।*
[३९] *ऐजन* ।
[४०] सेभर *पूर्ववत् ,पादटिप्पणी नं. ३५,* पृ. १९२ ।
[४१] *ऐजन* ।
[४२] *ऐजन,* पृ. १९४ ।
[४३] शर्मा , *पूर्ववत्, पादटिप्पणी नं. ५,* पृ. ३५१ ।
[४४] ऐजन ।
[४५] सेभर, *पूर्ववत् ,पादटिप्पणी नं ३५,* पृ. १९४ ।

भारत सरकार सकारात्मक पनि भएको थियो ।[४६] तर विभिन्न कारणहरूको गर्दा जान भने पाएनन् । उनीपछि प्रधानमन्त्री बनेका देवशमशेर अलि उदारवादी र सुधारवादी व्यक्ति थिए । उनको यस नीतबिाट राण शासन नै खतम हुने ठानी चन्द्रशमशेरले षड्यन्त्रद्वारा राजीनामा लेखाएर उनलाई भारतमा निर्वासित गरि शक्ति आफ्नो हातमा लिएका थिए । भारतमा बसेका देवशमशेरले शासन सत्ता पुनः प्राप्त गर्न षडयन्त्र गरेको चर्चा चल्यो । चन्द्र शमशेरले तुरुन्त अंग्रेज सरकारसँग सम्पर्क गरी देव शमशेरको क्रियाकलाप नियन्त्रण गर्न अनुरोध गरे । अंग्रेजहरूबाट भरपर्दो आश्वासन प्राप्त गरेपछि चन्द्र शमशेर विश्वस्त बनेका थिए । काशीमा यिनलाई केही समय नजरबन्दमा पनि राखिएको थियो ।[४७] उनको पदच्युत पछि चन्द्र शमशेरले प्रधानमन्त्री बनी शासन सत्ता सम्हालेका थिए । देव शमशेरले लर्ड कर्जनको काठमाडौं आउने चाहनालाई अनेक बाहाना गरी टारेका थिए । कर्जनको भारततर्फको हडपपनको नीतिबाट उनी त्रसित थिए ।[४८]

देवशमशेरलाई पदच्युत गरी प्रधानमन्त्री बनेका चन्द्रशमशेर आफ्नो शासनकालमा सबैभन्दा बढी अंग्रेज समर्थक देखिए । एसिया र अफगानिस्तानतिर रुस बढ्दै आइरहेको थियो जसले ब्रिटिसहरूलाई ठूलो खतराको महसुस भई राखेको थियो । उनीहरू नेपाली वीरहरूलाई युद्धमा प्रयोग गर्न तल्लीन थिए । त्यसकै कारण एक अर्कोलाई खुशी पार्न दुबै तल्लीन भए त्यसैको फलस्वरूप ई. सं. १९०३ मा दिल्ली दरबारको आयोजनामा पठाइएको निमन्त्रणालाई स्वीकार गर्दै नेपालको राजाको तर्फबाट चन्द्रशमशेर आफै दिल्ली पुगे ।[४९] त्यहाँ स्वतन्त्र र सार्वभौमसत्ताधारी राष्ट्रहरूको साथ चन्द्रशमशेरलाई सम्मानित स्थान दिइयो । यो सम्मेलन नेपालको निम्ति विशेष महत्वपूर्ण थियो ।[५०]

त्यस्तै ई.सं. १९०४जनवरी २५ मा तिब्बतसम्बन्धी कुराहरूमा छलफल गर्न भारत सरकारको अतिथिको रूपमा चन्द्र शमशेरले पुनः भारत भ्रमण गरेका थिए । उनी लर्ड

---

[४६] *ऐजन,* पृ.१९५ ।

[४७] शर्मा , *पूर्ववत् ,पादटिप्पणी नं. ५,* पृ. ३५० ।

[४८] *ऐजन* ।

[४९] *ऐजन्* ।

[५०] *ऐजन,* पृ. ३५५ ।

कर्जनको निमन्त्रणालाई स्वीकार गर्दै कलकत्ता पुगेका थिए ।[५१] त्यहाँ आफूले अंग्रेजहरूलाई सक्दो सहयोग गर्ने कुरा बताएका थिए, जसको परिणाम स्वरूप ई.सं.१८५६ को सन्धि विपरीत योगङ्गहसवैण्ड मिसनमा अंग्रेजलाई सहयोग गरे देशलाई आर्थिक घाटा खुवाएर भए पनि अंग्रेजबाट विश्वास कमाउन सफल भए ।[५२] यस मिसनमा नेपालले द्वैध चरित्र देखाए पनि अन्तर्राष्ट्रिय विवादमा पहिलो चोटि मध्यस्थता गर्ने अवसर प्राप्त गर्‍यो ।

भ्रमण आदान प्रदानकै क्रममा चन्द्रशमशेरले भारतका कमाण्डर इन चिफलाई नेपाल भ्रमण गर्न निमन्त्रणा दिएका थिए । उनी ई.सं.१९०६ मा काठमाडौं आई नेपाली फौजी शक्तिको निरीक्षण गरेका थिए ।[५३] पुनः ई.सं.१९०७ मा चन्द्रशमशेर लर्ड मिन्टोलाई भेट गर्न कलकत्ता गएका थिए । ब्रिटिस सरकारले उनको भव्य स्वागत गर्‍यो ।[५४]

त्यस्तै ई.सं.१९०८ अप्रिल ६ का दिन चन्द्रशमशेर यूरोप यात्राका लागि काठमाडौंबाट हिडे । उनी भारतका विभिन्न तीर्थस्थलहरूको भ्रमण गर्दै बम्बइ पुगे ।[५५] त्यहाँ उनलाई १९ तोपको सलामी दिइयो ।[५६] यूरोप यात्रा पछि चन्द्रशमशेर समुद्र यात्राको प्रयाश्चीतका लागि रामेश्वर पुगे र कलकत्ता हुँदै ई.सं.२६ अगष्ट १९०८ मा काठमाडौं आए ।

अर्को भ्रमण ब्रिटिस सरकारको तर्फबाट जर्ज पञ्चमबाट भयो । एडवर्ड मृत्यु पछि सम्राट भएका पञ्चमलाई ई.सं. १९११ मा भारत दिल्ली दरबार आयोजना गरी भारतमा बोलाइएको थियो त्यही मौकामा नेपालको तराईमा शिकार खेल्न आमन्त्रित गरी ठोरीको जङ्गलमा शिकार भयो । क्रिशमसको चाड परेको हुनाले जर्ज पञ्चमको तर्फबाट चन्द्रशमशेरले केही उपाधि र तक्माहरू पाए । त्यस्तै ब्रिटिस भारत सरकारको तर्फबाट हातहतियार पनि प्राप्त गर्न सफल भए । प्रधानमन्त्री चन्द्र शमशेरको शासनकालमा नेपाल र ब्रिटिस भारत

[५१] ईश्वरीप्रसाद, *द लाइफ एण्ड टाइम्स अफ महाराज जुद्धशमशेर ज.व.रा. अफ नेपाल*, दिल्ली : आशिष पब्लिसिङ्ग हाउस, ई.सं. १९७५, पृ.१२९ ।

[५२] मुनी, *पूर्ववत् ,पादटिप्पणी नं. ३३*, पृ. १० ।

[५३] शर्मा, *पूर्ववत् ,पादटिप्पणी नं ५* ,पृ. ३५५ ।

[५४] *ऐजन*, पृ. ३५७ ।

[५५] *ऐजन*, पृ. ३५८ ।

[५६] सेभर, *पूर्ववत् , पादटिप्पणी नं. ३५,* पृ. २४१ ।

सरकारसँगको सम्बन्ध ज्यादै प्रगाढ भएको देखिन्छ । फलस्वरुप उनी हिन्दूस्थान गएको बखतमा १९ तोपको सलामी दिइयो ।[५७]

ई.सं. १९२० मा पनि चन्द्र शमशेरले कलकत्ता भ्रमण गरेका थिए । त्यहाँ उनले लण्डन भ्रमणको समयमा चिनेका व्यक्तिहरूसँग भेट गरेका थिए । ब्रिटिस प्रिन्सद्वारा उनलाई स्वागत भयो ।[५८]

भ्रमणहरूको आदान-प्रदानकै क्रममा अर्को भ्रमण प्रिन्स अफ वेल्सबाट २१ डिसेम्बर १९२१ ई.सं.मा नेपालको तराईमा भयो । त्यहाँ उनलाई शिकार खेल्ने निमन्त्रणा गरिएको थियो । त्यहाँ अंग्रेजहरूबाट २४३ जना प्रतिनिधिहरू आएका थिए । करिब १ हप्तासम्म शिकार खेलियो जहाँ प्रिन्सले लण्डनको चिडियाखानामा लैजानको लागि केही जनावरहरू जम्मा गरेका थिए ।[५९] यस भ्रमण नेपालका लागि ज्यादै महत्वपूर्ण सावित भयो । यस भ्रमणको अवसरमा चन्द्रशमशेरले नेपाल र इष्टइण्डिया कम्पनीबाट युद्धको समयमा (ई.सं.१८१६) मा सम्पन्न भएको सन्धि खारेज गरी अर्को सन्धि गर्नुपर्ने प्रस्ताव राखे । प्रिन्सबाट सकारात्मक प्रतिक्रिया पनि भएको थियो । यसैको फलस्वरूप केही समयपछि चन्द्रशमशेर ई.सं. १९२३ को सन्धि गराउन सफल भए । नेपाल भारतबीच सम्पन्न सुगौली सन्धिलाई हेरफेर गर्ने चन्द्र शमशेरको ठूलो इच्छा थियो । विभिन्न अवसरहरूमा अंग्रेज अधिकारीहरूसँग यस विषयमा कुरा पनि गरेका थिए । यो कार्य प्रथम विश्व युद्धपछि मात्र सम्भव देखियो । नेपाल र इष्टइण्डिया कम्पनीबीच सम्पन्न ई.सं. १९२३ को सन्धिले नेपालको स्वतन्त्र अस्तित्वलाई सुनिश्चित गरिदियो । यो सन्धि सम्पन्न भइसकेपछि लिग अफ नेसन्सले नेपाललाई दास समस्या सम्बन्धको गोष्ठीमा सहभागी बन्न आमन्त्रण गरेको थियो ।[६०] यसले नेपाल र बेलायतबीच रहिआएको परम्परागत सम्बन्ध अझ सुदृढ बन्न पुग्यो । नेपालको कूटनैतिक इतिहासमा यस सन्धिको महत्वपूर्ण स्थान रहेको छ । आफ्नो शासनको उत्तरार्द्धतिर चन्दशमशेर ई.सं.१९२७ मा

---

[५७] शर्मा, *पूर्ववत्* , *पादटिप्पणी नं ५*, पृ. ३५०।

[५८] मदनकुमार भट्टराई, *डिप्लोमेटिक हिष्ट्री अफ नेपाल (१९०१-१९२९)*, न्यू दिल्लीः मदनकुमार भट्टराई, ई.सं. १९९०, पृ. १७ ।

[५९] शर्मा, *पूर्ववत्* , *पादटिप्पणी नं. ५*, पृ. ३५८ ।

[६०] सुरेन्द्र के.सी., *नेपालको कुटनैतिक इतिहास*, काठमाडौं : पैरवी प्रकाशन, वि.सं.२०६१, पृ. १०० ।

पनि कलकत्ता भ्रमण गरे ।[६१] उनी त्यहाँ बिरामी भएका लर्ड इरविनलाई भेट्न गएका थिए । यसरी इष्टइण्डिया कम्पनीसँगको घनिष्टताको कारण नै प्रथम विश्वयुद्धमा हरेक प्रकारले अंग्रेजलाई सहयोग गरेका थिए । जुन उनले आफ्नो शक्ति सुदृढिकरण र परम्परागत मैत्री सम्बन्धलाई परिस्कृत बनाउनु बाहेक अर्को कुनै स्वार्थ देखिदैन ।

यो प्रक्रिया चन्द्रशमशेर पछि उनका उत्तराधिकारीहरूले पनि जारी राखे । आफ्ना पूर्वजहरू जस्तै भिमशमशेर पनि १९३१ मा भारतको भ्रमण गरी अंग्रेजसँग गहिरो मित्रता गाँसेका थिए । अन्तर्राष्ट्रिय क्षेत्र विसाक्त बन्दै गइरहेकोले यहाँको सैनिक बढी भन्दा बढी आवश्यक पर्दै गएकोले ब्रिटिसहरू आफ्नो मित्रतालाई गुमाउन चाहदैनथे । त्यसैकारण दुबैले एक अर्कोलाई खुशी तुल्याउन तल्लीन भए ।

अर्को प्रधानमन्त्री जुद्ध शमशेरले पनि ई.सं.१९३५ को अन्ततिर भारत भ्रमण गरेका थिए जुन नेपाल ब्रिटिस सम्बन्धको इतिहासमा ज्यादै महत्वपूर्ण छ । [६२] उनी भारतका विभिन्न ठाउँहरू घुम्दै कलकत्ता पुगे । त्यहाँ उनलाई १९ तोपको सलामी साथै राष्ट्रगान बजाई स्वागत गरियो ।[६३] त्यस्तै ई.सं.१९३९ मा कलकत्ताको भ्रमण गरी विश्वको सामू नेपालको प्रतिष्ठा बढाउनुका साथै आफ्नो स्थिति मजबुत पारेका थिए ।[६४] पुनः ई.सं. १९४३ मा पनि लिनलिथगोलाई भेट्न अनौपचारिक तवरले दिल्ली भ्रमण गरे । यसरी ३-३ पटक सम्म भारत भ्रमण गरी नेपाल ब्रिटिस सम्बन्ध मजबुत पारेका थिए । द्वितीय विश्वयुद्धको समयमा उनीले नेपालको शासनसत्ता सम्हालेका थिए र विभिन्न तवरबाट अंग्रेजहरूलाई सहयोग गरिराखेका थिए । अंग्रेजलाई हरतरहले सहयोग गरेको कारण नै ब्रिटेनमा नेपालको लिगेसन खोलिनुका साथै भारतको दिल्लीमा पनि एउटा काउन्सिल जनरलको स्थापना भयो ।[६५] जसको कारण स्वतन्त्र एवम् सार्वभौम सत्ता सम्पन्न राष्ट्रको हैसियत उनको शासनकालमा व्यवहारमा नै आएको देखिन्छ । त्यसको अलावा नेपाली सेनालाई आपत विपत्त पर्दा सहयोग उपलब्ध

---

[६१] भट्टराई, *पूर्ववत् ,पादटिप्पणी नं ५८* , पृ. १८ ।

[६२]. प्रसाद, *पूर्ववत् ,पादटिप्पणी नं. ५१,* पृ. १३० ।

[६३] *ऐजन* , पृ. १४३ ।

[६४] *ऐजन* ।

[६५] मुनी, *पूर्ववत् ,पादटिप्पणी नं. ३३* , पृ. ११ ।

गराउने घोषणा गराएका थिए । जुन नेपाली जनतासँग कुनै सरोकारको विषय थिएन धेरै वर्ष अघिदेखि शासन व्यवस्थामा भएको परिवर्तनले शासनमा राणाहरूको हालीमुहाली कायम थियो । राजा नाम मात्रका भएका थिए ।

**ख) राणाकाल उत्तरार्द्ध**

राजा त्रिभुवनले पहिलो पटक सन् १९४४ मा भारत भ्रमण गरे ।[६६] यो यात्रा तीर्थका साथै स्वास्थ्य परीक्षण गर्नका लागि भनी तय गरिएको थियो । तर यात्राको भित्री उद्देश्य बाहिरी संसारसँग सम्पर्कमा आउने र खासगरी भारतीय राजनीतिक नेताहरूसँग सम्पर्क प्रारम्भ गर्नु थियो ।[६७] उनले भारतमा समय समयमा नेपालबाट निष्काशित राणहरूसँग भेट गरेको र उनले नेहरूलाई भेटेको कुरा विवादित देखिन्छ । तर यस भ्रमणपछि राजा राणा शासन अन्त्य गर्नका लागि अलि उत्साहित देखिए ।

त्यस्तै भ्रमणकै शिलशिलामा ई.सं. १९४६ (वि.सं. २००३) साल औषधी उपचार गर्ने भनी त्रिभुवनले अनौपचारिक अर्को यात्रा तय गरे । यात्रा स्वास्थ्यको कारणले गरिएको भए पनि यसमा त्यत्तिकै महत्वपूर्ण राजनैतिक उद्देश्य पनि थियो ।[६८] अखिल भारतीय नेपाली काङ्ग्रेसको जन्म भन्दा ३ महिनापछि र कलकत्तामा नेपाल राष्ट्रिय कङ्ग्रेसको जन्म हुनु भन्दा १५ दिनअघि यो यात्रा तयार गरिएको थियो ।[६९] भारतमा अंग्रेज विरुद्ध आन्दोलन उग्र भइराखेको र नेपालको सत्तामा पद्मशमशेर भएकोले त्रिभुवनलाई भारत जाने अनुमति दिइयो । उनी सीमाबाहिरबाट राणा शासनको खोइरो खन्ने कार्यलाई गतिशील गर्न चाहन्थे ।[७०] भारतमा त्रिभुवनले विभिन्न नेपाली र भारतीय नेताहरूलाई भेट गरे तर नेहरूलाई भेटेको कुरा यसमा विवादित देखिन्छ । यो यात्रा नेपालको राजनीतिक परिवर्तनको मार्गमा दुरगामी भूमिका खेल्न सफल बन्यो । त्रिभुवनको यस भ्रमणले नेपाल बाहिर बसेका नेपालीहरूमा मात्र

[६६] गेहेन्द्रमान उदास, *नेपालमा प्रजातन्त्र र श्री ५ त्रिभुवन* , काठमाडौंः प्रतापसिंह राई नाछिरिङ्ग, वि. सं. २०५३, पृ. १४७ ।
[६७] *ऐजन,* पृ. १५१ ।
[६८] *ऐजन* , पृ. १६० ।
[६९] *ऐजन* , पृ. १५७ ।
[७०] *ऐजन* , पृ. १६१ ।

होइन नेपाल भित्र बसेका नेपालीहरूमा पनि राजनीतिक चहलपहल र सनसनी पैदा गऱ्यो । फलतःभारतमा देखिएको राजनीतिक आन्दोलनको असर नेपालमा पनि  देखिन थाल्यो ।

भारतमा भएको राजनैतिक परिवर्तन र विश्वमा आएको प्रजातन्त्रको लहरले नेपाल पनि अछुतो रहन सकेन । त्यस समय शासनमा अलिकति उदार देखिएका पद्मशमशेरले वैधानिक कानुनको घोषणा गरे तर चन्द्रशम्शेरका छोराहरुको दवावका कारण उक्त घोषणा लागु गर्ने शाहस उनीमा देखिएन जसको फलस्वरुप औषधी उपचारको निहुँमा भारत पसी त्यहीबाट राजीनामा पनि पठाएका थिए ।  जनआन्दोलनले उग्र रूप धारणा गरिरहेको अवस्थामा सुधारको विपक्षमा रहेका चन्द्रशमशेरका छोराहरूको दवावका कारण उनी भारत गएका थिए । उनी जुन प्रकारबाट काठमाडौबाट विदा भए त्यसबाट उनको यो भ्रमण पूर्व नियोजित देखिन्छ । उनी २००४ फाल्गुन ८ गते काठमाडौंबाट प्रस्थान गरेका थिए ।[७१] भारतमा उनलाई भारतीय र नेपाली नेताहरूले काठमाडौंमा फर्कि काम गर्न सल्लाह दिए । त्यस्तै पण्डित नेहरूले पनि नेपाल फर्कन सल्लाह दिनुका साथै आवश्यक सहयोग दिने आश्वासन पनि दिए ।[७२] उनी फर्केनन् र उहीबाट राजिनामा पठाए । उनको यो भारत पलायनको कारण विधान लागू गर्न मोहनशमशेरले आलटाल गर्न थाले फलस्वरूप आन्दोलनले उग्र रूप लिन थाल्यो । जसको कारण राणा शासन समाप्तिको  दिशातर्फ उन्मुख हुन थाल्यो । पद्मशमशेरको भारत पलायनको कारण मोहन शमशेरले सत्ता सम्हाल्न पाए ।  यिनको आन्दोलन विरोधी क्रियाकलापले छिट्टै नै राणा शासनको पतनका दिनगन्ती सुरु भए ।

मोहन शमशेर आफू सत्तामा आउना साथ "अहिलेको अवस्थामा विश्वको बदलिदो परिप्रेक्ष्यमा आफूलाई अलग राख्नु न त सम्भव हुन्छ न त बुद्धिमानी नै अतः हाम्रो नीति विभिन्न मुलुकसँग कुटनैतिक सम्बन्ध बढाउने . . .हुनेछ । "[७३] त्यस्तै ". . . भारतसँग हाम्रो

[७१] नयनराज पन्त, *श्री ३ महाराज पद्म शमशेरका कुरा,* काठमाडौं: संशोधन मण्डल, वि. सं. २०३५, पृ. ५२ ।

[७२] भोला चटर्जी, *ए स्टडी अफ रिसेन्ट नेप्लिज पोलिटिक्स,* कलकत्ता: द वर्ल्ड प्रेश प्रा.लि., ई.सं. १९६७, पृ. ४२-४३ ।

[७३] *रोज, पूर्ववत् , पादटिप्पणी नं १,* पृ. १८० ।

सम्बन्ध छिमेकीको रूपमा . . . खुशी तुल्याउनु हुनेछ "[७४]भनी घोषणा गरे । जुलाई १९४९ मा सि.पी यन सिंह नेपालमा आएपछि नेपालमा प्रजातान्त्रिक सुधारको कुरा उठाइरहेका थिए । यसकारणले गर्दा नेपाल र भारतबीच सन्धि हुने कुरा उठे तापनि सन्धि हुन सकिरहेको थिएन ।[७५] हैदरावाद समस्यामा नेपाली सेना पठाई ब्रिटिस भारत सरकारलाई जस्तो स्वतन्त्र भारतलाई पनि आफूहरू सहयोग गर्न तत्पर रहेको सदासायता मोहन शमशेरले दर्शाए । उनी सत्तामा बस्ने बित्तिकै आफ्नो सत्तालाई सहायता पुग्ने किसिमको विदेश नीति अवलम्बन गर्न खोजेका थिए तर त्यतिबेलाको विश्वव्यापी प्रजातान्त्रिक लहरले उनको इच्छा पूर्तिलाई चुनौति दिइरहेको थियो । अर्कोतिर देशभित्रै राणा विरोधी आन्दोलन उग्र बनिरहेको थियो । दिनप्रतिदिन राणा शासन कमजोर बन्दै गइरहेको स्थितिमा आफ्नो राजनैतिक अस्तित्व रक्षा गर्ने मोहन शमशेर भारतलाई सकेसम्म आफ्नो पक्षमा पार्नु सर्वाधिक महत्वपूर्ण कार्य बन्न पुग्यो । नेपालमा राणा विरोधी प्रत्येक  कार्यमा भारतमा बस्ने नेपालीहरूले नै महत्वपूर्ण भूमिका खेलेका थिए । आफ्नो एकमात्र साहारा अंग्रेजहरू भारतबाट  पलायनपछिको स्थितिलाई बुझेर नै विचलित मोहन शमशेर दिल्ली पुगे । उनी ७ फेब्रुअरी १९५० मा राजधानी छाडी १७ फेब्रुअरी १९५० मा भारतको राजधानी पुगे । [७६] त्यहाँ उनको भव्य स्वागत भयो । उनलाई २० तोपको सलामी र गार्ड अफ अनर लिए । ठूलो दलबलका साथभारत पुगेका मोहन शमशेरलाई स्वागत गर्न राष्ट्रपतिका सैनिक सचिव,  प्रधानमन्त्री नेहरू, मन्त्रीगणहरू र कुटनैतिक नियोगका प्रमुख व्यक्तिहरू उपस्थित थिए ।[७७]जब १९५० फेब्रुअरीको भ्रमणसकि राजधानी फर्किए  त्यस अवसरमा सन्धिका दुईवटा ड्राफ्ट उनले लिएर आएका थिए ।[७८] मोहन शमशेर आफूले भारतमा भव्य स्वागत पाएको कुरा उनका लागि निश्चय नै सन्तुष्टिको विषय थियो । आफ्नो सत्ताको विरुद्ध जुन आन्दोलन भएको थियो त्यसको चुनौतिको रुपमा अफ्नो भ्रमण भएको महसुस पनि मोहन शमशेरले गरे । तर नेपालले भारतीय अनुकूल सन्धिमा

---

[७४] *मुनी पूर्ववत् , पादटिप्पणी नं ३३,* पृ. १६-१७ ।

[७५] रोज, *पूर्ववत् , पादटिप्पणी नं. १,* पृ. १८३ ।

[७६] केशर बहादुर के.सी., *नेपाल अफ्टर द रेभोलुशन  अफ  १९५०* (भाग १),  काठमाडौं :शारदा  प्रकाशन गृह, ई.सं. १९७६, पृ. ११ ।

[७७] सरदार भीमबहादुर  पाण्डे, *त्यस बखतको नेपाल (भाग २) ,*  काठमाडौं : नेपाल एसियाली अनुसन्धान केन्द्र, त्रिभुवन विश्वविद्यालय, वि.सं. २०३८,  पृ. ३२५ ।

[७८] रोज, *पूर्ववत् , पादटिप्पणी नं. १,* पृ. १८३ ।

हस्ताक्षर गरी उसलाई प्रसन्न पारेर आफ्नो राजनैतिक अस्तित्व जोगाउनु बाहेक मोहन शमशेरको अर्को कुनै स्वार्थ देखिदैन । दिल्ली भेटमा नेहरूले समयानुकूल माग दिनु श्रेयस्कर छ भनी सम्झाए पनि तिब्बततर्फ चीनको प्रवेशले नेहरूलाई तर्सायो । यस्तो परिस्थितिले आ-आफ्नो स्वार्थका कारण नेहरू र मोहन शमशेरलाई निकट ल्यायो । आफ्नो सत्ता रक्षाको पछि लागेका मोहन शमशेरको कमजोरीको फाइदा उठाइ भारत आफ्नो सुरक्षाको अवधारणको स्थायी हल खोजिरहेको थियो । जसको फलस्वरुप चीनको डर देखाई १९५० को सन्धि गर्न भारत सफल भयो जुन दिनदेखि यो सन्धि भयो त्यस दिनदेखि राष्ट्रिय जीवनमा अत्यान्तै चर्चा परिचर्चा पाउन थाल्यो ।[७९] यस सन्धिबाट भारतले नेपालप्रतिको भावी नीतिको रुपरेखासमेत कोर्न सफल भयो । यसले भारतलाई आफ्नो राष्ट्रिय सुरक्षाको निम्ति नेपालमाथि आफ्नो प्रत्यक्ष नियन्त्रण नभए पनि विशेष सम्बन्ध स्थापना गर्न सफल भयो । यो सन्धि दवावमूलक देखिन आउँछ । देशभित्र राणा विरोधी आन्दोलनहरू चलिरहँदा भारतको तर्फबाट जुन स्वागत सरकार मोहन शमशेरलाई प्रदान गरियो यसबाट मोहन शमशेर सन्तुष्टि थिए । यो अप्रत्यक्ष रुपमा आन्दोलनकारीहरू माथिको दवावको रुपमा लिइयो । आफ्नो स्थिति नाजुक भइरहेको अवस्थामा भारत सरकारबाट समर्थन प्राप्त गर्नका लागि यस सन्धिमा हस्ताक्षर गरियो । भारतको सुरक्षा अवधारणा र नेपालमा आफ्नो सत्ता रक्षा गर्ने भित्री आशयका साथ एक ठाउँमा उभिएका नेहरू र मोहन शमशेर त्यसपछिका दिनहरूमा यो मित्रता अस्थायी देखियो । फलतः २००७ को आन्दोलनमा नेहरूले राजालाई साथ दिए । यस सन्धिले नेपाललाई स्वतन्त्र र स्वाधीन राष्ट्रको रूपमा मान्यता दिए पनि सन्धिका बुँदाहरूमा भारतीय हस्तक्षेपको गन्ध भेटिन्छ । आन्दोलनको समयमा भारतका कतिपय नेताहरूले नेपाललाई भारतमा गाभ्ने विचार व्यक्त[८०] गरे पनि नेहरूले त्यसो गर्न सकेनन् । उनी केवल आफ्नो अनुकूलको वातावरण बनाउन प्रयासरत थिए । नेपाल भारतबीच यो सन्धि अझसम्म अपरिवर्तनशील भएर रहेको छ । हुन त भारतले नेपालसँग मात्र होइन

---

[७९] के.सी. *पूर्ववत् , पादटिप्पणी नं.६०,* पृ. ११९ ।

[८०] गृष्मबहादुर देवकोटा, *नेपालको राजनीतिक दर्पण* (भाग १), काठमाडौं : ध्रुवबहादुर देवकोटा, वि.सं. २०१६, पृ. ८५ ।

भुटान र सिक्कीमसँग पनि यस्ता सन्धिहरू गर्न सफल भयो । यो कुनै दोधारको कुरा होइन भारतीय सुरक्षा अवधारणाको रणनीति हो ।[८१]

[८१] राजकुमार झा, *द हिमालयन किङ्ग इन इण्डीया फरेन पोलिसी,* राँचीः मैत्री पब्लिकेशन, ई. सं. १९८ , पृ. ११९ ।

# तेस्रो परिच्छेद

## नेपाल भारतबीच सम्पन्न उच्चस्तरीय भ्रमणहरूको आदान-प्रदान ( २००७-२०१०)

## ३.१ राजा त्रिभुवनबाट भएका भारत भ्रमणहरू

### ३.१.१ राजा त्रिभुवनको भारत प्रस्थान (२००७ कार्तिक २७)

दोस्रो विश्वयुद्ध पछाडि आएको प्रजातन्त्रको लहरले बेलायत सरकारको उपनीवेशबाट भारत स्वतन्त्र भयो । भारतको स्वतन्त्रताका लागि गरिएको आन्दोलनको प्रेरणाले भारतमा बस्ने नेपालीहरूलाई पनि राणा शासनका विरुद्ध सङ्गठित भई कार्य गर्न प्रेरित गऱ्यो । यसका लागि भारतस्थित राणाविरोधी शक्तिहरू राजनैतिक सङ्गठन खोली सरकार विरुद्ध आन्दोलन गर्न अग्रसर भए । भारतमा स्थापित नेपाली कङ्ग्रेस, नेपाल कम्युनिष्ट पार्टी जस्ता राजनैतिक सङ्गठनहरूले राणा शासनको विरुद्ध विभिन्न क्रियाकलापहरू सञ्चालन थाले । यस्ता क्रियाकलापहरू नेपाली काँग्रेस बढी क्रियाशील भयो । यस संस्थाले नेपालको राणा शासन विरुद्ध सशस्त्र क्रान्ति गर्ने निर्णय गरी वैरगनीया सम्मेलन गऱ्यो । त्यस्तै राजा त्रिभुवन पनि गोप्य रुपमा राणा शासन विरोधी कार्यहरूमा संलग्न थिए । उनी पहिलादेखि नै राणाशासन विरोधी गतिविधिमा सम्बद्ध रहेको पाइन्छ । उनले २००७ साल भन्दा अगाडि नै दुई पटक भारत भ्रमण गरी सङ्गठन खोल्न आग्रह गरेका थिए भन्ने यस भन्दा अगाडि नै उल्लेख गरियो । राजा कुनै निर्णयक कदमको प्रतिक्षामा थिए । मोहन शमशेरको कडा नियन्त्रणका कारण राजा गोप्य रुपमा भारतीय प्रधानमन्त्री नेहरू र भारतीय राजदूतसँग सम्पर्क गरी दरबारबाट शिकारको बाहानामा निस्की नेपाल स्थित भारतीय दूतावासमा शरण लिन पुगे ।

दरबारबाट शिकारको बहानामा निस्किएका राजा नेपालस्थित भारतीय दूतावासमा पुगे ।[८२] शिकारको बहानामा दरबारबाट बाहिरिएका राजाको मुख्य उद्देश्य तत्कालीन राणा सरकारलाई थाहा थिएन । राजा त्रिभुवन भारतीय दूतावासमा गएको थाहा पाएर मोहन शमशेरले राजदूतवासमा आई फकाइ-फुल्याई फर्काएर लिएर जाने अनेकौ प्रयत्न गरे तर सफल भएनन् ।[८३] राजा भारतीय दूताबासमा जहाँ साथमा दुई रानी तीनजना छोराहरू दुई बुहारी, एक जना जेठो नाती र दुई जना छोरी समेत ११ जना गएका थिए । ४ वर्षका ज्ञानेन्द्र लगायत उनका भाइ धिरेन्द्र तथा तिन जना दिदी बहिनीहरूहरूलाई भने राजधानीमा छाडेका थिए ।[८४] राजा त्रिभुवन २००७ कार्तिक २७ गते स-परिवार भारतीय दूतावासमार्फत नेपाल सरकारको स्वीकृति लिइ हवाइजहाजद्वारा दिल्ली पुगेको[८५] खबर एक पत्रिकाले छापेको थियो । भारतीय दवावअनुरुप मोहनशमशेरले आफ्नो इच्छा विपरीत भारतीय जहाजबाट राजालाई दिल्ली जान अनुमति दिए ।[८६] त्यतिबेला राणाहरूको चंगुलमा परेको नेपालको राजसत्ता राणाहरूको कठोर नियन्त्रणमा थियो । राजसंस्थाको गुमेको शक्ति प्राप्तिका लागि वा राणा शासनको समाप्तिका लागि राजा पहिलादेखि नै राणा शासन विरोधी गतिविधिमा सम्बद्ध रहेको पाइन्छ । राजा एउटा बलियो साहाराको खोजीमा थिए । यसका लागि उनले तत्कालीन भारतीय प्रधानमन्त्री श्री जवाहरलाल नेहरूको आड भेट्टाए । उनको यो यात्रा पूर्वनियोजित देखिन्छ । यो एक महत्वपूर्ण घडी थियो, राजा त्रिभुवनलाई भारतीय दूतावासमा शरण दिए पश्चात नयाँ दिल्ली पुऱ्याउनेदेखि लिएर राजगद्दीमा पुनर्स्थापित गराउने कुरामा भारत सरकार निश्चिन्त राजालाई साथ दियो । राजाको यो भारत भ्रमणले नेपालमा राणा शासनलाई ठूलो चुनौति दिन सफल भयो । आफ्ना राजा भारतीय दुतावासमा शरणार्थीको रुपमा रहेको जनताले थाहा पाए । त्यसैले त राजाको भारत प्रस्थानको दिन राजा

---

[८२] गृष्मबहादुर देवकोटा, *नेपालको राजनीतिक दर्पण (भाग १),* काठमाडौं : ध्रुवबहादुर देवकोटा, वि.सं. २०१६, पृ. ७४ ।

[८३] बालचन्द्र शर्मा , *नेपालको ऐतिहासिक रुपरेखा,* वाराणसी : कृष्णकुमारी देवी, वि.सं. २०१३, पृ. ३९५ ।

[८४] भवेश्वर पंगेनी, *डा.के.आई. सिंहको चीन प्रवास,* न्यू दिल्ली: एड्रोट पब्लिसर्स ई.सं. २००७, पृ. ५३

[८५] देवकोटा, *पूर्ववत् , पादटिप्पणी नं. १,* पृ. ८१-८२ ।

[८६] लियो ई रोज , *नेपाल स्ट्राटेजी फर सरभाइभल,* न्यू दिल्ली: अक्फोर्ड युनिभर्सिटी प्रेस, ई. सं . १९७१, पृ. १८८

गौचर हवाइ अड्डा पुग्नुभन्दा अगाडि विशाल जनसमूह गौचरमा एकत्रित भयो ।[८७] त्यहाँ राणा शासन विरोधी नारा लगाई जनताले निरंकुश शासनका विरुद्ध रोष प्रकट गरे । नेपाली काँग्रेसको योजना विपरित राजा त्रिभुवन सपरिवार पहिले काठमाडौंस्थित भारतीय दूतावासमा त्यसपछि दिल्ली गएको घटनाले नेपाली काँग्रेस तथा राणा शासकलाई समेत आश्चर्य पाऱ्यो । देशभर प्रजातान्त्रिक आन्दोलनको तयारीमा रहेको नेपाली काँग्रेसले आन्दोलन गर्नका निम्ति यो भन्दा उपयुक्त अवसर भेटाउन गाह्रो थियो । २००७ कार्तिक ५ गते साँझदेखि नै हवाइजहाजद्वारा काठमाडौं उपत्यका र क्रमशः अरु जिल्लाहरूमा पनि नेपाली काँग्रेसका पर्चा छरिए । यसपछि सर्वप्रथम वीरगञ्जमा र क्रमशः देशभरि नै सशस्त्र आन्दोलन आरम्भ भयो । क्रान्तिको आगो देशभरि दन्कियो वास्तवमा काठमाडौंमा बाहेक राणा शासनको कतै अस्तित्व रहेन ।[८८] राजा त्रिभुवनको भारत प्रस्थानले नेपालको राजनैतिक क्षेत्रलाई ज्यादै ततायो । राजाले भारतीय दुतावासमा शरण लिएपछि राणाहरूले ज्ञानेन्द्रलाई सत्तामा राखे तर भारतको असहमतिका कारण ब्रिटेन र अमेरिका चुप लागे । राणा सरकारले नयाँ राजाको मान्यता प्राप्त गर्नका लागि भारत, ब्रिटेन, अमेरिका आदि देशमा कुटनीतिक प्रयास सुरु गऱ्यो तर भारतीय प्रधानमन्त्री नेहरूले बेलायतलाई आफ्नो निर्णयका लागि केही समय पर्खन आग्रह गरे ।[८९] चीनको साम्यवादी सिद्धान्तसँग राणा सरकार भयभित थियो । यस समय सम्म चीनसँग कुनै कुटनैतिक सम्बन्ध स्थापित भएको थिएन । यसकारण चीनसँग मान्यताका लागि अनुरोध गर्ने प्रश्न नै रहेन ।[९०] अब अन्तर्राष्ट्रिय परिस्थितिमा राणाहरू बालक राजाको मान्यता प्राप्त गर्न नसकेर अप्ठ्यारोमा परेका थिए । उता भारत पुगेका राजालाई भारतीय प्रधानमन्त्री नेहरू र अन्य मन्त्रीगणका पदाधिकारीहरूले एउटा सार्वभौम राज्यको मुख्य व्यक्तिको रुपमा स्वागत गरे । राजा त्रिभुवनले विद्रोही शक्तिसँग आफ्नो समर्थन भएको वक्तव्य दिनबाट दिल्लीको सल्लाह अनुसार रोकिए ।[९१] भारत सरकार नेपाली कांग्रेसलाई भारतमा सीमित खुल्ला वातावरण दिएको, राजाले नेहरू तथा भारतीय राजदूतसँग गोप्य

---

[८७] शर्मा, *पूर्ववत्* , *पादटिप्पणी नं.* २, पृ. ३९६ ।

[८८] *ऐजन* ।

[८९] डा. देवचन्द्र मिश्र, *विश्वेश्वरप्रसाद कोइराला और नेपाली राजनीति,* काठमाडौं: मिश्रा प्रकाशन , ई.सं. १९९६, पृ.४८ ।

[९०] *ऐजन ।*

[९१] रोज, *पूर्ववत्* , *पादटिप्पणी नं ५,* पृ.१९१ ।

सम्पर्क गरेको कारणबाट नै राजा दरबार त्यागेर भारतीय दुतावासमा गएका थिए ।[९२] नेपालमा आन्दोलन बढ्दै जानु र अन्तर्राष्ट्रिय क्षेत्रको ध्यान नेपालतर्फ पर्नुले भारतलाई पनि अप्ठ्यारो तुल्याएको थियो । यस्तो स्थितिमा नेहरू कुनै मध्यमार्गी नीतिको खोजीमा थिए ताकि यहाँको शासनमा पूरै परिवर्तन नहोस तर क्रमिक रुपमा परिवर्तन होस् । यता मोहन शमशेरलाई नजिकका छिमेकीलाई पन्छाएर परका जतिसुकै बलवान राष्ट्रसँग सठगाँठ भित्र भित्र बाध्ने वा बाध्न कोसिस गरे पनि आफूलाई आपत विपत पर्दा त्यो सम्पर्क बेकार हुँदोरहेछ भन्ने कुरा नयाँ राजाको मान्यता प्राप्त गर्न नसकेबाट पक्का भयो । अब प्रधानमन्त्री.मोहन शमशेरलाई पनि भारतसँग गुहार्नुभन्दा अर्को कुनै विकल्प बाँकी रहेन । नेपालको ठाउँ ठाउँमा राणाशासनको पराजयको खबरले र भारतको दिल्ली सम्झौता गर्ने दवावका कारण वाध्य भएर दिल्ली सम्झौता स्वीकार्नु पऱ्यो । अब भारतले राजा राणा र सशस्त्र आन्दोलन गरिरहेको नेपाली काँग्रेस तीन पक्षलाई आफ्नो अनुकुलतामा ढाल्यो । नेहरूकै मध्यस्थतामा तीनवटै पक्षबीच विभिन्न चरणमा वार्ता भयो । बाध्य भएर मोहनशमशेरले दिल्ली सम्झौतालाई स्वीकार गर्नु पऱ्यो । जसको कारणले २००७ पछिको यसले गर्दा नेपालको राजनैतिक परिवर्तनको मुख्य स्थल दिल्ली बन्न पुग्यो । १९५० को क्रान्ति नेपालको पहाड पर्वतको सट्टा दिल्लीमा निर्णयक रुपमा सम्पन्न भयो ।[९३] उक्त सम्झौता अनुसार (१) नेपाली भारदारी सभाले लोकप्रिय प्रतिनिधि रहेको एउटा मन्त्रीमण्डल गठन (२) सन् १९५२ सम्म संविधान सभाको चुनाव गरिने (३) देश विदेशमा कार्यरत राजनैतिक दलहरूमाथिको प्रतिबन्ध हटाउने र सबै राजनैतिक बन्दीहरूलाई आम माफी दिने घोषणा मोहन शमशेरले गरे । [९४] उक्त घोषणालाई राजा र दिल्ली दुबैले स्वागत गरे । वार्ता सफल भएपछि भारतीय राष्ट्रपति श्री राजेन्द्र प्रसादले एउटा विदाई पार्टी दिए ।[९५] आफ्नो गुमेको शक्ति प्राप्तिको घोषणा पछि २००७ फाल्गुण ४ गते (१५ फेब्रुअरी १९५०) मा राजा

[९२] भोला चटर्जी, *अ स्टडी अफ रिसेन्ट नेप्लीज पोलिटिक्स,* कलकत्ताः द वर्ल्ड प्रेस प्रा.लि., ई.सं. १९६७, पृ. ६७।

[९३] रोज, *पूर्ववत् ,पादटिप्पणी नं* ५, पृ. १९४ ।

[९४] अनिरुद्द गुप्ता, *पोलिटिक्स इन नेपाल,* बम्बईः कालिङ्ग पब्लिकेशन, ई.सं. १९९३, पृ. ४८ ।

[९५] केशरबहादुर के.सी., *नेपाल अफ्टर द रेभोलुशन अफ १९५० (भाग १),* काठमाडौंः शारदा प्रकाशन गृह, ई.सं. १९७६, पृ. ३८ ।

स्वदेश फर्किए ।[९६] गौचर हवाइअड्डादेखि राजदरवारका ढोकासम्म दुबै किनारामा राजालाई स्वागत गर्नेहरूको भीड लागेको थियो । राजा स्वदेश फर्केको तीन दिनमा एक शाही घोषणा गरी मोहन शमशेरको नेतृत्वमा राणा कङ्ग्रेस संयुक्त मन्त्रीमण्डलको गठन भयो ।

यो दिल्ली सम्झौताको जन्मदाता भारत थियो यसमा सहभागी नेपाली काङ्ग्रेसका नेता र राणा प्रतिनिधिहरूको यस वार्तामा कुनै भूमिका थिएन । राणा र कङ्ग्रेसका बीच वार्ता त परै जाओस भेटसम्म भएन । राणा प्रतिनिधि विजय शमशेरलाई विश्वेश्वरप्रसाद कोइरालाले भेट्न खोज्दा नेपाली काँग्रेसका अध्यक्षले गाली गरेका थिए ।[९७] यो सम्झौताले नेपालको राजनैतिक वातावरणमा नाटकीय परिवर्तन गरायो । नयाँ दिल्लीमा भावी नेपालको रुपरेखा कोरिएकोमा असहमत व्यक्त गर्दै केही व्यक्तिहरू यसको विरुद्धमा उभिए । दवावपूर्ण सम्झौताका कारण नेपालको राजनैतिक स्थिति दिनैपिच्छे अस्थिर बन्दै गयो । सानो भन्दा सानो कुरामा भारतको मुख ताक्नुपर्ने अवस्थितिको सिर्जना भयो । अचम्म लाग्दो कुरा के छ भने कुनै पनि सम्झौता जब हुन्छ त्यसमा सम्बन्धित पक्षको सहमती हुन्छ तर यस सम्झौतामा भारत र राजाको मात्र सहमति देखियो अन्य दुई पक्षले यो सम्झौतालाई सहर्ष स्वीकार गरेको देखिएन । विश्वेश्वरप्रसाद कोइराला वार्ता विराटनगरमा होस भन्ने चाहन्थे जहाँ आन्दोलनको प्रधानकार्यालय थियो । त्यसको अलवा काठमाडौंमा अर्को विकल्प देखाएका थिए । तर सुरक्षाको कारण देखाइ नेपालस्थित भारतीय राजदूत चन्देश्वरप्रसाद नारायण सिंहले उक्त ठाउँको कुरा रद्द गरिदिए ।[९८] वार्तामा सबै पक्ष मिली वार्ता तय नभएको त्यहाँ “मोहन शमशेरको तर्फबाट विजय शमशेर र अरु कतिजना आएका छन् कुरा गर्नलाई , त्यो हामीलाई थाहा हुँदैन । हाम्रो तर्फबाट मातृका बाबु, सुवर्ण शमशेर लगायत हामी जति थियौ त्यहाँ छौं । छुट्टाछुट्टै हामीहरूसँग कुरा गर्छन जवाहरलालजी मिलेर काम गर्नुपर्छ भन्छन त्यहि एउटा राग ‘उपाय तो आप लोगोको तय करना है’ भन्छन तर राणाहरूसँग हाम्रो कुरै हुँदैन । उनीहरूसँग

[९६] देवकोटा, *पूर्ववत् ,पादटिप्पणी नं.* १, पृ. ९५ ।

[९७] सरदार भीमबहादुर पाण्डे, *त्यस बखतको नेपाल (भाग २)* , काठमाडौंः नेपाल र एसियाली अनुसन्धान केन्द्र त्रिभुवन विश्वविद्यालय, वि.सं. २०३८, पृ. ३१८ ।

[९८] गणेशराज शर्मा, *विश्वेश्वरप्रसाद कोइरालाको आत्मवृत्तान्त,* ललितपुर, जगदम्बा प्रकाशन, वि.सं. २०५५, पृ. १३९-१४० ।

पनि अलग कुरा गर्दा रहेछन् ।"[९९] मैले बडो अनिच्छापूर्वक दिल्ली सम्झौता स्वीकार गरे ।[१००] यो वार्तामा नेहरू पछि चन्द्रेश्वरप्रसाद नारायण  सिंहको भूमिका प्रमुख रहयो । त्यहाँ राजालाई भेट्न खोज्दा भेट्न नपाएको विभिन्न बहाना गरी ढाँटिएको विश्वेश्वरप्रसाद कोइराला को कथन  छ । उनी आफू पूर्ण क्रान्तिको पक्षमा रहेको पनि बताएका थिए । यो आन्दोलनमा भारतले किन मध्यमार्गी नीति अपनायो यस विषयमा पनि केही उल्लेख गर्नु जरुरी छ जसको कारण नेपालमा हुनखोजेको परिवर्तन लक्ष्यमा पुग्न सकेन । एक प्रमुख कारण १०४ वर्षसम्म नेपालको राजकाज चलाएको राणा परिवारलाई हटाउनाले नेपालमा अस्थिरता आइ भर्खर स्वतन्त्र भएको भारतलाई अप्ठ्यारो पार्न सक्ने खतरा त्यति बेला भारत सरकारले महसुस गरेको थियो । भारत यसैका लागि सकभर राणा सरकारलाई नखल्बल्याउने छाँटकाँट दिल्ली वार्ता र त्यस वार्तामा उसले खेलेको भूमिकाबाट प्रस्ट झल्कायो । अर्को तत्कालीन नेपालको क्रान्तिकारी नेतृत्व उत्तरी सीमा तिब्बत जटिलता हुँदै गएको परिस्थितिमा मुलुकमा राजनीतिक स्थायित्व ल्याउन सक्छ भन्नेमा भारतलाई पूर्ण विश्वास थिएन ।[१०१] नेपालको उत्तरी छिमेकी देश चीनमा साम्यवादी सरकारको स्थापना भएको थियो, त्यसको प्रभाव नेपालमा पर्न सक्ने ठूलो खतराको महसुस भारतले गरिराखेको थियो । यदि सशत्र विद्रोहबाट पुरानो सामाजिक संरचना हटाउने कार्य धेरै हतारमा भयो भने यसले नयाँ सामाजिक संरचना निर्माणमा बाधा पर्न जान्थ्यो । यही समस्या नेपाली काँग्रेसले भोग्न वाध्य भयो । जसले गर्दा मध्येमार्गी नीति अवलम्बन गर्न पुग्यो । राजा राणा र नेपाली काँग्रेस तीनै पक्षहरूका आ-आफ्ना स्वार्थ तथा  कमजोरीहरूलाई भारतले एउटा अवसरको रुपमा प्रयोगमा ल्यायो । यसै अवसरको फाइदा उठाउँदै भारतले आफ्नो वैदेशिक नीतिलाई नेपाल  माथि लाद्यो जसको अस्वीकार नेपालले गर्न सक्दैनथ्यो ।[१०२] भारतले सम्पूर्ण स्तरको क्रान्तिकारी परिवर्तनलाई समर्थन नगर्नुको पछाडि नेपाली कङ्ग्रेसले सम्हाल्न नसक्ने समस्या उभिन सक्ने जसको परिणाम भारतले आन्तरिक मामलामा अझ बढी प्रत्यक्ष संलग्न हुनुपर्ने[१०३] स्थिति

---

[९९] *ऐजन* ,पृ. १४०-१४१ ।

[१००] मिश्र, *पूर्ववत् ,पादटिप्पणी नं.* ८, पृ. ५८ ।

[१०१] रोज, *पूर्ववत् ,पादटिप्पणी नं* ५, पृ. १९४ ।

[१०२] भोला चटर्जी, *नेपाल्स एक्सपेरिमेन्ट विथ डेमोक्रेसी,* न्यू दिल्ली: अंकुर पब्लिसिङ्ग हाउस, ई. सं. १९७७, पृ. ४६ ।

[१०३] रोज, *पूर्ववत् , पादटिप्पणी नं* ५, पृ. ३२६ ।

आउनसक्ने देखि नेहरूले सचेतता अपनाए । त्यसका अलवा पहिलो स्वतन्त्र भारतका कर्णधारहरू नेपाली युवा नेतृत्वप्रति नैतिक रुपमा समर्थन गरिराखेका थिए । दोस्रो भारतलाई यो तथ्य राम्ररी ज्ञान थियो कि नेपालमा स्थापित प्रतिक्रियावादी राणा शासनले भविष्यमा भारतीय सुरक्षाको निम्ति समस्या उत्पन्न गर्न सक्दथ्यो ।[१०४] निरंकुश शासनका विरुद्ध आन्दोलनहरू हुन सक्ने जसको कारण नेपालमा अस्थिरता उत्पन्न हुनसक्थ्यो, जुन भारतका लागि चिन्ताका विषय थियो । यस्तै विभिन्न कारणहरूमध्ये अर्को कारण एकातिर नेपालमा राणा विरोधी आन्दोलन उग्र हुनु अर्कोतिर भारतको 'समाजवादीका नेता जय प्रकाश नारायण, राम मनोहर लोहीया आदिले नेपालको सशस्त्र आन्दोलनमा अत्यधिक चाख देखाउनु, कतिपय केन्द्रीय सरकारका मन्त्रीले समेत उक्त गतिविधिहरूसँग घनिष्ट सम्पर्क गर्ने प्रयत्न गरेको तथा राजा राणा नेपाली कङ्ग्रेस तिनैपक्षसँग ठीक्क हुने स्वार्थ अनुरुप नेहरूले उक्त बाटो अपनाउनु परेको  देखिन्छ । भारतका समाजवादी नेताहरूले विश्वेश्वरप्रसाद कोइरालालाई सशस्त्र क्रान्ति नरोकी अगाडि बढाउन निर्देशन पनि दिएका थिए ।[१०५] यस्ता विषयहरूमा नेहरू सचेत थिए । उनले आफ्नो हातमा परेका नेपालका राजा राणा सरकार र नेपाली कङ्ग्रेसलाई खेलाउन खोजेको भए अझ नराम्रोसँग खेलाउन सक्ने मौका थियो । उनले अरु भारतीय नेता लगायत अझ भारतीय कर्मचारीहरूले झै फाइदा उठान खोजेको भए उठाउन सक्दथे तर खोजेनन । उनले एउटा दिल्ली सम्झौता भन्ने मध्यमार्गी बाटो रचे ।[१०६] यस नीतिको विश्वेश्वरप्रसाद कोइराला र सुर्वणले त्यति सहर्ष स्वीकार गरेका थिएनन । नेपाली कङ्ग्रेसको सम्बन्ध भारतीय समाजवादी पार्टीसँग थियो । उक्त पार्टी भारतीय राजनीतिमा सत्तारुढ सरकारको विरोधी थियो जसले नेहरूलाई चिन्तित तुल्याउनु स्वभाविक थियो । भारत अब नेपालभित्र कुनै किसिमको अस्थिरता  चाहदैनथ्यो । वास्तवमा भारत नेपालमा हिंसात्मक क्रान्ति नहोस् नेपालको परम्परावादी निरङ्कुश सामान्ती सरकारको ठाउँमा क्रमिक रुपले लोकतान्त्रिक व्यवस्था विकास हुँदै जाओस त्यसका लागि भारतले संरक्षण र निर्देशन प्रदान गर्न पाओस् भन्ने उद्देश्य राखेको थियो ।

[१०४] शैलेन्द्र कुमार चर्तुवेदी, *भारत-नेपाल सम्बन्ध,* दिल्ली: वि. आर पब्लिसिङ्ग हाउस, ई.सं. १९८९, पृ. ५ ।

[१०५] मिश्र, *पूर्ववत् ,पादटिप्पणी नं.* ८, पृ. ५८ ।

[१०६] पाण्डे, *पूर्ववत् ,पादटिप्पणी नं.* १६, पृ. ४७३ ।

अब सवाल राजाको यो राजनीतिक शरणले नेपालमा के असर पाऱ्यो त ? यसतर्फ हेर्दा यस सम्झौतापछि नेपालको राजनीतिक क्षेत्रमा व्यापक परिवर्तन भयो । जनताका छोरा मन्त्रि बने भने नेपालमा पहिलोपटक प्रजातान्त्रिक शासन व्यवस्थाको स्थापना भयो । मुख्यत राजाले गुमेको आफ्नो अधिकार पुनः प्राप्ति गरे । अर्को पक्ष यो सम्झौता हृदयदेखि स्वीकार नगरी दवावका कारण गरिएको थियो । राजा, राणा र नेपाली काँग्रेस तीनै पक्षलाई मिलाई नेपालमा शासन सञ्चालन गरिएमा यहाँ स्थिरता आउने र भारतको उत्तरी सीमाना सुरक्षित रहने महसुस गरी मध्यमार्गी नीति अपनाइयो । जसबाट नेपालमा हुन खोजेको परिवर्तन बीचमै रोकी भारतीय स्वार्थपूर्तिका लागि कार्य गरियो । राणा शासनको अन्त्य भए पनि तिनै राणाहरूको नेतृत्वमा मन्त्रीमण्डल गठन गरियो । नेहरूको त्यो चलाखीपूर्ण कार्य त्यतिबेलाको समयमा उचित देखिए पनि त्यसपछिका दिनहरूमा भारतका क्रियाकलापप्रति विभिन्न शङ्काका दृष्टिहरू उत्पन्न हुन थाले फलतः भारत विरोधी भावना विकसित हुनथाल्यो । त्रिभुवनको यो भारत प्रस्थान र स्वदेश फिर्तिको बारेमा त्रिभुवनबाट व्यक्त अभिव्यक्ति हेर्दा यसमा सक्रिय भूमिका नेहरूको देखिन्छ । "जब म पालम हवाई अड्डामा झरे मैले बुझे कसरी कुराहरू उठेका रहेछन् । . . . भारतीय प्रधानमन्त्रीले मलाई चेसको सानो गोटीको रुपमा खेलाए । . . . मलाई नेपाली नेताहरूसँगको सम्पर्कबाट विच्छेद गरियो । अहिले म घर आए मैले मेरो साथमा एकजना सज्जन मेरो निजी सचिवको रुपमा काम गर्न र दुईजना मेरो सुरक्षा गर्न भारतीय सेनाका अधिकारीहरू ल्याएको छु । तिनीहरू नेहरूको विशेष उपहारहरू हुन जसनलाई अस्वीकार गर्ने मेरो आट आएन । अझै धेरै यस्ता उपहारहरू भविष्यमा आउने देख्दछु । म राणा प्रधानमन्त्रीको बन्धक त छैन तर के म अझै स्वतन्त्र छु ? के म भारतीय प्रधानमन्त्रीको नियन्त्रण भन्दा बाहिर छु त ?[१०७]भन्ने कुरा केही व्यक्तिहरूका साथ त्रिभुवनले व्यक्त गरेका छन् । यी शब्द उनका अन्तरआत्माबाट प्रस्फुटित देखिन्छन् । सायद राजा पनि यस दिल्ली सम्झौताबाट खुशी नभएको तथ्य पनि यस भनाइबाट प्रस्ट भएको पाइन्छ ।

राजाको यस भारत प्रस्थानले नेपालको राजनीतिमा मुख्य प्रभाव पाऱ्यो । त्यस्तै राजसंस्थाले राजा सुरेन्द्रको पालादेखि खोसिएको अधिकारको पुर्नप्राप्ति गऱ्यो । शसस्त्र आन्दोलन गरेको नेपाली काँग्रेस छिट्टै नै देशको शासनमा सरिक हुन पायो । भारतले पनि

[१०७] दमनराज तुलाधर, *कन्टेम्पोररी नेपाल (१९४५-१९५५),* काठमाडौं : लक्ष्मी पब्लिकेशन, ई.सं. १९८०, पृ. २७२-२७३ ।

आफ्नो अनुकुलको सन्धि सम्पन्न गरी नेपालमा आफ्नो विशेष सम्बन्ध स्थापित गर्न सफल भयो ।

### ३.१.२ त्रिभुवनको भ्रमण (२००८ श्रावण २९)

नेपालमा प्रजातन्त्र स्थापना भएको केही समयदेखि विभिन्न वहानामा भारततर्फ नेपालका राजा, प्रधानमन्त्री र मन्त्रीहरू जाने क्रम सुरु भयो । यस्तै एउटा भ्रमण राजा त्रिभुवनले पनि गरे । भारतीय प्रधानमन्त्री श्री जवाहरलाल नेहरूले नेपाल भ्रमण गरेको तीन महिनापछि नै २००८ साल श्रावण २९ गतेका दिन राजाले भारतको अनौपचारिक भ्रमण गरे । राजा आफ्ना रानीहरू र तत्कालीन गृहमन्त्रीका विश्वेश्वरप्रसाद कोइरालालाई पनि साथ लगेका थिए । उनीहरू हवाइमार्गद्वारा २९ गते बिहान १० बजे नयाँ दिल्ली पुगे । त्यहाँ हवाइअड्डामा स्वागत गर्नका लागि भारतका राष्ट्रपति राजेन्द्रप्रसाद, प्रधानमन्त्री नेहरू भारत स्थित नेपाली राजदूत र अरु धेरै विदेशी राजदूतहरू उपस्थित थिए । राजाको दिल्ली यात्रासम्बन्धी प्रकाशित विज्ञप्तिमा यात्रा निजी र कुनै राजनैतिक उद्देश्य नभएको तथा दिल्लीमा विरामी अवस्थामा रहेकी छोरीलाई भेट्न जानु रहेको थियो[१०८] साथै यात्रासम्बन्धी कुनै निश्चित कार्यक्रम नभएको पनि बताइएको थियो । दिल्लीमा रहँदा नेहरूसँग भेटघाट हुनसक्छ भेटघाट हुँदा कुनै राजनैतिक विषयको प्रसङ्ग पनि चल्न सक्छ तर यसको पहिला कुनै भूमिका बाँधिएको छैन[१०९] भन्ने उल्लेख गरिएको थियो ।

यो यात्रा निजी, राजनैतिक उद्देश्य नभएको भनिए तापनि त्यस्तो देखिएन । हुन त राजासँगै गृहमन्त्री विश्वेश्वरप्रसाद कोइराला पनि जानु, भारतमा २०-२२ दिनसम्म बस्नु, स्वागत गर्न भारतका राष्ट्रपति तथा प्रधानमन्त्री दुबै जना स्वयं उपस्थित हुनुले केही राजनैतिक परामर्श पक्कै भएको हुनुपर्ने सङ्केत मिल्दछ तर नेपालमा त्यस कुरालाई गोप्य राखियो । राजाको यस भ्रमणलाई एक जना लेखकले उनीहरू (नेपालका भ्रमणदल) भारत चीन सम्बन्धको बारेमा स्पष्ट जानकारीका लागि त्यहाँ गएका थिए । त्यहाँ भारतीय राष्ट्रपति श्री राजेन्द्रप्रसादले अन्तर्राष्ट्रिय सम्बन्धका बारेमा त्रिभुवन र विश्वेश्वरप्रसाद कोइरालालाई

---

[१०८] *गोरखापत्र* , २००८ श्रावण ३१ ।

[१०९] *श्री ५ त्रिभुवन स्मृती ग्रन्थ,* काठमाडौं : त्रिभुवन स्मारक समिति, वि.सं. २०२७, पृ. ६५६-६५७ ।

केही कुरा बताउँदै थिए ।[११०] त्यहाँ अमेरिकी राजदूतसँग अमेरिकासँगको सम्बन्धको बारेमा पनि कुराकानी  भयो । त्यस्तै नेपाली सुरक्षा निकायलाई सल्लाह सुझाव दिन र सरकारी सेवाको सुधारका लागि केही सल्लाहकारहरू ल्याउने सहमति बन्यो ।[१११]राजा दिल्ली भ्रमणमा नै रहँदा “नेपालको परराष्ट्रमन्त्रालयले एउटा विज्ञप्ति प्रकाशित गऱ्यो नेपाल र युनाइटेड स्टेट अफअमेरिकाको क्रमशः वाशिङ्गटन र काठमाडौंमा भएको कुटनीतिक  मण्डलका  ओहोदाहरू अब उप्रान्त एम्व्यासीको रुपमा  परिणत गरी परस्परमा  राजदूत विनिमय  गर्ने दुबै सरकारबाट  स्वीकृत गरिएको छ” भन्ने  जानकारी दिइयो भारतमा रहेका राजदूत  दिल्लीमा नै बसी नेपाल हेर्ने त्यस्तै इङ्गल्याण्डमा राजदूत  भएर नेपालका  एम्बेसेडर  बेलायतमा नै बस्ने सहमती  बन्यो । यसबाट विदेशी नीतिको  बारेमा  पनि व्यापक छलफल भएको सङ्केत मिल्दछ । उनीहरू  भाद्र १८ गते बिहान  १० बजे राजधानी फर्केका थिए ।

राजाले यो भ्रमण किन गरे भन्ने विषयमा छोरीको भेटको निम्ति भएको भन्ने स्पष्ट भइहाल्यो तर राजाको यस भ्रमणले पनि अन्य भ्रमणहरूले जस्तै नेपालको राजनीतिमा केही परिवर्तन देखियो । यो कार्य तत्काल नभएर केही समयपछि मात्र भयो । भ्रमणको एक महिना पनि नबित्दै राजाद्वारा प्रधानमन्त्रीको सहमती विना सल्लाहकार सभाको नियुक्ति भयो । सल्लाहकार सभाको गठन गर्ने कुरामा राणा काँग्रेसका बीच मन्त्रीमण्डलमा देखिएको विवाद समाधानको समयमा दिल्लीमा नेहरूसँग सहमत भइ फर्केका थिए । यो सल्लाह नेहरूले नै दिएका थिए । राजाको यो कदमले मोहन शमशेर असन्तुष्टि देखिए, देखिनु पनि स्वभाविक थियो । राजाले यत्रो निर्णय लिंदा न त मन्त्रीमण्डलसँग छलफल गरे न त प्रधानमन्त्रीलाई नै त्यसको जानकारी गराए । यो ३५ सदस्यीय सल्लाहकार सभामा सदस्यहरू धेरैजसो नेपाली कङ्ग्रेसबाट लिइयो । यसमा राणाको प्रतिनिधित्व नै थिएन । यस्तो भनिन्छ कि कङ्ग्रेसको बहुमत भएको सल्लाहकार गठन गरी त्यसैको माध्यमबाट राणाहरूलाई मन्त्रीमण्डलबाट निष्काशन गर्न राजा र नेपाली काँग्रेस एकमत देखिए ।[११२] सल्लाहकार सभाप्रति मोहन शमशेरले देखाएको असन्तुष्टिलाई अन्यथा अर्थ लगाई सरकारमा रहेको नेपाली काँग्रेसका

[११०] के.सी., *पूर्ववत् ,पादटिप्पणी नं* १४, पृ. ५५ ।

[१११] *ऐजन,* पृ. ५६ ।

[११२] त्रिरत्न मानन्धर र निरञ्जन शर्मा , *आधुनिक नेपालको राजनैतिक इतिहास*, काठमाडौं : नेपाल र एसियाली अनुसन्धान केन्द्र त्रिभुवन विश्वविद्यालय, वि.सं. २०५३ , पृ. ८ ।

मन्त्रीहरूले प्रधानमन्त्रीको राजिनामा मागे ।[११३] राणा काँग्रेस संयुक्त मन्त्रीमण्डलको खिचातानी वि.सं. २००८ कार्तिक २० गते विद्यार्थी जुलुसमाथि रक्षा दलद्वारा गोली प्रहार र चिनियाँ काजिको मृत्युले प्रष्ट वाहिर ल्यायो । संयुक्त मन्त्रीमण्डलको पतनपछि राजाले नेपाली काँग्रेसको एकमना सरकार गठन गरे । प्रधानमन्त्रीको सल्लाहबेगर सल्लाहाकार सभाका सदस्यहरुको नियुक्ति गरि त्यसमा नेपाली काँग्रेसबाट बढी सदस्यहरु लिइयो । संयुक्त मन्त्रीमण्डलबाट राणाहरुलाई हटाई नेपाली काँग्रेसको सरकार गठनमा भारतीय सहमति भएको हुनुपर्दछ किनकी पतन भएको जुन संयुक्त मन्त्रीमण्डल थियो त्यो भारतीय मध्यस्ततामा गठन गरिएको थियो र यसलाई विघटन गर्दा पनि पक्कै कुनै परामर्श भएको हुनुपर्ने देखिन्छ किनकी मन्त्रीमण्डलको गठन अगाडिदेखि मन्त्रीमण्डलबीचको विवादमा पनि नेहरुकै मध्यस्ततामा समाधान गरिएको थियो यसकारण राणाहरुलाई मन्त्रीमण्डलबाट वाहिर हटाउने प्रक्रिया भारतिय सहमति बेगर भएको थियो होला भन्ने त्यतिबेलाको राजनीतिक परिस्थितिलाई हेर्दा थिएन ।

### ३.१.३ त्रिभुवनको भ्रमण (२००८ माघ १५ )

२००८ मंसिरमा मात्रिकाप्रसादको नेतृत्वमा मन्त्रीमण्डल गठनको २ महिना पछि नै प्रधानमन्त्री मातृकालगायतका मन्त्रीमण्डलका अन्य सदस्यहरूले भारत भ्रमण गरी फर्केको एक महिना नहुँदै राजाबाट पनि एउटा भारत भ्रमण भयो । उनी २००८ माघ १५ गते बिहान ११ बजे आफ्ना रानीहरूका साथ कलकत्ता गए । कलकत्तामा आगामी माघ २१ गते आफ्नी कान्छी शाहजादीको शुभ-विवाहको निम्ति काठमाडौंबाट विशेष विमानद्वारा कलकत्ता गएका थिए । राजा भारतमा २५ गतेसम्म बसी फर्कने कार्यक्रम रहेको [११४] बताइएको थियो । तर तोकिएको कार्यक्रम भन्दा २ दिन बढी बसी राजा २७ गते बेलुकी ६ बजे नेपाल फर्किए । उनी फर्कदा स्वागतको निम्ति हवाइअड्डामा सबै मन्त्रीगणहरू उपस्थित थिए । त्यसदिन राजाको सम्मानमा २ बजेदेखि सरकारी अड्डालाई विदा दिइएको थियो ।[११५]

---

[११३] देवकोटा, *पूर्ववत्* , *पादटिप्पणी नं* १, पृ. १४५ ।

[११४] *गोरखापत्र* , २००८ माघ १८ ।

[११५] *गोरखापत्र* , २००८ माघ २८ ।

राजाबाट भारतर्फ भएको यो अनौपचारिक भ्रमण रक्षादलको विद्रोह भएको केही दिनपछि नै तय भयो । सिंहदरबार काण्डका बखत सुरक्षाका लागि दरबारको शरणमा गएकामध्ये नेपालका लागि भारतीय राजदूत चन्द्रेश्वरप्रसाद नारायण सिंहले उक्त विद्रोहलाई दवाउनका लागि भारतीय सैनिक बोलाउनुपर्छ भनी जोडदार रुपले सल्लाह दिएका थिए ।[११६] उनको कुरालाई भद्रकाली मिश्रले तुरुन्त समर्थन गरे । तर मातृका यसमा असहमत देखिए ।[११७] २००८ माघ ११ गते मुलुकमा सङ्कटकालको घोषणा जारी गरी प्रधानमन्त्रीलाई मन्त्रीमण्डल र शासनको पूरा अभिभारा प्रदान गरियो ।[११८] यसै दिन कम्युनिष्ट पार्टी र महासभा दुवैलाई सरकारले अवैधानिक घोषित गऱ्यो भने २००८ माघ १५ गते सैनिकहरूको तलब थप भएको विषयमा शाही घोषणा जारी गरियो । यसैको अघिल्लो दिन २००८ माघ १४ गते भारतीय सैनिक शिष्टमण्डलको नेपाल आगमन भयो । रक्षादलको विद्रोह भएपछिको केही दिनमा नै भारतले विदेश विभाग र रक्षा विभागका अधिकारीहरू काठमाडौं पठायो ।[११९] हुन त यो मिसनलाई प्रधानमन्त्री मातृका र अन्य मन्त्रीहरू दिल्ली गएर जुन विषयमा कुराकानी भएको थियो त्यही विषयमा फेरि कुराकानी गर्न आएको भनियो ।[१२०] तर त्यो तत्काललाई बनाएको एउटा बहाना जस्तो देखिन्थ्यो । किनभने त्यो मिसन न विद्रोह भन्दा अगाडि नै आयो न त्यो यो विद्रोह भन्दा १-२ महिनापछि नै आयो । यसबाट नेपालको सुरक्षा मामिलामा भारत कति सजग थियो ? भन्ने प्रस्ट हुन्छ अर्को पक्ष राजदरबारमा आपतकालीन वैठक बस्दा भारतीय राजदूत सी. पि.यन सिंह त्यही पुग्दछन । भारतीय सैनिक तरुन्त मगाउन सुझाव दिन्छन् । डा. के. आई. सिंहको घटनापछि सरकारले सेनालाई नयाँ ढङ्गबाट प्रशिक्षण दिनका लागि भारतीय सैनिक मिसन बेलाउने निर्णय लियो । भारतीय सैनिक मिसन २७ फरवरी १९५२ मा केवल १ वर्षका लागि आएको थियो । जुन ६ वर्षपछि १९५८ मा फिर्ता भएको थियो । काठमाडौंमा भारतीय सैनिक मिसन

---

[११६] *के.सी. पूर्ववत् ,पादटिप्पणी नं. १४,* पृ. ७७ ।

[११७] तुलाधर, *पूर्ववत् , पादटिप्पणी नं २६,* पृ. ३०५ ।

[११८] देवकोटा, *पूर्ववत् ,पादटिप्पणी नं १,* पृ. १०३ ।

[११९] मिश्र, *पूर्ववत् ,पादटिप्पणी नं ८,* पृ. ८३ ।

[१२०] *ऐजन ,*पृ. १६७ ।

आइपुग्नासाथ नेपालको राजनीतिमा एउटा अर्को ठूलो विवाद थपियो ।[१२१]हुन त राजाको यो भ्रमण यस्ता विषयहरूमा छलफलका लागि तय भएको भनी किटेर भन्न नसकिने अवस्था रहयो किन कि प्राप्त प्रमाण विना यो सम्भव पनि छैन । तर यी वातावरण त्यस्तै राजाको भारत भ्रमण सिद्धिएको १ महिनापछि भारतीय सैनिक शिष्टमण्डल नेपाल आगमनले झन शङ्का उब्जाउँछ कतै राजा पनि भारतीय सैनिक सहयोगको हात थाप्न पुगेका त होइनन् ? तत्काल विद्रोहपछि काठमाडौंको जनजीवन सामान्य अवस्थामा आइसकेपछि वचाउको लागि ३० जनवरी १९५२ मा राजा कलकत्ता उडे । नेपालमा भारतीय सेनाको प्रवेशलाई नेपाल स्थित बेलायती राजदूतले "भद्रकाली जस्ता मान्छेहरू भारतीय राजदूतका एजेन्टहरू हुन, त्यस्ता व्यक्ति नेपाल सरकारमा छन् जसले भारतीय सेना नेपाली भूमिमा ल्याउन चाहन्छन् " भन्ने विचार व्यक्त गरे ।[१२२] त्यस्तै विषयवस्तुको यथार्थलाई मूल्याङ्कन नगरी भारतीय सेना नेपालमा ल्याउनु कम्युनिष्टहरूको वढवा हुन सक्ने देखिन्छ । यो जनभावना नबुझिकन गरिएको कार्य हो "[१२३] पनि भनेका थिए । राजाको यस भारत भ्रमणले भन्दा पनि नेपालमा भारतीय सैनिक प्रवेशलाई नकारात्मक रुपमा लिइयो । प्रथम र द्वितीय विश्वयुद्धमा विश्वमा नाम कमाएका गोरखालीहरूलाई भारतीय सेनाले तालिम दिन भनी भित्राइएकोमा सरकार विरोधीहरूले यस कुरालाई काठमाडौंको सहरमा चर्काउन थाले । यसलाई नेपालको आन्तरिक मामलामा भारतको हस्तक्षेप ठानियो ।

### ३.१.४ त्रिभुवनको भ्रमण (२००८ फाल्गुन १४ )

आफ्नै अगाडि माघमा गरिएको भारत भ्रमणको २० दिन नपुग्दै राजाबाट अर्को भारत भ्रमण भयो । राजा २००८ फाल्गुन १४ गते बिहान ९ बजे हवाइमार्गद्वारा कलकत्ता गए । स-परिवारका साथ तय भएको यो भ्रमणको उद्देश्य आफ्नी छोरीको विवाहको शिलशिला रहेको थियो ।[१२४]

---

[१२१] *ऐजन,* पृ. ८३ ।

[१२२] ऋषिकेष शाह, *मोर्डन नेपाल ( भाग २),* न्यू दिल्ली: मनोहर पब्लिसर्स एण्ड डिस्ट्रीव्यूटर्स, ई.सं. १९९७, पृ. २७५ ।

[१२३] *ऐजन,* पृ.२७५ ।

[१२४] *गोरखापत्र ,* २००८ फाल्गुन १५ ।

राजाको यो भ्रमण प्रधानमन्त्री मातृका प्रसाद भारत भ्रमणमा गएको ३ दिनपछि तय भएको देखिन्छ । राष्ट्राध्यक्ष र सरकार प्रमुखको लगभग सँगसँगै तय भएको यो भ्रमण एक आपसमा सल्लाह गरी तय भए जस्तो देखिन्छ । एकैपटक राजा र प्रधानमन्त्रीले भारत भ्रमणका लागि प्रस्थान गरेको खण्डमा झन सरकार र भारत विरोधी क्रियाकलापहरूको बढवा हुनसक्ने कुरालाई महसुस गरी सावधानी अपनाइएको जस्तो देखिन्छ ।

जे होस राजा आफ्नो भारत भ्रमण सकी २००८ चैत्र ५ गते दिउँसो एक विशेष हवाइ जहाजद्वारा कलकत्ताबाट काठमाडौं आइपुगे । गौचर हवाइअड्डामा राजालाई स्वागत गर्न प्रधानमन्त्री लगायत अरु मन्त्रीहरू पनि उपस्थित थिए ।[१२५]

राजाको यो भ्रमण पनि अनौपचारिक देखिन्छ तर भारतमा रहँदा आफ्नो भ्रमणको मुख्य कार्य सक्नुभन्दा अगाडि या पछाडि राजाले भारतीय प्रधानमन्त्री श्री जवाहरलाल नेहरूलाई भेट गरेको हुनुपर्छ किन कि राजा भारत भ्रमणमा नै रहँदा भारतीय प्रधानमन्त्री जवाहरलाल नेहरूले फेब्रुअरी १९५२ मा नेपालको विषयमा बताउँदै "दुई चोटी प्रधानमन्त्री यहाँ आउनु भयो त्यस्तै एक या दुईचोटी राजा पनि यही हुनुहुन्थ्यो विभिन्न विषयहरूमा छलफल भयो विभिन्न विषयहरूमा सल्लाह दियौ दुईवटा विषय वैदेशिक नीति र सुरक्षा मामलामा दुई बीच सामिप्य छ"[१२६] भनेका थिए ।

त्यस्तै २००८ फाल्गुन १७ गते एउटा प्रेश सम्मेलनमा भारतीय प्रधानमन्त्री जवाहरलाल नेहरूले "भारतको नीति नेपालको समस्या हस्तक्षेप गर्ने छैन भारतले नेपाल सरकारको प्रार्थनामा नै दुईवटा सल्लाहकार पठाएको थियो । तिनीहरू आफ्नो काम सकेर फर्केर आए । भारत नेपालमा राजनैतिक स्थिरता देख्न चाहन्छ . . . नेपाल सरकारको निमन्त्रणामा एउटा भारतीय सैनिक शिष्टमण्डल काठमाडौं पठाइएको छ . . .।[१२७] पुनः २००८/११/२२ मा "भारतले नेपालमा विशेष गरेर दुई कुरामा ध्यान दिएको छ । एउटा त नेपाललाई स्वतन्त्र मित्रराष्ट्र मान्नु तथा नेपालमा लोकतन्त्रको उत्तरोत्तर विकास हुँदै गएको

---

[१२५] *गोरखापत्र* , २००८ चैत्र ७ ।

[१२६] एस.डी. मुनी, *फरेन पोलिसी अफ नेपाल,* दिल्ली : नेशनल पब्लिसिङ्ग हाउस, ई. सं १९७३, पृ. ८१ ।

[१२७] देवकोटा, *पूर्ववत् ,पादटिप्पणी नं* १, पृ. १७० ।

हेर्न चाहन्, दोस्रो भारतको आफ्नो सुरक्षाको निम्ति नेपालमा पनि स्थिरता र सुरक्षाको स्थापना हुनु, जहाँसम्म सुरक्षाको प्रश्न छ भारत हिमालसम्म आफ्नो सुरक्षा सिमा सम्भन्छ ।"[१२८] नेहरूले २००८/११/२६ मा "नेपालको आर्थिक र यातायातको विकासमा भारतले चाख लिएको छ । रक्षा र परराष्ट्र नीतिको समस्यामा दुबै सरकारको कुनै कुनै सामान्य स्वार्थ हुनाले दुबै सरकारले विचार विमर्श गरेको हो"[१२९] भनी बताएका थिए ।

भारतीय प्रधानमन्त्री नेहरूले यस्ता अभिव्यक्तिहरू दिदै गर्दा राजा भारतमा नै रहेको पाइन्छ । त्यस्तै नेपालका प्रधानमन्त्री भारत भ्रमणको सँगसँगै वा केही दिन पछाडि यस्ता अभिव्यक्ति आउनु निश्चय नै भारतको एकतर्फी क्रियाकलाप देखिदैन यसमा राजा र प्रधानमन्त्री पनि सामेल देखिन्छन् ।

नेपालका राष्ट्राध्यक्ष भारतमा नै रहँदा भारतीय प्रधानमन्त्री नेहरूले नेपालको विषयमा संसदमा बोल्दै "नेपालको स्थिति र उन्नतिमा विघ्नबाधा नपर्ने गरी नेपाललाई मद्दत गर्नु नै भारतको नीति हो । हालै नेपाल सरकारले भारत सरकासँग गरेको अनुरोधहरूमध्ये रक्षा योजनामा नेपाललाई मद्दत गर्नु पनि एउटा हो । त्यही अनुरोधमा हिजो परामर्श दिने एउटा सानो दल नेपाल पठाइयो । निरीक्षण गरेपछि त्यो दलले भारत र नेपालका दुबै सरकारलाई रक्षा योजनामा आवश्यकीय सूचना सहितको रिपोर्ट दिनेछ" भन्ने जानकारी दिए ।

राजाको यो भ्रमणपछि विभिन्न भारत विरोधी राजनैतिक वक्तव्य र भाषणहरू भए । खास गरी मिलटरी मिसन र सल्लाहकार मिसनप्रति विभिन्न रोषपूर्ण अभिव्यक्तिहरू दिइए । नेहरूको पटक पटक हिमाललाई आफ्नो देशको साँध देखाउने क्रियाकलापले गर्दा विभिन्न शङ्का उपशंकाहरू उब्जिए । राजाको यो भ्रमण लगत्तै नेपालका केही मन्त्रीहरू भारततर्फ गए । ने. का. बीचको विवाद अझ खासगरी दुई दाजुभाइ (मातृकाप्रसाद र विश्वेश्वरप्रसाद कोइराला) बीचको विवादमा फेरि पनि भारत गुहार्ने प्रक्रिया देखियो । त्यस अवसरमा नेपालका नेताहरू पनि भारतर्फ लम्किए । नेपालको आन्तरिक मामलामा हस्तक्षेप गऱ्यो भन्ने

---

[१२८] *ऐजन* ।

[१२९] *ऐजन*, पृ.१७१ ।

आवाजहरू बढ्दो रूपमा सुनिए । राजाको यो भारत भ्रमणपछि सल्लाहकार समितिको पुर्नगठन गरियो ।

### ३.१.५ त्रिभुवनको भ्रमण (२००९ जेष्ठ ४)

राजा त्रिभुवन आफ्नो २००८ फाल्गुन १४ गते गरेको भारत भ्रमणको दुई महिना नपुग्दै त्यस्तै नेपालका मन्त्रीमण्डका केही सदस्यहरूले भारत भ्रमण गरी नेपाल फर्केको १ महिना नहुँदै राजाबाट अर्को एउटा अनौपचारिक भारत भ्रमण भयो । उनी २००९ जेष्ठ ४ गते बिहान ९:५० बजे दिल्ली हवाइ अड्डामा पुगे ।[१३०] हवाई अड्डामा राजाको स्वागत गर्न भारतीय प्रधानमन्त्री जवाहरलाल नेहरू तथा भारतका राष्ट्रपतिको तर्फबाट डेपुटी मिलिटरी सेक्रेटरी र भारतीय विदेश विभागका ३ जना सक्रेटरीहरू पनि उपस्थित थिए ।[१३१]

राजाको यो भ्रमण मातृका मन्त्रीमण्डलको असफल बन्दै गइरहेको सल्लाहकार समितिको पुर्नगठन र नेपाली काङ्ग्रेसको जनकपुर अधिवेश हुँदै गरेको विद्यमान परिस्थितिमा यो भ्रमण भएको छ । हुन त नेपाली काँग्रेस बीचको विवाद यस भन्दा अगाडिको राजाको भ्रमणबाट सुल्झाउने प्रयासहरू जारी थिए । त्यस बीच नेपालका मन्त्री र नेताहरू भारत जाने क्रम चलेको थियो । राजाको यो भ्रमण सल्लाहकार समिति पुर्नगठन भएको एक महिना बित्ने बित्तिकै थियो । त्यस्तै राजा भारतबाट नेपाल फर्किएपछि पहिलो सल्लाहकार सभाको उद्घाटन सम्बन्धी शाही सम्बोधनमा “हाम्रो छिमेकी राष्ट्र भारतसँग प्राचीन कालदेखिको हाम्रो ज्यादै घनिष्ट सम्बन्ध छ । सांस्कृतिक, भौगोलिक राजनैतिक अनेक दृष्टिकोणबाट जोडिएको हाम्रो दुई मुलुकको बीचमा पूर्णतया . . . चाहिएको बेला हर किसिमले सहयोग र सहायता भइ आएको परस्पर आदानप्रदान भइआएको छ र भइरहनेछ । सहयोग र सहायतामा दुबै देशले आपसमा कुनै कसुर बाँकी राखेको छैन । देशको पुर्नगठन, विकास तथा सुरक्षाको निमित्त हामीले अनुरोध गरेको समयमा पर्याप्त सहयोग मित्रराष्ट्र भारतबाट पाइआएका छौं”[१३२] भने यसबाट राजालाई यसपालिको भ्रमणमा पनि नेहरूले कुनै न कुनै विषयमा

---

[१३०] *गोरखापत्र* , २००९ जेष्ठ ६ ।

[१३१] *ऐजन* ।

[१३२] देवकोटा, *पूर्ववत्* ,*पादटिप्पणी नं* १, पृ. १८७ ।

सहयोग गरी प्रफुल्लित पारेको देखिन्छ । हुन त हवाइ अड्डामा स्वागत गर्न जवाहरलाल नेहरू आइपुगेको कुरा प्रस्ट नै छ । त्यहाँ अवश्य पनि नेपालको राजनैतिक अस्थीरताका बारेमा कुराकानी भएको होला किन कि यस अगाडिका राजा र प्रधानमन्त्रीहरूका भ्रमणहरूमा त्यस्तो देखिदा यसलाई पनि त्यस स्थानबाट बाहिर फाल्नु अनुचित नै होला जस्तो देखिन्छ । अर्को पक्ष २००९/२/१० मा जनकपुरमा थालिएको नेपाली कांग्रेसको अधिवेशनमा फुट भएपछि २००९/२/१८ गते यातायातमन्त्री भद्रकाली मिश्रलाई मन्त्रीमण्डलबाट हटाउन काङ्ग्रेसको प्रतिनिधिमण्डलले जुन निर्णय दियो त्यो निर्णयलाई मान्दै २००९/२/२४ मा शाही विज्ञप्ति मार्फत उनलाई निष्कासन गरियो ।[१३३] यो घोषणा हुँदा राजा नेपालमा देखिए । यसबाट राजा यसपालि भारतमा धेरै दिन नबसेको देखिन आउँछ । पण्डित नेहरूसँग पक्कै कुराकानीहरू भएको हुनुपर्छ नत्र प्रधानमन्त्रीले भन्ने बित्तिकै राजाले भद्रकाली मिश्रलाई निस्कासन गर्ने शाही विज्ञप्ती दिने थिएनन् कि ?

### **३.१.६ त्रिभुवनको भ्रमण (२००९ भाद्र २०)**

आफ्नो निजी कामका लागि भन्दै २००९ भाद्र २० गते शाही हवाइजहाजद्वारा राजा काठमाडौंबाट दिल्ली गए । दिल्ली हवाइ अड्डामा राजाको स्वागतका लागि भारतीय प्रधानमन्त्री श्री जवाहरलाल नेहरू उपस्थित थिए ।[१३४] राजाको यो भ्रमण अनौपचारिक हो र राजा आफ्नो छोटो ४ दिने भ्रमण सकी तुरुन्तै २००९ भाद्र २३ गते दिउँसो सरकारी हवाइजहाजद्वारा नयाँ दिल्लीबाट काठमाडौ उत्रिए । नयाँ दिल्लीमा राजालाई विदाइ गर्न प्रधानमन्त्री श्री नेहरू, भारतीय विदेश विभागका उच्च अधिकारी लगायत अन्य उपस्थित थिए ।[१३५] काठमाडौं हवाइअड्डामा उत्रिएपछि स्वागतार्थ भारतीय राजदूत, भूतपूर्व प्रधानमन्त्री श्री मातृका प्रसाद कोइराला, शाही परामर्श दाताहरूको अतिरित्त धेरै उच्च पदस्थ व्यक्तिहरू उपस्थित थिए ।[१३६] राजाको यो भ्रमण उनको गलाको उपचारको विषयमा अनुभवी चिकित्सकसँग सल्लाह लिन भएको जानकारी गराइयो । भारतमा रहँदा राजाले भाद्र २० र २१

---

[१३३] *ऐजन,* पृ. १९९ ।

[१३४] *गोरखापत्र ,* २००९ भाद्र २० ।

[१३५] *गोरखापत्र ,* २००९ भाद्र २४ ।

[१३६] *ऐजन* ।

गते भारतीय प्रधानमन्त्री नेहरूलाई भेट गरेको र त्यस भेटमा नेपालको राजनैतिक अवस्थाबारे छलफल भएको थियो [१३७] भन्ने जानकारी मिल्दछ ।

प्रजातन्त्रको स्थापनापछि गठन गरिएका कुनै पनि सरकारले स्थिरता प्राप्त गर्न सकेन आपसी कलह, पार्टीको विवादजस्ता क्रियाकलापहरूले राजनैतिक अस्थिरता व्यप्त भयो । तत्कालीन नेपालको राजनैतिक स्थिति दिनप्रति दिन बिग्रदै गइरहेको, कुनै पनि सरकारले स्थिरता लिन नसकेको, काङ्ग्रेसभित्रको विवादले उग्ररुप लिइ भारतमा गरिएको सहमतिले काम नगरेको र यसैका कारण मातृकाप्रसादले मन्त्रिमण्डलबाट राजिनामा गरे । मातृकाको राजिनामापछि राजाले केही परामर्शदाताहरूद्वारा सरकार सञ्चालन गरे त्यसको केही समयपछि यो भ्रमण तय भएको हुनाले अवश्य नै महत्वपूर्ण मान्न सकिन्छ । हुन त राजाको यो कदमको भारतद्वारा मौन स्वीकृति भएको देखियो किन कि राजाले जुन परामर्शदात्री सरकार गठन गरे त्यो अन्तरिम संविधान विपरीत थियो । यस विषयमा भारत सरकार केही बोलेन बरु राजालाई सल्लाह दिन पठाएका नेहरूका उपहार गोविन्द नारायणले “नेपालको वर्तमान स्थितिमा कुनै पनि पार्टी विशेषको सरकार पनि सफलतापूर्वक सञ्चालन हुन सक्दैन । कुनै पनि राजनैतिक दलसँग सम्बन्ध नरहेका स्वतन्त्र व्यक्तिहरूद्वारा बनेको सरकारले मात्र मुलुकको शान्ति र सुरक्षा कायम गरी जनताको जीवनस्तर उच्च बनाउन सक्छ ”[१३८]भन्ने विचार व्यक्त गरे । उक्त भनाइलाई नेपाली काङ्ग्रेशले विरोध गरी यस्तो वक्तव्य दिने अधिकार नभएको र उनको यस्तो क्रियाकलापले नेपाल र भारतबीच भ्रम उत्पन्न हुनसक्ने सङ्केत दिएको थियो । राजाको यस भ्रमण सिद्धिएको ५ दिनपछि नै भारतीय समाजवादी नेता जय प्रकाश नारायणले परामर्शदातृ सरकारको विरोध गर्दै “राजा त्रिभुवन यस्तो किसिमको स्थितिलाई .... नेपाली काङ्ग्रेसलाई सरकार गठन गर्न बोलाए मात्र वहाँको प्रतिष्ठाको रक्षा हुन्छ त्यो बाहेक अरु कुनै दोस्रो उपाय छैन” [१३९] भन्ने सुझाव दिएका थिए ।

हुन त राजा र नेहरूबीच के के विषयहरूमा कुराकानी भए स्पष्ट जानकारी प्राप्त गर्न सकिएन तर नेपालको राजनैतिक मामलामा छलफल हुँदा नेहरूले राजालाई केही

---

[१३७] *ऐजन* ।

[१३८] देवकोटा, *पूर्ववत्* ,*पादटिप्पणी नं* .१, पृ. २१६ ।

[१३९] *ऐजन* ।

आश्वासन दिइ पठाएको हुनुपर्छ किन कि राजा स्वदेश फर्केपछि केही समय यही सरकारलाई निरन्तरता दिए राजाको यो भ्रमणबाट केही आशावादी भएर होला भूतपूर्व प्रधानमन्त्री मातृका राजालाई स्वागत गर्न हवाइअड्डा पुगेका थिए ?

### ३.१.७ त्रिभुवनको भ्रमण (२००९ पौष १०)

२००९ पौष १० गते बिहान १० बजे हवाईमार्गद्वारा स्वास्थ्य उपचार गर्न राजा कलकत्तातर्फ गए । त्यहाँ पुगेर आवश्यक परेको खण्डमा बम्बइ पनि जाने जानकारी गराइयो ।[१४०] कलकत्ताबाट राजा पौष ३१ गते बम्बइ गएका र उनलाई सञ्चो हुँदै गएको र केही आराम गर्ने सल्लाह डक्टरले राजालाई दिएको[१४१] खबर एक पत्रिकाले छापेको छ । राजा आफ्नो स्वास्थ्यमा सुधार आएपछि २००९ फाल्गुन ३ गते बेलुकी ५: ३० बजे स्वदेश फर्किए ।[१४२]

राजाको यसपालीको भारत बसाई लामो समयसम्म रहयो । देशको बिग्रदै गएको राजनैतिक स्थिति र आफ्नो प्रतिकूल शारीरिक अवस्थाका कारणले राजा त्रिभुवनलाई बढी भारततर्फ दौडधुप गर्नुपर्ने आवश्यकता देखियो । राजनैतिक दलहरूमा देखिएको अपरिपक्वता र अस्थिर वातावरणले भारतलाई पनि अप्ठ्यारो परेको देखियो । नेपाली काङ्ग्रेसको एकमना मन्त्रीमण्डलको पतनपछि स्थापना गरिएको परामर्शदातृ सरकारको सर्वदा आलोचना भयो । यो सरकारको गठन अन्तरिम शासन विधान जसमा मन्त्रीपरिषद्को सल्लाह लिएर राजाले काम, कारवाही, अधिकारको प्रयोग गर्ने [१४३] भन्ने संवैधानिक प्रावधानको राजा स्वयमले उल्लङ्घन गरे । देशभित्र र देशबाहिर यसको विरोध भई रहेको हुँदा राजा त्रिभुवन त्यसको विकल्पको खोजीमा थिए । उनको २००९ फाल्गुन ७ गतेको राष्ट्रिय दिवसको सन्देशमा बम्बइमा “अभाग्यवश विरामी हुँदा यतिका दिन काठमाडौं फर्किन नसकेको कुरा तपाईहरू सबैलाई थाहै छ यहि बिरामीले गर्दा पश्चिमकै दौडाहा गर्न सकिन . . . मेलजोल कायम गरी

---

[१४०] *गोरखापत्र* , २००९ पौष १२ ।

[१४१] *गोरखापत्र* , २००९ माघ ८ ।

[१४२] *गोरखापत्र* , २००९ फागुन ५ ।

[१४३] *अन्तरिम शासन विधान, २००७ भाग ३ धारा २१ 'क'* ।

देशवासीको कल्याणका लागि राम्ररी कार्य गर्ने स्थिर मन्त्रीमण्डल नपाइएकोले विवश भएर देशको शासन व्यवस्था केही परामर्शदताहरूको मद्दतले चलाउनु परेको . . . अहिलेको मौजुदा प्रबन्धलाई नै कायम राखी राख्ने मनसाय नभएकाले . . . सकभर अर्को बन्दोवस्त मिलाउने आशा लिइ गम्भीर कोशिस गर्दै छु त्यो प्रयत्न अझैसम्म जारी छ . . ."[१४४] भनेबाट राजा मन्त्रीमण्डल गठन गर्ने प्रयासरत रहेको पाइन्छ । त्यस्तै अतः "देश र हाम्रो शारीरिक अवस्थाले पनि हल ननिकाली नभएको र मन्त्रीमण्डल गठन गर्नु नै परेको छ"[१४५] भनेबाट राजालाई यो सरकारले पनि अप्ठ्यारो पारेको त्यसलाई विघटन गर्ने उपायका खोजीमा राजा रहेको महसुस गर्न सकिन्छ । हुन त राजाको यस भ्रमणलाई तत्कालीन नेता विश्वेश्वरप्रसाद कोइरालाले भनेका छन् "श्री ५ महाराजधिराज आफ्नो व्यक्तिगत चिकित्सा आदिको निहुँ पारेर भारतीय राजधानी दिल्ली सुटुक्क पुग्नु भएको छ . . . वर्तमान परामर्शदातृ सरकार भङ्ग गरी नयाँ मन्त्रीमण्डल गठन गर्नका लागि भारतका प्रधानमन्त्री पण्डित जवाहरलाल नेहरूसँग परामर्श लिन जानु भएको हो . . . ।" [१४६]

विश्वेश्वरप्रसाद कोइरालाले आरोप लगाए जस्तै १ जनवरी १९५३ मा कलकत्तामा अनेकौ नेताहरूबीच सम्झौतावार्ता प्रारम्भ भयो । त्यहाँ कुनै वास्तविक नतिजा निस्कन सकेन । सम्भवत विश्वेश्वरप्रसाद कोइराला आफ्नो पार्टीको प्रभाव अधिक भएको कारण राजाले एक्लै बोलाउँछन कि भन्ने आशा गरेका थिए । उता राजा त्रिभुवन मातृका र नेपाली कङ्ग्रेसबीचको मतभेद सर्वसम्मतिबाट समाप्त भइ सरकार गठनका लागि अन्तिम निर्णय दिनेछ भन्ने [१४७]आशाका साथमा बसेका थिए । तर त्यसो हुन सकेन । परामर्शदातृ सरकाको गठनलाई नेपाली काङ्ग्रेसले राणाशासनको पुनः जन्म भयो भन्ने प्रचार गऱ्यो । अन्तर्राष्ट्रिय स्तरमा बदनामी हुनसक्ने कुरामा सम्भवत त्रिभुवन चनाखो हुन खोजेको भान पर्दछ । त्यसैले होला जनवरी १९५३ मा कलकत्ता जाँदा राजा त्रिभुवनले विश्वेश्वरप्रसादसँग विस्तृत प्रतिनिधित्व भएको सल्लाहकार सभाको अस्तित्वबारे कुराकानी गरे त्यो भन्दा पहिले नेपाली काङ्ग्रेस र

---

[१४४] देवकोटा, *पूर्ववत् ,पादटिप्पणी नं* १, पृ. २२१-२२

[१४५] त्रिभुवन स्मृति ग्रन्थ, *पूर्ववत् ,पादटिप्पणी नं* . २८, पृ. ६८० ।

[१४६] देवकोटा, *पूर्ववत् ,पादटिप्पणी नं* १, पृ. २२१ ।

[१४७] मिश्र, *पूर्ववत् ,पादटिप्पणी नं.* ८, पृ.८५ ।

मातृकाबीच सम्झौता हुने कुराको चर्चा चलेको थियो । यो कुराको वास्तविकता विश्वेश्वरप्रसाद कोइरालाले २००९ माघ १० गते (जनवरी १९५३) बर्मामा "भारतीय समाजवादी नेता जयप्रकाश नारायणले हामी दुई दाजु भाइलाई बेलाउनु भएको थियो । छलफलका क्रममा मेरो र दाजुबीच मतभेदका धेरै विषयहरूमा सम्झौता भइसकेको छ यदि मातृकाप्रसाद मन्त्रिमण्डल गठन गर्न सफल हुनुभयो भने मैले त्यो मन्त्रीमण्डललाई सहयोग दिनेछु ।"[१४८] भनेबाट राजा दिल्लीमा मन्त्रीमण्डल गठन गर्ने विषयमा छलफल गर्न जुटेका थिए । यसै कुरालाई अर्को एक लेखक लेख्दछन् काङ्ग्रेसभित्रको मतभेदको कारण उत्पन्न सङ्कटलाई समाधान गर्नका लागि राजा त्रिभुवनले एक परामर्शदातृ सरकारको गठन गरे तर नेपाली काङ्ग्रेसको बढ्दो प्रभाव र देशमा जागृत हुँदै गइरहेको अशान्तिले गर्दा परामर्शदातृ सरकार पनि छोटो समयमा नै विफल ठहरिन गयो । यसैबीच श्री ५ त्रिभुवनले स्थायी शान्ति र राजनैतिक स्थायित्वका निम्ति दिल्लीसँग विशेष सम्बन्ध स्थापना गर्ने कोशिस गरेको पाइन्छ भनिन्छ श्री ५ त्रिभुवन डिसेम्बर १९५२ मा भारतको एउटा गोप्य भ्रमण गरे । नेहरूसँग यस विषयमा छलफल गरे ।[१४९] यस पटक राजालाई नेहरूले मातृका दोस्रो पटक प्रधानमन्त्री बनाउने सल्लाह दिएको हुनुपर्छ । किन कि यो दल गठन भएको डेढ महिनामा नै मन्त्रीमण्डल गठन गर्न सफल भयो र राजा त्रिभुवनको मृत्युपछि पुनः यो दल कङ्ग्रेसमा विलय भयो । राजा त्रिभुवनको यो भारत भ्रमण अनौपचारिक र स्वास्थ्य उपचारका लागि भनी तय गरिएको भए पनि तत्कालीन नेपालको स्थितिले राजालाई भारतमा चुप लागेर बस्न दिएन यसै कारणले उनले नेपालको शासनमा स्थायित्व ल्याउनका लागि आफ्नो घरको झगडा मिलाउनका लागि नेहरू र जय प्रकाश नारायणलाई गुहार्दा भए । राजा त्रिभुवनको यो भ्रमणले नेपालमा पक्कै पनि असर पार्‍यो नै उनी भारत छँदा नै नेपालमा एउटा चुनावसम्बन्धी बैठक आयोजना भयो जसमा भारतबाट आएका सुकुमार सेन नेपालमा हुने भावी आमचुनावको बारेमा मन्तव्य व्यक्त गर्ने तयारी गरिएको थियो । त्यस वैठकमा राष्ट्रवादी गोर्खा परिषदलाई आमन्त्रित गरिएबाट नेपालको राजनैतिक दलहरूले मिटिङ्गलाई बहिष्कार गरी प्रतिक्रिया जनाए ।[१५०]

---

१४८ *ऐजन* ।

१४९ मुनी, *पूर्ववत् ,पादटिप्पणी नं.* ४५, पृ.७५ ।

१५० कुसुम श्रेष्ठ, *मोनार्की इन नेपाल  त्रिभुवन एरा,* बम्बइः पपुलर प्रकाशन, ई.सं. १९८४, पृ.१९२ ।

राजाले स्वदेश फर्केपछि (२००९ फाल्गुन ७) राष्ट्रिय दिवसको सन्देशमा “हाम्रो मुलुकको विकासको काममा सहायता दिदै आएका अन्य मित्रराष्टहरूप्रति विशेष गरेर भारतप्रति हामी कृतज्ञ छौ ।”[१५१] भने यसबाट राजा भारतप्रति बढी ऋणी थिए उनी हरेक कुरामा सल्लाहलिन अप्रत्यक्ष रुपमा भारत गएको देखियो । यसले गर्दा नेपालमा भारत विरोधी विचारहरूले प्राथमिकता पाएको थियो । आफ्नो घरको समस्याको समाधान अर्काको घरमा गएर खोज्ने परिपाटीले कहिल्यै पनि देशमा स्थिरता ल्याएन । यो परामर्शदातृ सरकार पनि केही समयपछि पतन भयो भने राजाले पुनः मातृकालाई मन्त्रीमण्डलगठन गर्ने अधिकार प्रदान गरे । उता राजा अर्को भारत भ्रमणको तयारीमै रहँदा ( मइ १८ तारिख १९५४) २०१०/२/५ मा भारतीय प्रधामन्त्री नेहरूले आफ्नो परराष्ट्रनीति सम्बन्धी वक्तव्य “नेपालको परराष्ट्रनीति भारतसँग सम्बन्धित हुनेछ भनी पहिलेको सन्धि गर्दा पनि भनिएको थियो । यसपटक श्री ५ नेपालका मन्त्रिहरू दिल्ली आउँदा पनि यसै कुरालाई दोहोऱ्यायो यस विषयमा साधारण सम्झौता छुँदै थियो । नेपालको आन्तरिक मामलामा हस्तक्षेप गर्ने भारतको इच्छा छैन ।”[१५२] भनेबाट राजाले भारतमा नेपालको बारेमा राजनैतिक परामर्श मात्र नगरेर विदेशी नीति सम्बन्धी कुरामा पनि छलफलहरू गरेको प्रस्ट हुन्छ । मातृकालाई दोस्रो पटक प्रधानमन्त्री बनाइनुमा भारतीय प्रधानमन्त्री. नेहरूको सल्लाह भएको देखिन्छ । किन कि राजालाई नेहरूले यसभन्दा अगाडि नै यस्तो सुझाव दिएको र दोस्रोपटक राजाले मातृकालाई प्रधानमन्त्री बनाउने कार्यप्रति भारत सरकाको समर्थन देखियो ।[१५३]

### ३.१.८ त्रिभुवनको भ्रमण (२०१० जेष्ठ १२ )

२०१० जेष्ठ १२ गते स्वास्थ्य उपचार गराउनका लागि राजा भारतफर्क गए ।[१५४] राजालाई २००९ पौषमा उपचारका लागि जाँदा पुनः स्वास्थ्य परिक्षण गर्न ६ हप्तापछि नै बोलाएको तर कार्य व्यवस्थापनले गर्दा उक्त तोकिएको समयमा जान नसकी जेष्ठ १२ गते बिहान १० बजे कलकत्ता गए । भारतमा उनी एक हप्ता बसी फर्किने कार्यक्रम रहेको

---

[१५१] देवकोटा, *पूर्ववत् ,पादटिप्पणी नं* १, पृ. २२४ ।
[१५२] *ऐजन,* पृ. २२५ ।
[१५३] मुनी, *पूर्ववत् ,पादटिप्पणी नं.* ४५, पृ.७५ ।
[१५४] *गोरखापत्र ,*२०१० जेष्ठ १७ ।

जानकारी दिइयो ।[१५५] स्वास्थ्य परिक्षणपछि २०१० जेष्ठ १७ गते बिहान उनी स्वदेश फर्किए ।[१५६]

राजाको यो भ्रमण राष्ट्रिय प्रजापार्टीको मन्त्रीमण्डल गठन गर्नुभन्दा १५ दिन अगाडि मात्र समाप्त भयो । देशभित्र र देश बाहिर व्यक्त भएका परामर्शदातृ सरकार विरोधी क्रियाकलापले परामर्शदातृ सरकार राजालाई गलगाँड भएको थियो । राजा आफ्नो स्वास्थ्यको कारण र तत्काल गठन गरिएको व्यवस्था केही समयका लागि मात्र बाध्यताबस गर्नु परेको भनेबाट उनी नयाँ मन्त्रीमण्डल गठन गर्न अतुर थिए भन्ने बुझिन्छ किन कि परामर्शदातृ सरकार पनि तत्कालीन समयम सफल हुन सकेन । नेपालमा नयाँ मन्त्रीमण्डल गठन प्रक्रियामा दुबै देश भारत र नेपालका तर्फबाट सक्दो प्रयासहरू भएको कुरा यसभन्दा अगाडि पनि उल्लेख गरियो । खास गरी राजनैतिक दलहरूमा देखिएको बेमेलको राजनीतिले स्थायी सरकार गठन हुन सकिराखेको थिएन । राजा स्वदेश फर्किएको १५ दिनपछि पुनः मातृकाको नेतृत्वमा नयाँ मन्त्रीमण्डल गठन  गरे । मन्त्रीमण्डल गठनकै दिन गरिएको घोषणामा “देश र हाम्रो शारीरिक अवस्थाले पनि हल ननिकाली नभएको हुनाले मन्त्रीमण्डल गठन गर्नु नै परेको छ ।”[१५७]  हुन त राजाले यसभन्दा अगाडि नै भारतमा नेहरूसँग भेट्ने त्यसपछि मातृकाले नयाँ पार्टी गठन गर्ने प्रक्रिया चलिराखेका थिए । मातृकाले नयाँ पार्टी गठन गरेको डेढ महिना पनि नबित्दै त्यही पार्टीको सरकार गठन गरिनु पक्कै पनि शङ्कास्पद विषय छन् । हुन त राजालाई मातृकालाई प्रधानमन्त्री बनाउन भारतीय प्रधानमन्त्री नेहरूले सुझाव दिएको [१५८] भनी उल्लेख भएबाट यसो हुनसक्ने देखिन्छ । मातृकाले यसभन्दा अगाडि नै २००९/४/२६ मा टुडिखेलको आमसभामा “आज २:४५ बजे राजिनामा दिएकोले म पनि . . . संस्थाप्रति विश्वासघात गर्नु नराम्रो भएकोले मैले राजिनामा दिए पनि कुनै दिन फेरि प्रधानमन्त्री बन्न

---

[१५५] *ऐजन*।

[१५६] *गोरखापत्र* ,२०१० जेष्ठ १९ ।

[१५७] देवकोटा, *पूर्ववत्* , *पादटिप्पणी नं* १, पृ. २२६-२७ ।

[१५८] मुनी, *पूर्ववत्* ,*पादटिप्पणी नं.* ४५, पृ.७५ ।

सकुला भन्ने मलाई आशा छ ।"[१५९] भनेबाट त्यस्तै २००९/१०/१ मा विश्वेश्वरप्रसाद कोइरालाले "मातृकाप्रसाद कोइराला मन्त्रीमण्डल गठन गर्न सफल हुनुभयो भने मैले उक्त मन्त्रीमण्डलाई सहयोग दिनेछु ।"[१६०] भन्ने भनाइहरू त्यस्तै राजा स्वदेश फर्किदा मातृका त्रिभुवनलाई स्वागत गर्न हवाइ अड्डामा पुग्ने र भोलिपल्ट राजालाई भेट्न जाने क्रम यसभन्दा अगाडिको राजाको भारत भ्रमणमा देखियो । यस्ता घटनाक्रमहरू विकास भइरहँदा मन्त्रीमण्डल गठन पूर्व राजाको भारत भ्रमण जानुलाई राजनैतिक परापर्शको लागि हुन सक्ने देखिन्छ । डाक्टरले ६ हप्तापछि बोलाएको तर कार्यव्यस्तताले जान नसकिएको भनी बताए पनि राजा यो भ्रमणमा जाँदा पनि त राजालाई शासन सम्बन्धी कार्यमा फुर्सद भएको देखिदैन फेरि भारतको छोटा बसाइ र मन्त्रीमण्डल गठन गर्न मातृकालाई बोलाउनु यो कुनै तत्कालीन कार्यक्रम नभएर पूरा तयारी साथ भएको देखिन्छ । अर्को पक्ष राजा भारत भ्रमणमा निस्कनु भन्दा १ हप्ता अगाडि २०१० जेष्ठ ५ गते प्रधानमन्त्री नेहरूले भारतीय संसदमा आफ्नो परराष्ट्रनीति सम्बन्धी वक्तव्यको सिलसिलामा ". . . यस पटक श्री ५ र नेपालका मन्त्रीहरू दिल्ली आउँदा पनि यसै कुरालाई दोहोराइयो . . . भन्ने भनाइबाट राजा स्वास्थ्य उपचारको निहुँमा विभिन्न विषयमा नेहरूसँग परामर्शको लागि जाने गरेको देखिन्छ । सायद त्यसैले होला राष्ट्रिय प्रजापार्टीको मन्त्रीमण्डल गठन भएपछि विश्वेश्वरप्रसाद कोइराला ले "आजको मन्त्रीमण्डल र हिजोको सल्लाहकार शासनमा कुनै फरक छैन ।"[१६१] भनेका थिए । यस विषयमा अमृत बजार पत्रिकाले ". . .एक जमानामा विश्वेश्वरप्रसाद कोइराला प्रधानमन्त्री नेहरूको मनपरेका खेलौना थिए । एम.पी. कोइरालाको दिल्ली गमनले भाइको ठाउँमा दाइलाई राख्न भन्न नसके पनि नेहरूले भाइलाई चाहिँ लत्याएको सोह्रै आना बुझिन्छ[१६२] भन्ने लेख छापेको छ ।

राजा विरामी भएको कारण डाक्टरलाई भेट गर्न भारत गइरहनु पर्ने विवशता एकातिर देखिन्छ भने त्यसरी गरिएका भ्रमणहरूमा पनि विभिन्न विषयहरूमा भारतीय नेताहरूसँग

---

[१५९] देवकोटा, *पूर्ववत्* ,*पादटिप्पणी नं* १, पृ. २०४ ।

[१६०] *ऐजन* , पृ.२१८ ।

[१६१] *ऐजन,* पृ.२२९ ।

[१६२] *ऐजन,* पृ.२२९-३० ।

छलफल गर्ने गरेको देखियो । नेपालको अस्थिर राजनैतिक वातावरण र चीनसँगको राजनैतिक प्रतिद्वन्दिताले भारतले नेपाललाई विशेष महत्व दिएको थियो । त्यसै कारण नेपालमा हुने सामान्य अस्थिरतामा पनि भारतले आफ्नो प्रत्यक्ष वा अप्रत्यक्ष आफ्नो उपस्थिति जनाउने गऱ्यो । २००७ देखि २०१० सम्मको अवधिमा भारतले नेपालको राजनैतिक र वैदेशिक नीतिमा मात्र उपस्थिति नदेखाई आर्थिक र प्रशासनिक विषयहरूमा पनि उपस्थिति देखायो जसले गर्दा नेपाल भारत सम्बन्ध राजा र नेहरूबीच त्यस्तै मातृकाबीच राम्रो भए पनि देशभित्र भारत विरोधी क्रियाकलापहरू देखिए । विरोधी राजनैतिक दलहरूले बारम्बार भारततर्फ औंला उठाइरहँदा पनि शासकहरू भारततर्फ ढल्किदा देखिए । नेपाल र भारतबीच विशेष सम्बन्धको नामकरण गरिए पनि जनतामा भारतका क्रियाकलापहरूले रोष उत्पन्न गराएको थियो । राजाबाट भारततर्फ भएका यस्ता भ्रमणहरूले नेपाल भारत कुटनीतिक सम्बन्धमा प्रगाढता ल्याउन भनी सदभावना पूर्ण भ्रमणहरू नभए पनि एक आपसमा नजिकिने प्रक्रियाले गर्दा नेपाललाई भारतको विशेष प्रभाव क्षेत्र भएको कुरालाई चीनले स्विकार गरेको थियो ।

## ३.२ प्रधानमन्त्रीका तर्फबाट भएका भारत भ्रमणहरू

### ३.२.१ मोहन शमशरको भ्रमण (२००८ वैशाख २६)

२००७ को राजनैतिक परिवर्तनको मुख्य थलो बनेको दिल्ली अब आपसी विवाद मेटाउन र अप्ठ्यारो पर्दा पनि गुहार्ने थलो बन्दै गयो । २००७ को क्रान्ति दिल्ली सम्झौतामा गएर टुङ्गियो । तर त्यो सम्झौता न त राणा पक्षलाई चित्त बुझेको थियो न त काङ्ग्रेस नै यस सम्झौताबाट सन्तुष्ट थियो । नयाँ र पुरानो विचारधाराको मिश्रणबाट जुन अपेक्षा नेहरूले गरेका थिए त्यो २-३ महिना नै नपुगी समाप्तिका दिशातर्फ ढल्किन थाल्यो । दुबै गुटको भिन्दाभिन्दै रणनीतिले गर्दा छिट्टै नै मन्त्रिमण्डलमा संघर्षमय वातावरणको सिर्जना भयो । यस्तैमा एउटा सानो गोर्खा दलकाण्ड भयो । त्यो त्यति ठूला घटना त थिएन तापनि यसले राणा, काङ्ग्रेस, राजा र दिल्ली चारै पक्षलाई प्रभाव पाऱ्यो । यसै घटनाको फाइदा उठाई कङ्ग्रेस मन्त्रीहरूले एकमना सरकार गठन हुनुपर्ने कुरामा जोड दिए, भनिन्छ यस्तो स्थितिमा मोहन शमशेर स्वयम् राजिनामा दिई आफ्नो गुट सहित मन्त्रीमण्डलबाट हट्न चाहन्थे तर

भारतीय राजदूत सि.पी. यन सिंहले रोके ।[१६३] सङ्कट समाधानका लागि नेपाली काङ्ग्रेसले राजा त्रिभुवनको नेतृत्वमा समाधान होस भन्ने चाहेको थियो तर मोहन शमशेरले आफ्नो ज्यादै नजिकको निष्पक्ष संरक्षण खोजे र सम्झौता उही दिल्लीमा हुन्छ जहाँ पहिले मौखिक सम्झौता भएको थियो भन्ने कुरामा दृढ रहे ।[१६४] उनकै विचारको जित भयो केही दिनको अन्तरालपछि प्रधानमन्त्री लगायतमा प्रमुख मन्त्रिहरू दिल्ली गए । उनीहरूलाई विवाद समाधानका लागि नेहरूले बोलाएका थिए ।[१६५] २००८/१/२६ गते मोहन शमशेर त्यसतर्फ लागे । उनी भारत प्रस्थान गर्नु अगाडि "..... नेपालमा हाल भएको राजनीतिक परिवर्तनमा हाम्रो छिमेकी राष्ट्र हिन्दूस्थान र खास गरी जवाहरलाल नेहरूजीले धेरै दिलचस्वी लिई मद्दत गर्नुभएकोले एकपटक दिल्लीमा गई विचार विनियमय गरी छलफल गरेमा प्रजातान्त्रिक उद्देश्यलाई लाभदायकै हुने सम्झी जान लागेको हुँ" [१६६] भनी दिल्ली जानुपर्ने आवश्यकता औल्याई त्यसतर्फ प्रस्थान गरे । फलस्वरुप १० मे १९५१ म नयाँ दिल्लीमा नेहरू र भारतीय विदेशमन्त्रीको परिवेक्षणमा राणा र नेपाली काङ्ग्रेसका नेताहरूबीच पुनः सम्झौता वार्ता सुरु भयो । त्यतिबेला नेपाली राष्ट्रिय काङ्ग्रेसका अध्यक्ष डिल्लीरमण रेग्मीले भारतीय प्रधानमन्त्री समक्ष नेपाली शासन सम्बन्धी कुरालाई लिएर एउटा स्मृतिपत्र पेस गरे ।[१६७] यस संयुक्त सम्मेलनमा भारतस्थित नेपाली राजदूत र नेपालस्थित भारती राजदूतका अतिरिक्त विदेश विभागका सेक्रेटरी पनि  थिए ।[१६८] यता नेपालमा जेष्ठ १ गते दिल्लीमा हुन लागेको नेपालको सम्झौताको कुरालाई लिएर नेपाली कङग्रेसको जुलुस सहरका विभिन्न भागहरूमा निस्किएको देखिन्थ्यो । हामी सम्झौता चाहदैनौ भन्ने नाराले सहर नै गुञ्जमान थियो । यसका साथसाथै विदेशी हस्तक्षेप नहोस भन्ने नारा पनि बीचबीचमा लगाइएको थियो । नेपाली काङ्ग्रेसका साथै अखिल नेपाल राष्ट्रिय महासभाले पनि समर्थन गरी त्यस जुलुसमा भाग लिएको थियो

---

[१६३] मानन्धर र शर्मा, *पूर्ववत् ,पादटिप्पणी नं.* ३१ , पृ.६ ।

[१६४] मिश्र, *पूर्ववत् ,पादटिप्पणी नं.* ८ , पृ. ७१ ।

[१६५] तुलाधर, *पूर्ववत् ,पादटिप्पणी नं.* २६, पृ. १३३ ।

[१६६] *गोरखापत्र* , २००८ वैशाख २६ ।

[१६७] देवकोटा, *पूर्ववत् ,पादटिप्पणी नं.* १, पृ. १३३ ।

[१६८] *ऐजन,* पृ. १३४ ।

।[१६९] आमसभामा काङ्ग्रेसी कार्यकर्ताहरूले "... हामी बन्दुक काँधमा लिएर ज्यान हत्केलामा राखेर लडेर मरेर आज केही रूपमा प्रजातन्त्र खडा गऱ्यौं । तर आज हाम्रो भाग्यको निर्माण दिल्लीमा हुँदैछ यो कति दुःखको कुरा हो । हामी पूर्ण लक्ष्यमा पुग्नुभन्दा अगाडि राणासँग सम्झौता गर्नुपऱ्यो तर यो घोषणा गर्दछौ कि हामी राणासँग कुनै पनि अवस्थामा सम्झौता गर्न सक्दैनौ । बाह्र जनाको मन्त्रीमण्डल बन्ने निर्णय भयो भने हामी काङ्ग्रेसबाट सरकारमा गएका मन्त्रीहरूलाई राजिनामा गराउँछौ ।"[१७०] भन्ने विचार व्यक्त गरियो । यस सम्झौतामा भाग लिन सम्बन्धमा मातृकालाई पनि निमन्त्रणा गरियो तर संस्था सम्बन्धी कार्यले फुर्सद नमिलेकाले नभएको कुराको जानकारी मिल्दछ ।[१७१] दिल्लीमा बसेको बैठकमा नेहरूको राय सल्लाह र निर्देशन अनुसार मन्त्रीमण्डलमा हेरफेर गर्ने तथा मेलमिलाप र सहयोगका भावना अनुसार कार्य गर्ने कुरा मन्जुरी गरी सबै काठमाडौं फर्किए । एकै विचारधारा भएका सदस्यहरूको मन्त्रीमण्डल बनाउन चाहन्छु भन्दै भारत गएका विश्वेश्वरप्रसाद कोइराला सम्मेलनपछि त्यहाँ गरिएको निर्णयमा आफू सन्तुष्ट रहेको यसबाट मन्त्रीमण्डलमा एकता र सहयोगको भावना जागृत हुने छ भनी बताए ।[१७२] दिल्लीमा विश्वेश्वरप्रसाद कोइराला र मोहन शमशेर दुबैलाई मिलेर काम गर्नुपर्छ भनेर नेहरूले सम्झाए ।[१७३] त्यहाँ विश्वेश्वरप्रसाद कोइरालालाई पटक पटक गरी ९ घण्टासम्म सम्झाए । विश्वेश्वरप्रसाद कोइरालाले मोहन शमशेरसँग दिल्लीले अपमानित गर्दैछ त्यसकारण जुन मदभेद छ त्यसलाई काठमाडौंमा नै गएर समाधान गरौ भन्दा मोहनशमशेरले असहमति व्यक्त गर्दै पहिले तपाईहरूले दिल्लीमा आएर हाम्रो खिलाफ गर्नु भयो अब दिल्लीलाई हामीले ठीक गर्न लागेका हौं[१७४] भन्ने जवाफ दिए । विश्वेश्वरप्रसाद कोइरालाले भारतले जहिले पनि शान्तिका लागि दवाव दिने गरेको कुरा पनि बताएका छन् ।[१७५] दिल्ली सम्झौता अनुसार ४० जनाको एउटा सल्लाहकार सभा

---

[१६९] *गोरखापत्र , २००८* जेष्ठ २ ।

[१७०] देवकोटा, *पूर्ववत् ,पादटिप्पणी नं* १, पृ. १३३

[१७१] *गोरखापत्र, पूर्ववत् ,पादटिप्पणी नं.* ८८ ।

[१७२] मिश्र *पूर्ववत् ,पादटिप्पणी नं.* ८, पृ.७२ ।

[१७३] शर्मा, *पूर्ववत्, पादटिप्पणी नं.* १७, पृ.१६६ ।

[१७४] मिश्र, *पूर्ववत् ,पादटिप्पणी नं.* ८, पृ. ७३ ।

[१७५] *गोरखापत्र ,* २००८ जेष्ठ ४ ।

बनाउने र इ.सं. १९५२ सम्मा एउटा विधान परिषद खडा गर्ने जिम्मा लिई सहभागी टोली स्वदेश फर्किए ।[१७६] दुबै पक्षका बीचमा मोहन शमशेरको प्रधानमन्त्रीत्वलाई नै निरन्तरता दिने सहमती बन्यो ।[१७७] मन्त्रीमण्डलभित्र उत्पन्न सङ्कट समाधानका लागि दिल्ली पुगेका मन्त्रीहरूलाई राजनेतिक विकास र आर्थिक वृद्धिका लागि मन्त्रालयमा सहयोगको भावना हुनुपर्ने भन्दै दुबै ग्रुपलाई मनोवैज्ञानिक रूपमा सहमती बनाई नेपाल फर्किए । त्यहाँ केही राजनैतिक शिक्षा पनि प्राप्त गरेको कुरा विश्वेश्वरप्रसाद कोइरालाले बताए ।

दिल्ली बैठकको सहमति अनुसार २००८ जेष्ठ २७ गते मन्त्रीमण्डलमा दुई जना मन्त्रीहरूको हेरफेर गरियो । राणातर्फ बबर शमशेरको स्थानमा सिंह शमशेर मन्त्री बने भने नेपाली कङ्ग्रेसका तर्फबाट भरतमणि शर्माको स्थानमा सूर्यप्रसाद उपाध्याय राखियो । मोहन शमशेरले विदेश मन्त्रीको सट्टामा प्रतिरक्षामन्त्रीको भार ग्रहण गरे ।[१७८] आश्चर्य लाग्ने विषय के छ भने मन्त्रीमण्डलको हेरफेर सम्बन्धी घोषणा र नेहरूको नेपाल आगमनमा स्वागत गर्न गरिएको अपिल एकैदिन प्रकाशित भए । मन्त्रीमण्डल पुर्नगठन भएको ५-६ दिनमा नै भारतीय प्रधानमन्त्री नेहरू काठमाडौं आए । नेहरूको सम्झाइ बुझाइले केही समय भए पनि मन्त्रीमण्डलमा तनावलाई कम गऱ्यो । तर दुबै पूर्वाग्रही भएको हुनाले मेल हुन सकेन फुटेकोलाई जोड्न खोज्ने नेहरूको प्रयास केही समयसम्मका लागि मात्र सफल देखियो । नेपालमा एउटा सल्लाहकार सभा गठन गर्ने प्रक्रियालाई नेहरूको समउपस्थितिमा दुबै पक्षले स्वीकार गरेका थिए । यो वार्ता मौखिक र अनौपचारिक मात्र थियो तर इमान्दारी र भावनात्मक भएन ।  जसले गर्दा नेहरूको प्रयास सफल भए पनि उनको भावना सफल भएन । नेपालको सम्बन्धमा नयाँ र पुरानो समिश्रण गरी नहुँदो सम्झौता पुनः गरियो । दुबै गुटमध्ये कुनै पनि गुट आफ्नै खुट्टामा उभिन नसकेको र भारतमुखी बनेको कारण भारतको प्रभाव अनावश्यक रूपमा सरकारमा बढ्यो ।[१७९] यसले नेपाल एक स्वतन्त्र र सार्वभौम देशको रुपमा प्रजातान्त्रिक प्रणालीअनुसार क्रमिक रूपमा विकास हुँदै जाओस् भन्ने नेहरूको भावनाको

[१७६] गिरीलाल जैन, *इण्डिया मिट्स चाइना इन नेपाल,* बम्बईः एसिया पब्लिसिङ्ग हाउस, ई. सं. १९५९, पृ. ३२ ।

[१७७] मुनी, *पूर्ववत् ,पादटिप्पणी नं.* ४५, पृ.७४ ।

[१७८] मिश्र, *पूर्ववत् ,पादटिप्पणी नं.* ८, पृ. ७२ ।

[१७९] गेहेन्द्रमान उदास, *नेपालमा प्रजातन्त्र र श्री ५ त्रिभुवन,* काठमाडौं : प्रतापसिंह राई नाछिरिङ्ग, वि. सं.२०५३, पृ.३२१ ।

यथार्थ त्यति बेला नदेखिएको र उल्टो भारतले नेपाललाई हरेक कुरामा निर्देशन र हस्तक्षेप गरेको देखियो । मोहन शमशेरको यो भ्रमणले आफ्नो आन्तरिक समस्याको समाधान भारतबाट खोज्ने प्रक्रियाको निरन्तरता देखियो । यसले आफ्नो घरको झगडा दिल्लीमा गएर मिलाउने परिस्थितिले यहाँको राजनैतिकमा स्थिरता ल्याउन सकेन ।

बरु नेहरूले नेपालका मन्त्रीहरूलाई गल्ती गरेका विद्यार्थीलाई आफू शिक्षक जस्तो बनेर सुझाव दिए । मन्त्रीमण्डलमा उत्पन्न तनावका कारण नेहरू असन्तुष्ट देखिन्थे । यो सम्झौताको निचोडपछि भारतीय प्रधानमन्त्रीले काठमाडौं रक्सोल जोड्ने यातायात तथा गौचर हवाइ अड्डा सुधारका लागि चासो देखाए । नेपालको सुरक्षा स्थितिमा सुधार गर्नका लागि भारतीय सरकाले नेपाली सेनालाई नयाँ किसिमको तालिम र जङ्गी विज्ञानसम्बन्धी प्रशिक्षणका लागि भारतीय सेना नेपाल पठाउने इच्छा व्यक्त गरेका थिए ।[१८०]

### ३.२.२ मातृकाको भ्रमण (२००८ पौष २२)

राणा काङ्ग्रेस संयुक्त मन्त्रीमण्डलको पतनपछि २००८/८/१ मा मातृकाप्रसाद कोइरालाको नेतृत्वमा नेपाली काङ्ग्रेसको सरकार गठन भयो । हुन त प्रधानमन्त्री मातृका बनाइनुमा भारतको भूमिका रहेको भनियो । नेपाली काङ्ग्रेसको कार्य समितिले विश्वेश्वरप्रसाद कोइरालाको नाउँ प्रधानमन्त्रीमा सिफारिस गरी पठाए पनि मातृकालाई प्रधानमन्त्री बनाइनुमा भारतीय राजदूत चन्द्रेश्वरप्रसाद नारायण सिंहको हात रहेको थियो[१८१] भन्ने भनाई त्यतिबेला गरिएको पाइन्छ । विश्वेश्वरप्रसाद कोइरालालाई प्रधानमन्त्री अस्विकार गर्दै भारतीय प्रधानमन्त्री जवाहरलाल नेहरूले राजालाई चिठी लेखेको कुरा मातृकाले नेपाली काङ्ग्रेसको कार्यसमितिमा भनेका छन् उता मातृकालाई प्रधानमन्त्री नेपाली काङ्ग्रेसले स्वीकार नगरेको खण्डमा स्वयम राजाले नै जनरल केशर शमशेरको सहयोगबाट शासन गर्ने धम्की दिए । त्यसैकारण अन्य कुनै उपाय नभएपछि नेपाली काङ्ग्रेसले राजाको कुरामा

---

[१८०] तुलाधर, *पूर्ववत्* , *पादटिप्पणी नं.* २६, पृ.२८५-२८६ ।

[१८१] भुवनलाल जोशी र लियो इ *रोज, डेमोक्रेटिक्स इन्नोभेन्सन इन नेपाल,* वर्कले: युनिभर्सिटी अफ क्यालिफोर्निया प्रेस, ई.सं. १९६६, पृ. ११३ ।

सहमती जनायो ।[१८२] राजाले पनि मन नपराउने र हिन्दुस्थानले पनि मन नपाराउने भएपछि . . . त्यस हुनाले मैले भने 'ठिक छ' ठूल्दाजु नै हुनुहोस् [१८३] भनि बढो अनिच्छापूर्वक मातृकाको नाउमा विवस भएर नेपाली कांग्रेस कार्य समितिले स्विकृति लियो । जे भए पनि मातृका त्यतिबेला राजा र भारत दुबैका समर्थक देखिए त्यतिबेला भनाइ पनि थियो "नेहरूलाई रुघा लाग्दा मातृकालाई हाछिऊँ आउथ्यो । [१८४] यस्तै अवस्थामा उनी प्रधानमन्त्री पनि बने । आफू प्रधानमन्त्री बनेको दुई महिना पनि नपुग्दै आफ्ना केही मन्त्रीहरूका साथ मातृका दिल्लीतर्फ लागे । उनी २००८ पौष २२ गते बिहान त्यसतर्फ गएका थिए । नेपाली मन्त्रीहरूको यो भारत भ्रमण भारत सरकारको निमन्त्रणमा तथा भारत नेपाल सम्बन्ध राख्ने आवश्यक समस्याहरू उपर कुराकानी गर्ने उद्देश्यबाट भएको हो ।[१८५] प्रधानमन्त्री मातृकाप्रसाद कोइरालाले भ्रमणको अवसरमा पत्रकारहरूसँग" म भारत सरकारको निमन्त्रणमा जाँदैछु त्यहाँ विभिन्न विषयहरूमा नेपाल र भारत सरकारका बीच सम्झौता हुनसक्छ"[१८६]भनेका थिए । मातृकाप्रसाद कोइराला भारत बोलाइनुमा कोइरालाकै अनुरोधमा भारतीय सरकारबाट नेपाली मन्त्रीमण्डललाई दिल्ली भ्रमणका लागि निमन्त्रणा पठाएको भन्ने पनि उल्लेख पाइन्छ ।[१८७] त्यस्तै नेपाली भ्रमणदलमा प्रधानमन्त्रीका अलवा अन्य मन्त्रीहरूसँगै लगिनु र मातृकाको यस्तो वक्तव्यले पक्कै पनि बृहत विषयहरूमा छलफल हुन सक्ने आशंका पैदा गरिदियो । ६ जना वरिष्ठ मन्त्रीहरूको दिल्ली भ्रमणको अवसरमा धेरै पटक नेपालका प्रधानमन्त्री र भारतका प्रधानमन्त्री बीच धेरै मिटिङ्गहरूमा कुराकानीहरू भए ।[१८८] त्यस्ता भेटहरूमा नेपाल भारत सम्बन्ध राख्ने विषयहरूमा कुराकानीहरू भए ।[१८९] २००८ पौष २३ गते बिहान ९ बजे प्रधानमन्त्री.मातृका दिल्लीबाट बनारसतर्फ प्रस्थान गरे । निश्चित

---

[१८२] शर्मा, *पूर्ववत्* ,*पादटिप्पणी नं.* १७, पृ.१८१-१८२ ।

[१८३] ऐजन ।

[१८४] रोज, *पूर्ववत्* ,*पादटिप्पणी नं.* ५, पृ. १९९ ।

[१८५] तुलाधर, *पूर्ववत्* ,*पादटिप्पणी नं.* २६, पृ.३०२ ।

[१८६] *गोरखापत्र,* २००८ पौष २७ ।

[१८७] तुलाधर, *पूर्ववत्* ,*पादटिप्पणी नं.* २६, पृ.३०२ ।

[१८८] *गोरखापत्र* ,२००८ पौष २७ ।

[१८९] *गोरखापत्र* ,२००८ पौष ३० ।

कार्यक्रम अनुसार प्रधानमन्त्री. कोइराला पटना हुँदै २००८ पौष २७ गते ४ बजे काठमाडौं आए । उनलाई स्वागत गर्नका लागि कर्मचारीहरूलाई टुडिखेल मैदानमा उपस्थित हुन सूचना जारी गरिएको थियो ।[१९०] काठमाडौं आइपुगेका प्रधानमन्त्रीलाई टुडिखेल चौरमा सरकारी कर्मचारी तथा जनताको ठूलो भीड स्वागतको निम्ति उपस्थित थियो । उनीसँगै भ्रमणमा गएका यातायत मन्त्री भद्रकाली मिश्र केही दिनपछि मात्रै फर्किए ।[१९१]

नेपाली प्रतिनिधि मण्डलको यो भारत भ्रमण नेपालको प्रजातन्त्रको सुधारको लागि हुनसक्ने सहयोगको बारेमा छलफल गर्न भएको थियो ।[१९२] नेपाल फर्किएको भोलिपल्ट मातृका प्रसादले मेरो दिल्ली यात्राको विषयलाई लिएर विभिन्न किसिमको हल्ला चलेको रहेछ देशको उन्नति फैलाउन मेचीदेखि महाकालीसम्मको बाटोघाटो पुलहरूको सिर्जना गर्न भारतबाट केही सहयोग हुन्छ कि भनी हामी दिल्ली गएका थियौ" [१९३] भन्ने विचार व्यक्त गरे । मातृकाको यस भ्रमणले भारतसँगको सम्बन्धसँग जोडि भारतमुखी भनि प्रचार पनि गरियो । नेपालस्थित भारतीय राजदूत चन्द्रेश्वरप्रसाद नारायण सिंहले नेपालको आन्तरिक मामलामा हातहाल्यो भन्ने गुनासाहरू चलिरहँदा अब भारतीय हस्तक्षेप झन बढ्दै गएको महसुस गर्न थालियो । भारत भ्रमण पछि प्रधानमन्त्री मातृका "नेपालको प्रजातान्त्रिक भावना तथा प्रेरणा भारतबाट पायो . . . जो नेपालमा विदेशी हस्तक्षेपको नारा लगाउँछन् । स्वयम् नै विदेशी इसारामा नाच्नेहरू हुन् । हामी भारतको प्रजातान्त्रिक प्रणाली जुन उच्च कोटिको छ नेपालमा पनि ल्याउन चाहन्छौ । त्यही कुराको कोशिस पनि गर्दछौं" [१९४] भने यी भनाइहरू र त्यतिबेलाको वातावरणलाई नियाल्दा तत्कालीन प्रधानमन्त्रीमा केही मात्रामा भारतीय प्रभाव परेको देखिन आउँछ । उनी भारतमा रहँदा प्लानिङ्ग कमिसनको बारेमा जानकारी दिइयो । त्यहाँ नेपालमा प्लानिङ्ग कमिसन किन आवश्यक छ भन्ने विषयमा छलफल भएपछि मातृकाले

---

[१९०] *ऐजन* ।

[१९१] के.पी. करुणाकरन, *इण्डिया इन वर्ल्ड एफियर्स, लण्डन:* अक्सफोर्ड यूनिभर्सिटी प्रेस, इ.सं. १९५८, पृ. २०० ।

[१९२] देवकोटा, *पूर्ववत् ,पादटिप्पणी नं* १, पृ. १६५ ।

[१९३] *ऐजन* , पृ. १६६ ।

[१९४] *ऐजन,* पृ. १६६।

इण्डियन सरकारसँग एक या दुई एक्स्पोर्ट प्लानिङ्ग कमिसन पठाइ दिन आग्रह गरे ।[१९५] त्यस्तै काठमाडौ विमान स्थल सुधार तथा रक्सौल काठमाडौं राजमार्ग निर्माणका लागि आवश्यक सहयोगको बारेमा पनि छलफल भएको पाइन्छ । नेपालका लागि भारतले एउटा सहयोग मिसन पनि तयार गऱ्यो ।[१९६] नेपालका मन्त्रीमण्डलले भ्रमण सकेको केही समयपछि भारतीय अधिकारीहरू काठमाडौं आए । यस भ्रमणमा भएको कुराकानीको विषयमा पुनः छलफल गर्नुपर्ने भएकोले भारतीय विदेश विभाग र रक्षा विभागका अधिकारीहरू काठमाडौं आइपुगे । [१९७] यो भ्रमण सिद्धिएको १ महिनापछि नेपालमा भारतीय सैनिक शिष्ट मण्डल काठमाडौं आयो । उनीहरू नेपाली फौजी जवानहरूलाई जङ्गी तालिम दिने कुरामा छलफल गर्न आएका थिए ।

यस्ता भारतीय सहयोगले नेपालमा नकारात्मक भावनाको विकास भयो । यस्ता सहयोगहरू हुँदै गर्दा भारतले नेपाल माथि हस्तक्षेप गऱ्यो भन्ने जनगुनासोहरू चलिरहे तर त्यस आवाजलाई कुनै कदरै नगरी सरकारी विभागहरूमा पनि विदेशी प्रभाव घुसाइयो । अब प्रशासनिक र संसदीय व्यवस्थाको सुधारका लागि पनि भारतीय जनशक्ति नेपाल ल्याउने सल्लाह भयो । फलतः मातृका सरकारलाई भारतसँगको सम्बन्धको बारेमा विभिन्न आरोपहरूको सामना गर्नुपऱ्यो । यो क्रम घट्दो नभएर बढ्दो देखियो जसको कारण नेपालमा पहिलोपटक भारत विरोधी स्वर स्पष्टरुपमा बाहिर आयो । उदाहरणार्थ अप्रिल १९५१ मा विरगञ्जमा भारतीय मालिक तथा नेपाली मजदुरहरूबीच उठेको विवादले उग्ररुप लिई दङ्गाको रुपमा परिणत भयो ।

प्रधानमन्त्री मातृकाको यस भ्रमणले भारत सम्बन्धमा प्रगाढता ल्याउनुको सट्टा भारतप्रति विभिन्न शङ्कालु दृष्टिकोणहरू पैदा भए । आपसी अविश्वासको वातावरण सिर्जना भयो । मातृकाको यस भ्रमणले उनलाई राजनैतिक रुपमा सफल बन्न दिएन त्यतिबेला स्वयम् नेपाली काङ्ग्रेस पनि यसबाट असन्तुष्टि देखियो ।

---

[१९५] राजकुमार झा, *द हिमालयन किङ्डम इन इण्डिया फरेन पोलिसी,* राँचीः मैत्री पब्लिकेशन, ई.सं. १९८६, पृ. १३४ ।
[१९६] देवकोटा, *पूर्ववत् ,पादटिप्पणी नं* १, पृ. १६७ ।
[१९७] मिश्र, *पूर्ववत् ,पादटिप्पणी नं.* ८, पृ.७५ ।

### ३.२.३ मातृकाको भ्रमण (२००८ फाल्गुन १०)

आफैले भारत भ्रमण गरेका २ महिना नबित्दै त्यस्तै राजाले भारत भ्रमण सिद्धाएका १ महिना नपुग्दै नेपालका तर्फबाट गरिएको यो अर्को उच्चस्तरीय भ्रमण हो । २००८ फागुन १० गते दिनको ठीक ४ बजे सरकारी विमानद्वारा प्रधानमन्त्री कोइराला कलकत्ताका निम्ति प्रस्थान गरे । प्रधानमन्त्रीलाई विदाई गर्न गृहमन्त्री, उद्योगमन्त्री साथै नेपाली काङ्ग्रेसका कयौं नेताहरू पनि गौचर हवाइअड्डामा गएका थिए ।[१९८] प्रधानमन्त्री मातृकाले फागुन १३ गते कलकत्ताको एउटा प्रेस वक्तव्यमा आगामी वर्षको अन्त्य सम्म चुनाव सम्पन्न गरेर संविधान सभाको  गठन गरिने छ यो चुनाव नेपालको इतिहासमा सर्वप्रथम हुनेछ । विधान परिषदको गठन नभएसम्म शासन व्यवस्थामा परामर्श दिनका लागि एउटा सल्लाहकार समितिको गठन गरिनेछ उक्त विधान परिषदमा सबै विचार धारा भएका सदस्यहरू रहनेछन [१९९] भन्ने कुराको जानकारी गराए । त्यहाँ उनले नेपालमा पूर्णतया शान्ति भएको डा. के. आई सिंह भागेर तिब्बत गएको र तिब्बत सरकारसँग उनलाई गिरफ्तार गरी नेपाललाई सुम्पन्न माग गरिएको [२००] पनि बताए । भारतमा नै रहँदा कलकत्ताको एउटा नागरिक अभिनन्दन समारोहमा नेपालमा प्रगतिशीलताको नाउँमा कोही व्यक्तिहरू विदेशी प्रभाव ल्याउने कुचेष्टा गर्दैछन् तर त्यो चेष्टा देशप्रेमको अगाडि टिक्न नसक्ने कुरा बताए । नेपाल भारत सम्बन्धको चर्चा गर्दै संसारको वर्तमान स्थितिमा नेपाल र भारतको सम्बन्ध मैत्रीपूर्ण हुनु अत्यन्तै आवश्यक छ । यस समयमा नेपाललाई हरेक प्रकारको सहायता आवश्यक छ त्यो सहयोग हामी भारतसँग चाहन्छौं[२०१]  भन्ने अभिव्यक्ति दिए ।

अब उनी भारत किन गए त भन्ने विषयमा चर्चा गरौं ।  मातृकाको यो भारत भ्रमण ने. का भित्रको विवाद बढ्दै जाँदा त्यस्तै उनको नेतृत्वको सरकार पनि असफल बन्दै जाँदा भएको देखिन्छ । उनले देश छाडेको पर्सिपल्ट फागुन १२ गते पब्लिक मिटिङ्ग सभा, जुलुस गर्न

---

[१९८] *गोरखापत्र* ,२००८ फागुन १३ ।

[१९९] *ऐजन* ।

[२००] *ऐजन* ।

[२०१] *ऐजन* ।

पूर्व स्वीकृति बेगर नपाइने भन्ने गृह मन्त्रालयले एक विज्ञप्ती निकालेको थियो ।[२०२] प्रधानमन्त्री मातृका र विश्वेश्वरप्रसाद कोइराला बीचको बढ्दै गएको तनावलाई कम गर्न भारतीय समाजवादी नेता जय प्रकाश नारायणले भारत आउन निमन्त्रणा दिए सायद त्यही कारण मातृका भारत गएको हुनुपर्दछ । कलकत्तामा १९५२ मार्च ८ मा मातृकाप्रसाद र विश्वेश्वरप्रसादसँगको सम्झौतापछि उनी काठमाडौं फर्किए भन्ने उल्लेख छ ।[२०३] अझ आश्चर्य लाग्दो विषय अर्को के छ भने यतिका कार्यहरू भारतमा भैरहँदा राजा भारतमै थिए । उनी पनि प्रधानमन्त्री मातृका भारत गएको ४ दिनपछि नै त्यतितर्फ लागे उनी भारतमा लामो समय बस्दै २००८ चैत्र ५ गते मात्रै स्वदेश फर्केका थिए ।[२०४]

देशमा अलिकति अप्ठ्यारो परिस्थितिको विकास हुन लागेको खण्डमा भारत दौडिने मातृकाको यो भ्रमण पनि राजनैतिक शिक्षा दिनको लागि निमन्त्रण पठाएर गएको जस्तो देखियो । भारतमा नेपाली प्रतिनिधि मण्डललाई स्थायी र शान्ति कायम गर्न भारतबाट भर मजदुर प्रयास भएको कुरा खुल्न आउँछ किन भने प्रधानमन्त्री भारत भ्रमणमा गएको केही दिनमा भारतीय प्रधानमन्त्री. नेहरूले "भारतको नीति नेपालको आन्तरिक मामलामा हस्तक्षेप गर्ने छैन भारत नेपालमा राजनैतिक स्थिरता र आर्थिक विकास देख्न चाहन्छ . .. नेपाल सरकारको निमन्त्रणामा भारतीय सैनिक शिष्टमण्डल काठमाडौं पठाइएको छ । यस शिष्टमण्डलले नेपाल सरकारका सैनिक अधिकारीको सैन्य सङ्गठन र शिक्षाको विषयमा उचित परामर्श दिनेछ"[२०५] भन्ने कुरा बताए भने प्रधानमन्त्री. भारतमा नै रहँदा २००८/११/२२ मा भारतीय संसदमा नेहरूले भारतले "नेपालमा विशेष गरेर दुईवटा कुराहरूमा ध्यान दिएको छ । एउटा त नेपाललाई स्वतन्त्र मित्रराष्ट्र मान्नु तथा नेपालमा लोकतन्त्रको उत्तरोत्तर विकास हुँदै गइरहेको हेर्न चाहनु । दोस्रो भारतको आफ्नो सुरक्षाको निमित्त नेपालमा पनि स्थिरता र सुरक्षाको स्थापना हुनु, जहाँसम्म सुरक्षाको प्रश्न छ, भारत हिमालसम्म आफ्नो सुरक्षा सीमा

---

[२०२] देवकोटा, *पूर्ववत् ,पादटिप्पणी नं* १, पृ. १६९ ।

[२०३] मिश्र *पूर्ववत् ,पादटिप्पणी नं.* ८, पृ.७९ ।

[२०४] *गोरखापत्र,* २००८ चैत्र ७ ।

[२०५] देवकोटा, *पूर्ववत् ,पादटिप्पणी नं* १, पृ. १७० ।

सम्भन्छ"[२०६] भने यस्ता भनाइहरू बाहिर आइरहँदा त्यस्तै भारतीय सैनिक मिसन र सल्लाहकार नेपाल भित्राउँदै गर्दा देशमा प्रसस्त मात्रमा भारत विरोधी गुनासाहरू बढ्दे गए । यतिका कुराहरू भारतमा हुँदा त्यहाँ न त राजाले नै कुनै प्रतिक्रिया व्यक्त गरे न त प्रधानमन्त्रीले नै । बरु यस्ता विभिन्न नेपालसम्बन्धी नेहरूका भनाइ आउने क्रम जारी रहयो । २००८/११/२६ मा "नेपालको स्थिर र उन्नतिमा विघ्न बाधा नपर्ने गरी नेपाललाई मद्दत गर्नु भारतको नीति हुने हालैमा नेपाल सरकाले गरेको अनुरोधहरूमध्ये रक्षा योजनामा नेपाललाई मद्दत गर्नु पनि एउटा हो ।"[२०७] यो नेहरूको भनाइबाट रक्षादलको विद्रोहपछि नेपालले मागेको सैनिक सहयोगको भरपर्दो तथ्य हो । उनले नेपालले अनुरोध गरेकोले विभिन्न सल्लाहहरू दिएको जानकारी गराउँदै भने " प्रधानमन्त्री यहाँ २ पटक आउनु भयो, श्री ५ महाराजधिराज पनि एक या दुईपटक यही हुनुन्थ्यो स्वभाविकैले विभिन्न विषयमा छलफल भयो र सल्लाह दिइयो । दुईवटा विषयमा दुई देशका बीच रक्षा र परराष्ट्रनीतिको बारेमा वैधानिक रुपमा सहमति भयो । नेपालमा सेनालाई प्रशिक्षण दिन भारतीय सेना पठाउने, रक्सोल काठमाडौं जोड्ने सडक मार्ग बनाउने र काठमाडौंको हवाइअड्डालाई सुधार गर्ने इच्छा नेहरूले मोहन र विश्वेश्वरप्रसाद कोइरालाको भारत भ्रमण गरेको समयमा व्यक्त गरेका थिए ।[२०८] तर रक्षादलको विद्रोहले भारत नेपाल दुबै तर्सिए त्यसकारण हतारहतार गर्दै यस्ता सैनिक मिसन नेपाल पठाइए । उक्त सैनिक मिसन मातृका भारत भ्रमण गएपछि काठमाडौं आयो ।[२०९]

प्रधानमन्त्री मातृकाको क्रियाकलापले स्वयम् उनैको पार्टीभित्र पनि असन्तोष व्याप्त थियो । नेपाली काङ्ग्रेसले कृष्णनगरमा एउटा सम्मेलनको आयोजना गरेको थियो जसमा दुई दाजुभाइको आपसी कलह र भारतले आफूलाई सुरक्षित राख्नको निम्ति नेपाललाई आफ्नो कठपुतली बनाएको . . . भन्दै सम्मेलनमाा केही प्रस्ताव पारित गरियो । जसमा वर्तमान सरकारले आफ्नो घरेलु मामलामा पनि बराबर हस्तक्षेप गराउने प्रवत्तिको हामी घोर निन्दा

---

२०६ *ऐजन* ।

२०७ *ऐजन*, पृ. १७१ ।

२०८ मुनी, *पूर्ववत्* ,*पादटिप्पणी नं.* ४५, पृ. ८१ ।

२०९ तुलाधर, *पूर्ववत्* ,*पादटिप्पणी नं.* २६, पृ. ३११ ।

गर्दछौ[२१०] भनिएको छ । राजा र प्रधानमन्त्री लगभग सँगसँगै भारतयात्रा तय भएको राजाको भ्रमण सिद्धिएको १ महिनापछि मन्त्रीमण्डलका केही मन्त्रीहरू २००९/१/१८ भारतले दिने सहायताको छलफल गने भनी दिल्ली गए । त्यो मन्त्रीमण्डलले नेहरूसँग भेटघाट गऱ्यो ।[२११] तर फर्किदा सूर्य प्र. उपाध्याय र विश्वेश्वरप्रसाद कोइराला केही दिनपछि फर्किनु भयो ।[२१२] फाल्गुन १० गते भारत गएका प्रधानमन्त्री. कोइरालाको स्वदेश फिर्तिको बारेमा गोखापत्रमा कुनै जानकारी गराएन । त्यतिबेला काङ्ग्रेसभित्रको विवादले चरमचुली टेकेको थियो । २००८/११/१८ मा विश्वेश्वरप्रसाद कोइरालाले अधिवेशन स्थगित गरेकोमा प्रधानमन्त्री. मातृकाको कडा आलोचना गरे । त्यस्तै २० फरबरी १९५२ एक व्यक्ति पार्टीको अध्यक्ष र प्रधानमन्त्री हुनसक्दैन भन्दै भारतीय राजदूत सि.पी. यन सिंहप्रति पनि आक्रोश पोख्दै भारत सरकार यदि नेपालसँग बन्धुत्वको सवालमा ध्यानमा राख्ने हो भने उनलाई फिर्ता बेलाउनुपर्छ भने अर्को कम्युनिष्ट पार्टीहरूलाई प्रतिबन्ध लगाउने जुन सरकारको कार्य छ त्यो अविवेकीपूर्ण हो भन्ने विश्वेश्वरप्रसाद कोइरालाको भनाइ बाहिर आयो । मातृकाले पार्टीको वार्षिक चुनाव स्थगित गरेपछि यसबाट दुई दाजुभाइबीचको विवादले खुल्ला विभाजन ल्याइदियो । यस सङ्कटको समाधान भारतीय समाजवादी नेता जयप्रकाश हस्तक्षेप गरे । उनले दुबै दाजुभाइलाई कलकत्ता आउन निमन्त्रण पठाए निमन्त्रणलाई स्वीकार गर्दै मातृका र विश्वेश्वरप्रसाद कोइराला कलकत्ता पुगे र १९५२ मार्चमा सम्झौता भएपछि काठमाडौं फर्किए ।[२१३] देशलाई मजबुत बनाउन त्यस्तै शान्तिपूर्ण प्रजातान्त्रिक प्रक्रिया विकासका लागि कङ्ग्रेसमा एकता ल्याउनु आवश्यक ठानियो । त्यहाँ अतितदेखि नै कोइराला परिवारले देशको उन्नतिका लागि काम गऱ्यो, अहिले हाम्रो आपसी मदभेदले अतितलाई आघात पर्ने कुरालाई हामीले अनुभव गर्नुपर्छ[२१४] भन्ने कुरामा दुई दाजुभाइका बीच सहमति बन्यो । त्यस भ्रमणको पछि २००८/१२/२८ मा मातृका प्रसाद कोइरालाले विभिन्न कुराहरूको महसुस गरी नेपाली कङ्ग्रेसको सभापतिको चुनाव निर्विवाद हुन आवश्यक छ भन्दै समस्या

---

[२१०] देवकोटा, *पूर्ववत् ,पादटिप्पणी नं* १, पृ. १९५ ।

[२११] *गोरखापत्र ,* २००९ वैशाख ११ ।

[२१२] *गोरखापत्र ,* २००९ वैशाख १८ ।

[२१३] मिश्र, *पूर्ववत् ,पादटिप्पणी नं.* ८, पृ. ७९ ।

[२१४] *ऐजन* ।

समाधानका लागि विश्वेश्वरप्रसाद कोइराला लाई आशिर्वाद दिदै निजको पक्षमा नाम वापस लिए ।[२१५] फलतः जनकपुर अधिवेशनमा बी. पी. कोइराला पार्टी सभापति चुनिए । भारतको वार्तामा यसको अलवा अन्य केही बुँदाहरूमा दुई दाजुभाइको सहमति बनेको छ तर हाम्रो सीमाबद्धताले त्यससम्बन्धी उल्लेख गर्न आवश्यक देखिएन । यो सम्झौतामा मध्यस्थता गर्दा जयप्रकाश विश्वेश्वरप्रसाद कोइरालासँग रिसाएको र पछि पार्टीको अध्यक्ष विश्वेश्वरप्रसाद कोइराला हुने र मातृका प्रधानमन्त्री नै रहने सहमति भएको[२१६] कुरा विश्वेश्वरप्रसाद कोइराला को आत्मवृत्तान्तमा उल्लेख छ ।

यो भ्रमण पनि राणा कङ्ग्रेस संयुक्त मन्त्रीमण्डलबीचको खिचलो समाधानमा नेहरूलाई गुहारी केही समयका लागि थुमथुमाएर पठाएजस्तो भयो फरक व्यक्तिहरूमा मात्र भयो । यतिबेला मातृका र विश्वेश्वरप्रसाद कोइराला बीचको विवाद जय प्रकाशले मिलाएमात्र अरु केही फरक देखिएन । आफ्नो घरको झगडाको समाधान अर्काको घरमा गर्दा खोज्ने परिपाटी नेपालका लागि यसपाली पनि अफापसिद्ध देखियो । मध्यस्थकर्ताले के बुझ्न सकेनन् भने दवावपूर्ण तरिकाले गरिएको सम्झौता देखाउन मात्र हो यो भावनात्मक हुन सक्दैन । फलतः केही समय सरकार र पार्टीबीच सहमतीको वातावरण मिल्यो तर यो धेरै टाडा पुग्न सकेन ।

### ३.३ भारतीय प्रधानमन्त्री जवाहरलाल नेहरुको नेपाल भ्रमण (२००८ असार २)

नेपाल भारतबीच सम्पन्न उच्चस्तरीय भ्रमणहरूकै शिलशिलामा पहिलो पटक स्वतन्त्र भारतको तर्फबाट भारतका तत्कालीन प्रधानमन्त्री जवाहरलाल नेहरू नेपाल भ्रमणमा आए । नेपालमा राणा कांग्रेस मन्त्रीमण्डल पुर्नगठन भएको ५-७ दिनपछि भएको उनको भ्रमणलाई नेपालमा विशेष महत्त्वका साथ लिइयो । नेपालमा आउनुभन्दा अगाडि २००८ जेष्ठ २९ गते नयाँ दिल्लीमा एउटा पत्रकार सम्मेलन गरी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिस्थितिको बारेमा केही विचारहरू प्रस्ट पारे र उनले यो भ्रमण राजा त्रिभुवनको निमन्त्रणामा हुन लागेको पनि बताएका थिए । [२१७]

---

[२१५] देवकोटा, *पूर्ववत् ,पादटिप्पणी नं.* १, पृ. ८०।

[२१६] शर्मा, *पूर्ववत् ,पादटिप्पणी नं.* १७, पृ. १८० ।

[२१७] *गोरखापत्र,* २००८ जेष्ठ ३० ।

भारतीय प्रधानमन्त्री नेहरू २००८ असार २ गते ९:४० बजे हवाइजहाजद्वारा आफ्नी सुपुत्रीका साथ काठमाडौं हवाइ मैदानमा उत्रिए । नेहरूलाई राजा त्रिभुवनले फूलमालाद्वारा स्वागत गरिएपछि प्रधानमन्त्री मोहनशमशेर  र नेपाली कांग्रेसका सभापति मातृका प्रसादले स्वागत गरे । त्यसका अलवा उपस्थित अन्य गन्यमान्य व्यक्तिहरूबाट स्वागत सत्कार भयो । गार्ड अफ अनर तथा २१ तोपको सलामीपछि राजा र भारतीय राजदूतका साथ नेहरू गौचरबाट सहरतिर प्रस्थान गरे । [२१८] नेहरू आउनुभन्दा अगाडि नै भारतीय प्रधानमन्त्रीलाई स्वागत गर्नका लागि एउटा अपिल जारी गरिएको थियो । जसमा हाम्रो ठूलो छिमेकी देश भारतका प्रधानमन्त्री हुनुभएको मात्र होइन एसियाका जनताको सर्वोच्च नेता भनी पृथ्वी भरले मानी आएका छन् . . . हाम्रो पुरातन रीतिरिवाज अनुसार वहाँलाई हामीले स्वागत गर्नुपर्दछ भन्ने थियो ।[२१९] यसै अपिल जारी गरेकै दिन सोही पत्रिकामा श्री ५ महाराजधिराजबाट मन्त्रीमण्डलमा हेरफेर सम्बन्धी शाही घोषणा पनि आयो । यसबाट त्यतिबेला नेपालको राजनीतिमा नेहरूको प्रभावको सामान्य उदाहरण मान्न सकिन्छ ।

काठमाडौं उत्रिएका नेहरूलाई सडकका दुबै छेउबाट नरनारीहरूबाट फूलमाला अर्पण गर्नुका साथै स्वागत गेटहरूले बाटाघाटा सिँगारिएको थियो । काठमाडौंमा विशाल जनसमूह माझ एक आमसभाको आयोजना पनि गरिएको थियो । यसका सभापति राजा थिए । मञ्च नेपाली काङ्ग्रेसका र भारतीय राष्ट्रिय झण्डाहरू फहराइएका थिए । यस कार्यक्रममा राजा त्रिभुवनले एसियाका नायक सुपुत्र प्रधानमन्त्री जवाहरलाल नेहरू “हाम्रो निमन्त्रणालाई स्वीकार गरी पहिलो पटक आउनु भएको हो भन्ने बताइयो । उक्त कार्यक्रममा मातृकाले ‘नेपालमा भगवान बुद्धपछि अशोक आएका थिए र आज नेता नेहरू पाल्नु भयो” भन्ने विचार राखे त्यसको प्रतिउत्तरमा नेहरूले “नेपाल आउने इच्छा धेरै पहिलाबाट भएको आज आफ्नो इच्छापूर्ण भएको” बताउँदै नेपालको स्वतन्त्रताको बारेमा आफ्नो स्पष्ट धारणा व्यक्त गरे । “नेपालको स्वतन्त्रतामा सुभेच्छा प्रकट गर्दै ६ महिना पहिला नेपालको सेवा गर्ने मौका मैले पाएको थिए जसमा यहाँको कठिन समस्या हल भयो । बढी खुसीको कुरा छ नेपालको स्वतन्त्रता कामय रहिरहोस यहि हाम्रो दृढ इच्छा  छ । भारत नेपाल तथा एसियाको भलाईको

---

[२१८] *गोरखापत्र* , २००८ असार ४ ।

[२१९] *गोरखापत्र* , २००८ जेष्ठ २८ ।

निम्ति नेपाललाई एक स्वतन्त्र र उन्नतशील देख्न चाहन्छौ । नेपालको विषयमा हस्तक्षेप गर्ने हाम्रो मनसाय छैन ।"[२२०] भारत विरोधी भावनाहरू दिनप्रति दिन बढ्दै गइरहेको अवस्थाहरूमा यस्तो भनाइ आउनु एउटा सकारात्मक पक्ष थियो । उक्त वक्तव्यकै क्रममा नेपाललाई सर्तक गराउँदै "छिमेकी देशहरूमा बहुतै खचपच मच्चिइरहेको स्थिति छ नयाँ विचारधाराहरू चलिरहेका छन् । ठूल्ठुला गाँठो परिरहेको छ । यहाँ तपाईहरूका पनि पहिला जे तरिका थियो त्यसमा परिवर्तन भएको छ । तपाईहरूका अगाडि पनि नयाँ सवाल आएको छ ।"[२२१] भन्दै अप्रत्यक्ष रुपमा तिब्बत चीनतिर इङ्गित गरे । नेहरू उपत्यकाका विभिन्न स्थलहरू निरीक्षण गरी अषाढ ५ गते विहान १० बजे भारतका लागि प्रस्थान गरे । श्री नेहरूको नेपाल अगामनले भारतीय जनता र नेपाली जनताबीचको अटुट घनिष्ट भातृत्वको गाँठो पाऱ्यो । नेपालमा रहँदा नेहरूलाई विभिन्न स्थानहरूमा स्वागत सत्कार गरियो । त्यस्तै विभिन्न मानपदक पनि दिइयो ।[२२२] नेहरूको नेपाल भ्रमणको क्रममा प्रजापरिषद, कम्युनिष्ट पार्टी र सम्बद्ध अन्य सङ्गठनहरूले उनको विरोधमा कालो झण्डा देखाए । स्वागत गर्न बसेका अपार भीडबाट केही व्यक्तिहरूले अपमानसूचक कालो झण्डा देखाए ।[२२३] नेहरू भारत फर्किपछि नेपाल प्रजापरिषद, नेपाल कम्युनिष्ट पार्टी, समाजसुधार संघलगायतका संगठनहरूले तीनधारा पाठशालामा एउटा संयुक्त आमसभा गरी नेहरूलाई स्वागत नगर्नाको कारणबारे विभिन्न कारणहरू भएको बताए बताए ।[२२४] उनको विरोधमा भाषण र मन्तव्यहरू समेत भए ।

आर्य संस्कृतिको एउटा चहकिलो लक्षण अथिति सत्कार पनि हो । नेपालीहरूले एउटा छिमेकी देश भारतका एउटा महान नेताको स्वागत गर्न पाए यो एउटा सौभाग्यको कुरा पनि हो । नेपालको राजनीतिको अप्ठ्यारो परिस्थितिमा राजालाई शरण दिई अन्तर्राष्ट्रिय स्तरमा राजाको प्रतिष्ठा र सुरक्षालाई जोगाइदिने नेहरूको कार्य नेपाली जनताका लागि पनि हितकर

---

२२० *गोरखापत्र ,पूर्ववत् ,पादटिप्पणी नं* १३७ ।

२२१ *ऐजन* ।

२२२ देवकोटा, *पूर्ववत् ,पादटिप्पणी नं. १,* पृ. १३७ ।

२२३ *ऐजन* ।

२२४ *ऐजन* ।

थियो । उनले सरदार बल्लवभाइ पटेल जस्ता भारतीय नेताहरूको विचारधारालाई इन्कार गरी नेपालको स्वतन्त्रताको इज्जत गरे यो एउटा सह्रानीय पक्ष हो । उनको यो नेपाल भ्रमणले दुईपक्षीय मित्रतालाई प्रगाढ बनाउने क्रममा महत्वपूर्ण कार्य गरेको कुरा निर्विवाद छ तर यो उनको भ्रमण शुद्ध सद्भावनाबाट मात्र अभिप्रेरित थियो भन्ने कुरामा पूरै सहमत हुन सकिदैन । जुन उनले नै नेपाल आउनु भन्दा अगाडि नै दिल्लीमा पत्रकार सम्मेलनमा बताए । “नेपालको हालैको राजनीतिक परिवर्तनसँग मेरो केही सरोकार छैन । नेपालले चीनसँग नाता जोड्ने मनसाय राखेको छ भन्ने कुराको पुस्टि नेपाल सरकारको तर्फबाट भएको छैन । नेपाली काङ्ग्रेसको प्रस्तावमा भने यस कुराको उल्लेख भएको बुझिन्छ । नेपाल भौगोलिक र अन्य प्रकारबाट भारतसँग नै घनिष्ट छिमेकी बन्न गएकोले उभयपक्षलाई निकै लाभदायक हुन दुबैको सम्बन्धमा बहुतै नजिकको हुनुपर्दछ । नेपालमा कुनै विदेशी हस्तक्षेप हुन्छ र भारतलाई त्यसबाट कुनै किसिमको बाधा पर्न जान्छ भने नेपालको यस्तो सम्बन्धलाई भारतले नचाहनु स्वभाविक पर्न जान्छ ।[२२५] यसबाट के कुराको पुस्टि गर्छ भने त्यतिबेला भारतको रबैया बढी सुरक्षात्मक थियो । तिब्बतमाथि साम्यवादी हस्तक्षेप त्यसबाट त्यसको असर दक्षिणपूर्वी एसियातर्फ बढ्दै जाँदा यसप्रति सर्तक रहन नेपालको हिमाल भारतको सुरक्षा सीमा हो[२२६] भन्नु पर्ने भयो । यस्तो सक्रियता भारतले नेपालमाथि मात्र होइन भुटान र सिक्किमसँग सन्धि गरी सुरक्षा वैदेशिक सम्बन्ध र यातायात सञ्चारप्रतिको उत्तरदायित्व आफूले ग्रहण गरेबाट[२२७] प्रस्ट भइसकेको छ । त्यतिबेलाको अन्तर्राष्ट्रिय ध्रुवीकरण र शत्रुताले खास गरी नेपालका लागि चीन र भारतको नमिल्दो राजनीतिक स्थितिले विभिन्न बहानामा भारतले आफ्नो सुरक्षा छाताभित्र नेपाललाई राख्न खोजेको देखियो । बेलाबेलामा भइरहने नेपालका सम्प्रभूता माथि खतरा उत्पन्न हुने अभिव्यक्तिले गर्दा पनि आपसी शङ्काहरू पैदा गऱ्यो । नेहरूको नेपाल भ्रमणको उद्देश्य भारतको स्वार्थको लागि भए पनि भ्रमणको प्रभाव नेपालको राजनीतिमा प्रत्यक्ष वा अप्रत्यक्ष पऱ्यो । भारत विरोधी स्वरहरू झन चर्किन थाले । नेहरूको नेपाल भ्रमणले र नेपालबाट भारततर्फ भइरहने भ्रमणहरूले नेपाल भारत विशेष सम्बन्ध

---

२२५ *गोरखापत्र* , *पूर्ववत्* , *पादटिप्पणी नं.* १३६ ।

२२६ मुनि, *पूर्ववत्* , *पादटिप्पणी नं.* ४५, पृ. १४ ।

२२७ झा, *पूर्ववत्* , *पादटिप्पणी नं.* ११४, पृ. ११९ ।

सुत्रमा बाँधियो । यसपछिका दिनहरूमा नेपालबाट भारततर्फ हुने भ्रमणहरू तुलनात्मक रुपमा बढ्न थाले । आन्तरिक मामलामा अलिकति अप्ठ्यारो परिस्थितिको सिर्जना हुने बित्तिकै भारततर्फ जाने परिपाटीको विकास भयो ।

२००७ देखि २०१० सम्मका भ्रमणहरू विश्लेषण गर्दा भारतको तर्फबाट एउटा मात्र भ्रमण सरकार प्रमुखका तर्फबाट नेहरूले गरे भने नेपालका तर्फबाट राष्ट्राध्यक्षको तर्फबाट ८ वटा र सरकार प्रमुखका तर्फबाट ३ वटा भ्रमण सम्पन्न भए । खास गरी नेपालको राजनीति व्यवस्थामा प्रेरणाको स्रोत भारत बनेको छर्लङ्गै छ । त्यतिबेला ठूलो राजनैतिक दल नेपाली काङ्ग्रेसको भारत समर्थक नीति र राजा त्रिभुवनको सत्ता पुर्नस्थापनामा नेहरूले खेलेको भूमिकाका कारण राजा पनि भारतसँग ऋणी देखिए । फलतः उनी पनि विभिन्न बहानामा उतै लम्किए । यहाँको राजनैतिक अस्थिरताको कारण भारत पनि चुप लागेर बस्न सकेन उसलाई पनि चीनसँगको प्रतिद्वन्दीताले झस्काएको थियो । यसबाट यहाँका हरेक क्रियाकलापमा भारतले आफ्नो प्रत्यक्ष वा अप्रत्यक्ष उपस्थिति देखायो । यस्ता उच्चस्तरीय भ्रमणको आदानप्रदानहरूले एक अर्कालाई ज्यादै नै नजिका बनायो । हरेक कुरा भारतबाट समाधान खोज्ने परिपाटीले त्यसको बढी नकारात्मक प्रभाव देशभित्र पऱ्यो । यसका केही सकारात्मक पक्षहरू भए पनि नेपालको आन्तरिक मामलामा भारतको उपस्थितिको राष्ट्रियता माथिको खतराको रुपमा लिइयो जसको कारण भारतले गरेको सहयोगको नकारात्मक रूपमा लिइयो ।

समग्ररुपमा यस समयमा राजा र प्रधानमन्त्रीका तर्फबाट गरिएका भ्रमणहरू राजनैतिक रुपबाट बढी अभिप्रेरित देखिन्छन् । हुन त राजा त्रिभुवन आफ्नो स्वास्थ्य उपचारका लागि पनि भारतमा गइरहनु परेको पनि देखिन्छ । तर त्यस्ता यात्राहरूमा पनि कहिन कहि प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा भारतीय राजनेताहरूबाट सल्लाह, सुझाव र सहयोग भए गरेका देखिन्छन् । पटक पटक राजाबाट पनि यस कुरालाई स्वीकार गरिएको पाइन्छ । अझ २००७ को राजनैतिक शरणपछि राजा भारतीय प्रधानमन्त्री नेहरूप्रति कृतज्ञ थिए र प्रायः अप्ठ्यारो साह्रो परिस्थितिको सृजना हुँदा उनी भारतमा देखिए । त्यस्तै तत्कालीन प्रधानमन्त्रीहरू पनि यस उद्देश्यबाट अछुतो रहन सकेनन् । कहिले राजासँगै कहिले अगाडि पछाडि नेपालको तर्फबाट उच्चस्तरीय राजनेताहरू दिल्ली जाने गरे । त्यतिबेला नेपालको

आन्तरिक मामलामा भारतको उपस्थितिलाई नकारात्मक रुपमा लिइएको थियो । भारतले गरेका हरप्रकारका सहयोगहरूको अन्यथा अर्थ लगाइयो । पटक पटक भारतीय राजनेताहरूबाट नेपालको सार्वभौम माथि आँच पुऱ्याउने अभिव्यक्तिहरूले बौद्धिक जगतलाई तर्साएको थियो । चीनसँग राजनैतिक दुश्मनीका कारण भारतले नेपाललाई आफ्नो सुरक्षा छाताभित्र राखी नेपालमा आफ्नो विशेष प्रभाव भएको देखायो । सेनालाई प्रशिक्षण दिने नाउँमा नेपालको उत्तरी सिमानामा भारतीय इच्छा अनुसार सुरक्षा व्यवस्था मिलाइयो । प्रजातन्त्रको स्थापनादेखि मातृकाप्रसादको दोस्रो मन्त्रीमण्डल गठनको अवधिसम्म राजाबाट आठ पटक भारत यात्रा तय भए भने प्रधानमन्त्रीका तर्फबाट तीनपटक भारत यात्रा भए । यस्ता भ्रमणहरू तत्कालीन परिस्थितिमा आवश्यक ठानी गरिए पनि नेपालमा त्यसको प्रभाव सकारात्मक भन्दा नकारात्मक रुपमा बढी परेको पाइन्छ । यस्ता भ्रमणहरूलाई राजनैतिक दलका प्रमुख व्यक्तिहरूले पनि सकारात्मक रुपमा लिन नसकेको देखिन्छ । नेपाली जनता दिल्ली सम्झौताबाट नै नाखुस देखिन्थे । यसैको एउटा अभिव्यक्ति नेहरूलाई कालो झण्डा देखाइनु थियो । बारम्बार भारतीय सैनिक प्रवेश एउटा सबैभन्दा खराब पक्ष थियो । अर्को पक्ष भारतसँगको समीप्यताबाट नेपालमा राजनैतिक आर्थिक प्रशासनिक जस्ता यावत विषयहरूमा भए गरेका सहयोगको महत्वपूर्ण योगदान रहेको पक्षलाई लुकाउन मिल्दैन । १०३ वर्षसम्म राणाहरूले सञ्चालन गरिराखेको शासनमा भएको परिवर्तन मात्रै ठूलो कुरा देखिए पनि त्यसलाई दिगो रुप दिन भारत सरकारबाट देखाएको सदासहायता पक्कै पनि सह्रनीय पक्ष थियो । चीनसँगको सम्पर्कबाट टाढा राखेर भारतले नेपाललाई आफ्नो सुरक्षा अङ्गमा समायोजन गरेको थियो । तत्कालीन परिस्थितिमा भारतले अपनाएको नीति उसको स्वार्थ अनुकूल भए पनि नेपालले पनि आफूलाई सुरक्षित महसुस गरेको थियो । अब अर्को प्रसङ्गको चर्चा गरौ किन नेपालबाट यतिका भ्रमण हुँदा भारताट एउटामात्र उच्चस्तरीय भ्रमण भयो त । यो ज्यादै सरल कुरा छ । माथिका अध्ययनबाट पनि यस कुराको पुष्टि हुन्छ । भारत नेपालमा आफ्नो अनुकूलको वातावरण चाहन्थ्यो र यहाँ आफ्नो विशेष उपस्थिति चाहन्थ्यो । नेहरूको नेपाल भ्रमण पनि नेपालमा भारतको विशेष प्रभाव स्थापित गर्नका भएको थियो । उनी तत्कालीन समयमा आफ्नो उद्देश्यमा सफल पनि भए । बारम्बार नेपालको स्वतन्त्रतालाई आफूले सम्मान गर्ने अभिव्यक्ति दिदै हिमालय आफ्नो सुरक्षा सिमा भन्न उनी हिच्किचाउँदैनथे । भारतसँगको निकट सम्बन्धका कारण चीनसँग सम्पर्क स्थापित

गर्ने चाहना राखे पनि विभिन्न बाहानामा आलटाल गरियो । तत्कालीन परिस्थितिमा नेहरूको इच्छा बेगर यो सम्भव पनि थिएन ।

# चौथो परिच्छेद

## नेपाल भारतबीच सम्पन्न उच्चस्तरीय भ्रमणका आदान प्रदान (२०१०–२०१५)

### ४. नेपालको तर्फबाट राजाले गरेका भ्रमणहरू

### ४.१ त्रिभुवनको भ्रमण (२०१० श्रावण २७)

२०१० आषाढ २ गते राष्ट्रिय प्रजापार्टी मन्त्रीमण्डलको गठन आकस्मीक रुपमा भएको थियो । यस मन्त्रीमण्डलको गठन अन्तरीम कालको लागि भएको थियो । थोरै संख्यामा मन्त्रीहरू नियुक्त भएको यस मन्त्रीमण्डल अन्य दलहरूसँग विचार विमर्श गरी मन्त्रीमण्डलमा संख्या थप गर्ने उद्देश्यका साथ गठन गरिएको थियो तर यो मन्त्रीमण्डल गठन प्रक्रियादेखि नै आलोचित बन्न पुग्यो । राजा त्रिभुवनको विग्रदै गएको स्वास्थ्यका कारण आफ्ना सवैभन्दा विश्वासिला व्यक्ति मातृकालाई नै ठानी दोस्रो पटकको मन्त्री मण्डलको नेतृत्व लिने अवसर प्रदान गरे ।

२०१० श्रावण २७ गते अन्दाजी ९ बजे स्वास्थ्य परिक्षणका निम्ति राजा त्रिभुवन भारततर्फ गए । उनको विदाईको निम्ति प्रधानमन्त्री. मातृका प्रसाद कोइराला सरकारी पदाधिकारीहरू र अन्य व्यक्तिहरू पनि उपस्थित थिए ।[२२८] राजाका यो भ्रमण मातृका प्रसाद कोइराला दोस्रो चोटि प्रधानमन्त्री भएपछि राष्ट्र प्रमुखको हैसियतबाट राजाको तर्फबाट भएको प्रथम भारत भ्रमण हो । हुन त राष्ट्रिय प्रजापार्टीका मन्त्रीमण्डल गठन भएदेखि नै श्री ५ त्रिभुवनका स्वास्थ्य बिग्रदै गएको र पटक पटक औषधी उपचारको निम्ति भारत जानु पर्ने भएकोले राज्यका सम्पूर्ण अधिकार मातृकाप्रसादलाई सुम्पनु परेको थियो ।[२२९] राजाको स्वास्थ्यमा आइरहने गडबडीका कारण यसपछिका दिनहरूमा राजाबाट अनौपचारिक भारत भ्रमण बढी भएका छन् । यो २०१० श्रावण २७ मा गरिएको भ्रमण पनि एउटा अनौपचारिक भ्रमण नै थियो । यसपटक पनि राजा स्वास्थ्य परिक्षणका निम्ति भारत गएका थिए त्यहाँ लामो समयको स्वास्थ्य उपचारपछि उनी आश्विन १ गते कलकत्ताबाट स्वदेश फर्केका थिए

---

[२२८] *गोरखापत्र, २०१०* श्रावण २८ ।

[२२९] त्रिरत्न मानन्धर र निरञ्जन शर्मा, *आधुनिक नेपालको राजनैतिक इतिहास,* काठमाडौः नेपाल र एसियाली अनुसन्धान केन्द्र, वि.सं. १९५३, पृ.२८ ।

।[२३०] उनको यो भ्रमण निजी भएको र स्वास्थ्य परिक्षणका लागि भएको भनियो । एक अर्थमा यो सत्य पनि देखिन्छ तर उनको जुन स्वदेश फिर्ती छ त्यसमा राजनैतिक कारण भएको प्रस्ट देखिन्छ । उनका ४-५ दिन मात्रको नेपाल बसाइँ र राजा स्वीटजरल्याण्ड जानुभन्दा अगाडिको शाही घोषणाबाट यस कुराका पुस्टि हुन्छ । अर्को पक्ष राष्ट्रिय प्रजापार्टीको मन्त्रीमण्डल गठनदेखि नै यसको विरोधमा आवाजहरू उठ्न थालेका थिए । यस दलको मन्त्रीमण्डल गठन भएदेखि नै समस्त राजनैतिक दलहरूले यसलाई आलोचनाको केन्द्रविन्दु बनाए । विश्वेश्वर प्रसाद कोइरालाले यस मन्त्रीमण्डलप्रति असन्तुष्ट व्यक्त गर्दै "आजको मन्त्रीमण्डल र हिजोको सल्लाहकार शासनमा कुनै फरक छैन"[२३१] भन्दै आलोचना गरे । अझ खास गरी २०१० भाद्र १० गते भएको काठमाडौ नगरपालिकाको चुनावमा शासन संचालन गरिरहेको दलले एक स्थान पनि प्राप्त गर्न सकेन । शक्ति परिक्षणको रूपमा लिइएको १९ सदस्यीय उक्त चुनावमा कम्युनिष्ट समर्थक उमेदवार ६ स्थानमा विजय भए जब कि नेपाली कङ्ग्रेस र प्रजापरिषदले ४/४ स्थान प्राप्त गरे । ४ स्थानमा स्वतन्त्र उमेदवारहरूले जिते । राणा समर्थक कहलाईएको नेपाल राष्ट्रवादी गोरखापरिषदले समेत एक स्थान प्राप्त गऱ्यो ।[२३२] यस स्थितीलाई एकजना लेखकले नेपालको राजनीतिमा राजतन्त्र विरोधी शक्तिहरूको बाहुल्यताले प्रजातान्त्रिक दलहरूलाई बलियो बनाउनु पर्ने आवश्यकता महसुस गरियो । त्यसको तत्कालै मातृकाले अन्य प्रजातान्त्रिक दलहरूलाई पनि मन्त्रीमण्डलमा सामेल गर्नुपर्ने कुरा महसुस गरे । त्यसैले सेप्टेप्बर १९५३ मा उनी कलकत्ताका लागि उडे जहाँ राजाको पहिल्यै स्वीटजरल्याण्ड उपचारका लागि जाने निर्णय गरिएको थियो [२३३] भन्ने उल्लेख गरेका छन् । यसमा राजतन्त्र विरोधी शक्ति भनी कम्युनिष्ट पार्टीलाई इन्गीत गरिएको देखिन्छ । मातृकाप्रसाद भारत पुगी स्वदेश फर्केको भोलिपल्ट नै राजा पनि काठमाडौं आए । कलकत्तामा आफ्नो मन्त्रिमण्डलका सदस्यहरू बढाउने तथा नेपालका अरु कार्यका विषयमा समेत राय प्रस्तुत गर्न तथा विमर्श

[२३०] *गोरखापत्र, २०१०* आश्विन २ ।

[२३१] गृष्मबहादुर देवकोटा, *नेपालको राजनीतिक दर्पण* (भाग १), काठमाडौं: ध्रुव बहादुर देवकोटा, वि. सं २०३६, पृ. २९९ ।

[२३२] मानन्धर र शर्मा, *पूर्ववत्,, पादटिप्पणी नं.* २ पृ. २७ ।

[२३३] कुशुम श्रेष्ठ, *मोनार्की इन नेपाल त्रिभुवन एरा,* बम्बई : पपुलर प्रकाशन, ई.सं. १९८४, पृ. २०५-२०६ ।

गर्न मातृकाले २०१० भाद्र २७ गते राजालाई भेटे ।[२३४] काठमाडौं नगरपालिकाको चुनावमा विजयी कम्युनिष्टहरूले अन्य दलहरूलाई पनि हातमा लिई सरकार गठनका लागि अन्य पार्टीका व्यक्तिहरूलाई पनि मन्त्रीमण्डलमा समावेश गरी सरकार दह्रिलो बनाउने मातृकाको सोचमा दवाव दिए । यस्तो परिस्थितिमा मातृका चुनावको विवरण राजालाई बताउन कलकत्ता गए । नेपालको राजनैतिक अवस्थालाई व्यवस्थापन गर्न राजा स्वीटजरल्याण्ड औषधी उपचारको यात्रा अगावै काठमाडौं आए । उता राजालाई डाक्टरहरूले स्वास्थ्य ठीक नभएकोले नेपालमा तत्काल नर्फकिन सल्लाह दिएका थिए । तर राजा स्वदेश नफर्कि सोझै समुद्र पार औषधीको लागि जान ननिको मानेका थिए ।[२३५] राजा स्वदेश फर्किएको छोटो समयमा नै पुनः स्वीटजरल्याण्डतर्फ जानका लागि भारत तर्फ हिडे । राजाले औषधी उपचारका कै क्रममा रहँदा नेपालमा राजाको अनुपस्थितिमा राजनैतिक सङ्कट उत्पन्न भएको दखियो यस्तो परिस्थितिमा राजालाई कलकत्ता बोलाईयो । त्यसैले राजा नेहरूलाई भेट्न अगष्ट १४, १९५३ मा भारत गए ।[२३६] राजाको पुनः विदेश प्रस्थानले दलहरू निराश देखिए । उनीहरू मन्त्रीमण्डल पुर्नगठनको अपेक्षामा बसेका थिए त्यस्तो नभएपछि राजाको स्वीटजरल्याण्ड उपचारका लागि सवारी हुने समाचारलाई लिएर नेपाली कांग्रेसका शीर्षस्थ नेताहरूद्वारा केही आलोचना भयो । जसको प्रत्यालोचनमा प्रधानमन्त्री मातृकाले "श्री ५को बहानामात्र होइन उपचारका निम्ति नै सवारी हुन लागेको हो"[२३७] भन्नु परेको थियो । राजाको भारत प्रस्थानसँगै नेपालमा प्रजातन्त्र लिगको स्थापनाले मातृका मन्त्रीमण्डललाई एउटा अशुभ सङ्केत दियो ।[२३८] जसको कारण राजाको भारत प्रस्थानपछि केही समयमा नै मातृका नेहरूलाई भेट्न दिल्ली दौडिनु परेको थियो । देशमा अन्यौलको वातावरण कायम नै रहयो मन्त्रीमण्डल पुर्नगठन गर्ने प्रक्रिया पनि अगाडि बढ्न सकेन ।

---

[२३४] *गोरखापत्र , २०१० भाद्र* २९ ।

[२३५] देवकोटा, *पूर्ववत्,, पादटिप्पणी नं.* ४, पृ. २३५ ।

[२३६] केशर बहादुर के.सी., *नेपाल अफ्टर द रिभुलुसन अफ १९५० (भाग २),* काठमाडौंः शारदा प्रकाशन, गृह, ई.सं. १९७६, पृ. २३ ।

[२३७] देवकोटा, *पूर्ववत्, पादटिप्पणी नं. ४,* पृ. २३९ ।

[२३८] मानन्धर र शर्मा, *पूर्ववत्,, पादटिप्पणी नं.* २, पृ. २८ ।

### ४.१.२ त्रिभुवनको भ्रमण (२०१० आश्विन ६)

राष्ट्रिय प्रजापार्टीको मन्त्रीमण्डल गठन भएको केही समयपछि राजा त्रिभुवन स्वास्थ्य उपचारको निम्ति भारत गए । लामो समयको भारत बसाइपछि देशमा असमान्य स्थितिको विकास भयो । यस्तो स्थितिमा मातृका राजालाई भेट्न भारत पुगे । त्यसपछि राजा छोटो समयको निम्ति २०१० आश्विन १ गते स्वदेश फर्किए । उनी पुनः २०१० आश्विन ६ गते विहान कलकत्ता गई, कलकत्ताबाट बम्बइ र त्यहाँबाट यूरोप प्रस्थान गर्ने कार्यक्रम तय भएको थियो ।[२३९] राजा भारत हुँदै यूरोपको यात्राका लागि नेपालबाट भारततर्फ प्रस्थानपछि मन्त्रीमण्डल पुर्नगठनका कार्यक्रम नभएकोले राजनैतिक दलहरूले टिकाटिप्पणी गरेका थिए । राजाको यस भ्रमण हुनु भन्दा अघिल्लो दिन नेपाली कांग्रेस नेपाल प्रजापरिषद र नेपाली राष्ट्रिय कांग्रेसका प्रतिनिधिहरूद्वारा नेपाल प्रजातन्त्र लिग नामक संयुक्त मोर्चा गठन भयो भनी माथि नै भनियो त्यसै राजनैतिक दलहरूले राजाको यस यात्रालाई बहाना बनाएको भन्ने कुराको प्रत्योचनामा प्रधानमन्त्री कोइरालाले श्री ५ को बहाना मात्र होइन उपचारको निमित्त नै प्रस्थान हुन लागेको हो[२४०] भन्नु परेको थियो भनी माथी नै उल्लेख गरियो । त्यसका प्रत्युत्तरमा नेपाल प्रजातान्त्रिक लिगको संयुक्त वक्तव्यमा "श्री ५ लाई औषधी उपचारको आवश्यकता छैन भन्ने हाम्रो भनाइ कहिल्यै पनि थिएन न छ पनि . . . हाम्रो भनाइ के छ भने मुलुकमा आइपरेको विपत्ति हटाउन कलकत्ता सवारी होइबक्सन अलिकति ढिलो गरेको भए मात्र हुन्थ्यो भन्ने माग हो । हतारमा भएको वहाँको सवारीले मुलुकको बिग्रेको परिस्थितिलाई झन बिगाऱ्यो"[२४१] भन्ने उल्लेख गरिएको थियो । स्वीटजरल्याण्ड यात्राको लागि भारत गएका राजा भारत छाड्नु भन्दा अगाडि २०१०/६/२६ गते बम्बइबाट एउटा सन्देश पठाएका थिए । त्यसमा "म आज भारतको किनारा छाडदैछु"[२४२] भन्ने कुरा पनि उल्लेख गरिएको थियो । विशेष गरी हाम्रो छिमेकी देश भारतबाट हामीले क्षणिक आवेशमा स्नेह र सौहार्द्धतालाई बिर्सनु हुन्न । अब काल्पनिक आधारमा नचाहिने शङ्का उपशङ्का गर्नुहुँदैन

---

२३९ *ऐजन,* पृ. २३४ ।

२४० देवकोटा, *पूर्ववत्,, पादटिप्पणी नं. ४,* पृ. २३९ ।

२४१ *ऐजन* ।

२४२ *ऐजन* , २३४ ।

भन्ने उल्लेख पनि  उक्त सन्देशमा गरिएको थियो । यसबाट राजा स्वास्थ्य उपचारका लागि गएको भन्ने कुरामा कुनै उल्लेख गरिरहनु पर्ने आवश्यकता नै रहेन तर भारतमा रहँदा यसपटक पनि नेपालका प्रधानमन्त्री र राजाले नेहरूसँग मन्त्रीमण्डल पुर्नगठनको सम्बन्धमा सल्लाह लिएको पाइन्छ । जुन कुरा बम्बईमा आश्विन १५ गते मातृका प्रसादको भनाइबाट प्रस्ट हुन्छ । उनको भनाइ थियो "बम्बइतिर आउनुभन्दा अगाडि काठमाडौंमा नेपाली कांग्रेसका नेताहरूसँग उनीहरूलाई मन्त्रीमण्डलमा सम्मिलित गराउनका लागि एउटा सम्झौतामा पुग्नु अन्तिम छलफल भएको . . . बम्बइमा हाल आउनु भएका भारतीय प्रधानमन्त्री नेहरूसँग पनि मैले यस विषयमा छलफल गरिसके । उपयुक्त कुराकानी श्री ५ मा बोध गराउन बम्बइमा आएको हुँ । गत दुई दिनका बीचमा श्री ५ र नेहरूसँग दुईपटक भेटघाट भयो " [२४३] नेपालको आन्तरिक मामलामा भारतीय हस्तक्षेपको विषयमा नेपाली कांग्रेसका नेता विश्वेश्वरप्रसाद कोइरालाले त्यस समयतिर विभिन्न अवाजहरू उठाएका थिए । यस्तै राजा भारततर्फ लाग्नुभन्दा अगाडि दिनमा गठन भएको नेपाल प्रजातान्त्रिक लिगको असौज ८ मा टुडिखेलको आमसभामा "हामी भारतका विरोधी न हौ न कहिले हुन सक्दछौ । केवल हाम्रो आन्तरिक शासन व्यवस्थामा विदेशी हस्तक्षेप चाहदैनौ । भारतको वैदेशिक नीति संसारका दुई शक्ति देखि टाढा रहने नेपालका लागि पनि सुहाउँदो छ" [२४४]भनेका थिए । नेपालमा प्रजातान्त्रिक लिगको स्थापना मातृकाका लागि अशुभ सङ्केत थियो । लिगलाई सरकारमा स्थान पाउन मोलतोल गर्नका लागि गठित संस्थाको संज्ञा दिए पनि तीनवटै दलहरू एकजुट भए भने मन्त्रीमण्डलाई नै खतरा पुग्ने कुरामा मातृकाप्रसाद विश्वस्त थिए । सायद त्यसैले होला राजा यूरोप जानु भन्दा अगाडि प्रधानमन्त्री. भारत पुगे । स्वीटजरल्याण्ड स्वास्थ्य उपचारपछि २०१० पौष २२ गते राजा बम्बइ  फर्किए । त्यहाँ स्वागत गर्न प्रधानमन्त्री मातृका प्रसाद कोइराला योजना विकास मन्त्री महाविर शमशेर र बम्बइ स्थित युनाइटेड किङ्गडम डेपुटी हाईकमिस्नर लगायत ठूलो संख्यामा उपस्थित थिए ।[२४५] राजा त्यहाँबाट पौष २७ गते कलकत्ता हुँदै नेपाल फर्किए । उनी स्वास्थ्य परीक्षण गर्न भनी नेपाल

---

२४३ *ऐजन,* पृ. २३७ ।

२४४ *ऐजन,* पृ. २३९ ।

२४५ *गोरखापत्र , २०१०* पौष २५।

छाडेको लगभग ३ महिनापछि २०१० माघ २ गते दिउँसो काठमाडौं फर्किए । अनेकौ संस्थाहरूद्वारा तथा व्यक्तिगत रुपमा अभिनन्दन पत्र र श्रद्धासूचक पुष्पापहार समर्पण भयो ।[२४६]

राजा स्वदेश फर्किएको ५ दिनपछि न्यायालयको अधिकारप्रति शङ्का निवारणार्थ माघ ७ गते एउटा महत्वपूर्ण घोषण भयो । देशमा उत्पन्न संवैधानिक विवादलाई तुरुन्त समाधान गर्न अत्यावश्यक भएको हुँदा औषधी उपचारका लागि विदेश गइरहेका राजालाई नेपाल फर्किनु पऱ्यो र त्यसको लगत्तै राजाको अधिकार प्रस्ट पार्न उक्त घोषणा गर्नु पऱ्यो ।[२४७] यसको १ महिनापछि मन्त्रीमण्डलमा पुर्नगठन गरियो । जसमा मातृकाकै प्रधानमन्त्रीत्वमा ४ वटा राजनैतिक दल एवम् केही स्वतन्त्र व्यक्तिहरू सामेल भएको एउटा बहुदलीय मन्त्रीमण्डल गठन भयो । राजा स्वीटजरल्याण्ड जानुभन्दा अगाडि उनको अनुपस्थितिमा राज्यको प्रमुखका हैसियतले गर्नुपर्ने दैनिक कारबाहीका लागि एउटा राजकीय परिषद रहनेछ . . .[२४८] भन्ने शाही घोषणामा उल्लेख गरिएको थियो यही राजपरिषद पछि विभिन्न नाउँमा सक्रिय रही राजालाई विभिन्न खालको सहयोग सुझावहरू दिदै रहयो । उता स्वीटजरल्याण्डबाट जब राजा फर्किएर केही दिन दिल्लीमा रोकिए । त्यही उनले स्वदेशको सबै खबर प्राप्त गरे । जति प्रयास गर्दापनि राजनैतिक स्थायित्व प्राप्त नभएपछि हैरान परेका भारतीय प्रधानमन्त्री नेहरूले राजालाई नेपाली दूतावासमा बोलाएका थिए जहाँ दुवै देशका राजनेताहरूबाट नेपालको राजनैतिक स्थितिप्रति गहिरो दुःख व्यक्त गर्दै पछुताई रहेका देखिन्थे । दुईवटा नखाइएका कफिका भाडाहरू साइडमा थिए ।[२४९] राजालाई पूरै निको भइसकेको थिएन । डाक्टरहरूले पूरै आराम र कुनै चिन्ता नलिई स्वतन्त्र बस्न निर्देशन दिए पनि नेपालको राजनैतिक अवस्थाले त्यसो हुन सकेन ।[२५०] जति पनि मन्त्रीमण्डलहरू गठन भए ति सबै आपसी खिचातानीका कारण राजनैतिक स्थायीत्व प्राप्त हुन सकिरहेको थिएन ।

---

[२४६] *गोरखापत्र , २०१०* माघ ५ ।

[२४७] मानन्धर र शर्मा, *पूर्ववत्, पादटिप्पणी नं. २*, पृ. २९ ।

[२४८] देवकोटा, *पूर्ववत्, पादटिप्पणी नं. २, पृ. २३८ ।*

[२४९] दमनराज तुलाधर, कन्टेम्पोररी नेपाल (१९४५-१९५५), काठमाडौंः लक्ष्मी पब्लिकेशन्स, ई.सं. १९८०, पृ. ३२७।

[२५०] *ऐजन ।*

### ४.१.३ त्रिभुवनको भ्रमण (२०११ वैशाख १८)

२०१० माघमा यूरोपको उपचार सकी नेपाल फर्किएका राजा २०११ वैशाख १८ गते पुनः स्वास्थ्य उपचारार्थ नयाँ दिल्ली पुगे । भारतमा उनी एक साता बस्ने कार्यक्रम तय भएको थियो । राजाको साथमा योजना विकासमन्त्री श्री जनरल महावीर शमशेर पनि गए ।[२५१]

एक साताको स्वास्थ्य उपचारपछि स्वदेश फर्किने जानकारी पहिले गराए पनि १५ दिनभन्दा बढी भारतमा बसी २०११ जेष्ठ ७ गते दिउँसो ११ बजे विशेष वायुयानद्वारा राजा दिल्लीबाट काठडमाडौं फर्किए । उनीसँग योजना विकास विभागका माननीय मन्त्री पनि फर्किए । उनीहरूको स्वागत गर्न मन्त्रीगण, भारतीय राजदूत तथा अन्य उच्चाधिकारीहरू एवम् प्रतिष्ठित नागरिकहरू गौचर हवाई अड्डामा पुगेका थिए ।[२५२]

यात्राको उद्देश्य स्वास्थ्य परीक्षण गर्ने भनी जानकारी गराइएको भए पनि यसपाली पनि राजा नेहरूको सल्लाह सुझावका लागि भारत पुगेको देखिन आउँछ । राजा र महावीर शम्शेर भारत प्रस्थान गरेको भोलिपल्ट नेपालका अन्य केही मन्त्रीहरू दिल्ली पुगे । त्यसरी जाने मन्त्रीहरू विदेश मन्त्री डिल्लीरमण रेग्मी र यातायात मन्त्री भद्रकाली मिश्र थिए । भारतका प्रधानमन्त्री जवाहरलाल नेहरू कोलम्बो कन्फेरेन्सबाट फर्किएको २-३ दिनपछि नै राजा त्रिभुवन र केही मन्त्रीहरू दिल्ली भ्रमणमा निस्किए ।[२५३] यो भ्रमण भन्दा अगाडि कोशी सम्झौता भयो । यस योजनामा गरीने लगानीको तुलनामा पाउनुपर्ने जुन प्रतिकल छ त्यसमा नेपाल अध्याधिक मात्रामा ठगिन्छ भन्ने जनधारणा हुँदाहुँदै त्यसको वेवास्ता गरी सम्झौता गरीयो । यस योजनाको विरोधमा गणेशमान सिंहले समेत विरोध गरेका थिए । उनले ‘यस योजनामा हस्ताक्षर गर्नु देशलाई डुवाउनु हो’ समेत भनेका थिए । तत्कालीन रुपमा भारत परस्त मानिएका मातृकाको यो कार्य जनचाहना अनुरुपको थिएन जे होस् राजा, प्रधानमन्त्री र मन्त्रीहरूको पटक-पटकको भारत भ्रमण र भारतीय प्रधानमन्त्री जवाहरलाल नेहरूको नेपाल

---

[२५१] *गोरखापत्र , २०११* वैशाख २१ ।

[२५२] *गोरखापत्र , २०११, जेष्ठ ७*।

[२५३] एस. डी. *मुनि, फरेन पोलिसी अफ नेपाल,* दिल्लीः नेशनल पब्लिसिङ्ग हाउस, ई. सं. १९७३, पृ. ८५ ।

भ्रमण पछिको उपलब्धी मानिएको यो सम्झौता भएको (२०११ बैशाख १२)[२५४] केही दिनपछि नै यी यात्राहरू नेपालको तर्फबाट भए । नेपालका परराष्ट्रमन्त्री रेग्मीले तिब्बतको बारेमा भारत चीन सन्धिका सम्बन्धमा भारत सरकारका प्रतिनिधिहरूसँग विचार विमर्श गरे । त्यहाँ नेपाली भ्रमण दलले जवाहरलाल नेहरूसँग पनि भेटघाट गर्‍यो । त्यस्तै यातायात मन्त्री मिश्रले पनि नेहरू तथा अन्य भारतीय मन्त्रीहरू र भारत सरकारका प्रतिनिधिहरूसँग नेपालमा जलविद्युत सम्बन्धी कुरामा छलफल भयो ।[२५५] त्यस्तै वैशाख २७ गते नेपालका विदेशमन्त्री रेग्मीले दिल्लीमा संवाददाताहरूसँग "नेपालले राष्ट्रसंघको सदस्यताका लागि दिएको आवेदन अझै त्यसै परिराखेको छ । ठूला शक्तिहरूको आपसमा मत नमिलेसम्म यस सम्बन्धमा केही हुन सक्दैन . . . भने "[२५६] भारतमा रहँदा नेपाली प्रतिनिधि मण्डलले भारत र चीनबीच सन्धिपछि नेपालले पनि प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा चीनसँग कुटनीतिक सम्बन्ध गाँस्न इच्छुक भएको कुरा भारत सरकारसँगको छलफलको क्रममा व्यक्त गरे ।[२५७] यस कुरामा ई. सं. १९५४ मा नेपालका विदेशमन्त्री डिल्लीरमण रेग्मीसँगसँगै राजा पनि सहभागी देखिए । भारतमा भारतीय नेताहरूसँग अन्य कुराहरूको अलवा दुई देशको विदेशी नीतिलाई समन्वय पार्ने विषयमा औपचारिक रुपमा सहमती बन्यो ।[२५८]नेपाल र भारतको विदेशनीतिलाई सम्बद्ध पार्ने उद्देश्यले आपसी सम्बन्धलाई प्रभाव पार्ने विदेशी नीति र सम्बन्धका बारेमा दुबै देशबीच निकट र निरन्तर सम्पर्क राख्ने, नेपालसँग सम्बन्ध रहने कुनै पनि कुराहरूमा भारतले नेपालसँग छलफल गर्ने विदेश सम्बन्ध र अरु विदेशी मुलुकहरूको सम्बन्धको कुरामा नीतिगत समन्वय गर्न नेपालले भारतसँग परामर्श गर्ने, खासगरी नेपाल तिब्बत र चीनसँगको सम्बन्धसँग सम्बद्ध मामिलामा भारत सरकारसँग परामर्श गरिने, नेपालको चाहना अनुसार विदेश स्थित भारतीय दूतावासले नेपाल सरकारको प्रतिनिधित्व र नेपाल हितका मामिला हेर्ने, नेपाली नागरिकहरूको सहायताका लागि भारतीय राजदूतलाई निर्देशन दिइने र एक अर्कालाई प्रभावित पार्ने विदेश मुलुकहरूसँगको सम्बन्धको बारेमा जानकारीहरूको आदान प्रदान गर्ने

[२५४] देवकोटा, *पूर्ववत्,पादटिप्पणी नं. ४,* पृ. २५० ।
[२५५] *गोरखापत्र , २०११* वैशाख ३० ।
[२५६] *गोरखापत्र , २०११* वैशाख २८ ।
[२५७] रमाकान्त, *नेपाल चाइना एण्ड इण्डिया,* नयाँ दिल्ली : एभिनभ पब्लिकेशन, ई.सं. १९७६, पृ. ८७ ।
[२५८] मुनि, *पूर्ववत्, पादटिप्पणी नं.* २६, पृ. ७७ ।

व्यवस्था भएको स्मृति पत्रमा दुबै मुलुकहरू बीच सहमती बन्यो ।[२५९] सहमतीपछि दिल्लीमा आयोजित एक पत्रकार सम्मेलनमा नेपालका परराष्ट्रमन्त्रीले नेपालको परराष्ट्रनीति भारतको जस्तै रहेको र एक अर्काबीचको अत्यधिक निकटताका कारणले दुबै मुलुकको समान किसिमको समस्या कठिनाइ र खतराहरूको सामना गर्नु परिरहेको परिप्रेक्ष्यमा धेरै सवालहरूमा सम्मानित अपनाउनु पर्ने आवश्यकता रहेको विचार व्यक्त गरे ।[२६०] यो सहमती बनेपछि भारतीय प्रधानमन्त्री श्री जवाहरलाल नेहरूले भारतीय संसदमा "पहिले कै सन्धि अनुसार पनि र हालै श्री ५ त्रिभुवन र साथै आएका केही मन्त्रीहरूको भ्रमणले नेपाल र भारतको परराष्ट्र नीतिलाई समन्वय गर्ने दुबै मुलुकहरूबीच सहमती भएको"[२६१] कुरा बताए । चीन भारत सन्धि सम्पन्न भएपछि त्यसको तत्काल असर नेपालमा पऱ्यो । तत्काल नेपालका राजा त्रिभुवन र परराष्ट्र मन्त्री डिल्लीरमण रेग्मी इण्डिया सरकारसँग तिब्बतसँगको सम्बन्धको बारेमा छलफल गर्न गए ।[२६२] भारतमा गएका राजा र मन्त्रीहरूका क्रियाकलापबाट नेपालमा भारत विरोधी स्वरहरू झन चर्किए । नेपाली काङ्ग्रेसका नेता विश्वेश्वरप्रसादले पनि वैशाख २७ मा भारतले नेपालको आन्तरिक मामलामा हस्तक्षेप गर्ने नीतिको विरोध गरे । यसको अलवा वि.सं. २०११ वैशाख १३ गते (अप्रिल २६, १९५४) भारतीय लोकसभाका उपाध्यक्ष जस्तो जिम्मेवार व्यक्तिबाट भनेको भनी 'फ्रि प्रेस जर्नल' ले "तिब्बतमा कम्युनिजमको प्रवेश भएबाट भारत र हिमालयका राज्यहरूका लागि खतरा उत्पन्न भएको छ । नेपाल र अरु राज्यहरूलाई भारतमा मिलाए मात्र दक्षिण पूर्व एसियाको प्रजातन्त्रवाद मजबुत हुनेछ । सम्बन्धित राज्यहरूको सुरक्षाका लागि भारतका सिमावर्ती राज्यहरू नेपाल, सिक्किम र भुटानलाई भारतमा मिलाउने प्रारम्भिक कदम उठाइयोस"[२६३]. . . भन्ने खबर छापेको थियो । यस्ता नेपालको सम्प्रभूतामाथि खतरा पुग्ने अभिव्यक्तिहरू भारतसँग गरिएको कोशी सम्झौता र नेपालको आन्तरिक मामलामा भारतको हस्तक्षेप आदि कारणबाट नेपालमा एउटा छुट्टै तरङ्ग पैदा गरिदियो । यसैको फलस्वरुप नै होला २०११ जेष्ठ १४ मा काठमाडौं आएको भारतीय

---

[२५९] रविन्द्र कुमार दास, *नेपाल एण्ड इट्स निउज,* वराणसीः स्वयम् , ई.सं. १९८६, पृ. ३५-३६ ।

[२६०] मुनि, *पूर्ववत्, पादटिप्पणी नं.* २६, पृ. ८२ ।

[२६१] दास, *पूर्ववत्, पादटिप्पणी नं. ३२, पृ. ३६ ।*

[२६२] लियो इ. रोज, *नेपाल स्ट्राट्रेजी फर सरभाइभल,* न्यू दिल्ली : अक्फोर्ड युनिभर्सिटी प्रेस, ई. सं. १९७१, पृ.२०५ ।

[२६३] देवकोटा, *पूर्ववत्, पादटिप्पणी नं. ४,* पृ. २५५ ।

संसदीय शिष्टमण्डलप्रति गौचर हवाइअड्डामा उत्रनसाथ विरोध प्रदर्शन गरियो । उक्त शिष्टमण्डललाई कालो झण्डा देखाई 'भारतीय हस्तक्षेप मूर्दावाद', 'प्रतिनिधिहरू फर्केर जाउँ' भन्ने जस्ता नारा लगाइए ।[२६४] यस विरोधलाई विश्वेश्वरप्रसादले "भारतीय शिष्टमण्डलको विरोध कुनै पार्टीले गरेको हो भन्नु व्यर्थ छ । भारत विरुद्ध नेपाली जनतामा प्रसस्त रोष छ । यसको कारण भारतले नेपालको आन्तरिक मामलामा हस्तक्षेप गर्नु हो भनिन्छ । . . . जनताको भावनाको स्पष्ट उद्गार हो । . . . सत्यलाई अस्वीकार गर्न पनि सकिदैन" ।[२६५] ने. रा. गो. प. का रणधीर सुबाले १५ जेष्ठका दिन ". . . त्यो नेपाली जनताको भारतीय नीतिप्रति स्वयम् प्रस्फुटित विरोध प्रदर्शन थियो" ।[२६६] राजाको यस भ्रमणको केही समयपछि दोस्रो सल्लाहकार सभा घोषणा गरे । देशभित्र लोकतान्त्रिक प्रक्रियाको विकास होस भन्ने हेतुले गठन गरिएको यस सल्लाहकार सभा दलहरू बीचको विवादको केन्द्र मात्रै बन्यो ।[२६७] राजाको यस भ्रमणको असर नेपालको राजनीति र कुटनीति दुबै क्षेत्रमा पऱ्यो । नेपाल सरकारका यस्तै क्रियाकलापले चीन भारत सन्धि हुँदा नेपालमा भारतको विशेष सम्बन्ध रहेको पक्षलाई स्वीकार गरियो जसले नेपालको परराष्ट्र नीतिको विविधीकरणमा असर परेको देखिन्छ ।

## ४.१.४ त्रिभुवनको भ्रमण (२०११ आश्विन १७)

२०१० आश्विन १७ गते विहान ८ बजे स्वास्थ्य उपचारका लागि विशेष हवाइजहाजद्वारा राजा कलकत्ता गए । राजालाई पुऱ्याउन प्रधानमन्त्री मातृका प्रसाद नारायणहिटी दरबारबाट गौचर हवाइअड्डासम्म गएका थिए । राजालाई विदा गर्न अन्य मन्त्रीहरू सल्लाहकार सभाका अध्यक्ष बालचन्द्र शर्मा र प्रधानन्यायधीश उपस्थित थिए ।[२६८] राजाको यो यात्रा यूरोप तर्फ जाने भनी तय गरिएको हो । उनी यूरोप उपचारको शिलशिलामा भारत हुँदै जान लागेका थिए ।

---

[२६४] तुलाधर, *पूर्ववत्, पादटिप्पणी नं २२,* पृ. ३२७ ।

[२६५] देवकोटा, *पूर्ववत्, पादटिप्पणी नं. ४,* पृ. २५६-५७ ।

[२६६] *ऐजन* ।

[२६७] मानन्धर र शर्मा, *पूर्ववत्, पादटिप्पणी नं.२,* पृ. ३२ ।

[२६८] *गोरखापत्र , २०११* आश्विन १८ ।

दोस्रो सल्लाहकार सभाको स्थगनपछि देखिएको मन्त्रीमण्डलको फुटमा त्रिभुवनले हस्तक्षेप गरे । राजाले आफूहरूबीच भएको मतभेद प्रस्तुत गर्न आदेश दिएपछि मन्त्रीहरूबीचको खिचातानी केही समयका लागि समाप्त भयो । आफू औषधी उपचारका लागि यूरोपतर्फ जानुपर्ने भएकोले देशभित्र राजमुकुटले गर्नुपर्ने कामका लागि युवराजधिराजको अध्यक्षतामा एउटा राजकीय परिषदको गठन गरियो भने प्रशासन सम्बन्धी प्रशस्त अधिकार प्रधानमन्त्रीलाई सुम्पियो ।[२६९] बिग्रदै गएको आफ्नो स्वास्थ्य र राजनीतिक दलहरूमा देखिएको अपरिपक्वताले राजालाई पटक पटक दिल्ली धाउनु परेको थियो । अन्य भ्रमणहरूमा जस्तै यस पटक पनि राजाले भारतीय प्रधानमन्त्री नेहरूसँग भेटघाट गरी नेपालको राजनैतिक विषयमा कुराकानी गरिएको थियो । यो समयमा नेपालका तत्कालीन प्रधानमन्त्री मातृकाप्रसाद पनि सँगै उपस्थित थिए ।[२७०] राजा भारत गएको केही समयपछि प्रधानमन्त्री कोइराला भारत पुगेका थिए । त्यहाँ नेपाल भारतबीच विविध विषयहरूमा छलफल भए । त्यसको अलवा नेपालको वैदेशिक सम्बन्धको बारेमा पनि छलफल भएको देखिन्छ । नेहरू र राजासँगको छलफलपछि कलकत्तामा नेपालका प्रधानमन्त्रीले "सरकार सबै देशहरूसँग सम्बन्ध राख्न इच्छुक छ तर . . . जसको वैदेशिक नीति हामीसँग झण्डै मिल्ने छ । त्यस्ता दक्षिण पूर्वी एसियाले देशहरूसँग पनि सम्बन्ध राख्न नेपाल प्रयत्न गर्नेछ [२७१] भनी बताए । त्यस्तै प्रधानमन्त्री कोइरालाले त्यहाँ नेहरूलाई भेट गरी दुबै देशको पारस्परिक विषयहरूमा छलफल गरे । उक्त समयमा राजा पनि सँगै उपस्थित थिए ।[२७२] यी उल्लेख गरिएका जानकारीहरूबाट राजा आफू यूरोप जानु अगाडि मातृका र नेहरूसँग विभिन्न विषयहरूमा छलफल गरेका थिए । बिग्रदै गएको आफ्नो स्वास्थ्य, देशको अस्थिर राजनैतिक अवस्था र आफ्नो अनुपस्थितिमा गर्नुपर्ने कार्यहरूको बारेमा भारतीय प्रधानमन्त्री, नेपाल प्रधानमन्त्री र राजाका बीच छलफल भएको हुन सक्ने अनुमान लगाउनु सकिन्छ ।

---

[२६९] मानन्धर र शर्मा, *पूर्ववत्, पादटिप्पणी नं. १,* पृ. ३३ ।

[२७०] *गोरखापत्र , २०११* कार्तिक २ ।

[२७१] *ऐजन ।*

[२७२] *ऐजन ।*

### ४.१.५ महेन्द्रको भ्रमण (२०१२ कार्तिक २०)

आफ्ना पिताको मृत्युपछि २०११ साल चैत्र १ गते राजा बनेका[२७३] महेन्द्र २०१२ वैशाख १ गते अन्तरिम सरकारको रुपमा गुञ्जमान सिंहको अध्यक्षतामा शाही सल्लाहकार समितिको गठन गरे । एउटा विशेष परिस्थिति ऐन जारी गरी अन्तरिम संविधानका धाराहरू निलम्बन गरिए, सल्लाहकारहरूका सहायताले देशको शासन व्यवस्था मिलाउने अधिकार श्री ५ लाई प्रदान गरियो ।[२७४] यसबाट नयाँ राजा राजसंस्थालाई राजनीतिबाट टाढा राख्नुपर्छ भन्ने मान्यताको विरोधी देखिए । त्यसको अलवा उनले विदेश नीतिको सम्बन्धमा पनि फरक व्यवहार दर्शाए । २०१२ साल श्रावण १७ गते नेपाल र गणतन्त्र चीनकाबीच दौत्य सम्बन्ध स्थापना गर्नेबारे नेपाल सरकार र गणतन्त्र चीन सरकारकाबीच हस्ताक्षर भयो ।[२७५]यस भन्दा अगाडि नै वाङडुङ सम्मेलनमा भाग लिनका लागि नेपाली प्रतिनिधिहरू २०१२ वैशाख ५ मा राजाले पठाइसकेका थिए जहाँ चीनसँग सम्बन्ध स्थापना गर्ने विषयमा कुराकानीहरू भएका थिए अर्कोतर्फ देशभित्र पनि मन्त्रीमण्डल गठनका लागि विभिन्न प्रयासहरू गरिदै थिए । आन्तरिक र बाह्य परिस्थिति यसरी विकसित भइरहेको अवस्थामा भारतका राष्ट्रपतिको विशेष निमन्त्रणामा राजा महेन्द्र २०१२ कार्तिक २० गते भारतको राजकीय भ्रमणका लागि प्रस्थान गरे । [२७६]भारतका राष्ट्रपतिद्वारा पठाइएको विमानमा नौ बजेर २० मिनेटमा चढी सोही दिन १२ बजेर ३६ मिनेट जाँदा राजा पालम हवाइअड्डामा पुगे ।[२७७] त्यहाँ राजालाई स्वागत गर्न भारतका राष्ट्रपति, उपराष्ट्रपति, प्रधानमन्त्री लगायत भारतीय केन्द्रीय मन्त्रीमण्डलका सदस्यहरू र अरु विदेशी कुटनीतिक प्रतिनिधिहरू उपस्थित थिए ।[२७८] त्यहाँ गरिएको स्वागतप्रति कृतज्ञता प्रकट गर्दै राजाले “नेपाल र भारतका बीच रहेको चिरकालीन मैत्री सम्बन्ध दृढ गर्न म बहुतै उत्सुक छु, हाम्रा दुई देशका बीच रहेको मित्रता पक्का गर्न म

---

[२७३] देवकोटा, *पूर्ववत्, पादटिप्पणी नं. ४,* पृ. २८९ ।

[२७४] मानन्धर र शर्मा, *पूर्ववत्, पादटिप्पणी नं.२,* पृ. ४७।

[२७५] देवकोटा, *पूर्ववत्,पादटिप्पणी नं. ४,* पृ. ३०२ ।

[२७६] *गोरखापत्र , २०१२* कार्तिक २१ ।

[२७७] मैत्रदेव पाठक, *श्री ५ महेन्द्रको भारत यात्रा, कलकत्ताः* जोगबनी प्रिन्टस एण्ड पब्लिसर्स, वि.सं. २०१३, पृ. उल्लेख नभएको ।

[२७८] *ऐजन ।*

भारत आएको हुँ, यस अघि पनि आइसकेको हुनाले म यहाँ नौलो छैन अहिले एक महिनाको सदभाव यात्राको लागि म आएको हुँ " भने ।[२७९] भारतमा रहँदा त्यहाँका विभिन्न स्थानहरू घुम्दै विभिन्न कुराहरूको निरीक्षण गर्दै २०१२ पौष ४ मा राजा स्वदेश फर्किए ।[२८०] स्वदेश फर्किएपछि स्वागतका लागि उपस्थित जनसमूहले "राजा सबैका साझा" "हाम्रो राजाहाम्रो देश हाम्रो भाषा हाम्रो भेष" इत्यादि नारा लगाए ।[२८१] यस्ता नारामा कुनै पनि राजनैतिक दलहरु सहभागी नभई अन्य व्यक्तिहरुले लगाएका थिए । राजाको स्वागतको निम्ति गौचरदेखि राजदरबारसम्म कलापूर्ण ढोकाहरू बनाइएका थिए । विशाल जनसमूहले आफ्नो राजाको स्वागत गरे । टुडिखेलमा आयोजना गरिएको स्वागत समारोहमा नेपाल र भारत बीच रहेको घनिष्ट सम्बन्ध अझ बढ्न गएको छ । त्यस्तै हालै आएको समाचारबाट नेपाललाई संयुक्त राष्ट्र संघको सदस्यता प्राप्त गरेको हुनाले अन्तर्राष्ट्रिय जगतमा पनि हाम्रो प्रतिष्ठा बढेको छ[२८२]भन्ने जानकारी गराए साथै भारतले गरेको उन्नतिबाट आफू प्रभावित भएको कुरा पनि त्यस अवसरमा बताएका थिए ।[२८३] राजाले आफ्नो "यो भ्रमण हरेक दृष्टिकोणबाट सन्तोषजनक भएकोमा हामीलाई खुशी लागेको छ । हाम्रो छिमेकी मित्रराष्ट्र भारतसँग हाम्रो परम्परादेखि रही आएको मैत्री सम्बन्ध दिनप्रतिदिन गाढा र मजबुत हुँदै गइरहेको र यसैको फलस्वरुप हामीले पनि राष्ट्रपति श्री राजेन्द्र प्रसाद तथा प्रधानमन्त्री श्री जवाहरलाल नेहरूलाई नेपालमा उहाँहरूको आगमनको निम्ति निमन्त्रणा दिई आएका छौं सो निमन्त्रणा स्वीकार पनि भइसकेको छ । आगमनको तिथि दुबै राष्ट्रको सुविधा हेरी ठहर हुनेछ[२८४] भनी बताएका थिए ।

राजा महेन्द्रको यस भ्रमणमा हरेक ठाउँमा हार्दिक स्वागत गरी भारत सरकारबाट पूरा बन्दोवस्त मिलाईएको देखिन्छ । भ्रमणको उद्देश्य नेपाल र भारतबीच शताब्दीदेखि कायम

---

[२७९] *ऐजन ।*

[२८०] देवकोटा, *पूर्ववत्, पादटिप्पणी नं. ४,* पृ. ३१६-३४५ ।

[२८१] *ऐजन ,* पृ. ३४५ ।

[२८२] पाठक, *पूर्ववत्, पादटिप्पणी नं. ५,* पृ. उल्लेख नभएको ।

[२८३] देवकोटा, *पूर्ववत्, पादटिप्पणी नं. ४,* पृ. ३४६ ।

[२८४] पाठक, *पूर्ववत्, पादटिप्पणी नं. ५,* पृ. उल्लेख नभएको ।

रहेको मित्रता र सदभावको सम्बन्ध अझ दृढ होस भन्ने हेतुले भएको[२८५]भनियो । राजाबाट भारतका हरेक ठाउँहरूमा नेपाल भारतबीचको सम्बन्धको बारेमा विभिन्न भनाइहरू व्यक्त भएको पाइयो । यो भ्रमण राजाले ज्यादै सौहार्द्धपूर्ण वातावरणमा सम्पन्न गरे । दुई देशका बीचको मित्रताको गाठो दरिलो बनाएको महसुस गरियो । यो एउटा पक्ष भयो अर्को पक्ष एक महिनाको भ्रमणका लागि भनी गएका राजा लगभग डेढ महिनासम्म भारतमा बिताए । भारतका राजनेताहरू नेपालमा आएर ४-५ दिनमा नै स्वदेश फर्केर जान्छन् तर नेपालका राजनेताहरु धेरै लामो समयसम्म भारतमा रही स्वदेश फर्किन्छन् । यो पनि एउटा अचम्म लाग्दो विषय देखिन्छ । भौगोलिक तथा सांस्कृतिक दृष्टिकोणले नेपाल र भारतकाबीच जुन निकटता रहेको छ त्यस सन्दर्भमा राजाको यो पहिलो राजकीय भ्रमण भारतमा नै हुनु स्वभाविक पनि थियो । यस भ्रमणको विषयलाई लिएर नेपालका केही पत्रपत्रिकाहरूमा छापिएको खबरको खण्डन नेपाल सरकारले गरेको छ । जसमा नेपाल समाचारले 'राजाको योसवारीको निम्ति ४,७,५०,००० खर्च लाग्ने भएकोले जसको निम्ति मुलुकीखाना अड्डालाई आवश्यकीय कागज गइसकेको छ भने[२८६]खबरलाई कपोकल्पित भनियो । त्यस्तै अर्को पत्रिकामा नेपालको कार्यपालिकाका नायकले राज्य शासन सुरुदेखि नै ब्रिटिस साम्राज्यको राजधानी नयाँ दिल्लीमा पहिला वर्षमा नै जुनसुकै नामले पनि दाम राख्न जाने भइराखेको छ । यो प्रथा कहाँसम्म राम्रो हो ।"[२८७] भनी आलोचना गरेको थियो । राजा महेन्द्र भारतमा पूरा राजकीय सम्मानका साथ रहे । आफ्ना पूर्वज शासकहरूभन्दा केही ढीलो गरी भारत पुगेका महेन्द्रको भ्रमण नेपालको शासनमा व्यक्ति परिवर्तन भए पनि आफ्ना पूर्वजहरूले दिएको निरन्तरतालाई त्याग्न गाह्रो भन्ने भनाइलाई वास्तविकता तर्फ धकेल्यो । हुन त उनी आफ्ना पूर्वजहरूभन्दा केही ढिलो गरी भारत गएका थिए । तर ढीलो चाँडो भए पनि त्यहि प्रक्रियाको निरन्तरता हो जस्तो देखिन्छ । फरक भ्रमणका उद्देश्यमा होला ।

भारत भ्रमणपछि नेपालको राजनीतिमा केही परिवर्तनका सङ्केतहरू देखिने प्रक्रिया यस पालि पनि देख्न पाइयो । जुन २०१२ साल माघ १३ गते अचानक रुपमा राजाले टङ्कप्रसाद

---

२८५ देवकोटा, *पूर्ववत्, पादटिप्पणी नं. ४,* पृ. ३१६ ।

२८६ *ऐजन,* पृ. ३४९ ।

२८७ *ऐजन ।*

आचार्यको नेतृत्वमा केही स्वतन्त्र व्यक्तिहरूसमेत राखी प्रजापरिषद मन्त्रीमण्डल गठन गरे ।[२८८] भारत भ्रमणपछि राजाले किन चीन समर्थक नीति भएका व्यक्तिलाई प्रधानमन्त्री बनाए भने कुरा उनको त्यसपछिको नीतिबाट प्रस्ट झल्किन्छ । तर राजा यसभन्दा अगाडि मन्त्रीमण्डल गठनसम्बन्धी चलिरहेको वार्ता गर्न बाँकी नै हुँदै त्यसलाई स्थगित गरी भारत हिडे ।[२८९] देशभित्र प्रत्यक्ष शासनको बारेमा विभिन्न टिकाटिप्पणी भइरहेका थिए । यस्तैमा भारतबाट राजा फर्केपछि लगत्तै पार्टी नेताहरूबीच पुनः वार्ता भयो । २०१२ साल माघ ७ गते पनि केही राजनैतिक दलहरूसँग भारत जानुभन्दा अगाडि बाँकी भएका प्रश्नहरू उपर पुनः वार्ता भयो तर कुनै टुङ्गो लाग्न सकेन, वार्ता नै समाप्त गरियो र यसपछि राजाले टङ्कप्रसादलाई मन्त्री बनाए ।

यसबाट सकभर राजा राजनैतिक दलहरूलाई समेट्न खोजेजस्तो देखिन्छ तर मन्त्रीहरूको नियुक्तिको विषयमा राजासँग दलका नेताहरू सहमत बन्न सकेनन जसको फलस्वरुप राजाले यो निर्णय लिए । राजाद्वारा मन्त्रीमण्डल गठन प्रक्रियालाई बीचमै रोकी भारत जानु र भारतबाट आएपछि पुनः प्रयास गर्नु आफैमा अचम्म लाग्दो देखिन्छ । यसमा त्रिभुवनलाई जस्तै नयाँ राजालाई पनि केही सुझाव दिन बोलाईएको त होइन भन्ने शंका उब्जिए पनि राजाका त्यसपछिका क्रियाकलापले यस कुराको पुष्टि गर्न असम्भव देखिन्छ तर उनी भारतलाई सकभर नचिडाइकन अन्य देशहरूसँग सम्बन्ध स्थापना गर्ने सुरुमा देखिन्छन्[२९०] किन कि राजाबाट यस्तो प्रयास पछिसम्म पनि जारी रहेको देखिन्छ । चीनसँग सम्बन्धलाई निरन्तरता दिने क्रममा भारतसँगको मित्रताको सम्बन्धलाई सन्तुलनमा राख्नका लागि राजा महेन्द्र भारतको मैत्री भ्रमण गरेका थिए ।[२९१]". . .अन्तर्राष्ट्रिय क्षेत्रमा पनि राष्ट्रमालामा नेपाललाई सम्मानित गराउने महान उद्देश्यले हामीबाट कोसिस भइराखेको छ . . ."[२९२] भनी २०१२ सालको नयाँ वर्षको उपलक्ष्यमा दिइएको सन्देशमा पनि राजा विदेशी

---

[२८८] मानन्धर र शर्मा, *पूर्ववत्, पादटिप्पणी नं. ३,* पृ. ४९ ।

[२८९] देवकोटा, *पूर्ववत्, पादटिप्पणी नं. ४,* पृ. ३१३ ।

[२९०] *ऐजन,* पृ.३५० ।

[२९१] मुनि, *पूर्ववत्,पादटिप्पणी नं.* २६, पृ. १०० ।

[२९२] देवकोटा, *पूर्ववत्,पादटिप्पणी नं. ४,* पृ. २९२ ।

नीतिको बारेमा के चाहना राख्दैछन् पुस्टि हुन्छ । यसबाट राजाको यो भारत भ्रमणले भारतलाई पनि नचिडाइकन नेपालले अन्य राष्ट्रसँग मैत्रीपुर्ण समबन्ध गाँस्न गरिएको प्रथम प्रयास भएको मान्न सकिन्छ । नेपाल चीन सम्बन्ध नेपाल भारत सम्बन्ध विकासमा बाधक बन्न नपुगोस भन्नेमा राजा सजक थिए । नेपाल चीन सम्बन्धबाट नेपाल-भारत बीच उठ्न सक्ने भ्रम र सन्देहलाई हटाइ परम्परागत मित्रताको आधारलाई मजबुत तुल्याउन आन्तरिक राजनीतिका अप्ठ्यारा परिस्थितिका बाबजुत पनि राजा भारत गए । दुबै मुलुकबीचका राजनेताहरूबीचको पारस्परिक विश्वास र समझदारीले दुई देशका बीचको मित्रता मजबुत रहेको महसुस गरियो ।

## ४.१.६ महेन्द्रको भ्रमण (२०१३ साल फाल्गुन २९)

वि.सं. २०१३ मा सिलोनमा हुने बुद्ध जयन्ती महोत्सवमा सम्मानित अथितिको रुमपा भाग लिन त्यसतर्फ गएका थिए । त्यसतर्फ जाने क्रममा २०१३ साल फाल्गुन २९ गतेका दिन १२:४५ बजे विशेष वायुयानद्वारा भारत गएका राजा सोही दिन ३:३० बजे भारत स्थित दमदम हवाइअड्डामा पुगे ।[२९३] राजाको स्वागतार्थ पश्चिम बंगालका राजपाल सेक्रेटरी, पश्चिम बंगालका प्रमुख सचिव, भारत स्थित नेपाली राजदूत आदि उपस्थित थिए । राजा २ घण्टा कलकत्ता विश्राम गरी सिलोन तर्फ प्रस्थान गरे ।[२९४]

सिलोनको राजकीय भ्रमण सकी चैत्र ८ गते अपराह्न ४ बजे राजा भारत मदुराइ आइपुगे ।[२९५] भारत आएपछि त्यहाँका विभिन्न स्थलहरू घुम्दै १० गते बम्बइ पुगे । राजाको यो भ्रमण अनौपचारिक भए पनि भारतमा रहँदा सब कुराको बन्दोबस्त भारत सरकारबाट भएको थियो ।[२९६]त्यसपछि चैत्र १६ गते रेलद्वारा दिल्ली पुगे जहाँ भारतीय राष्ट्रपति र अन्य सरकारी उच्च अधिकारीहरूले उनको स्वागत गरे । सोही दिन राती भारतका प्रधानमन्त्री श्री जवाहरलाल नेहरूसँग ज्यूनार गरी राजा स्वदेश फर्किए । नौ दिनसम्म भारतका विभिन्न

---

[२९३] देवकोटा, *पूर्ववत्, पादटिप्पणी नं. ४,* पृ. ४४० ।

[२९४] *ऐजन* ।

[२९५] *ऐजन,* पृ. ४५० ।

[२९६] *ऐजन,* पृ. ४५२ ।

तीर्थस्थल र महत्वपूर्ण ठाउँहरू भ्रमण गरी २०१३ चैत्र २३ दिनको १२:२०मा काठमाडौं आइपुगे ।[२९७]

हुन त यो भ्रमण भारतका लागि भनी तय नभए पनि भारत हुँदै गएको कारण शोधका विषयसँग सम्बन्धित भएको हुँदा नेपाल र भारतमा भएका राजाका क्रियाकलाप बताउनु उचित देखियो । शोधको सीमाका कारण त्यहाभन्दा बाहिरी भ्रमणको बारेमा खास उल्लेख गर्न सकिएन तर राजाको स्वदेश फिर्तिपछि नेपालमा यसका के प्रभाव पऱ्यो त्यो उल्लेख गर्नु जरुरी छ । राजाको यो भ्रमणले नेपालको राजनीतिक तत्काल कुनै परिवर्तन देखिएन । तर कुटनीतिका क्षेत्र भने फराकिलो बन्दै गयो राजा स्वदेश फर्किएको दिनमात्र तत्कालीन लंकाका प्रधानमन्त्रीले नेपाल र लंकाका बीच चाडै नै दौत्य सम्बन्ध हुने भएको घोषणा गरे । त्यस्तै चैत्र २० गते नेपाल सरकार र मिश्र (इजिप्ट) सरकारको बीच परस्परमा दौत्य सम्बन्ध स्थापना गर्ने दुबै सरकारले निर्णय गरेको घोषणा गरे ।[२९८] यसैको लगभग ३ महिनापछि मन्त्रीमण्डल विघटन गरियो । यस परिवर्तनपछि तत्कालीन भारत समर्थक व्यक्ति प्रधानमन्त्री नियुक्ति गरियो ।

### ४.१.७ महेन्द्रको भ्रमण (२०१४ माघ २३)

राजा डा. के. आई. सिंहको मन्त्रीमण्डल विघटन पछि २०१४ माघ १९ गते शाही घोषणा जारी गरी चुनाव नहुन्जेलसम्म प्रधानमन्त्री विनाको एउटा अन्तरिम सरकार स्थापना गर्ने कुरा उल्लेख गरेका थिए ।[२९९] उक्त घोषणामा आमचुनाव संसदका लागि गरिने कुरा पनि उल्लेख गरिएको थियो ।[३००] यसैका २-३ दिन पछि नै राजा भारततर्फ अनौपचारिक भ्रमणमा गए । त्यहाँबाट पनि छोटो समयमा नै राजा स्वदेश फर्किए । उनी २०१४ साल माघ २४ गते बिहान ६ बज राजधानी फर्केका थिए ।[३०१]

---

[२९७] *ऐजन,* पृ. ४५३ ।
[२९८] *ऐजन,* पृ. ४५४ ।
[२९९] मानन्धर र शर्मा, *पूर्ववत्,पादटिप्पणी नं.२,* पृ. ६६ ।
[३००] देवकोटा, *पूर्ववत्,पादटिप्पणी नं.४,* पृ. ५१७ ।
[३०१] *गोरखापत्र ,* २०१४ माघ २५ ।

राजाको यस कार्यकालमा नेपाल साम्यवादीको प्रभावमा पर्न सक्ने सम्भावना भारतले बढी देखेको थियो । भारतलाई यो लागेको थियो कि एक पटक नेपाल चीनको नियन्त्रणमा गयो भने भारतका मैदानी भागमा उसको प्रभावबाट बच्न सक्दैन[३०२]यसकारण भारत नेपालसँग सहज सम्बन्ध बनाई राख्ने प्रयासमा थियो । अर्को तिर तिब्बतप्रति भारत सरकारले अपनाएको नीतिका कारण भारत र चीनबीच मनमुटाव बढ्दै गइरहेको थियो । त्यसैले दुबै देशले नेपालसँगको सम्बन्धलाई आफ्नो अनुकूल बनाउन तल्लीन थिए ।[३०३] कम्युनिष्टको प्रभावमा नेपाल जान नपाओस् भन्नका लागि भारतले नेपाललाई विभिन्न सहयोग गरिराखेको थियो । चीन र भारतबीचको प्रतिस्पर्धाले नेपाललाई अप्ठ्यारो परिस्थितिको सृजना गरेको थियो । यस्तो वातावरण बढ्दै जाँदा राजा भारत निस्किए । भारत पुगेको भोलिपल्ट नै स्वदेश फर्किएका राजाको भ्रमणको उद्देश्य के हुन सक्छ भन्ने विषयमा यकिन जानकारी प्राप्त गर्न सकिएन । तर चुनावको घोषणा गरे लगत्तै भारत जानुमा भारतीय दवाव भएको हुन सक्ने त्यसको अलावा चुनावको लागि आवश्यक सहयोग प्राप्त गर्न गर्न गएको र अर्कोतर्फ यो चुनावको लागि भारत सरकार पनि सकारात्मक भएका कारण नेपालमा पहिलो पटक हुन गएको चुनावलाई सम्पन्न गर्ने विषयमा राय माग्न गएको हुन सक्ने अनुमान लगाउन सकिन्छ ।

### ४.१.८ महेन्द्रको भ्रमण (२०१५ जेष्ठ २०)

राजा महेन्द्र रुसको राजकीय भ्रमणको शिलशिलामा २०१५ जेष्ठ २० गते बिहान ११ बजे भारतफर्क गए । भ्रमण हुनभन्दा अघि राष्ट्रको नाउँमा दिइएको संदेशमा ". . . ३ हप्ताको औपचारिक रुप भ्रमण र करिब २ महिनाको अनौपचारिक यूरोप र अफ्रिकाका केही मुलुकहरूको भ्रमणका लागि प्रस्थान गर्न लागेको"[३०४] बताइयो । राजाको स्वागत विदाइको निम्ति हवाइअड्डामा मन्त्रीपरिषदका अध्यक्ष, सदस्य र अन्य उच्च सैनिक र निजामती

---

३०२ शैलेन्द्र कुमार चर्तुवेदी, *भारत नेपाल सम्बन्ध,* दिल्ली: वि. आर. पब्लिसिङ हाउस, ई.सं. १९८९, पृ. ९८ ।

३०३ *ऐजन ।*

३०४ देवकोटा, *पूर्ववत्,पादटिप्पणी नं.* ४, पृ. ५४२ ।

अधिकारीहरू साथै कुटनैतिक प्रतिनिधिहरू उपस्थित थिए ।[३०५] भ्रमणको शिलशिलामा २ बजे भारतको नयाँ दिल्लीस्थित पालम हवाइअड्डामा पुग्दा राजाको स्वागतका लागि त्यहाँ भारतका प्रधानमन्त्री श्री जवाहरलाल नेहरू अरु मन्त्रीगणहरू तथा विदेशी कुटनैतिक प्रतिनिधिहरू, दिल्ली स्थित नेपाली नागरिकहरू, भारतीय राष्ट्रपतिका तर्फबाट मिलिटरी सेक्रेटरी आदि उपस्थित थिए । राजाले पालम हवाइअड्डामा अल इण्डिया रेडियोको न्यूजरिललाई बताए "हामीलाई एक पटक फेरि हाम्रो घनिष्ट छिमेकी भारतको अतिथि हुन पाउँदा खुशी लागेको छ । भारतीय जनता भारतका राष्ट्रपति तथा प्रधानमन्त्रीलाई हामी र हाम्रा साथमा आएका व्यक्तिहरूको तर्फबाट हार्दिक कृतज्ञता व्यक्त गर्दछौं " ।[३०६] त्यसपछि नेपाली भ्रमण दलका सदस्यहरू हवाइमैदानबाट राष्ट्रपति भवनमा सवारी भइ त्यहाँ २ दिनसम्म बसी रुसयात्रा तर्फ निस्किए । भारत पुगेकै दिन बेलुकी भारतका प्रधानमन्त्री नेहरू र राजाका बचिमा अनौपचारिक भेट गरी एक घण्टा कुराकानी भयो ।[३०७] कुराकानीका विषयमा भने स्पष्ट जानकारी प्राप्त हुन सकेन राजाको सम्मानमा भारतका राष्ट्रपतिले राष्ट्रपति भवनमा एउटा स्वागत समारोहको आयोजना गरेका थिए । जसमा नेपालतर्फबाट गएका शाही भ्रमणदलका सदस्यहरू भारतका केन्द्रीय मन्त्रीहरू र अन्य कुटनैतिक प्रतिनिधिहरू उपस्थित थिए । राजाले भारतमा रहँदा त्यहाँका प्रधानमन्त्री नेहरूसँग दुईपटक अनौपचारिक कुराकानी गरी जेष्ठ २२ गते ९:१५ बजे दिल्लीबाट मस्कोतर्फ लागे ।[३०८] भ्रमण सकि फर्कने क्रममा राजा पानी जहाजबाट कराची पुगे । त्यहाँ स्वागतार्थ पाकिस्तानी राष्ट्रपतिका सैनिक सचिव पाकिस्तान सरकारका उच्च अधिकारीहरू पाकिस्तान स्थित भारतका डिपुटी हाईकमिश्वर पनि उपस्थित थिए । पाकिस्तानमा रहँदा राजालाई त्यहाँका राष्ट्रपति श्री इस्कन्दर मिर्जाले एउटा भोजको आयोजना गरेका थिए । राजा कराचीमा २ दिनबसी भारतहुँदै नेपाल फर्किए ।[३०९]

---

[३०५] *गोरखापत्र , २०१५* जेष्ठ २२ ।

[३०६] देवकोटा *पूर्ववत्, पादटिप्पणी नं.* ४, पृ. ५४४ ।

[३०७] *गोरखापत्र ,पूर्ववत्, पादटिप्पणी नं ७८* ।

[३०८] देवकोटा, *पूर्ववत्, पादटिप्पणी नं.* ४, पृ. ५४४।

[३०९] *ऐजन,* पृ. ५७१-७२ ।

दुई महिनासम्म विभिन्न राष्ट्रहरूको भ्रमण गरी श्रावण २९ गते राजा बम्बइ फर्किए । २०१५ भाद्र ४ गते बम्बइबाट कलकत्ता गई भाद्र १२ गते कलकत्तादेखि दार्जलिङ्ग पुगे । त्यसको ३ दिनपछि भाद्र १५ गते दिउँसो ११:१० बजे ३ महिनाको विदेश भ्रमण समाप्त गरी स्वदेश फर्किए ।[३१०] स्वदेशमा उनको भव्य स्वागत भयो । स्वागतका लागि एउटा स्वागत समितिको गठन गरिएको थियो ।

नेपालको कुटनैतिक क्षेत्रमा एउटा छुट्टै पहिचान बनाउन सफल यस भ्रमणले नेपाललाई विश्वका अन्य राष्ट्रहरूसम्मुख समान आधारमा उभ्याउन सफल भयो । राजाले त्यतिबेलाको महाशक्ति राष्ट्र रुसको भ्रमण गरी कुटनैतिक क्षेत्रमा अर्को महत्वपूर्ण कदम उठाएका थिए । भारत र चीनबीचको खिचातनीबाट बाहिर निस्किएर एक साम्यवादी देश रुसको भ्रमण गर्नु अवश्य पनि त्यतिबेला चुनौतिपूर्ण कार्य थियो । महेन्द्रको राज्यरोहण पछि नै नेपालले कुटनैतिक क्षेत्रमा धेरै नै फडको मारेको थियो यसैको फलस्वरुप त्यतिबेला विश्वका धेरै राष्ट्रहरूसँग नेपालको मित्रता कायम भइसकेको थियो । राजा महेन्द्रको यस भ्रमणले देश भित्र र देश बाहिर पनि महेन्द्रको शानमा वृद्धि भएको थियो । राजाले आफ्नो भ्रमण हुनुभन्दा अगाडि एउटा राजकीय परिषदको गठन गरे जसमा हिमालय वीरविक्रम, वसुन्धरा बीरविक्रम, सुरथ शमशेर आदि व्यक्तिहरु राखिएका थिए । उनले आफ्नो भ्रमणको दिन २०१५ जेष्ठ २० गते जनप्रतिनिधि ऐन पनि जारी गरेका थिए उक्त ऐनमा मतदाताको नामावली र निर्वाचन क्षेत्र छुट्याउने कुरा उल्लेख थियो ।[३११] राजाको यस भ्रमणमा लागेको खर्चको बारेमा विश्वेश्वरप्रसाद कोइरालाले पोखराको आमसभामा कुरा उठाएका थिए ।[३१२] नेपालका राजा र प्रधानमन्त्रीबाट विदेशको भ्रमण सकी स्वदेश फर्किएपछि नेपालको राजनीतिमा हुने केही असर यसपाली पनि भयो । यसमा राजाले २०१५ कार्तिक २५मा आमनिर्वाचनको बारेमा शाही घोषणा प्रकाशमा ल्याए ।[३१३] जन्मजातै भारतसँग सत्रुता साँदेको पाकिस्तानसँगको नेपालको नजिक जाने जुन प्रयास गर्दै थियो भारतको लागि पक्कै पनि सहयीय थिएन । हुन त यो यात्रा

---

[३१०] *ऐजन*, पृ. ५४४ ।

[३११] *ऐजन*, पृ. ५४१ ।

[३१२] *ऐजन*, पृ. ५७३ ।

[३१३] *गोरखापत्र , २०१५ कार्तिक २५* ।

पाकिस्तानका लागि भने तय भएको थिएन तर यसै भ्रमणकै फलस्वरुप आउँदा दिनहरूमा नेपाल पाकिस्तानका बीच कुटनीतिक सम्बन्ध मजबुत बन्दै उच्चस्तरीय भ्रमण पनि भयो । राजा भारतमा नेहरूसँग भेटघाट गर्दा के विषयमा छलफल भयो त्यसको यकिन जानकारी प्राप्त गर्न नसकिए पनि त्यतिबेलाको अन्तर्राष्ट्रिय परिस्थिति र नेपालमा छिट्टै सम्पन्न हुन गइरहेको निर्वाचनको विषयमा कुराकानी भएको अनुमान लगाउन सकिन्छ ।

### ४.१.९ महेन्द्रको भ्रमण (२०१५ भाद्र २७)

आफ्नो रुसको राजकीय भ्रमणको सिलसिल सकी स्वदेश फर्किएको १२ दिनपछि नै २०१५ भाद्र २७ गते शुक्रबार राजा भारततर्फ लागे । उनी कलकत्तामा रहेको मुमाबडामहारानीको दर्शनका लागि त्यतातिर गएका थिए ।[३१४] यो एउटा अनौपचरिक भ्रमण थियो । यस भ्रमणको बारेमा खासै कुनै उल्लेख पाइदैन । यस भ्रमणलाई भारतले पनि कुनै चासो देखाएको पाइएन । आफ्नो छोटो भारतयात्रा पुरा गरी राजा २०१५ भाद्र २९ गते राजधानी फर्किए ।[३१५] यो भ्रमण कुनै राजनैतिक त्यस्तै कुनै कुटनैतिक उद्देश्यबाट अभिप्रेरित भएको देखिदैन ।

## ४.२ प्रधानमन्त्रीबाट भएका भारत भ्रमणहरू

### ४.२.१ मातृकाप्रसाद कोइरालाको भ्रमण (२०१० श्रावण ५)

२००९ साल श्रावण ३० गते शाही घोषणाद्वारा गठन गरिएको परामर्शदातृ सरकारको जताततैबाट आलोचना भएपछि मन्त्रीमण्डल गठन सम्बन्धी धेरै प्रयासहरू भए अन्ततः राजाले पुनःमातृका प्रसाद कोइरालाको नेतृत्वमा सरकार गठन गर्ने घोषणा गरे ।[३१६] २०१०/३/२ का शाही घोषणाद्वारा सरकार चलाउने अधिकार प्राप्त गरेका मातृका आफ्ना

---

[३१४] *गोरखापत्र , २०१५ भाद्र ३०।*

[३१५] *ऐजन।*

[३१६] देवकोटा, *पूर्ववत्,पादटिप्पणी नं.४,* पृ.२२६-२२८ ।

सरकार गठन भएको डेढ महिना पनि नपुग्दै भारत सरकारको निमन्त्रणामा दिल्ली पुगे यसभन्दा अगाडि मन्त्रीमण्डल गठन हुनुभन्दा १५ दिन पहिला दिल्ली पुगी फर्केका थिए ।[३१७] मातृकाको मन्त्रीमण्डल गठन प्रक्रियालाई भारतले स्वागत गऱ्यो नेपालमा जुन परिवर्तन भयो यो नेहरूको सल्लाहमा राजा त्रिभुवनले गरे ।[३१८] यो सत्य देखिन पनि आउँछ किन कि मन्त्रीमण्डल गठन हुनुभन्दा अगाडि राजा भारत पुगेर आएका थिए भनी माथि नै बताइयो । त्यस्तै राजाको २००९ पौष १० को भारत भ्रमणको विषयमा विश्वेश्वरप्रसाद कोइरालाको नै "श्री ५ महाराजधिराज आफ्ना व्यक्तिगत चिकित्सा आदि को निहुँ पारेर भारतीय राजधानी दिल्ली सुटुक्क पुग्नु भएका छ . . . भनाइ छ कि वर्तमान परामर्शदातृ सरकार विघटन गरी नयाँ मन्त्रीमण्डल गठन गर्नका लागि भारतका प्रधानमन्त्री पण्डित जवाहरलाल नेहरूसँग परामर्श लिन जानु भएको हो . . ." [३१९] भन्ने भनाइबाट यसो हुन सक्ने सम्भावना पनि देखिन्छ । किन कि राणा कांग्रेसको संयुक्त मन्त्रीमण्डल हुँदा राजा र विश्वेश्वरप्रसाद कोइरालासँगै भारत भ्रमणमा गएका थिए । त्यसको अलवा तत्कालीन राजनीतिमा विश्वेश्वरप्रसाद को स्थान र भारतसँग विश्वेश्वरप्रसाद को सम्बन्धले पनि यस्तो कुरालाई विश्वास गर्न सकिन्छ । त्यस्तै गणेशमान सिंहले पनि भारतीय हस्तक्षेपको बारेमा " हाम्रा ईश्वर त देश बाहिर नै बस्दछ केवल मन्त्रीमण्डलमा जानु मात्र हाम्रो लक्ष्य होइन . . . "[३२०] भनेबाट तत्कालीन रुपमा सरकारमा कुनै पनि व्यक्ति राख्ने विषयमा प्रत्यक्ष वा अप्रत्यक्ष भारतको भूमिका हुन्थ्यो भन्न सकिन्छ । यथार्थ जे भए पनि वि.सं २०१० श्रावण ५ गते प्रधानमन्त्री मातृका प्रसाद दिल्ली पुगे । त्यहाँ उनको ३ दिन बस्ने कार्यक्रम थियो । दिल्लीमा पत्रकारहरूलाई नेपालको आर्थिक, राजनैतिक दुबै प्रश्नमा विचार विमर्श गर्नका लागि दिल्ली आएको कुरा बताएका थिए ।[३२१] त्यहाँ उनले नेपालको आन्तरिक परिस्थिति ठीक नभएको र नेपालको उत्तरी सिमानामा रातो झण्डा लिएर डाँकाहरूले उत्पात मच्चाएको पनि बताएका

---

[३१७] *गोरखापत्र* , २०१४ माघ २५ ।

[३१८] मुनी, *पूर्ववत्, पादटिप्पणी नं.२६*, पृ. ७५ ।

[३१९] देवकोटा, *पूर्ववत्, पादटिप्पणी नं.४*, पृ.२२१ ।

[३२०] *ऐजन*, पृ.२२६-२२८ ।

[३२१] *गोरखापत्र* , २०१० श्रावण ७ ।

थिए ।[३२२] काठमाडौंबाट पश्चिम नेपालतिर यातायातको ज्यादै असुविधा छ र उत्पादन मच्चाइएको ठाउँमा चाडै फौज पठाउन पनि मुस्किल छ । संयुक्त पुलिस कारवाहीको निम्ति हामीले भारत सरकारसँग अनुरोध गरेका छौ , सो संयुक्त कारवाही हुनेछ [३२३] भन्ने जानकारी गराए । यसबाट प्रधानमन्त्री मातृकाप्रसादको भारत भ्रमणको मुख्य आशय स्पष्ट नै देखिन्छ । मातृका मन्त्रीमण्डलको गठनसँगै २०१० असारको सुरुदेखि नै सुदूर पश्चिम नेपालमा भीमदत्त पन्तद्वारा अशान्तिका वातावरण सिर्जना भयो । त्यस उत्पातलाई दमन गर्नका निम्ति नेपाल सरकारले भारतबाट सशस्त्र सैनिक ल्यायो र विद्रोह दवाउन नेपाल भारतका सुरक्षा अधिकारीहरूबाट संयुक्त कारवाही गरियो ।[३२४] उनले यो विद्रोह किन गरे त्यसको पूर्ण जानकारी प्रकाशमा आएन सरकारले लुटपाटको आरोप लगाएको थियो । यो विद्रोह दमन गर्न नेपाल भारत संयुक्त सैनिक कारवाही गरियो । उक्त कारवाहीमा भारतीय फौजले २ नेपाली मारे ५० जना नेपालीलाई घाइते पारे र २७२ नेपालीलाई पक्राउमा पारे तर भिमदत्तलाई पक्रन सकेन ।[३२५]

उता श्रावण ६ गते प्रधानमन्त्री मातृकाप्रसाद कोइरालाले भारतका प्रधानमन्त्री जवाहरलाल नेहरूलाई भेटी नेपालको राजनतिक र आर्थिक विषयलाई लिएर कुराकानी गरे । यसैको भोलिपल्ट नेहरूद्वारा आयोजना गरीएको एउटा प्रितीभोजमा भारतीय राजनितीज्ञ र प्रमुख नागरिकहरू पनि उपस्थित थिए । भारतमा रहँदा नेपाल-भारत आयात निर्यातका समस्याहरूबारे भारतीय गृहमन्त्रीसँग नेपालका प्रधानमन्त्री कोइरालाले कुराकानी गरे । उक्त अवसरमा नेपाल भारत सीमामा दुबै सरकारबाट पोष्ट र टेलिग्राम अफिसहरू खोल्न कति सम्भव छ भन्ने कुराको विषयमा पनि भारतीय यातायात मन्त्री र नेपालका प्रधानमन्त्रीबीच कुराकानी भयो ।[३२६] मातृकाको भारत भ्रमणको अवसरमा व्यापार आदि विभिन्न विषयहरूमा सम्झौताहरू भए । नेपाल र भारत सम्बन्धी आर्थिक तथा राजनीतिक कुराहरू उपर मैत्री

---

[३२२] *ऐजन*।

[३२३] *ऐजन*।

[३२४] देवकोटा, *पूर्ववत्, पादटिप्पणी नं.४,* पृ.२३४ ।

[३२५] *ऐजन*।

[३२६] *गोरखापत्र ,* २०१० श्रावण ७।

तवरले छलफल गरी भारत नेपाल व्यापार सम्झौता र नेपालको उन्नतिको विषयका योजनाहरू माथि कुराकानी भयो । विभिन्न योजनाहरू कार्यान्वयन गराउँदा र त्यस विषयमा छलफल गर्दा दुबै सरकारले काँधमा काँध मिलाई अगाडि बढ्नु पर्दछ भन्ने कुरामा पनि निर्णय गरियो ।[३२७]प्रधानमन्त्री कोइरालाले भारतमा रहँदा भारतीय प्रधानमन्त्री र अन्य मन्त्रीहरूसँग भेट गरे । दिल्लीबाट प्रकाशित मातृकाको वक्तव्य अनुसार भारतबाट नेपालमा आउने कपडा, चिनी, सलाई, चुरोट, सुर्ती जस्ता चिजहरूमा भारत सरकारले भन्सार नलिने मञ्जुर गरेको छ [३२८] साथै भारतमा नेपाल र भारतका बीच नेपाललाई वार्षिक रुपमा केही आर्थिक सहयोग गर्ने सहमती पनि बन्यो ।[३२९]

भारत सरकारको निमन्त्रणामा भारत गएका मातृकाप्रसाद कोइरालाका विगतका क्रियाकलापहरूले गर्दा नेपालमा फेरि पनि नेपालको सार्वभौमिकतामा भारतीय हस्तक्षेप हुने डर पैदा गरिदिएको थियो नभन्दै भिमदत्त पन्तको विद्रोह दवाउन भारतिय सेना नेपाल भित्र्याइयो । यसैका लागि सरकार गठन भएको केही महिनामा नै मातृका दिल्ली पुगेका थिए । उनलाई भारत सरकारले निमन्त्रणा पठाउनु र नेपालमा भीमदत्त पन्तको विद्रोह हुनु सँगसँगै भएबाट नेपाल सरकारकै अनुरोधमा उनलाई भारतबाट निमन्त्रणा पठाइएको हो कि जस्तो दखिन्छ । भीमदत्त पन्तको अशान्तिमय क्रियाकलापका खबर काठमाडौं आएपछि प्रधानमन्त्री मातृका भारतीय प्रधानमन्त्री नेहरूलाई भेट्न दिल्ली पुगे र भारतीय सरकारसँग सहयोगको याचना पछि संयुक्त कारवाही गरि विद्रोह दवाइयो । नेपालमा फरि पनि भारतीय सेनालाई घुसाइ गरिएको कारवाही प्रति धेरै असन्तोषहरू उत्पन्न भए । प्रधानमन्त्रीका यस्ता क्रियाकलापले नेपालमा बारम्बारको भारतीय हस्तक्षेपको महसुस गरियो । नेपालका शासन सत्ताका बागढोर समातेका मातृकालाई भारतीय सरकारले फेरि एकचोटी आफ्नो अनुकूलको व्यक्तिलाई गुन लगायो । यस अघि राणा कांग्रेस विवाद पनि भारतमा नै , दुई दाजुभाइको ( मातृकाप्रसाद र विश्वेश्वरप्रसाद) झगडा दुई दुई पटक भारतमा नै मिलाइने प्रक्रिया त भइसकेका थिए त्यसको अलवा देशभित्र अशान्तिका वातावरण सिर्जना भएका खण्डमा पनि

---

[३२७] *ऐजन*।

[३२८] *ऐजन*।

[३२९] नरेन्द्र गोयल, *पोलिटिकल हिष्ट्री अफ हिमालय स्टेटस,* न्यू दिल्ली : क्याम्ब्रीज बुक्स एण्ड स्टेशनरी, ई. सं. १९६६, पृ. ५८।

भारतीय सेनाको हस्तक्षेप गराई सरकार स्वयम् आफू बलियो बन्यो । यसले नेपाल भारत कुटनीतिक क्षेत्रमा कत्तिको योगदान दियो त्यो आफ्ना ठाउँमा छ तर राजनैतिक रुपमा मातृकाको यो भ्रमण उनका लागि अकाव सिद्ध देखिन्छ । मातृकाको यस्तै क्रियाकलापले उनको सरकार दिनप्रतिदिन पतन दिशातर्फ उन्मुख हुनथाल्यो ।

## ४.२.२ मातृकाप्रसाद कोइरालाको भ्रमण (२०१० भाद्र २६)

२०१० भाद्र २६ गते बिहान प्रधानमन्त्री श्री मातृकाप्रसाद कोइराला हवाइजहाजद्वारा काठमाडौंबाट कलकत्ताको लागि प्रस्थान गरे । त्यहाँ प्रधानमन्त्री कोइरालाले श्री ५ को दर्शन गरी आवश्यकीय कुराहरू माथि विचार विमर्श गरे ।[३३०] राष्ट्रिय प्रजापार्टीको एकमना मन्त्रीमण्डलको गठनदेखि नै यसको विरोधमा आवाजहरू उठ्न थालेका हुन् । राष्ट्रिय प्रजापार्टीको स्थापना भएको डेढ महिनापछि राजाले मातृका प्रसादको प्रधानमन्त्रीत्वमा उनकै दलको मन्त्रीमण्डल गठन गरेका थिए ।[३३१] राजधानीमा यो मन्त्रीमण्डल सबै राजनैतिक दलहरूको आलोचनाको केन्द्र बन्यो । विश्वेश्वरप्रसाद कोइरालाले “आजको मन्त्रीमण्डल र हिजोको सल्लाहकार शासनमा कुनै फरक छैन[३३२] भन्दै आलोचना गरेका थिए । सबैको आलोचना खेपेको यस सरकार दिन प्रतिदिन कमजोर बन्दै गयो । २०१० भाद्र महिनामा भएको काठमाडौं नगरपालिकाको चुनावमा शासक दलले एक स्थान पनि प्राप्त गर्न सकेन भन्ने कुरा माथि नै राजाको २०१० श्रावण २७ गतेको भ्रमणमा नै उल्लेख गरियो । यस हारबाट राष्ट्रिय प्रजा परिषदको हारको रुपमा लिइयो र जनताबाट सरकारलाई विश्वास नभएको उल्लेख गरियो ।[३३३] उनको भ्रमणलाई कम्युनिष्टहरूको विजयले राजतन्त्र विरोधी शक्तिहरू बलियो बन्दै गइरहेको कारणले गर्दा प्रजातान्त्रिक पार्टीहरूलाई बलियो बनाउनु पर्ने भयो । त्यसैले राजा मन्त्रीमण्डलमा केही व्यक्तिहरू राखी मन्त्रीमण्डल पुर्नगठन गर्न हतारिए । मातृकाले तत्कालनै मन्त्रीमण्डलमा प्रजातान्त्रिक दलहरूलाई राखी सरकार बलियो बनाउनुपर्ने

---

[३३०] *गोरखापत्र , २०१०* भाद्र २९ ।

[३३१] मानन्धर र शर्मा, *पूर्ववत्, पादटिप्पणी नं. २,* पृ. २५ ।

[३३२] देवकोटा, *पूर्ववत्, पादटिप्पणी नं. ४,* पृ. २९२ ।

[३३३] डा. देवचन्द्र मिश्र, *विश्वेश्वरप्रसाद कोइराला और नेपाली राजनीति,* काठमाडौंः मिश्रा प्रकाशन, ई.सं. १९९६, पृ. ९१ ।

कुराको आवश्यकता रहेको महसुस गरे । त्यसैले सेप्टेम्बरमा उनी कलकत्ता उडे । जहाँ त्रिभुवन औषधी उपचारका लागि न्यूरिच जाने भनी पहिल्यै निर्णय भइसकेको थियो त्यहाँ गएर नेपालका राजनैतिक स्थितिको बारेमा छलफल भयो । त्यसैकारण राजा राजनैतिक परिवर्तन गर्न स्वदेश फर्किए तर उनी सफल भएनन् ।[३३४] यसबाट मातृकाको भारत भ्रमणको आसय के देखिन्छ भने उनी कलकत्तामा आफ्नो मन्त्रीमण्डलका सदस्यहरू बढाउने तथा नेपालका अन्य कार्यहरूका विषयमा समेत राय प्रस्तुत गर्न विचार विमर्श गर्न २०१० भाद्र २७ गते राजालाई भेटे ।[३३५] त्यहाँबाट मातृका भाद्र ३१ गतेको दिन विहान ११:०० बजे स्वदेश फर्किए ।[३३६] प्रधानमन्त्री आएको भोलिपल्ट कलकत्तामा उपचारार्थ रहेका राजा आश्विन १ गते काठमाडौं आए ।[३३७]

राजा त्रिभुवनले मातृकाप्रसाद केही राजनैतिक पार्टीहरूलाई सरकारमा सामेल गरी राष्ट्रिय सरकारको गठन गर्नेछन् भन्ने विश्वास गरे जस्तो देखिन्छ । तर मातृकाले राजनैतिक सङ्कटलाई समाधान गर्न सकेनन् देशमा कुनै पनि दलले स्थायित्व प्राप्त गर्न नसकेका कारण राजा दु:खी थिए त्यसैले राजा साह्रै विरामी परे ।[३३८] उनलाई जुन विश्राम चाहिएको थियो, अधिकार हस्तान्तरणका लागि योग्य व्यक्ति प्राप्त हुन सकिरहको थिएन । भारतदेखि स्वदेश फर्किएका राजा एक घोषणा मार्फत सल्लाहकार सभा गठन गर्न निर्देशन दिइसकेको जानकारी गराए । त्यसको अलवा मन्त्रीमण्डल थप गर्ने द्वार खुल्ला भएको जानकारी पनि गराइयो ।[३३९] राजनैतिक सङ्कट उत्पन्न भई भारत गएका मातृका लगभग राजासँगै काठमाडौ फर्किए । राजा आए पछि केही निकास निस्किएला भन्ने ठानेका राजनैतिक दलहरू राजाको स्वीटजरल्याण्डको यात्राका लागि भारत प्रस्थानपछि निरास देखिए किनकी राजाले राजनितीक दलहरुको इच्छाअनुसार कार्य गरेनन् फलतः राजाको भ्रमणको बारेमा पनि विभिन्न टिकाटिप्पणीहरू भए

[३३४] श्रेष्ठ, *पूर्ववत्, पादटिप्पणी न* ६, पृ. २०५-२०६ ।
[३३५] *ऐजन्* ।
[३३६] *गोरखापत्र , २०१०* भाद्र २९ ।
[३३७] *गोरखापत्र , २०१०* आश्विन २ ।
[३३८] *ऐजन* ।
[३३९] तुलाधर, *पूर्ववत्, पादटिप्पणी नं. २२,* पृ. ३२३ ।

गरिए । राजाको भारत प्रस्थान र देशभित्र नेपाल प्रजातन्त्र लिगको स्थापनाले मातृकाप्रसादको मन्त्रीमण्डलका लागि एउटा अशुभ सङ्केतको चित्रण भयो ।

### ४.२.३ मातृकाप्रसाद कोइरालाको भ्रमण (२०१० आश्विन २५)

राजा उपचारार्थ भारतमा लामो समय बसी २०१० आश्विन १ गते स्वदेश फर्किए । उनलाई बोलाउन मातृका भारत गएको देखियो । राजा स्वदेश फर्किएपछि मन्त्रीमण्डल पुर्नगठन होला र राजनैतिक जुन समस्या छ त्यो समाधान होला भनी राजनैतिक दलहरूले गरेको आशा निरासमा परिवर्तन भयो । राजा नेपाल फर्केको केही दिनमा पुनः भारत गए । यता देशभित्र ३ राजनैतिक दलहरू सम्मिलित भई एक मोर्चा गठन गरे । यस मोर्चाको एउटा आमसभामा यस लिगका एक प्रमुख व्यक्ति विश्वेश्वरप्रसाद कोइरालाले "हामी भारतका विरोधी न हौ न कहिले हुन सक्छौ । केवल हाम्रो आन्तरिक व्यवस्थामा विदेशी हस्तक्षेप चाहदैनौ । भारतको वैदेशिक नीति संसारका दुई शक्तिदेखि टाढा रहने नेपालका लागि पनि सुहाउँदो छ[३४०] भने त्यसको अलवा त्यतिखेर राजाको भारत भ्रमणलाई बिरामीको वहाना बनाएको सम्म कुरा गरियो । राजाको भारत प्रस्थानपछि फेरि राजालाई भेट्न मातृका प्रसाद २०१० आश्विन २५ गते भारत पुगे ।[३४१] बम्बइमा पत्रकारहरूले सोधेको प्रश्नको उत्तरमा बम्बइ पुग्नुभन्दा अगाडि काठमाडौंमा नेपाली काङ्ग्रेसका नेताहरूसँग मन्त्रीमण्डलमा सम्मिलित गराउनका लागि एउटा सम्झौतामा पुग्न छलफल भएको थियो तर नतिजा ननिस्किएको बताए ।[३४२] प्रधानमन्त्रीले अगाडि भने "बम्बइमा हाल आएका भारतीय प्रधानमन्त्री नेहरूसँग मैले यस विषयमा कुरा गरिसके । उपयुक्त कुराकानी राजालाई बोध गराउन म बम्बइ आएको हुँ"[३४३] २०१० आश्विन २५ गते भारतीय प्रधानमन्त्री नेहरूले श्री ५ र माननीय प्रधानमन्त्री मातृका प्रसाद कोइरालालाई भेट गरे ।[३४४]

---

३४० देवकोटा, *पूर्ववत्, पादटिप्पणी नं. ४*, पृ. २३९ ।

३४१ *गोरखापत्र , २०१०* आश्विन २६ ।

३४२ *ऐजन* ।

३४३ देवकोटा, *पूर्ववत्, पादटिप्पणी नं. ४*, पृ. २३४ ।

३४४ *गोरखापत्र, पूर्ववत्, पादटिप्पणी नं ११४* ।

मातृकाको यो भ्रमण नेपालमा प्रजातन्त्र लिग स्थापना भएको केही समयपछि भएको हो । यो लिगप्रति मातृकाले ". . . प्रजातन्त्र लिगको निर्माण एउटा हत्तपत्त लोक प्रत्यार पार्न खोज्ने प्रयत्न मात्र हो . . सरकारमा पाउने बढ्ता मोलतोल गर्न सकिनेछ भन्ने विचारले यो लिग निर्माण भएको"[३४५] आरोप लगाए । प्रजातन्त्र लिगले "मातृका श्री ५ को भक्त बनेर उहाँको निगाहाले आफ्नो स्वार्थ सिद्ध गर्ने . . . उहाँ सिधै दरबारिया षडयन्त्रकारी हुन भएकोले यो उति आश्चर्य कुरा होइन । मातृका आफ्नो बलले भ्याएसम्म मुलुकको गुलामी चित्र देखाउने प्रयास गर्दै छन्" [३४६] भन्ने आरोप पनि  लगाइयो । मातृकाको यो यात्रा राजा यूरोपतिर जानुभन्दा १ दिन अगाडि भएको छ । राजा र नेहरूलाई भेटी राजाको यूरोप यात्रापछि मातृका स्वदेश फर्किए । यो यात्रा मन्त्रीमण्डल गठन सम्बन्धी विषयमा भएको भए पनि राजा यूरोपबाट फर्किएपछि मन्त्रीमण्डल गठन भएको हुनाले पक्कै पनि राजा र नेहरूले राजाको उपस्थितिमा मन्त्रीमण्डलको गठन सम्बन्धी कार्य हुनुपर्ने सल्लाह दिएको हुनुपर्छ किन कि त्यतिखेर मन्त्रीमण्डल विस्तार गर्ने कुरा केही समयका लागि स्थगित गरियो र राजा आएपछि पुनः सञ्चालन गरियो ।

### ४.२.४ मातृकाप्रसाद कोइरालाको भ्रमण (२०१० पौष २०)

राजा त्रिभुवनको यूरोप यात्रा सकी भारतमा आउनुभन्दा १ दिन अगाडि २०१० पौष २१ गते उनको स्वागत गर्न प्रधानमन्त्री मातृका प्रसाद कोइराला बम्बइ पुगे । उनका साथमा योजना विकास मन्त्री महावीर शमशेर जवरा पनि गएका थिए ।[३४७] बम्बइमा संवादताहरूसँग देशमा राजनीतिक दलहरूको प्रतिनिधित्व गरी नेपालमा नयाँ सरकार गठन गर्ने प्रबन्ध भइसकेको जानकारी गराए ।[३४८] त्यस्तै संवाददाताहरुसँगको एक वार्तामा राजाको इच्छा बमोजिम नेपालमा राष्ट्रिय प्रजापार्टी, नेपाली कांग्रेस र अरु पार्टीहरूमा नयाँ सरकार

---

[३४५] देवकोटा, *पूर्ववत्, पादटिप्पणी नं. ४,* पृ. २३९ ।

[३४६] *ऐजन* ।

[३४७] *गोरखापत्र , २०१०* पौष २५ ।

[३४८] *गोरखापत्र , २०१०* पौष २३ ।

बनाउने कुरामा सम्झौता भयो । राजा स्वदेश फर्किएपछि मन्त्रीमण्डल घोषणा हुने भएको छ भनी आशा पनि व्यक्त गरे ।[३४९]

मातृकालाई लामो समय राजाको अनुपस्थिति देशमा विद्यमान अस्थिरता र संवैधानिक सङ्कटले गर्दा बम्बइ पुऱ्यायो । जहाँ राजा नेपालको खबर पाएर चिन्तित थिए । नेपालको राजनैतिक अस्थिरताको बारेमा भारतीय प्रधानमन्त्री नेहरू र राजाबाट गहिरो अफसोच व्यक्त भएको पाइन्छ ।[३५०] देशमा विद्यमान संवैधानिक विवादलाई तुरुन्तै समाधान गर्न अत्यावश्यक भएको हुँदा औषधी उपचारका लागि विदेश गइरहेका राजालाई नेपाल फर्किनु पऱ्यो र त्यसको लगत्तै पछि राजाबाट अधिकार स्पष्ट पार्न एउटा घोषणा गर्नुपऱ्यो जुन २०१० माघ ७ गतेको घोषणा हो । यसले नेपालको राजनैतिक इतिहासमा महत्वपूर्ण भूमिका खेल्छ ।[३५१]यसबाट के कुरा देखिन आउँछ भने राजालाई विवाद समाधानका लागि नेपालमा बोलाइयो जसलाई स्वागत गर्न मातृका दिल्ली पुगे । मातृकाको यस भ्रमणको पछि मन्त्रीमण्डल पुर्नगठन भयो । त्यस्तै राजा स्वदेश फर्केर २०१० माघ ७ गते एउटा घोषणा गरे । मन्त्रीमण्डलमा भएको गठनले केही समय भएपनि राजनैतिक समस्याको निराकरण भयो ।

### ४.२.५ मातृकाप्रसाद कोइरालाको भ्रमण (२०१० माघ ८)

२०१० माघ ८ गते दिउँसो हवाइजहाजद्वारा प्रधानमन्त्री मातृकाप्रसाद कलकत्ता गए । भारतीय कांग्रेसको निमन्त्रणामा सम्मिलित हुनका लागि उनी त्यता लागेका थिए । भारतीय कांग्रेसको अधिवेशनमा उनलाई निमन्त्रणा दिइएको थियो ।[३५२] अखिल भारतीय कांग्रेसको अधिवेशनमा भाग लिन जाँदा प्रधानमन्त्री कोइरालाले भारतका प्रधानमन्त्री नेहरूसँग ४५

---

३४९ *ऐजन* ।

३५० तुलाधर, *पूर्ववत्, पादटिप्पणी नं २२,* पृ. ३२७ ।

३५१ मानन्धर र शर्मा, *पूर्ववत्, पादटिप्पणी नं.२,* पृ. २९ ।

३५२ *गोरखापत्र , २०१०* माघ ९ ।

मिनेट कुराकानी गरे । दुबै देशका प्रधानमन्त्रीहरूबीच विभिन्न समस्याहरू माथि छलफल भयो[३५३] भन्ने समाचार एक पत्रिकाले छापेको छ ।

यूरोपको स्वास्थ्य उपचारपछि स्वदेश फर्किएका त्रिभुवनको २०१० माघ ७ गतेको घोषण भएको भोलिपल्ट माघ ८ गते यो यात्रा तय भएको देखिन्छ । उनी ५/६ दिनका लागि भनी गएका थिए तर यात्रा अवधि बढ्यो । उनको स्वदेश आगमनको केही दिनपछि मन्त्रीमण्डललाई पुर्नगठन गरियो । जसमा नेपाली कांग्रेसलाई मन्त्रीमण्डलमा कुनै स्थान दिइएन । २०१० फागुन ७ गते चारवटा राजनैतिक दल एवम् केही स्वतन्त्र व्यक्तिहरू सामेल भएको एउटा बहुदलीय मन्त्रीमण्डलको गठन भयो ।[३५४] नेपालका प्रधानमन्त्री मातृकाले यसपालि पनि नेहरूलाई भेटे दुबै देशका समस्याहरूमाथि छलफल भएको कुरा हुँदा पक्कै पनि नेपालको राजनैतिक परिस्थितिको बारेमा कुराकानी भएको हुनुपर्छ किन कि त्यस समयमा (२००७ साल पछि) नेपालका प्रधानमन्त्रीहरू भारतमा केही कुरा दिनभन्दा लिन बढी गएको देखियो । नेपालप्रतिको नेहरूको चिन्ताका कारण मन्त्रीमण्डल गठनप्रति नेहरूको सकारात्मक धारणा ल्याएर राजालाई सुनाएपछि राजाबाट मन्त्रीमण्डल गठन गर्ने कार्य भएको हुनसक्छ ।

### ४.२.६ मातृकाप्रसाद कोइरालाको भ्रमण (२०११ श्रावण २१)

२०११ साल श्रावण २१ गते नेपालका प्रधानमन्त्री मातकाप्रसाद कोइराला स्वास्थ्य उपचारको निम्ति दिउँसो ३ बजेतिर कलकत्ता गए ।[३५५] उनी आफ्नी धर्मपत्नी र निजी चिकित्सकको साथ हवाइमार्गद्वारा बेलुकीपख कलकत्ता पुगे । उनी एपेन्डीसाइटिक्सको उपचारार्थ भारत गएका थिए । उनी विगत केही समयदेखि यस रोगबाट पीडत थिए ।[३५६] भारतमा २०११ श्रावण २८ गते बिहान ९:३० बजे डा. वनर्जीद्वारा प्रधानमन्त्री मातृकाप्रसादको

---

[३५३] *गोरखापत्र , २०१० माघ ९ ।*

[३५४] मानन्धर र शर्मा, *पूर्ववत्, पादटिप्पणी नं. २,* पृ. ३१ ।

[३५५] *गोरखापत्र , २०११* श्रावण २२ ।

[३५६] *गोरखापत्र ,* २०११ श्रावण २५ ।

एपेन्डीसाइटिक्स रोगको अप्रेशन सफलतापूर्ण सम्पन्न भयो ।[३५७] उपचारपछि २०११ भाद्र २६ गते दिउँसो १२:१५ बजे हवाइमार्गद्वारा कलकत्ताबाट काठमाडौं फर्किए । उनलाई गौचार हवाइअड्डामा सेनाद्वारा सलामी र स्वागत अपर्ण  भयो ।[३५८]

यो भ्रमण प्रधानमन्त्री मातृकाको निजी र अनौपचारिक भ्रमण थियो । यस पटक भ्रमणको अवसरमा मातृकाले भारतीय नेताहरूलाई भेटेको आधिकारिक जानकारी प्राप्त हुन सकेन । तर २०११/४/२० मा काठमाडौंको आमसभामा श्री गणेशमान सिंहको हाम्रो ईश्वर त देश बाहिर नै बस्दछ केवल मन्त्रीमण्डलमा जानु मात्र हाम्रो लक्ष्य होइन हाम्रो यहि नीति भएको भए . . . अब चाहिँ नेहरूको भैलो जगाउनु हुन्छ ।[३५९] भन्ने भनाइ र सल्लाहकार सभामा विभिन्न दलहरूको विवादले सरकारबाट प्रस्तुत गरिएका प्रस्तावहरू धमाधम अस्विकृत हुन थालेको एवम् संसदीय व्यवस्थाको परिपार्टीदेखि परिचित नभएको भन्ने प्रधानमन्त्रीको अभिव्यक्तिका कारण तनावपूर्ण बनिरहेको सल्लाहकार सभाको वैठक स्थगित गरिएको जसले मन्त्रीमण्डलमा फुटको वातावरण पैदा भएको [३६०] र यस्तै तनावपूर्ण स्थितिहरू विकसित बन्दै गइरहेको परिप्रेक्ष्यमा प्रधानमन्त्रीको भारत भ्रमण भए पनि नेहरूसँगको परामर्श भएको बारेमा केही यकिन जानकारी प्राप्त हुन सकेन तर उनी स्वदेश फर्किएपछि मन्त्रीमण्डलमा तनावहरू बढ्दै गए जसले पुनः नेपालको राजनीतिक स्थिति अझै पनि तनावपूर्ण भएर रहयो । अन्ततः राजाले यस्तो परिस्थितिमा हस्तक्षेप गरी खिचातानीलाई कम गरेका थिए ।[३६१] मातृकाको यो निजी भ्रमणले नेपाल भारत सम्बन्धमा पनि कुनै उल्लेखनीय उपलब्धी हासिल भएको देखिदैन ।

---

[३५७] *गोरखापत्र* , २०११ श्रावण २९ ।

[३५८] *गोरखापत्र* , २०११ भाद्र २८ ।

[३५९] मानन्धर र शर्मा, *पूर्ववत्, पादटिप्पणी नं. २,* पृ. ३२-३३ ।

[३६०] *ऐजन* ।

[३६१] ऋषिकेश शाह, *मोर्डन नेपाल (भाग २),* न्यू दिल्लीः मनोहर पब्लिसर्स एण्ड डिष्ट्रीव्यूटर्स, ई.सं. १९९६, पृ. ३१ ।

### ४.२.७ मातृकाप्रसाद कोइरालाको भ्रमण (२०११ आश्विन २८)

राजा त्रिभुवनको स्वास्थ्य उपचारको निम्ति कलकत्ताबाट यूरोपतर्फ जाने कार्यक्रम अनुसार उनलाई भेट गर्न मातृकाप्रसाद भारत पुगेका थिए ।[३६२] २०११ आश्विन २८ गते राजाको दर्शन गर्न र जवाहरलाल नेहरूसँग भेट गर्न मातृका कलकत्ता पुगे ।[३६३] त्यहाँ उनले पत्रकारहरुलाई १९५६ को आरम्भमा नै निर्वाचन हुने बताए त्यसको अलवा नेपालमा शान्ति र सुरक्षाको दिशामा प्रगति भएको पनि बताएका थिए । त्यस्तै प्रधानमन्त्री मातृकाले वैदेशिक सम्बन्धको चर्चा गर्दै सरकार सबै देशहरूसँग सम्बन्ध राख्न इच्छुक छ तर जताततै दूतावास र कन्सुलेटहरू खडा गर्न आर्थिक परिस्थितिले सम्भव हुन सक्दैन जसको वैदेशिक नीति हामीसँग मिल्दो छ त्यस्ता दक्षिण एसियायी देशहरूसँग सम्बन्ध राख्न नेपाल प्रयत्न गर्ने कुरा पनि बताए ।[३६४] त्यसैको भोलिपल्ट २०११ आश्विन २९ गते बेलुकीपख राजभवनमा भारतका प्रधानमन्त्री नेहरूसँग भेट गरे । त्यहाँ दुबै देशको पारस्परिक विषयमा छलफल भयो त्यस समयमा राजाको पनि उपस्थिति थियो ।[३६५] त्यसपछि पत्रकारहरू समक्ष विश्वघटनालाई लिएर दक्षिणपूर्वी एसियाको परिस्थिति माथि भएको कुराकानी र तिब्बत र चीन सम्बन्धको बारेमा भएको कुराकानीको पनि जानकारी गराए ।[३६६]

मातृकाको यो भ्रमण भारतीय प्रधानमन्त्री जवाहरलाल नेहरूको चीन भ्रमणभन्दा अगाडि भएको देखिन्छ । तिब्बतको विषयमा भारत र चीनबीच दुई पक्षीय सम्झौता सम्पन्न भएको कारणले नेपाल चीन सम्बन्ध विकासको क्षेत्रमा पनि बढी सम्भावनाहरू देखा परे । यस्तो परिस्थितिमा नेपालको तिब्बत र चीनतर्फको सम्बन्धबारे छलफल गर्न प्रधानमन्त्री कोइराला कलकत्ता गए । अक्टोबर १९५४ मा नहेरु पेकिङ्ग जानुभन्दा अगाडि नेपाली प्रधानमन्त्रीले भारतीय प्रधानमन्त्री नेहरूलाई भेट[३६७] गरेको विषयमा केही धेरै विद्वान्हरू

---

[३६२] *गोरखापत्र* , २०११ आश्विन १८ ।

[३६३] *गोरखापत्र* , २०११ कार्तिक २ ।

[३६४] *ऐजन* ।

[३६५] *ऐजन* ।

[३६६] *ऐजन* ।

[३६७] क. मुनी, *पूर्ववत्, पादटिप्पणी नं २६,* पृ. ८६ ।
ख. गोयल, *पूर्ववत्, पादटिप्पणी नं.* १०२, पृ. ६० ।
ग. गिरीलाल जैन, *इण्डिया मिट्स चाइना इन नेपाल,* बम्बईः एसिया पब्लिसिङ्ग हाउस, ई. सं. १९५९, पृ. ११० ।

सहमत देखिन्छन् । मुख्यतया नेपालको विदेशनीतिको विषयमा परामर्श गर्न भारत गएका नेपालका प्रधानमन्त्री मातृका प्रसाद भारतीय प्रधानमन्त्री नेहरूलाई भेटी चीन नेपाल सम्बन्धको बारेमा नेहरूको राय माग्न पुग्नु र त्यस अवसरमा राजा पनि भारतमा नै रहनुले त्यतिबेलाको नेपालको राजनीतिमा मात्र नभएर विदेशनीतिमा पनि नेहरूको अभिभावकत्व रहेको देखिन्छ । नेपालले यस भन्दा अगाडि नै चीनसँग सम्बन्ध स्थापित गर्न इच्छुक थियो । तर भारत र चीनबीचको आपसी कटुताले नेपाल चीन सम्बन्ध ओझेलमा परेको थियो । भारत सरकार नेपाल र चीनबीच सोझो सम्पर्क चाहदैनथ्यो ।[३६८]

प्रधानमन्त्री मातृका नेहरूलाई भेट्न कलकत्तामा पुगी कार्तिक १३ गते विराटनगर हुँदै काठमाडौ फर्किए । मातृकाको यस भारत भ्रमण र नेहरूसँगको भेटघाटले पनि त्यतिबेलाको राजनीतिक परिस्थितिमा अमृत जल छर्किन असफल देखियो । न त यस भ्रमणले मातृकालाई कुनै राजनैतिक फाइदा नै पुऱ्यायो । राजाको विदेश यात्रासँगै उनी क्रमशः कमजोर देखिन थाले ।

## ४.२.८ मातृकाप्रसाद कोइरालाको भ्रमण (२०११ कार्तिक १८)

आफ्नो भारत भ्रमण सिद्धिएको ६ दिन पनि नपुग्दै नेपालका प्रधानमन्त्री मातृकाप्रसाद कोइराला २०११ साल कार्तिक १८ गते फेरि भारततर्फ लागे । उनी १८ गते बिहान कार्तिक १९ गते हुने पर्वतारोहण शिक्षण केन्द्रको उद्घाटन समारोहमा भाग लिन हवाइमार्गद्वारा दार्जिलिङ्गतर्फ गए । उनले त्यस उद्घाटन कार्यक्रम सिद्धिएपछि नेपालका पूर्वी सहर इलाम भद्रपुर र झापाको दौडाह गर्ने कार्यक्रमहरू तय गरिएको थियो ।[३६९] दार्जिलिङ्गमा भारतीय प्रधानमन्त्री नेहरू पनि आउने कार्यक्रम तय भएको थियो । त्यहाँ नेहरूलाई दार्जलिङ्गका गोर्खालीहरूले सबै विघ्नबाधाहरूको सामना गर्न भनी चाँदी र हस्ती हाडको बीड भएको एउटा खुकुरी प्रदान गऱ्यो ।[३७०]त्यही खबरमा प्रधानमन्त्री मातृकाप्रसाद भारतीय प्रधानमन्त्री

---

३६८ चर्तुवेदी, *पूर्ववत्, पादटिप्पणी नं.७५*, पृ. ९० ।

३६९ *गोरखापत्र* , २०११ कार्तिक २० ।

३७० *ऐजन* ।

नेहरूलाई भेट्न र वहाँसँग राजनैतिक समस्याहरूमाथि छलफल गर्न आइपुगे ।[३७१] यस भनाइ अलिकति यथार्थपरक देखिन्छ । किन कि मन्त्रीमण्डलमा आएको सार्वजनिक फुट र राजाको अनुपस्थितिले उनलाई झन दिन प्रतिदिन अप्ठ्यारो पार्दै आइरहेको थियो । पहिला मन्त्रीमण्डलमा सिर्जित विवादलाई राजा त्रिभुवनले केही समय रोकिदिए पनि मन्त्रीमण्डलभित्र एकता कायम गर्ने सम्बन्धी त्रिभुवनलाई दिएको वचन तुरुन्तै झूटो सावित भयो[३७२] भने उनकै पार्टीभित्र पनि फुटको यो प्रक्रिया जारी नै थियो । उता भारतमा गएका नेपालका प्रधानमन्त्री मातृका नेपालको राजनैतिक अवस्थाका बारेमा मात्र छलफल नगरी विदेशनीतिका बारेमा पनि सल्लाह सुझाव र अनुभवहरू नेहरूसँगबाट प्राप्त गरेको देखिन्छ । हुन त नेहरू चीन यात्राभन्दा अगाडि चिनियाँ नेताहरूले भारतलाई के स्पष्ट गरेका थिए भने नेपालसँगको कुनै राजनैतिक अथवा कुटनैतिक वार्ताको सन्दर्भमा भारत सरकारलाई पूर्ण जानकारी गराउने छौ । यही आश्वासनको आधारमा भारतले नेपाल चीन सम्बन्ध जोड्न अनुमती दिएपनि नेपाल चीनको सम्बन्ध प्रगाढताको पक्षमा भारत थिएन ।[३७३] भारत नेपालमा आफ्नो जुन विशेष सम्बन्ध थियो त्यसलाई जसरी भए पनि दिगो राख्न चाहन्थ्यो । अहिले सम्मका सन्धी सम्झौताहरुलाई हवाला दिदैं भारतीय प्रधानमन्त्री नेहरुले “नेपालसँग हाम्रो विशेष स्थान छ तर नेपालको सार्वभौम सत्तालाई हस्तक्षेप गर्न हामी चाहदैनौ । म सझिन्छु भारत स्वतन्त्र हुनुभन्दा अगाडि वास्तवमा नेपालमा पनि स्वतन्त्र थिएन । वैदेशिक विषयमा अंग्रेजकै हात थियो । जब हामी स्वतन्त्र भयौ नेपाललाई स्वतन्त्र देश मान्यौ, नेपाल र चीनबचि कुटनैतिक सम्बन्ध राख्ने बारेमा नेपाल सरकार निःसन्देह आफ्नै तरिकाले सम्बन्ध स्थापित गर्नेछ” [३७४] भन्ने विचार प्रकट गरे पछि नै नेपालले चीनसँग सम्बन्ध स्थापनाको आट देखाउन सक्यो । प्रधानमन्त्री मातृका नेहरू चीनबाट फर्केपछि भारत पुगेका थिए । यसभन्दा अगाडि नेहरू चीन जानुभन्दा पहिला पनि नेहरुलाई भेटेको विषयमा माथि नै उल्लेख गरियो । नेहरु चीन यात्रा सकि स्वदेश फर्केपछि पनि मातृका पुनः दिल्ली पुगेको कुरामा धेरै विद्वान्हरुले आफ्नो पुस्तकहरुमा उल्लेख गरेका छन् । मातृकाप्रसाद कोइराला फेरि एक पटक नेहरूलाई

---

३७१ *ऐजन* ।

३७२ मानन्धर र शर्मा, *पूर्ववत्, पादटिप्पणी नं.२,* पृ. ३४ ।

३७३ चर्तुवेदी, *पूर्ववत्, पादटिप्पणी नं.७५,* पृ. ९० ।

३७४ जैन, *पूर्ववत्, पादटिप्पणी नं.१४१ 'ग',* पृ. १११-११२ ।

दार्जिलिङ्गमा भेटे जब उनी चीन भ्रमण सकी फर्किए ।[३७५] नेहरूको चाइना भ्रमण पछि उनको अनुभव र संयुक्त विदेशी नीतिको बारेमा कुरा गर्न मातृकाले नेहरूलाई भेटे ।[३७६] त्यस्तै मातृकाले पुनः नेहरूलाई भेटे जब उनी चीनबाट फर्किए नेहरूको अनुभवको बारेमा जान्न ।[३७७] यी सवै भनाइहरुबाट त्यतिबेला मातृकाप्रसाद कोइराला नेपालको विदेशनीतिको बारेमा नेहरुसँग सल्लाह, सहयोग माग्न पुगेको स्पष्ट जानकारी मिल्दछ । यसबाट त्यतिबेलाको नेपालको विदेश नीति भारतीय सुरक्षाछाताभित्र जगेटिन पुगेको देखिन्छ ।

प्रधानमन्त्रीको दार्जीलिङ्ग जानुको विषयलाई लिएर एक पत्रिकाले "मातृका प्रधानमन्त्री नेहरूसँग भेट्न दार्जीलिङ्ग जानुहुने भएको छ । भारतीय प्रधानमन्त्रीसँगको वार्तामा कोइरालाले आफ्नो देशको राजनैतिक समस्याको बारेमा छलफल गर्ने भएका छन् । उनले मुलुकको वार्षिक नेकावेरी (प्रोग्रेस रिपोर्ट) पनि लिएर जानु भएको छ . . . "[३७८] भन्ने खबर छापेको छ । यो खबर तत्कालीन परिस्थितिमा यथार्थपरक देखिन्छ । उनले भारतमा नेपालको विदेशनीति भारतसँग समन्वय गर्ने जति नै विचार राखेपनि, नेहरूलाई प्रतिवेदन दिए पनि, यो भ्रमण उनका लागि व्यक्तिगत रुपमा कुनै सफल देखिदैन । मातृकाको यो क्रियाकलापले मन्त्रीमण्डलमा उनको पकड दरिलो बन्न सकेन । उनका विरोधीहरू झन दरिला बन्दै गए फलतः उनको भारत समर्थक नीति, त्रिभुवनको अनुपस्थिति इत्यादि कारणबाट उनको सरकार पतनको दिसातर्फ उन्मुख हुन पुगेको थियो । उनको यस यात्राले नेपालको राजनीतिक व्यवस्थामा त्यति प्रभाव पार्नु त सकेन तर विदेशनीतिको सन्दर्भमा भने यसले केही प्रभाव अवश्य नै पार्‍यो । यस भ्रमणले नेपाल भारत विदेशनीतिको अलवा चीनसँगको कुटनीतिक सम्बन्धको बारेमा पनि केही सुधारका संकेत नेहरुबाट प्राप्त भएको थियो ।

---

[३७५] मुनी, *पूर्ववत्, पादटिप्पणी नं. २६,* पृ. ८६ ।

[३७६] गोयल , *पूर्ववत्, पादटिप्पणी नं१०.,* पृ. ६० ।

[३७७] जैन, *पूर्ववत्, पादटिप्पणी नं. १२३ 'ग',* पृ. १११-११२ ।

[३७८] देवकोटा, *पूर्ववत्, पादटिप्पणी नं ४,* पृ. २५४-२५५ ।

### ४.२.९ मातृकाप्रसाद कोइरालाको भ्रमण (२०११ फागुन ३)

नेपालका प्रधानमन्त्री मातृकाप्रसादको अध्यक्षतामा पटनामा कोशी समन्वय समितिको वैठक बस्ने र उक्त कोशी समन्वय समितिको वैठकमा भाग लिन २०११ फागुन ३ गते प्रधानमन्त्री मातृकाप्रसाद कोइराला भारत जानेर त्यसका पर्सि पल्ट बिहान मङ्गलबार राजधानी फर्कने कार्यक्रम तय भएको थियो ।[३७९] उक्त कार्यक्रममा भाग लिन उनका साथमा राज्य व्यवस्था र योजना मन्त्रालयका एक एक जना प्रतिनिधि र विराटनगरका वडाहाकिम पनि जाने कार्यक्रम भएको जानकारी गोरखापत्रले गराएको थियो ।[३८०]

मातृकाको यस भ्रमण सरकारको प्रमुखको रुपमा उनले गरेको अन्तिम भारत भ्रमण हुन पुग्यो । उनको यस भ्रमणको केही दिन पछि उनको मन्त्रीमण्डल विघटन भएको थियो । राजाको अनुपस्थितिमा आफ्नो साहारा गुमाएका मातृकाले आफ्ना विरोधीहरुको सामना गर्न सकेनन् । त्रिभुवनको अनुपस्थितिमा आफ्ना क्रियाकलापहरू सक्रियतापूर्वक सञ्चालन गर्न खोज्ने युवराज महेन्द्रसँग उनको आत्मीयता गाँसिन सकेन । मन्त्रीमण्डलमा भएको विवाद, राजा महेन्द्रको क्रियाकलाप, नेपाली कांग्रेसको सरकार विरोधी आन्दोलन, उनकै पार्टीभित्रको विवाद जस्ता यावत घटनाहरूले उनलाई अप्ठ्यारो बनाइदियो । यिनै अन्योल हुँदा उनी भारत पुगे । भारतमा पुगेर भारतीय सरकालाई खुशी पार्ने भन्दा यस भ्रमणको अन्य कुनै उपलब्धी देखिदैन । त्यस्तै उनको यस भारत भ्रमणले नेपाल भारत सम्बन्धमा खास कुनै ठूलो प्रगति गर्न सकेको देखिदैन बरु सरकारका यस्ता क्रियाकलापदेखि महेन्द्र असन्तुष्ट बन्दै गइरहेका थिए । फलतः सरकार नै विघटन भयो ।

### ४.२.१० टंकप्रसाद आचार्यको भ्रमण (२०१३ आश्विन)

२०१२ साल माघ १३ गते आफ्नो पदभार सम्हालेका तत्कालीन नेपालका प्रधानमन्त्री टङ्कप्रसाद आचार्य चीन यात्राका लागि २०१३ आश्विनको दोस्रो हप्तातिर कलकत्ता पुगे । कलकत्ता पुगी त्यहाँ स्थित नेपालीहरूले आयोजना गरेको एउटा स्वागत समारोहमा “चीनले

---

[३७९] *गोरखापत्र* , २०११ फागुन ३ ।

[३८०] *ऐजन ।*

नेपाललाई आफ्नै भाइजस्तो व्यवहार गरेको छ" भन्ने विचार व्यक्त गरे ।[३८१] चीन जानु अघि भारतीय नेताहरूसँगको भेटघाटको औपचारिकता निर्वाह पनि प्रधानमन्त्री आचार्य भएन ।[३८२] १० दिवसीय चीन यात्राको लागि तय गरिएको यो यात्रा नेपालको कुटनीतिक क्षेत्रमा एउटा ठूलो फड्कोको रुपमा लिन सकिन्छ । यो भ्रमण राजाबाट २०१३ वैशाख २० गते शुभराज्यभिषेक समारोहमा नेपालको परराष्ट्र विषयमा "हामीले दृढतापूर्वक आफ्नो परम्परा अनुसार सबै राष्ट्रहरूसँग मित्रताको नीति अपनाएका छौ । . . . अरु शान्तिप्रिय देशहरूसँग पनि हाम्रो मित्रता बढाउने प्रयत्न हुनेछ" [३८३] . . . भन्ने संबोधनको कार्यरुप जस्तो देखिन्छ । नेपालमा आफ्नो विशिष्ट स्थान बनाइराख्ने भारतीय अभिलाषालाई निस्क्रिय बनाउनको लागि नेपाल-चीन सम्बन्धमा नयाँ आयम दिने प्रयोजनका लागि राजा महेन्द्रले चीन समर्थक प्रधानमन्त्री नियुक्त गरे ।[३८४] प्रधानमन्त्री आचार्यले भारतसँग १९५० को व्यापार तथा वाणिज्यसन्धि संशोधन या परिवर्तनका लागि अनुरोध गरे त्यतिमात्र नभएर तराईमा भारतीय मुद्रा प्रचलनमा पनि उनले रोक लगाई दिए ।[३८५] उनको यो भ्रमण २००७ को नेपालको राजनैतिक परिवर्तनपछि प्रधानमन्त्रीहरू भारत जाने जुन परम्परा थियो त्यो भन्दा यो भ्रमण विलकुल फरक थियो । नेपालका प्रधानमन्त्री टंकप्रसाद आचार्य भारत प्रस्थान गर्दा त्यहाँ कुनै पनि भारतीय नेताहरू स्वागतको निम्ति उपस्थित देखिएनन् यसबाट पनि के अनुमान लगाउन सकिन्छ भने नेपाल चीन सोझो सम्पर्कमा भारत खुशी थिएन । हुन त प्रधानमन्त्री आचार्यको यो भ्रमण चीनका लागि तय भएका भनी माथि नै उल्लेख गर्‍यौ तर भ्रमण भारत हुँदै सम्पन्न भएका कारण यस विषयलाई शोधमा उल्लेख गरिएको छ ।

प्रधानमन्त्री टंक प्रसादलाई राजाले नै चीन यात्राको लागि प्रेरित गरेका थिए । उनी नेपालको राजनीतिमा भारतको विशिष्ट स्थानको समाप्त गर्न चाहन्थ । उनले भारतसँगको विशेष सम्बन्धलाई परिवर्तन गरी समान स्तरको मैत्री सम्बन्ध गाँस्न अभिप्रेरित थिए ।

---

[३८१] *गोरखापत्र* , २०११ आश्विन ११ ।

[३८२] चर्तुवेदी, *पूर्ववत्, पादटिप्पणी नं. ७५*, पृ. ९४।

[३८३] देवकोटा, *पूर्ववत्, पादटिप्पणी नं.४*, पृ. ३७१ ।

[३८४] चर्तुवेदी, *पूर्ववत्, पादटिप्पणी नं. ७५*, पृ. ९४ ।

[३८५] *ऐजन* ।

त्यसैकारण एक भाषणमा आचार्यले "नेपाल आफ्ना छिमेकी देशहरूसँग समान स्तरको मैत्रीपूर्ण सम्बन्ध कामय राख्न चाहन्छ [३८६] भनेका थिए । नेपालका यस्तो क्रियाकलापले भारतले नेपाल चीनको पोल्टामा परेको महसुस गऱ्यो । उनी आधा शताब्दीपछि नेपालमा भारतभन्दा अन्य देशको भ्रमण गर्ने प्रथम प्रधानमन्त्री थिए ।[३८७] आचार्यको चीन भ्रमणको अवसरमा दुबै देशबीच आर्थिक सहयोग सम्बन्धी सम्झौतामा हस्ताक्षर गरियो । जसअनुसार चीनले नेपाललाई ३ वर्षका अवधिमा ६ करोड रुपया भारतीय मुद्रामा सहयोग गर्ने निश्चय भयो ।[३८८] यस विषयमा डा. के आई. ले प्रधानमन्त्रीको कार्यका विरोध गरेका थिए ।[३८९] चीनले नेपाललाई आर्थिक सहायता दिने समयमा भारतले नेपाललाई दिने आर्थिक सहयोग भन्दा बढी नहोस भन्ने विषयमा ध्यान दिइयो । विना शर्त ६ करोड रुपैयाँ दिएर चीनले नेपाली नागरिकको राष्ट्रियता र स्वतन्त्रताको भावनाको मात्र कदर गरेन अपितु मनौवैज्ञानिक रुपमा आफ्नो तर्फ तान्न सफल भयो । यसबाट भारत अति ससंकित भएको पाइन्छ । नेपालले चीनतर्फ झुकाव बढाएको ठानी आफ्नो विशेष सम्बन्धलाई पुनः कायम राख्न भारतका राष्ट्रपति राजेन्द्रप्रसाद छिट्टै नेपाल आएका थिए ।

हुन त यो सबै चाल राजा महेन्द्रको नै देखिन्छ । उनी आफ्ना पिताका जस्तो विदेशनीतिको पक्षमा थिएनन् । टंक प्रसादलाई प्रधानमन्त्रीमा नियुक्ति गर्ने उनका कुटनैतिक चाल विदेशनीतिका लागि सफल देखियो । नेपालको भौगोलिक अवस्थितिलाई ध्यानमा राख्दै चीनबाट फर्केको केही समयपछि प्रधानमन्त्री टंक प्रसाद भारततर्फ गए । नेपालको यस्तो क्रियाकलापले भारत सशङ्कीत देखियो उ नेपालमा आफ्नो स्थान सुरक्षित राख्न भरमजदुर प्रयारसत देखियो । टंकप्रसादको यो भ्रमण नेपालको विदेशनीतिका सम्बन्धमा विविधीकरणको सुरुवात थियो भने भारतका लागि नेपाल अब विशेष सम्बन्धको पक्षमा छैन भन्ने पनि सङ्केत थियो ।

---

[३८६] *ऐजन*, पृ. २२३ ।

[३८७] रोज, *पूर्ववत्, पादटिप्पणी नं.३५*, पृ. २१२ ।

[३८८] देवकोटा, *पूर्ववत्, पादटिप्पणी नं. ४*, पृ. ३९८ ।

[३८९] *ऐजन ।*

### ४.२.१० टंकप्रसाद आचार्यको (२०१३ मार्ग १८)

भारतीय राष्ट्रपति राजेन्द्र प्रसादले नेपाल भ्रमण गरेको केही महिनापछि चीनका प्रधानमन्त्री चाउ-एन-लाईले नेपाल भ्रमण गरे । त्यसको २-३ दिनपछि २०१३ साल मार्ग १८ गते दिउँसो १२ बजेतिर नेपालका प्रधानमन्त्री टंकप्रसाद आचार्य भारत सरकारको नियन्त्रणमा २ हप्ताको भारत भ्रमणका लागि राजधानीबाट प्रस्थान गरे ।[३९०] उनलाई विदाई गर्न गौचर हवाइ मैदानमा मन्त्रीगण, नेपालका निम्ति जापानी राजदूत, राजाका सेक्रेटरी तथा अन्य कयौं उच्च पदाधिकारीहरू तथा प्रजापरिषदका कार्यकर्ता उपस्थित थिए ।[३९१] टंकप्रसाद भारतको पालम हवाइ अड्डामा उत्रिन साथ उनलाई ठूलो जनसमूहले भव्य स्वागत गर्‍यो । भारतका प्रधानमन्त्री जवाहरलाल नेहरू र उनकी पुत्री इन्दिरा गान्धीबाट आचार्यको स्वागत भयो । त्यस अवसरमा भारतका केन्द्रीय मन्त्रीगण, कुटनैतिक प्रतिनिधि, उच्च पदाधिकारीहरू र विभिन्न सामाजिक संघ संस्थाका प्रतिनिधिहरू उपस्थित थिए । राष्ट्रपतिका तर्फबाट मिलिटरी सेक्रेटरी पनि उपस्थित थिए ।[३९२] त्यहाँ स्वागत भाषणको प्रतिउत्तरमा “म आशा गर्दछु कि मेरो भारत आगमन नेपाल र भारत बीचमा रहको मैत्री सम्बन्ध अझ बलियो हुनेछ ।” त्यस्तै अतीत कालदेखि नै भारतबाट नेपाललाई प्रेरणा मिलेको छ त्यो अझ पनि मिली रहने छ भनी आशा पनि प्रकट गरे । भारतीय विमानबाट ओर्लिन साथ फूलमाला पहिराइ एकत्रित जनसमूहले हर्सोल्लासपूर्वक भारत नेपाल मैत्रीसूचक नारा लगायो । त्यस अवसरमा भारतका प्रधानमन्त्री नेहरूले “विभिन्न देशहरूबाट हालै धेरै नै प्रतिष्ठित व्यक्तिहरू नयाँ दिल्ली आए । आचार्य भारतको त्यस छिमेकी देशबाट आए जससँग भारतको प्राचीन सम्बन्ध छ”[३९३] भन्ने भनाइ व्यक्त गरे । नयाँ दिल्लीमा भारतका प्रधानमन्त्री नेहरू र नेपालका प्रधानमन्त्री आचार्यबीच अन्तर्राष्ट्रिय परिस्थिति र नेपालको विकासक्रम बारे विचारको आदान प्रदान भयो ।[३९४] राष्ट्रपति भवनमा आयोजित एउटा पत्रकार सम्मेलनमा नेपालका प्रधानमन्त्री आचार्यले

---

[३९०] देवकोटा, *पूर्ववत्, पादटिप्पणी नं. ७५*, पृ. ९३ ।

[३९१] *गोरखापत्र* , २०१३ मार्ग २०।

[३९२] *ऐजन* ।

[३९३] *ऐजन* ।

[३९४] *गोरखापत्र* , २०१३ मार्ग २२ ।

आउँदो वर्षको अक्टोबर महिनामा नेपालले पहिलो चुनाव गर्नेछ भन्ने जानकारी गराए । बम्बइमा आयोजित एक समारोहमा नेपालप्रतिको भारत चीनका नीतिले नेपालको आर्थिक अवस्था सुधारिने छ । यी दुवै देश नेपालका छिमेकी हुन र नेपालको भलाईको ख्याल राखेर यिनीहरूले नेपाललाई सहायता गर्नेछन्[३९५] भन्ने विचार व्यक्त गरे । आफ्नो १५दिने भारत भ्रमणको कार्यक्रम सकी २०१३ पौष २ गते उनी काठमाडौं फर्किए ।[३९६]

टंकप्रसादको यो भ्रमण शक्ति सन्तुलनका लागि गरिएको थियो ।[३९७] भौगोलिक अवस्थितिले नेपाल जहिले पनि भारतकोनिगाहामा बाच्नुपर्ने यथार्थलाई बुझेर नै भारतलाई खुशी तुल्याउनका लागि प्रधानमन्त्री आचार्य भारत गए । अचम्म लाग्दो प्रसङ्ग यो छ कि टंकप्रसाद चीन भ्रमणका लागि भारत जाँदा र यसपालीको औपचारिक भ्रमण तुलनात्मक रुपमा ज्यादै अन्तर देखिन्छ । हुन त व्यक्ति एउटै हुन तर समय बदलिएको थियो । नेपालका प्रधानमन्त्री टंकप्रसाद जब चीनबाट नेपालमा फर्किए त्यसपछि भारतले नेपाललाई विशेष महत्वका साथ हेर्न थाल्यो । आचार्यको यस भ्रमणमा दुबै देशका आ-आफ्ना स्वार्थ थिए । भारत अझै पनि नेपाल आफ्नो छत्रछाँया भन्दा बाहिर नजाओस भन्ने चाहना पालेको थियो भने नेपाल आफ्नो स्वतन्त्र स्थितिको वचावट गर्दै नेपाल चीन र भारतबीचमा मित्रता बनाइरहन चाहन्थ्यो ।[३९८] यस समयमा भारत र चीन दुबैले नेपालमा कसरी आफ्नो प्रभाव बढाउने भन्ने विषयमा बढी महत्व दिएका थिए । चीन सरकार नेपालसँग कुटनैतिक सम्बन्ध कामय गर्ने क्रममा यस समयसम्म पनि भारत सरकारलाई जानकारी दिने गर्दथ्यो । नेपाल भ्रमण आउनुभन्दा पहिला चीनका प्रधानमन्त्री भारत गएका थिए ।[३९९] यस समय नेपाल सरकारले जुन विदेशनीतिको अवलम्बन गर्‍यो त्यो अलि असन्तुलन देखियो त्यसैले होला राजा महेन्द्र छिट्टै नै आचार्य मन्त्रीमण्डल विघटन गरी तत्कालीन भारत समर्थक देखिएका डा. के.आई सिंहलाई प्रधानमन्त्री बनाएका थिए । प्रधानमन्त्री टंकप्रसादको जुन विदेशनीति थियो

---

[३९५] *गोरखापत्र* , २०१३ मार्ग २७ ।

[३९६] *गोरखापत्र* , २०१३ पौष ५ ।

[३९७] चर्तुवेदी, *पूर्ववत्, पादटिप्पणी नं. ७५,* पृ. ९५ ।

[३९८] ऐजन ।

[३९९] ऐजन ।

त्यो एउटा सह्रानीय पक्ष थियो तर आन्तरिक पक्ष उनको अँध्यारो बन्दै गइरहेको थियो । उनी संविधान सभा विरोधी देखिए । मन्त्रीमण्डलमा आपसी फुट र कलह त्यतिबेलाको राजनीतिमा एउटा सामान्य कुरा थियो । अर्को टंकप्रसादको दलभित्र पनि प्रसस्त विवादहरू उत्पन्न भए । टंक प्रसाद आफू यहि भारत भ्रमण गएको अवसरमा आफ्नै दलका मन्त्रीहरूलाई कार्यभार नसुम्पिइ स्वतन्त्र मन्त्रीलाई प्रधानमन्त्रीको अधिकार सुम्पेर गए जसको कारण पार्टीमा आफ्नो गल्ती स्वीकार गर्दै माफी मागेका थिए ।[४००] नेपालको विदेशनीतिको सन्दर्भमा टंकप्रसाद एउटा साहसिक व्यक्ति थिए तर उनी राजा महेन्द्रको कार्यक्रम कार्यान्वयनको साधन बन्न पुगे । [४०१] उनको समयमा नेपालको विदेशनीतिले एउटा छुट्टै पहिचान बनाउन पनि सफल भएको थियो ।

२००७ सालपछि राजा प्रधानमन्त्री र मन्त्रीहरू थाहा नै नपाई नेहरूलाई भेट्न दिल्ली पुग्दथे भने टंक प्रसादको पालामा त्यो चलनको अन्त्य भयो । जसले गर्दा भारतको प्रधानमन्त्रीले नेपालको प्रधानमन्त्रीलाई भेट्न राष्ट्रको सम्माननीय अथितिको रुपमा निम्त्याउनु पऱ्यो थाहै नदिई दिल्ली उड्ने चलन बन्द भयो । तर विदेशनीतिमा असन्तुलन देखिएको महसुस गरी होला राजाले उनलाई प्रधानमन्त्री पदबाट हटाई भारत समर्थक व्यक्ति डा.के.आई. सिंहलाई मन्त्रीमण्डल गठन गर्ने अधिकार प्रदान गरे ।

### ४.२.१२ मन्त्रीपरिषदका अध्यक्ष सुवर्ण शमशेरको भ्रमण (२०१५ भाद्र ६)

राजा रुसको राजकीय भ्रमण र अन्य देशहरूको अनौपचारिक भ्रमण सकी २०१५ श्रावण अन्तिमतिर बम्बइ आइपुगे । धेरै लामो समय विदेश भ्रमणपछि भारत आएका राजालाई दर्शन गर्न २०१५ भाद्र ६ गते मन्त्रीपरिषदका अध्यक्ष सुवर्ण हवाइमार्गद्वारा कलकत्ता प्रस्थान गरे ।[४०२] उनी भारतमा छोटो समय बसी राजा नफर्किदै राजधानी फर्किए । उनी २०१५ भाद्र ९ गते राजधानी भित्रिएका थिए । [४०३]

---

[४००] मानन्धर र शर्मा, *पूर्ववत्, पादटिप्पणी नं. २,* पृ. ५२ ।

[४०१] रोज, *पूर्ववत्, पादटिप्पणी नं. ३५,* पृ. २१६ ।

[४०२] *गोरखापत्र , २०१५ भाद्र ६ ।*

[४०३] *गोरखापत्र , २०१५ भाद्र ११ ।*

तत्कालीन मन्त्रिपरिषका अध्यक्ष सुवर्ण शमशेरको यो भारत भ्रमण राजाको दर्शनको साथै अन्य केही आवश्यक विषयहरूमा परामर्शको लागि गएको हुनसक्छ किन कि त्यतिबेलाको मन्त्रीपरिषदसँग राजाको सहमती बेगर कार्य गर्न सक्ने क्षमता थिएन । यो एउटा अनौपचारिक भ्रमण थियो । भारतमा रहँदा सुवर्णले नेहरू वा अन्य उच्च भारतीय नेताहरूलाई भेट गरेको कुनै विशेष जानकारी प्राप्त हुन सकेन । तर उनी राजा त्रिभुवनको पालामा मातृका प्रसाद कोइरालाले अपनाएको प्रक्रियामा नै उभिएन पुगेको भने देखिन्छ । उनको भारत भ्रमणले नेपालको राजनीतिमा वा कुटनीतिमा प्रत्यष प्रभाव परेको देखिदैन ।

## ४.२.१३ मन्त्रीपरिषदका अध्यक्ष सुवर्णको भ्रमण (२०१५ माघ १५)

तत्कालीन मन्त्रीपरिषदका अध्यक्षको पदमा रहँदा सुवर्ण शमशेर २०१५ साल माघ ५ गते स्वास्थ्य उपचारका लागि कलकत्ता गएका थिए ।[४०४] यो एउटा अनौपचारिक भ्रमण थियो र भारत उनी ६ दिनको बसाइपछि छिट्टै नै २०१५ साल माघ १२ गते काठमाडौं फर्किए ।[४०५]

यसभन्दा अगाडि गरिएको भारत भ्रमणजस्तै यो भ्रमण पनि अनौपचारिक थियो । स्वास्थ्य उपचारको अलवा भ्रमणको बारेमा अन्य कुनै जानकारी प्रकाशित गरिएन । यसबाट यो भ्रमण पनि कुटनीतिक वा राजनैतिक दुबै उद्देश्यबाट प्रेरित देखिदैन, फागुनमा हुन गइरहेको संसदीय चुनावभन्दा अगाडि भएको यो भ्रमण महत्वपूर्ण अवश्य थियो । तर सुवर्णले भारतीय नेताहरूसँग भेटी तपाईलाई राजनैतिक वा अन्य विषयहरूमा कुराकानी गरिएको प्रमाण भेटिदैन । उनको यस भ्रमणले उनको व्यक्तिगत जीवनको स्वास्थ्य सुधार बाहेक अन्य कुनै क्षेत्रमा असर पारेको देखिदैन । तर चुनावभन्दा अगाडि भएको यो भ्रमणलाई कुनै सहयोगको उपेक्षा राखी गरिएको हुनसक्ने भए पनि पर्याप्त प्रमाण बिना यो भन्न सकिने अवस्था रहँदैन । उनी यसभन्दा अगाडिका प्रधानमन्त्री वा मन्त्रीहरुजस्तो नेहरुको सल्लाह लिन गएको प्रमाण भेटिदैन सायद शासनमा राजाको महेन्द्रको भूमिकाको कारण यस्तो भएको हुनसक्छ । राजा महेन्द्र नेपालका आन्तरिक मामिलामा भारतको हस्तक्षेप चाहदैनथे उता

---

[४०४] *गोरखापत्र , २०१५ माघ ६ ।*

[४०५] *गोरखापत्र , २०१५ माघ १५ ।*

नेपाल चीनबीच जुन आर्थिक सम्झौता भयो त्यसबाट भारत झस्किएको थियो । चीन नेपाल सम्झौताले भारतीय जनमानसमा शंका पैदा गरिदिएको थियो ।

## ४.३ भारतको तर्फबाट नेपालमा गरिएको भ्रमण

### ४.३.१ भारतीय राष्ट्रपतिको भ्रमण (२०१३ कार्तिक ५–८)

राजा महेन्द्रको भारतको राजकीय भ्रमणको अवसरमा भएको निमन्त्रणालाई स्वीकार गरी छोटो समयको लागि २०१३ साल कार्तिक ५-८ सम्म भारतका राष्ट्रपति काठमाडौं आउने परराष्ट्रमन्त्रालयको विज्ञप्तीमा जनाइएको थियो ।[४०६] उनी निश्चित कार्यक्रम अनुसार २०१३ कार्तिक ५ गते नेपालमा आए ।[४०७] २००७ सालको परिवर्तनपछि भारतबाट नेपाल भ्रमण गर्ने उनी दोस्रो उच्चस्तरीय राजनेता थिए । यसभन्दा अगाडि भारतका प्रधानमन्त्री नेहरूले २००८ मा नेपाल आएका थिए । यो यात्रा नेपालको इतिहासमा भारतका राष्ट्रपतिका तर्फबाट गरिएको पहिलो यात्रा हो । उनलाई नेपालीहरूले दिल खोलेर सहयोग गरे । उनका साथमा उनकी धर्मपत्नी राजवंशी देवी पनि आएकी थिइन । उनीहरूलाई लिन राजा स्वयं गौचर हवाइ अड्डामा पुगेका थिए । उनको नेपाल भ्रमणको अवसरमा विभिन्न स्वागत कार्यक्रमहरू गरिए । एक राजकीय प्रीतिभोजको अवसरमा राजाबाट “हाम्रो मित्रराष्ट्र भारतका राष्ट्रपतिलाई आफ्नो राजधानीमा सम्मानित अथितिको रुपमा स्वागत गर्न पाउँदा सारा नेपाल हर्सोल्लास छ । हाम्रो सरकार र हाम्रा प्रजाको तर्फबाट म तपाईलाई राजधानीमा हार्दिक स्वागत गर्दछु । हामी दुई मुलुकहरूबीचको मित्रता र सहयोग इतिहास जति पुरानो हो ”[४०८] भन्ने विचार व्यक्त गरे । भ्रमणको अवसरमा भारतीय राष्ट्रपति र राजा दुबैले दुई मुलुक बीचका घनिष्ट ऐतिहासिक र सांस्कृतिक सम्बन्धहरूमा जोड दिएको पाइन्छ । भारतका राष्ट्रपति काठमाडौं आउने परराष्ट्र मन्त्रालयको विज्ञप्ति र नेपालका प्रधानमन्त्री टंकप्रसाद आचार्य चीन भ्रमण जाने विषयसम्बन्धी विज्ञप्ती एकै दिन प्रकाशित गरियो यस्तो प्रक्रिया देख्दा नेपालको चीनतर्फ लम्कीन लागेको पाइलोलाई रोक्नका लागि भारतका राष्ट्रपति नेपाल आउन लागेको अनुमान लगाउन सकिन्छ । यस कुरामा केही विद्वान्हरू सहमत पनि देखिन्छन्

---

[४०६] *गोरखापत्र , २०१५ भाद्र २१ ।*

[४०७] देवकोटा, *पूर्ववत्, पादटिप्पणी नं ४, पृ. ३९९ ।*

[४०८] ऐजन ।

। भारतका राष्ट्रपति राजेन्द्र प्रसादको यात्राको स्पष्ट उद्देश्य नेपाललाई चीनको प्रभावमा पर्नबाट रोक्न र नेपालमा जुन भारत विरोधी स्वरहरु सुनिएका छन् , त्यसलाई रोक्ने थियो ।[४०९] त्यस्तै टंकप्रसादले जुन चीन भ्रमण गरी त्यसमा भएको आर्थिक सम्झौताले भारत झस्किएको थियो । चीन नेपालबीचको यो सम्झौताले भारतीय जनसाधारणमा शंका पैदा गऱ्यो । यसलाई भारतीय सुरक्षाको दृष्टिकोणबाट खतरनाक ठानियो ।[४१०] यस सम्झौतालाई भारत सरकारले मन पराएको थिएन ।[४११] भारत सरकार नेपाल चीनबीच सामान्य किसिमको सम्झौता चाहेको थियो तर ज्यादै छोटा समयमा नै नेपाल चीनको प्रभाव क्षेत्रभित्र गएको अनुमान भारतले लगायो । [४१२] एउटा स्वागत समारोहमा भारतका राष्ट्रपति राजेन्द्र प्रसादले प्रधानमन्त्री नेहरूले जस्तै ". . .भारत कुनै पनि देशको स्वतन्त्रता र आन्तरिक विषयमाथि हस्तक्षेप गर्न चाहदैन न त कसैको आन्तरिक मामलामा नै हस्क्षक्षेप गर्दछ " भनी भारतको विदेशनीति स्पष्ट पारे तर नेपालको सन्दर्भमा "नेपालको शान्ति सुरक्षा माथिको खतरा भारतीयहरूको लागि पनि शान्ति र सुरक्षा माथिको खतरा  हो । नेपालको मित्र भारतको पनि मित्र, नेपालको शत्रु भारतको पनि शत्रु हो । " भनी यसभन्दा अगाडिका भारतीय शासकहरूको जस्तै विचार केही न केही रुपमा प्रकट गरे । उनको यस भ्रमणको अवसरमा नेपालको आर्थिक विकासमा ११ करोड सहयोग दिने घोषणा गरियो तर राजनैतिक रुपले उनको यो भ्रमण महत्वपूर्ण हुन सकेन ।[४१३] उनी आफ्नो नेपाल यात्रा समाप्त गरी कार्तिक ८ गते स्वदेश फर्केका थिए । उनलाई बिदा गर्न राजा गौचर हवाइअड्डासम्म पुगेका थिए ।[४१४] उनले नेपालमा छँदा श्री पशुपतीनाथ, श्री गुह्येवरी तथा बौद्धनाथको दर्शन पनि गरेका थिए ।[४१५] भारतीय राष्ट्रपति राजेन्द्र प्रसादको नेपाल भ्रमण नेपालमा भारत विरोधी भावना घटाउने र नेपालको चीनतर्फ ढल्केको नीतिलाई नियन्त्रणमा ल्याउने योजनाका लागि तय

---

[४०९] *गोरखापत्र* , २०१३ कार्तिक ६ ।

[४१०] चर्तुवेदी, *पूर्ववत्, पादटिप्पणी नं. ७५,* पृ. ९३ ।

[४११] जैन, *पूर्ववत्, पादटिप्पणी नं. १२३ 'ग',* पृ. ११६ ।

[४१२] *ऐजन,* पृ.११७ ।

[४१३] चर्तुवेदी, *पूर्ववत्, पादटिप्पणी नं. ७५,* पृ. ९४ ।

[४१४] देवकोटा, *पूर्ववत्, पादटिप्पणी नं. ४,* पृ. ३९९ ।

[४१५] *गोरखापत्र* , २०१३ कार्तिक १० ।

गरिएको भए पनि यो भ्रमण सोचेजति सफल बन्न सकेन । नेपाली जनभावना छिट्टै समयमा उदार चीनतर्फ बढी आकर्षित देखियो । राष्ट्रपतिले नेपालप्रति जुन विचार व्यक्त गरे त्यो त्यतिबेलाको नेपाल सरकारको वैदेशिक नीतिको ठीक विपरीत थियो । नेपाल सबैसँग समान मित्रताको आधारमा वैदेशिक सम्बन्ध स्थापित गर्न चाहन्थ्यो भने भारत नेपालमा आफ्नो विशेष सम्बन्धलाई जीवित राख्न चाहन्थ्यो । राजेन्द्र प्रसादको भ्रमणको अवसरमा व्यक्त विचारलाई नेपालका राजनीतिक पार्टीहरूले नकारात्मक रुपमा लिए । भारतका राष्ट्रपतिले नेपालमा जुन मनोवैज्ञानिक र आर्थिक प्रभाव स्थापित गर्न खोजेका थिए । त्यसलाई चिनिया प्रधानमन्त्रीको नेपाल भ्रमणले ओझेलमा पारिदियो । उनको भ्रमणले नेपाली जनभावनालाई उद्धार चीनतर्फ तान्न सफल भयो । यो भ्रमण नेहरूको २००८ को नेपाल भ्रमण जस्तो सफल हुन सकेन । उनको भ्रमणको प्रभाव नेपालको कुटनीतिक क्षेत्र र राजनैतिक क्षेत्र दुबैमा परे पनि यात्रा त्यति सफल बन्न सकेको देखिएन । फलतः नेपाल भारत विशेष सम्बन्धको जुन चरण थियो त्यसले कोल्टे फेर्न थाल्यो । यस भ्रमणको केही समयपछि टंकप्रसादको भारत भ्रमण र मन्त्रीमण्डल विघटन महेन्द्रको कुटनैतिक चाल भए पनि यसमा केही भारतीय दवाव देखिन्छ । किन कि आचार्य सरकारप्रति भारत असन्तुष्ट थियो ।[४१६] यसैलाई हृदयगंम गर्दै राजाले त्यतिबेला भारत समर्थक कहलाएका डा.के. आई. सिंहलाई प्रधानमन्त्री बनाएका थिए ।

[४१६] रोज, *पूर्ववत्*, *पादटिप्पणी नं. ३५*, पृ. २१५ ।

# पाँचौ परिच्छेद

## नेपाल भारतबीच उच्चस्तरीय भ्रमणहरूको आदान प्रदान (२०१५-०१७)

### ५.१ राजाबाट भएका भारत भ्रमणहरू

### ५.१.१ महेन्द्रको भ्रमण (२०१६ वैशाख)

वि.सं. २०१५ साल फागुन ७ गतेका दिनदेखि वालिक मताधिकारका आधारमा देशभित्र प्रतिनिधि सभाका सदस्यहरूका लागि आम चुनाव सुरु भयो र डेड महिनासम्म नेपाल अधिराज्यका धेरैजसो भागमा चुनाव कार्य समाप्त भयो नेपाली काँग्रेसले ७४ स्थानमा विजय हासिल गरी दुई तिहाइ बहुमत ल्याउन सफल भयो तर संसदमा स्पष्ट बहुमत ल्याएको नेपाली काँग्रेसलाई संसद सदस्यहरूले विश्वेश्वरप्रसाद कोइरालालाई नेता चुनी सकेको केही दिनसम्म राजा महेन्द्रले उनलाई सरकार गठन गर्न निमन्त्रणा गरेनन् । राजा विश्वेश्वरप्रसाद कोइरालाको सट्टा सुवर्ण शमशेरलाई प्रधानमन्त्री बनाउन चाहन्थे ।[४१७] त्यसैकारण होला उनी निर्वाचित सरकार गठन नगरी निर्वाचन सम्पन्न भएको केही दिनमा नै नेपाल भारत सिमावर्ती इलाकामा बन्ने कोशी योजनाको सिलन्यासका लागि गरिएको निमन्त्रणलाई स्वीकार गर्दै राजा भारत पुगे । राजा नेपाल भारत सीमा नजिक विहार प्रान्तमा २०१६ साल वैशाख १७ गते शंखध्वनि र बौद्धिक मन्त्रपाठको साथसाथै भारतीय प्रधानमन्त्रीका सामु चाँदीको छलङद्वारा जगमा सिमेन्ट राखी उक्त योजनाको सिलल्यान गरे । त्यस अवसरमा आयोजना गरिएको एक समारोहको भाषणमा तपाईले स्नेहपूर्वक पठाउनु भएको निमन्त्रणालाई स्वीकार गरी आज यस निर्माणको समारोहमा स्वयं उपस्थित भई भाग लिन पाएकोमा मलाई खुशी लागेको छ . . . विहार प्रान्तका एक भागका लाखौं वासिन्दाहरूको वर्षौंदेखि दुःख सुखको सम्बन्धको कथा यस नदीसँग मिसिएको छ । दुःखलाई सुखमय बनाउने अभिप्रायले बन्न लागेको यो काम पवित्र हो भन्ने विचारले निष्कपट शुद्ध भावना लिई भारत सरकारको तर्फबाट माग गरिएको सुविधा र सहुलियत तथा नेपालको तर्फबाट पाइने सहायता खुल्ला दिलले दिई आएको हो । यस प्रयासबाट दुबै देशको जनताको

---

[४१७] अनिरुद्द गुप्ता, *पोलिटिक्स इन नेपाल,* बम्बई : कालिङ्गा पब्लिकेशन, ई.सं. १९९३, पृ. १४८ ।

सम्बन्ध र सुख झन मजबुत बनाउनमा सहायक हुनसक्छ ।[४१८] साथै अनादिकालदेखि हाम्रो दुबै देशको स्वतन्त्रता प्रेमय र मैत्रीपूर्ण सम्बन्ध आजको संसारको नमुनाको रुपमा रही आएको छ । नेपालको तर्फबाट भारतको उन्नति र भारतीय जनताका प्रगतिका निम्ति सदैव शुभकामना र सदिच्छा व्यक्त गर्दछ[४१९] भन्ने धारणा व्यक्त गरे । त्यस्तै त्यस अवसरमा भारतीय प्रधानमन्त्रीकी श्री जवाहरलाल नेहरूले नेपाल भारत मैत्री तथा पारस्परिक सहयोग अझ बलियो पार्न राजाबाट व्यक्त भएको कुरालाई समर्थन जनाए । त्यहाँ उनले नेपालमा हालै भएको आम निर्वाचनको चर्चा गर्दै आम निर्वाचन सफलता तथा शान्तिपूर्ण सम्पन्न भएकोमा राजालाई बधाई दिदै नेपालमा शान्ति समृद्धि र प्रगतिको नयाँ युगको उदय होस् भन्ने शुभेच्छा पनि प्रकट गरेका थिए । पुन कोशी योजना भारत र नेपालका बीच वर्तमान आर्थिक सहयोग तथा परस्पर मिली गर्ने पहिलो संयुक्त कार्य हो [४२०]भन्ने  कुरा जनाएका  थिए । उक्त समारोहमा भाग लिन तत्कालीन मन्त्रीपरिषदका अध्यक्ष, गृहमन्त्री, परराष्ट्रमन्त्री त्यस्तै भारतका सिंचाइ मन्त्री विहारका मुख्य मन्त्री र विहारका राज्यपाल पनि उपस्थित थिए । उक्त उद्घाटन कार्यक्रमको समयमा राजा र भारतीय प्रधानमन्त्रीबीच दुई पटक कुराकानी भए त्यस कुराकानीको अवसरमा अरु कोही उपस्थित थिएनन् ।[४२१]

मातृकाको दोस्रो पटक प्रधानमन्त्री भएको अवसरमा यो कोशी सम्झौता सम्पन्न भएको थियो । यस सम्झौतामा नेपाल ठगिएको, भारतले नेपालको राजनीतिक स्थिति कमजोर भएको बेलामा फाइदा उठाई सम्झौता गराएको भन्ने जनआवाजहरू त्यतिबेला व्याप्त थिए । यस सम्झौताका विषयहरूमा धेरै नै टिकाटिप्पणी  पनि भएका थिए । तत्कालीन समयमा  यो विवादित सम्झौतामा नेपाल ठगिएको भन्दै भारत विरोधी भावना पैदा भएको थियो । त्यही सम्झौताको सिलन्यास “राजा महेन्द्रले गरेकोमा एक दैनिक पत्रिकाले “राजाले वेरेज सिलन्यास समारोहको त्यो वाक्य जसमा कसैको भलाइको निम्ति दधिचीले झै हाडदान गर्ने पनि नेपाली

---

४१८ *गोरखापत्र , २०१६* वैशाख १८ ।

४१९ गृष्मबहादुर देवकोटा, *नेपालको राजनीतिक दर्पण (भाग २),* काठमाडौं: अर्जुनबहादुर देवकोटा, वि.सं २०३६, पृ. ६४ ।

४२० *गोरखापत्र , पूर्ववत् , पादटिप्पणी नं. २।*

४२१ देवकोटा *, पूर्ववत्, पादटिप्पणी नं. ३,* पृ. ६४ *।*

पछि हट्दैन"[४२२] भन्ने लेख छापेको थियो । कोशी योजनाको सम्झौता सम्पन्न हुने समयमा यस योजनामा नेपालका प्रधानमन्त्री लगायतका केही राजनीतिक पार्टीका नेताहरूले कोशी योजनाबाट नेपाल र नेपालीलाई लाभ हुने विचार पनि व्यक्त गरिएको थियो । त्यस कुरालाई कोशी योजनाका प्रमुख टी.पी. सिंहले २०१६/१/१७ का दिन वीरपुरमा "नेपालको भलाइ गर्न खोज्दा पनि हुन सकेन"[४२३] भनेबाट नेपाललाई कत्तिको फाइदा पुगेको रहेछ स्पष्ट नै जानकारी मिल्न जान्छ ।

मातृकाप्रसाद कोइराला दोस्रो पटक प्रधानमन्त्री भएको समयमा सम्पन्न भएको यस सम्झौताबारेमा जति प्रतिक्रिया सुनिए राजाले सिलन्यास गर्दा त्यति धेरै प्रक्रिया सुनिएन । बरु सिलन्यासको अवसरमा नेहरूद्वारा व्यक्त विचारमा भारत नेपालको प्रत्येक क्रियाकलाप सुक्ष्म तरिकाले निहाली रहेको र आफ्नो अनुकूल र प्रतिकूल प्रति भारत सदैव सजक देखिएको भान हुन्छ । त्यस सिलन्यासको अवसरमा राजालाई निमन्त्रणा पठाउनुमा नेहरूको कुटनीतिक चार्तुयता देखिन्छ । यस अवसरमा राजाबाट गरिएको निमन्त्रणालाई स्वीकार गर्दै भारतीय प्रधानमन्त्री नेहरू केही समयपछि नेपाल आए । चीन र भारतबीच खिचलो बढ्दै गएको र यता नेपालमा भारत समर्थक भनी मानिएको नेपाली काङ्ग्रेसले सरकार गठन गरेको स्थितिलाई नेहरूले नेपालमा आफ्नो विशेष सम्बन्धको पुर्नस्थापनाको महत्वपूर्ण अवसर ठानी काठमाडौं आए । यसबाट भारत नेपालमा आफ्नो अनुकूलताको खोजीमा रहेको प्रस्ट हुन्छ । जे होस राजाको यस भ्रमणले नेपाल भारत सम्बन्धमा केही योगदान गरेको कुरा नकार्न सकिदैन । राजा र भारतीय प्रधानमन्त्रीका बीचमा जुन एकान्तमा कुराकानीहरू भए त्यहाँ निर्वाचित सरकार गठन र चीनसँगको सम्बन्धको बारेमा पक्कै पनि कुराकानी भएको हुनुपर्दछ किन कि राजा नेपाल फर्किएको केही समयमा नै विश्वेश्वरप्रसाद कोइरालाको प्रधानमन्त्रीत्वमा नेपाली काङ्ग्रेसको सरकार गठन गरियो यसबाट राजालाई भारतीय प्रधानमन्त्री नेहरुले विश्वेश्वरप्रसाद कोइरालालाई प्रधानमन्त्री बनाउन अनुरोध गरेको हुन सक्ने देखिन्छ । किन कि राजा सकभर विश्वेश्वरप्रसाद कोइरालालाई प्रधानमन्त्री बनाउने पक्षमा नभएको माथि नै उल्लेख गरियो । नेपाली काँग्रेसको निर्वाचित सरकार गठनको केही दिनपछि नै नेहरू

---

[४२२] *ऐजन,* पृ. ६९ ।
[४२३] *ऐजन,* पृ. ७० ।

काठमाडौं आए । जहाँ नेपालको विदेश नीति भारतीय अनुकूलको बनाउने प्रयत्न गरेको पाइन्छ । राजाको यो भ्रमणपछि विश्वेश्वरप्रसाद कोइरालालाई सरकार गठन गर्न आग्रहलाई भारतीय आग्रह हो कि आशंका पैदा हुने ठाउँ देखिन्छ । किन कि नेपाली कङ्ग्रेसले स्पष्ट बहुमत ल्याए पनि सरकार गठन प्रक्रियामा केही ढिलाई गरिएको थियो र सिलान्यासबाट फर्केपछि विश्वेश्वरप्रसादकै नेतृत्वमा मन्त्रीमण्डल गठन गरियो ।

## ५.१.२ महेन्द्रको भ्रमण (२०१६ भाद्र ३)

२०१६ जेष्ठमा नेपाली काँग्रेसको सरकार विधिवतरुपमा गठन भएको केही दिनमा नै भारतीय प्रधानमन्त्री जवाहरलाल नेहरू नेपाल आए । उनी स्वदेश फर्किएको लगभग ३ महिनापछि राजा २०१६ भाद्र ३ गते २२ दिन लामो अनौपचारिक भ्रमणका लागि हवाइमार्गद्वारा राजा भारततर्फ लागे । गौचर हवाइअड्डामा राजाको विदाइका लागि प्रधानमन्त्री कोइराला र अन्य मन्त्रीगण, कुटनैतिक प्रतिनिधि र प्रतिनिधिसभाका सभामुख आदि प्रतिष्ठित व्यक्तिहरू उपस्थित थिए ।[४२४]

भाद्र ९ गते राजासहित भ्रमण दलका सदस्यहरू दार्जलिङ्गबाट नागपुर जाने कार्यक्रम तय गरिएको थियो । उनीहरू नागपुरमा दुई दिन बसी ११ गते बम्बइ पुगे । हवाइ मैदानमा बम्बइका राज्यपाल प्रकाशले स्वागत गरे ।[४२५] भ्रमणकै शिलशिलामा राजा भाद्र १५ गते बम्बइको अलइण्डिया रेडियो स्टेशन पुगी त्यहाँको रेडियो प्रसारण गतिविधि हेरी त्यहाँबाट भाद्र २१ गते जयपुर प्रस्थन गरे । जयपुर केही दिन बसी २०१६ साल भाद्र २५ गते दिउँसो १:२० बजे राजा काठमाडौं फर्किए ।[४२६] राजा आफ्ना रानीहरू र अन्य केही व्यक्तिका साथ २२ दिन लामो भ्रमण तय गरी भारत प्रस्थान गरेका थिए ।[४२७] भारतको भ्रमण सकी फिर्ता भएपछि काठमाडौंमा उनको भव्य स्वागत गरियो । त्यस अवसरमा अधिराजकुमार र रानीका अतिरिक्त प्रधानमन्त्री विश्वेश्वरप्रसाद कोइराला अन्य मन्त्रीगण, महासभाका अध्यक्ष तथा

---

[४२४] *गोरखापत्र ,* २०१६ भाद्र ५ ।

[४२५] *गोरखापत्र ,* २०१६ भाद्र १२ ।

[४२६] *गोरखापत्र ,* २०१६ भाद्र २६ ।

[४२७] देवकोटा, *पूर्ववत् , पादटिप्पणी नं. ३,* पृ. २४७ ।

प्रतिनिधिसभाका सभामुख संसद सदस्य लगायत अन्य उच्चपदस्थ व्यक्तिहरू उपस्थिति थिए ।[४२८]

भारतीय प्रधानमन्त्री श्री जवाहरलाल नेहरूको नेपाल भ्रमण सिद्धिएको केही समयपछि राजाले यो भ्रमण गरे । यो एउटा अनौपचारिक भ्रमण थियो । राजा महेन्द्रले भारतमा रहँदा नेहरू वा राष्ट्रपति कसैलाई भेटेको आधिकारिक जानकारी प्राप्त गर्न नसकिए पनि भारत-चीन सीमा विवादले उग्र रुप लिएको बेलामा तय भएको यो भ्रमण अवश्य पनि महत्वपूर्ण थियो किन कि राजा भारतमा रहँदा २०१६ भाद्र १२ गते नेहरूले भारतीय राज्य सभामा कुनै संकोच विना नै भुटान तथा सिक्किम प्रति आफ्नो दायित्व पुरा गर्न भारत सरकार दृढ संकल्प छ यदि यी देशहरूको सम्प्रभुताको लक्ष्मण रेखा अतिक्रमण गरिने कुनै चेष्टा भयो भने तिनको रक्षा गर्न हामी कटिबद्ध छौ . . . " भन्ने घोषणा गरे ।[४२९] उता चीनले अनुमति बिना तिब्बत भ्रमण नगर्न भारतीयहरूलाई सल्लाह दिइएको थियो ।[४३०] भारत-चीनबीच आपसी विवाद क्रमशः बढ्दै गइरहेको अवसरमा राजा भारतमा गए । उनको यस भ्रमण के विषयका लागि भएको हो । त्यसको भित्री आसय अन्यौलको विषय बनेर रहेको छ । राजाको यस भारत भ्रमणको कुटनीतिक क्षेत्रमा केही योगदान रहे पनि राजनीतिक क्षेत्रमा यसको प्रत्यक्ष असर परेको देखिदैन ।

### ५.१.३ महेन्द्रको भ्रमण (२०१६ फाल्गुन ८)

निर्वाचित सरकार र राजाबीच सौहार्द्रपूर्ण वातावरणमा कार्यहरू भइरहेका थिए । तर यो प्रक्रिया दिगो रहन सकेन । देशको राजनैतिक अवस्थालाई ध्यानमा राखी केवल संवैधानिक प्रमुखको रुपमा रहिरहन राजाले उचित सम्झेनन् । देशमा शान्तिपूर्ण वातावरण कायम रहन सकेको थिएन । शासक दलहरूबाट संविधानका धाराहरू विचारै नगरी संसदीय व्यवस्थालाई नयाँ प्रकारले व्याख्या गर्न थाले । नेपालगञ्जमा आयोजित एक सभामा प्रधानमन्त्री विश्वेश्वरप्रसाद कोइरालाले २००७ सालपछि राजाद्वारा गठन भएका विभिन्न मन्त्रीमण्डल र निर्वाचित मन्त्रीमण्डबीच आधारभूत फरक भएको उल्लेख गरी देशभित्र

---

[४२८] *गोरखापत्र , पूर्ववत्, पादटिप्पणी नं. १० ।*

[४२९] *गोरखापत्र* , २०१६ भाद्र १२ ।

[४३०] *गोरखापत्र* , २०१६ भाद्र १६ ।

शासन गर्न  आफूले जनताको आदेश प्रांप्त गरेकोले पहिलेका प्रधानमन्त्रीहरू जस्तो उनी राजाको इच्छा अनुसार पदबाट हट्न नसक्ने कुराको सङ्केत दिएका थिए । [४३१] त्यस्तै त्यही ठाउँमा नै २०१६ माघ १६ गते यसैको प्रत्युत्तरमा  राजाले निर्वाचित सरकारबाट  निष्पक्ष भई सबैको हितका लागि कार्य हुनुपर्ने कुराको  चर्चा गर्दै त्यसो नभएको खण्डमा आफूले जुनसुकै कदम चाल्न पनि  नहिच्किचाउने कुरा स्पष्ट रुपमा उल्लेख गरे । त्यस्तै  २०१६ साल फागुन ७ मा  प्रजातन्त्र दिवसको उपलक्ष्यमा दिएको सन्देशमा देशको  बिग्रदो  अवस्थादेखि सन्तुष्ट नभएका सङ्केत  गरेका थिए ।[४३२] राजा  र निर्वाचित  सरकारका  बीचमा  विभिन्न विषयहरूमा  खिचातानी सुरु भइरहेको थियो ।  यस्तै अवस्थामा विद्यमान हुँदा  २०१६ साल फाल्गुन ८ गते राजा बम्बइ तथा पुनाको अनौपचारिक यात्राको लागि निजी वायुयानद्वारा त्यसतर्फ प्रस्थान   गरे ।[४३३] उनको विदाइका निम्ति गौचर हवाइ अड्डामा प्रधानमन्त्री तथा सहायक मन्त्रीगण र विशिष्ट व्यक्तिहरू उपस्थित थिए । [४३४] राजाबाट गर्न लागिएको यो भ्रमण प्रधानमन्त्री विश्वेश्वरप्रसाद कोइराला कोइरालाले भारत भ्रमण गरी फर्के लगत्तै भएको देखिन्छ । भारतीय प्रधानमन्त्री नेहरूले नेपालभ्रमण गरेपछिको नेपालबाट भारततर्फ गरिएको यो तेस्रो उच्च स्तरीय भ्रमण हो । भारत-चीन विवादले उग्र रुप लिन थालेको बेलामा नेपालबाट भारततर्फ यसरी भएका भमणहरूले नेपाल-भारत सम्बन्धमा केही असर त पक्कै नै पार्छ । यसको अलवा राजाबाट भारततर्फ गरिएको यो भ्रमण प्रधानमन्त्री विश्वेश्वरप्रसाद कोइरालाले चीन भ्रमण गर्नुभन्दा केही दिन अगाडि यो भ्रमण भएको देखिन आउँछ भने अर्को रुसका राष्ट्रपति श्री भोरोशिलोभले नेपाल भ्रमण सिद्धाएको को केही दिनपछि नै राजा भारत गए ।  २०१६ मंसिर १२ गते  भारतीय  लोकसभामा बोल्दै  प्रधानन्त्री नेहरूले " . . . . नेपाल र भुटानमाथि भएको जुनसुकै  आक्रमणलाई   पनि भारतले आफ्नै विरुद्ध भएको आक्रमण सम्भनेछ"[४३५] भनेको लगभग ३  महिनापछि भएको भ्रमण  अवश्य  पनि

[४३१] त्रिरत्न मानन्धर र निरञ्जन शर्मा, *आधुनिक नेपालको राजनैतिक इतिहास*, काठमाडौं : नेपाल र एसियाली अनुसन्धान केन्द्र त्रिभुवन विश्वविद्यालय, वि.सं. २०५३, पृ. १०१ ।

[४३२] ऐजन, पृ. १०२ ।

[४३३] देवकोटा, *पूर्ववत्,  पादटिप्पणी नं. ३,* पृ. ३५८ ।

[४३४] *गोरखापत्र ,*  २०१६ फागुन १० ।

[४३५] आसद हुसेन, *कन्फ्लिक्ट्स इन एसियाः अ केश स्टडी अफ नेपाल,* न्यू दिल्ली : क्लासिकल पब्लिकेशन, ई.सं १९७९, पृ. २१ ।

महत्वपूर्ण मान्न सकिन्छ । अन्तर्राष्ट्रिय परिस्थितिमात्र होइन राष्ट्रिय स्थितिमा पनि निर्वाचित सरकार र राजाकाबीच वाकयुद्ध चलिराखेका थिए । नेपालको राजनैतिक स्थितिको बारेमा विभिन्न अड्कल बाजीहरू चलिरहेका थिए । सरकारले देशभित्र शान्ति सुरक्षा र अमनचैन कायम गर्न असक्षम देखिदै थियो । यिनै राष्ट्रिय र अन्तर्राष्ट्रिय परिस्थिति विकसित बन्दै रहँदा राजा रानी बम्बइ र पुनाको भ्रमणमा निस्किए तर अगाडिको राजाकै अनौपचारिक भ्रमणजस्तो भारतीय राजनेताहरूसँग प्रत्यक्ष वा अप्रत्यक्ष कुराकानीहरू भएको जानकारी प्राप्त हुन सकेन । यस भ्रमणबाट पनि नेपालको राजनीतिमा कुनै प्रत्यक्ष प्रभाव पारेको देखिदैन ।

### ५.१.४ महेन्द्रको भ्रमण (२०१६ चैत्र २८)

जापानका सम्राट र अमेरिकी राष्ट्रपतिको निमन्त्रणामा जापान र अमेरिकाको राजकीय भ्रमणका लागि राजा महेन्द्र २०१६ चैत्र २८ गते दिनको ३ बजे राजधानीबाट कलकत्तातर्फ प्रस्थान गरे । त्यसदिन त्यही बसी २९ गते पश्चिम बंगालका मुख्य मन्त्री डा. विधानचन्द्र रायद्वारा राजभवनमा आयोजित दिवाभोजमा सरिक भई त्यसको भोलिपल्ट वैंकककका लागि प्रस्थान गरे ।[४३६]

राजा आफ्नो जापान र अमेरिकी भ्रमण सकी २०१७ श्रावण ५ गते कश्मिरबाट दिल्ली पुगे । पालम हवाइअड्डामा भारतका राष्ट्रपति तथा प्रधानमन्त्रीले राजाको स्वागत गरे ।[४३७] दिल्लीमा रहँदा २०१७ श्रावण ६ गते राष्ट्रपतिले र श्रावण ८ गते प्रधानमन्त्रीले अनौपचारिक भोजको आयोजना गरे । त्यहाँबाट राजा २०१७ श्रावण ९ गते दार्जिलिङ जाने कार्यक्रम तय भएको थियो ।[४३८] २०१७ श्रावण ९ गते भारतीय प्रधानमन्त्री नेहरूसँग पुनः भेट गरी ४५ मिनेट कुराकानी भयो । यसभन्दा अगाडि राष्ट्रपति राजेन्द्र प्रसादले आयोजना गरेको भोजको दिन पनि भारतीय प्रधानमन्त्री र उपराष्ट्रपतिले राजासँग बेग्लाबेग्लै भेट गरेका थिए । जहाँ नेहरू र राजाबीच करिब ७० मिनेट कुराकानीहरू भएका थिए ।[४३९] दार्जिलिङ्ग जानुभन्दा

---

[४३६] देवकोटा, *पूर्ववत्, पादटिप्पणी नं. ३,* पृ. ३८० ।

[४३७] *ऐजन ।*

[४३८] *गोरखापत्र ,* २०१७ श्रावण ७ ।

[४३९] *गोरखापत्र ,* २०१७ श्रावण १० ।

अगाडि पालम हवाइअड्डामा भारतका उपराष्ट्रपति, प्रधानमन्त्री, मन्त्रीमण्डलका अन्य सदस्यहरू आदिले राजाको विदाई गरे । सेना तथा हवाइ सेना एक टोलीले गार्ड अफ अनर चढाए ।[४४०] राजा रानी जापान र अमेरिकाको राजकीय यात्रा र अन्य मुलुकहरूको अनौपचारिक यात्रा समाप्त गरी २०१७ श्रावण १३ गते दिउँसो ३:४५ बजे दार्जलिङबाट राजधानी फर्किए ।[४४१]

राजाको यो भ्रमण भारत भन्दा अन्य देशका लागि भनी तय गरिएको कुरा माथि नै उल्लेख गरियो ।  जापान र अमेरिकाको राजकीय भ्रमणका लागि जाँदा भारत हुँदै गए उताको भ्रमण सकी जब राजा भारतमा अनौपचारिक भ्रमणको शिलशिलामा रहे त्यो दुबै देशका लागि महत्वपूर्ण मान्न सकिन्छ । एकातिर  भारत-चीन विवाद छँदै थियो । त्यसको अलवा नेपाल चीन बीच पनि केही विवादित परिस्थितिको सृजना भयो । प्रधानमन्त्री विश्वेश्वरप्रसाद कोइरालाले आफ्नो चीन भ्रमणको केही समयपछि चीनले सगरमाथा माथि आफ्नो दावी गरेको कुरा प्रकाशमा ल्याए ।[४४२] नेपाल र चीनका सिमाविद्हरूबाट शान्तिपूर्ण तरिकाले समाधान भएको थियो । नेपाल चीन सम्बन्ध सुदृढ बन्दै गइरहेको अवस्थामा नेपालको उत्तरी सिमानामा एउटा घटना घट्यो जसलाई मुस्ताङ घटना भनिन्छ । यस घटनाले नेपाल र चीन सम्बन्धमा ठूलो असर पुऱ्यायो । हुन त यो घटनाको संयमपूर्वक समाधान गरियो । तर यस विवादको लगत्तै पछि आफ्नो यात्रा सकी राजा भारत आए त्यहाँ राजाले भारतीय राष्ट्रपति र प्रधानमन्त्रीलाई भेटेको कुरा माथि गरियो । यस घटनापछि नेपालका प्रधानमन्त्री विश्वेश्वरप्रसाद कोइरालाले पनि भारतीय राजदूतसँग विवादको बारेमा छलफल गरेका, त्यस्तै राजा महेन्द्रले यही विषयमा भारतीय नेताहरूसँग छलफल गर्नका लागि दिल्लीको भ्रमण गरे भन्ने कुरा  एकजना लेखकले उल्लेख गरेका छन् ।[४४३]यसलाई अर्का लेखकले मुस्ताङ विवाद घटना घटेको छिट्टै पछि राजा महेन्द्रले भारतीय प्रधानमन्त्री गृहमन्त्री र रक्षामन्त्रीसँग यस

---

[४४०] *गोरखापत्र* , २०१७ श्रावण १२ ।

[४४१] देवकोटा, *पूर्ववत्, पादटिप्पणी नं. ३,* पृ.४०४ ।

[४४२] *ऐजन,* पृ. ४०६ ।

[४४३] मुरलीधर धमरमदेशानी, *इण्डिया डिप्लोमेसी इन नेपाल,* जयपुरः आलेख पब्लिसर्स, ई. सं. १९७६, पृ. ६३ ।

घटनाबारे छलफल गरे ।[४४४] यी भनाइहरूबाट पुस्टि हुन्छ राजा महेन्द्रले नेहरूलाई २/२ पटक त्यस्तै राजेन्द्र प्रसादलाई भेट गर्दा के विषयमा छलफल भएको रहेछ । किन पटक पटक छुट्टाछुट्टै छलफल हुँदा रहेछन यो पनि बताइरहनु पर्ने देखिदैन । यी कुरालाई आधार मान्ने हो भने राजा चीनसँगको सम्बन्धसँग विश्वस्त हुन नसकेको देखिन्छ ।

### ५.१.५ महेन्द्रको भ्रमण (२०१७ आश्विन २१)

संयुक्त अधिराज्यकी महारानीको निमन्त्रणामा संयुक्त अधिराज्यको राजकीय भ्रमण र अरु केही दिनको औपचारिक तथा अनौपचारिक भ्रमणका लागि राजा भारतर्फ गएका थिए ।[४४५] राजा त्यहि दिन बम्बइ पुगे त्यहाँ बम्बइका अधिकारीहरू तथा त्यहाँ बस्ने नेपालीहरूबाट भव्य स्वागत गरिएको थियो ।[४४६] उनी २०१७ आश्विन २७ गते बम्बइबाट पेरिस पुगेका थिए । देशभित्र दिनप्रतिदिन अशान्ति बढ्दै गई ठाउँ ठाउँमा विभिन्न घटनाहरू घट्दै गइरहेका थिए भने मन्त्रीमण्डलबाट तुलसीगिरीको राजीनामा पनि स्वीकृत गरिएको थियो । सरकार दिनप्रति दिन असफल जस्तो देखिएको थियो । यस्तो अवस्थामा राजा बेलायत लागे ।

उनी आफ्नो लामो विदेश यात्रा सकी २०१७ कार्तिक २४ गते ४:४५ मिनेटमा कलकत्ताबाट नीजि वायुयानद्वारा राजधानी भित्रिए । राजाको यो यात्रा बेलायतका लागि तय भएको थियो तर भारत हुँदै भ्रमण सम्पन्न भएका कारण शोधको विषयवस्तुमा समावेश गरिएको छ । राजा भारत हुँदै जाँदा, आउँदा भारतीय राजनेताहरूलाई भेट गरेको वा विभिन्न विषयहरूमा जुन छलफल हुन्थ्यो त्यो भएको उल्लेख पाइदैन । अरु भ्रमणहरू जस्तै यस भ्रमणपछि तत्काल नेपालको राजनैतिक व्यवस्थामा परिवर्तन नदेखिए पनि केही महिनापछि शासन व्यवस्थामा पूरै परिवर्तन भयो । शासन व्यवस्थामा भएको परिवर्तनको बारेमा २०१७ पौष २२ गते भारतका प्रधानमन्त्री श्री जवाहरलाल नेहरूले लोकसभामा नेपालमा भएको हालैको घटनाको कुनै पूर्व सङ्केत भारतलाई थिएन तापनि केही महिना अगाडि भारतलाई केही

[४४४] एस. डी. मुनी, *फरेन पोलिसी अफ नेपाल,* दिल्ली: नेशनल पब्लिसिङ्ग हाउस, ई. सं. १९७३, पृ. ११० ।
[४४५] देवकोटा , *पूर्ववत्, पादटिप्पणी नं. ३,* पृ.५११ ।
[४४६] *गोरखापत्र ,* २०१७ आश्विन २५ ।

सङ्केत प्राप्त भएको थियो कि राजा देशमा भइरहेको कुराप्रति असन्तुष्ट थिए ।[४४७] यस भनाइबाट राजाले नेपालमा गरिने परिवर्तनको पूर्व सङ्केत भारतलाई अप्रत्यक्ष रूपमा दिएको हुनुपर्दछ । हुन त राजा यो कार्यक्रम यो भ्रमण अगाडिबाट नै तय भए जस्तो देखिन्छ किन कि तुलसी गिरीले सरकारको मन्त्रीपदबाट राजीनामा दिनु  र पछि पुनः मन्त्रीमण्डलमा उनको समावेशलाई हेर्दा यो कार्य पुर्ननियोजित जस्तो देखिन्छ । त्यसको अलवा पटक पटक राजाबाट नेपाली काँग्रेसको सरबारप्रति असन्तुष्टि व्यक्त भएबाट यस्तो परिवर्तनको सङ्केत व्यक्त गरिसकेका थिए । तर राजनैतिक नेतृत्वले उक्त कुरालाई गम्भीरतापुर्वक लिन सकेन । अन्तत : परिवर्तन भएरै छाड्यो यस पछि नेपाल भारत सम्बन्धले अर्को मोड लिन पुग्यो जुन पछिका भ्रमणहरूमा समावेश गरिनेछ । यस परिवर्तनसँग भारत सरकारको यसमा कुनै प्रत्यक्ष वा अप्रत्यक्ष सहभागिता देखिदैन । यसबाट यसपालीको  भ्रमण भन्दा अगाडिको भ्रमणको अवसरमा नेहरूलाई उक्त सङ्केत दिएको हुनुपर्छ ।

## ५.२ प्रधानमन्त्रीकाबाट भएका भारत भ्रमणहरू

### ५.२.१ विश्वेश्वरप्रसाद कोइरालाको भ्रमण (२०१६ साल माघ ३)

नेपालमा पहिलो पटक भएको संसदीय निर्वाचनमा स्पष्ट बहुमत ल्याएको नेपाली काँग्रेसले २०१६ जेष्ठ ८ गते विधिबत रुपमा राजा महेन्द्रले विश्वेश्वरप्रंसाद कोइरालालाई नयाँ सरकार गठन गर्न आह्वान गरे । त्यसको पाँच दिनपछि नेपालमा प्रथम निर्वाचित मन्त्रीमण्डलको गठन भयो ।[४४८] यो सरकार गठन भएको केही दिनमा नै भारतीय प्रधानमन्त्री पण्डित जवाहरलाल नेहरू नेपालको भ्रमणमा आएका थिए । नेपाली काँग्रेसको सरकार गठन भएको केही समयपछि नै तुलसी गिरीको चीन भ्रमण र सुर्वणको भारत भ्रमणहरू भएका थिए । सुर्वण तुलसी गिरीको चीन भ्रमणपछिको स्थितिको जानकारीको लागि दिल्ली गएका थिए ।[४४९] यस्तै भ्रमणकै शिलशिलामा भारतीय प्रधानमन्त्री जवाहरलाल नेहरूको निमन्त्रणामा २०१६ साल माघ ३ गते प्रधानमन्त्री विश्वेश्वरप्रसाद कोइराला

---

[४४७] *गोरखापत्र ,* २०१७ पौष २४ ।

[४४८] मानन्धर र शर्मा, *पूर्ववत्* , पादटिप्पणी नं १५ पृ. ८२ ।

[४४९] रमाकान्त, *नेपाल-चाइना एण्ड इण्डीया,* न्यू दिल्लीः एभिनभ पब्लिकेशन, ई.सं. १९७६, पृ. १२८ ।

हवाइमार्गद्वारा भारत प्रस्थान गरे ।[४५०] भारत भ्रमण जानुभन्दा पहिला देशवासीको नाउँमा प्रकाशित सन्देशमा "भारतका प्रधानमन्त्रीको निमन्त्रणामा १४ दिनको भ्रमणका लागि भारत जान लागेको यो भ्रमणबाट दुई देशबीचको मित्रता झन बलियो र दरिलो हुनेछ"[४५१] भन्ने उल्लेख गरिएको थियो । भारतीय प्रधानमन्त्री पण्डित नेहरूले प्रधानमन्त्री विश्वेश्वरप्रसाद कोइरालालाई काठमाडौं भ्रमणमा आएको अवसरमा भारत भ्रमणको निमन्त्रणा दिएका थिए । प्रधानमन्त्री कोइरालाको चीनको भ्रमण गर्नुभन्दा १ महिना अगाडि गरिएको यो भ्रमण निकै महत्वपूर्ण छ । खास गरी यो भारत भ्रमणको कार्यक्रम छोटो अवधिमा तयार गरिएको थियो । प्रधानमन्त्री विश्वेश्वरप्रसाद कोइराला भारत भ्रमण जानुभन्दा पहिले चीन जाने कार्यक्रम तय भइसकेको थियो । तरपछि नेपाल स्थित भारतीय राजदूतले नेहरूलाई खबर गरी पहिलो भ्रमण भारतमा गर्नका लागि आग्रह गरेपछि प्रधानमन्त्री भारततर्फ गएका थिए ।[४५२] पहिला भारत भ्रमण गर्ने तयारी नभएको तर चीनको निमन्त्रणा विश्वेश्वरप्रसाद कोइरालाले स्वीकार गरिसकेको स्थितिमा भारतको साथ विशेष सम्बन्ध भएकाले त्यहाँ नगई अन्य देशमा जानु राम्रो होइन भनी भारतीय राजदूतले प्रधानमन्त्री विश्वेश्वरप्रसाद कोइरालालाई भन्न आएको र नेहरूसँग छलफल गरी निमन्त्रणा पठाइएको कुरा विश्वेश्वरप्रसाद कोइरालाले उल्लेख गरेका छन् ।[४५३]भारतका प्रधानमन्त्री जवाहरलाल नेहरूले भारतीय लोकसभामा १९५० को नेपाल-भारत सन्धिको व्याख्या गरी नेपाल र भुटानमाथि भएको जुनसुकै आक्रमणलाई भारतले आफ्नै विरुद्ध भएको सम्झिने छ"[४५४] भन्ने भनाइको लगभग २ महिनापछि यो भ्रमण तय भएको हो । नेहरूको उक्त भनाइले नेपाली राजनीतिक रङ्गमञ्चमा अनेकौ टिकाटिप्पणीहरू चल्न थालेका थिए । नेपालमा पुनः भारत विरोधी स्वरहरूले प्राथमिकता पाउन थालेका थिए । टंकप्रसाद आचार्यले नेहरूको वक्तव्यप्रति टिप्पणी गर्दै "यो नेपालको आन्तरिक मामलामा भारतको हस्तक्षप हो । चीनसँगको विवादको कारण आफ्नो सेनालाई नेपाल पठाउने कोसिस गरिराखेको

---

[४५०] *गोरखापत्र* , २०१६ माघ ४ ।

[४५१] *ऐजन ।*

[४५२] गणेशराज शर्मा, *विश्वेश्वरप्रसाद कोइरालाको आत्मवृत्तान्त* , ललितपुरःजगदम्बा प्रकाशन, २०५५,पृ. १३९-१४० ।

[४५३] *ऐजन ।*

[४५४] लियो इ.रोज, *नेपाल स्ट्राटेजी फर सरभाइभल,* न्यू दिल्ली : अक्फोर्ड युनिभर्सिटी प्रेस, ई.सं. १९७१, पृ. ८।

छ"[४५५] भन्दै  आलोचना गरेका थिए । नेहरूको उक्त भनाइको व्यापक विरोधका कारण भारतका प्रधानमन्त्री नेहरू र विदेश मन्त्रालयले यो सिद्ध गर्न  प्रयास गरेको थियो  कि "नेपालको आन्तरिक मामिलामा भारतले हस्तक्षेप गर्न चाहदैन भारतले आफ्नो सुरक्षा प्रति बढी चिन्तित र सचेत छ" [४५६]। नेहरूको नेपालप्रतिको भनाइलाई विश्वेश्वरप्रसाद कोइरालाले नेपाल पूर्ण सार्वभौम सत्तासम्पन्न स्वतन्त्र  राष्ट्र हो  यसबाट यो कदापि सोच्नु हुन्न कि भारतले एकतर्फी  कारवाही गर्न सक्दछ[४५७] भन्ने व्याख्या गरे । यो उनको रणनीति वयान थियो जसलाई मित्रताको अभिव्यक्ति ठानियो नेपाली प्रेसहरूले भारतीय प्रधानमन्त्रीको भनाइलाई एउटा अवसरको रुपमा लिए र नेपालमा भारतीय कुटनीतिक हस्तक्षेप भएको वर्णन गरियो । यसले नेपालको अन्तर्राष्ट्रिय नीति अन्योल रहेको व्याख्या गरियो ।[४५८] प्रधानमन्त्री विश्वेश्वरप्रसाद कोइरालाको भारत भ्रमणभन्दा अगाडि तिब्बतमा भएको चिनियाँ हस्तक्षेपप्रति नेपालको नीतिलाई औल्याएर भारतका पत्रपत्रिकामा नेपालको विदेशनीतिको आलोचना गरिएको थियो । यसले गर्दा नेपाल भारत सम्बन्धमा शंका उपशंकाहरू उब्जिएका थिए। अर्को नेहरूको वक्तव्यमा नेपालसँग विशेष सम्बन्ध कायम गर्ने भारतीय आकाक्षा भएको प्रस्ट बुझिन्छ । यस प्रकारको भारतीय दृष्टिकोणले नेपालको स्वतन्त्र वैदेशिक नीतिको परिचालनमा अवरोध उत्पन्न हुनसक्ने सम्भावना बढ्यो । त्यस्तो तनावलाई कम गर्न त्यस्तै चीन यात्रापूर्व नेपाल चीन सीमा विवादको बारेमा छलफल गर्न नेपालका प्रधानमन्त्री भारत गए ।[४५९] त्यस्तै नेपालका प्रधानमन्त्री विश्वेश्वरप्रसाद कोइराला कोइराला चिनियाँ सैनिक हस्तक्षेपको विरुद्ध

---

[४५५] शैलेन्द्र कमार चर्तुवेदी, *भारत-नेपाल सम्बन्ध,* दिल्ली: वि. आर, पब्लिसिङ्ग हाउस, ई.सं. १९८९, पृ. १६-१७।

[४५६] *ऐजन,* पृ. १७ ।

[४५७] ए.एस. भासिन, *डकुमेन्ट अफ नेपाल्स रिलेसन्स विथ इण्डिया  एण्ड चाइना  (१९४९-६६)* , न्यू दिल्ली: एकेडेमिक बुक्स , ई. सं. १९७०, पृ. २७ ।

[४५८] मनिकलाल बज्राचार्य, *नेपाल इण्डिया रिलेसन्ससिप . . . ?,* काठमाडौं: अनिल बज्राचार्य र राजिव बज्राचार्य, प्रकाशन मिति उल्लेख नभएको, पृ. ४६ ।

[४५९] चर्तुवदी, *पूर्ववत्,  पादटिप्पणी नं.९३,* पृ.१७ ।

साझा प्रतिक्षा र सुरक्षाको समस्याहरूमाथि सल्लाह लिन दिल्ली पुगे ।[४६०] भारतमा रहँदा नेहरूसँग राजनैतिक विषयहरूमा बढी कुराकानी भए ।[४६१]

२०१६ माघ ३ गते भारत गएका प्रधानमन्त्री कोइरालालाई भारतका विभिन्न ठाउँहरूमा भव्य स्वागत गरियो । उनी पटना पुग्दा नेपाल र भारतका राष्ट्रिय झण्डा बोकेका हजारौ जनताले फूलमालाको वर्षा गरे । विश्वेश्वरप्रसाद कोइराला १९६० जनवरी १७ मा पटना पुगेर भैसालोटल बाल्मीकिनगरमा विवादास्पद गण्डक योजनाका लागि प्रस्थान गरे ।[४६२] त्यहाँ गण्डक योजनाको सिलन्यास गर्न जानुपरेको थियो[४६३] भन्ने कुरा विश्वेश्वरप्रसाद कोइराला आत्मवृत्तान्तमा उख्लेख गरेको छ । त्यसपछि भैसालोटन, जयशेदपुर, वरेली, खातिमा, कुलवाग, आगरा, पुना आदि ठाउँहरू घुम्दै २४ जनवरीमा दिल्ली पुगे ।[४६४] त्यहाँ प्रधानमन्त्री कोइरालाको भारतका प्रधानमन्त्री नेहरूले स्वागत गरे । उनका अलवा दिल्ली हवाइअड्डामा केन्द्रीय मन्त्रीगण, भारतीय स्थल सेनाका अध्यक्ष जनरल, भारतको लागि नेपाली राजदूत लगायत ठूलो संख्यामा जनसमूहको उपस्थित थियो । विश्वेश्वरप्रसाद कोइराला भारत पुग्नासाथ त्यहाँका प्रधानमन्त्री नेहरूसँग भेट गरी प्रारम्भिक वार्ता गरे ।[४६५] दिल्लीमा जहाँ राजा त्रिभुवनलाई राखेको ठाउँ हैरदाबाद निजाम हाउस थियो त्यसमा प्रधानमन्त्री कोइरालालाई राखियो । रुसका राष्ट्रपति भोरोसिलोभहरू पनि त्यतिबेला भारतमा आएका कारण राष्ट्रपति भवनमा विश्वेश्वरप्रसाद कोइराला लाई राखिएन । भारतमा रहँदा भारतको रक्षामन्त्री बि.के. कृष्ण मोहनसँग पनि कुराकानीहरू भए । त्यसका अलवा व्यापार र वाणिज्य सम्बन्धी केही कुराहरू भएका थिए ।[४६६] मेरो बारेमा उनीहरूलाई के लागेको थियो भने म अलिकति चीनतर्फ झुकाव राख्न थाले । त्यहाँ अखबारहरूमा मेरो बडो आलोचना हुने

---

[४६०] धरमदेशानी, *पूर्ववत् , पादटिप्पणी नं. २७, पृ. ६३* ।

[४६१] शर्मा , *पूर्ववत् , पादटिप्पणी नं. ३६,* पृ २३१ ।

[४६२] डा. देवचन्द्र मिश्र, *विश्वेश्वरप्रसाद कोइराला और नेपाली राजनीति,* काठमाडौं: मिश्रा प्रकाशन, ई.सं. १९९६, पृ. १४८ ।

[४६३] शर्मा , *पूर्ववत् , पादटिप्पणी नं. ३६,* पृ २३८ ।

[४६४] मिश्र, *पूर्ववत्, पादटिप्पणी नं. ४६* पृ १४८ ।

[४६५] *गोरखापत्र* , २०१६ माघ ११ ।

[४६६] शर्मा, *पूर्ववत् , पादटिप्पणी नं. ३६,* पृ २३१ ।

गर्दथ्यो भन्ने कुरा विश्वेश्वरप्रसाद कोइरालाले व्यक्त गरेका छन् । दिल्लीमा नै रहँदा कोइरालाले एक कार्यक्रममा "नेपाल आफ्नो विकास कार्यका लागि भारतद्वारा प्राप्त निस्वार्थ तथा मैत्रीपूर्ण सहयोगलाई विर्सने छैन नयाँ नेपाल निर्माण गर्ने आफ्नो प्रयत्नमा भारतबाट सदैव सहयोग हुनेछ भनी आशा गर्दछ साथै भारत सदैव नेपाललाई आइपरेका कठिनाइहरूमा सहायता दिन जस्तो तयार छ त्यसै गरी नेपालले पनि भारतलाई जरुरतको समयमा मद्दत गर्दै आइरहेको छ" [४६७] भन्ने विचार प्रधानमन्त्रीले व्यक्त गरे । त्यस समारोहमा भारतीय प्रधानमन्त्री नेहरूले "नेपाल र भारतको भविष्य आम समस्याहरूको सँगसँगै सामना गर्दै लड्ने र आपसी सहयोगमा निहित छ"[४६८] भन्ने उल्लेख गरे । कोइराला भारतमा रहँदा भारतीय प्रधानमन्त्री नेहरूसँग माघ १० गते देखि पटक पटक भेटघाट र कुराकानीहरू भयो । सो अवसरमा नेपालका गृहमन्त्री सूर्यप्रसाद उपाध्याय पनि उपस्थित थिए ।[४६९] भारतीय प्रधानमन्त्री नेहरूले विश्वेश्वरप्रसाद कोइरालाको भनाइको प्रत्युत्तरमा "भारत र नेपाल धेरै कुराहरूले गर्दा परस्पर सम्बद्ध छन् । यदि कुनै कठिनाइ नेपालले सामना गर्नु पऱ्यो भने त्यसले हामीलाई पनि असर पार्नेछ भनेका थिए । त्यस्तै भविष्यमा जस्तो सुकै परि आए पनि सौभाग्य र दुर्भाग्यमा सहभागी भई भारत तथा नेपाल एक अर्काका साथ हुनेछन् साथै हजारौ वर्षदेखि हिमालले दुवै देशको रक्षा गरेको हिमाल प्रत्येक नेपाली तथा भारतीयको हृदय हो"[४७०] भन्ने विचार पनि व्यक्त गरे ।

२०१६ माघ १५ गते एउटा संयुक्त विज्ञप्ती प्रकाशित भयो जसमा नेपाल सरकारको अनुरोधमा भारत सरकारले नेपाल सरकारको विकासका लागि १४ करोड आर्थिक सहायता दिन मञ्जुर गऱ्यो साथै दुवै देशका बीचको आपसी स्वतन्त्रता अखण्डता सुरक्षा तथा प्रगति प्रति एक अर्काको महत्त्वपूर्ण चाख छ र समान हितका कुराहरूमा दुबै सरकारले निकट सरसल्लाह कायम राख्नुपर्छ भन्ने कुरामा सहमती बन्यो । अन्तर्राष्ट्रिय समस्याहरूमा दुवै सरकाले समान किसिमको नीति रहने र ती समस्याहरूप्रति पारस्परिक योगदान गर्ने इच्छा

---

[४६७] *गोरखापत्र* , २०१६ माघ १३ । ।

[४६८] *ऐजन ।*

[४६९] देवकोटा, *पूर्ववत् पादटिप्पणी नं. ३,* पृ ३४६ ।

[४७०] *गोरखापत्र* , २०१६ माघ १५ । ।

व्यक्त गरिएको छ भन्ने कुरामा सहमती जनाइएको थियो । [४७१] नेपालका प्रधानमन्त्री कोइराला काठमाडौं फर्कनुभन्दा अगाडि चण्डीगढमा "भारतमा नेहरू सरकारको कम्युनिष्ट प्रति जुन दृष्टिकोण छ हाम्रो पनि त्यही नै छ । हामीहरू जहाँसम्म कम्युनिष्टहरू संवैधानिक हुन्छन् त्यहासम्म सहिष्णु हुन्छौ, तर उनीहरूलाई हिंसाको बाटो अपनाउन दिइने छैन"[४७२] भनेका थिए ।

प्रधानमन्त्री विश्वेश्वरप्रसाद कोइरालाको यो भ्रमण नेपालको लागि राजनैतिक, आर्थिक र व्यापारिक कारणहरूले पनि महत्वपूर्ण मानिन्छ । तर नेपालमा पनि विश्वेश्वरप्रसाद कोइरालाको यो भ्रमण पनि विवाद रहित रहन सकेन । आफ्नो भारत भ्रमणको अवसरमा कोइरालाले व्यक्त गरेको विचारलाई देश भित्रको कङ्ग्रेस विरोधी शक्तिले नेपाली कङ्ग्रेसको सरकार पूर्णरुपले भारतीय हितको पृष्ठपोषक भएर काम गर्दैछ । यो कुराको पुस्टि संयुक्त विज्ञप्ती र चण्डीगढमा व्यक्त विचारले गर्दछ भन्ने टिप्पणीहरू गरिए । भारतमा रहँदा प्रधानमन्त्री कोइरालाले सम्भावित नेपाल चीन सन्धि साथै चिनियाँ आर्थिक सहायताको सम्बन्धमा नेहरूबाट निर्देशन पनि प्राप्त गरे ।[४७३] प्रधानमन्त्री कोइराला भारतमा रहँदा त्यहाँ रुसका राष्ट्रपति भोरोसिलोभ पनि आएका थिए । चीनसँग सोभियतको सम्बन्ध नराम्रो भइसकेको अवस्थामा भारत र सोभियत आफ्नो अनुकुलको वातावरण तयार गर्न कोशिस गरी राखेका थिए तिनीहरूले मलाई आफ्नो अनुकूल पार्ने बडो कोसिस गरिरहेका थिए ।[४७४] पछि रुसको राष्ट्रपति नेपाल पनि आए । यसबाट त्यतिबेलाको नेपालको महत्व भारत र चीनका लागि मात्र नभएर रुसको लागि पनि रुचिकर विषय रहन पुगेको कुरामा स्पष्ट देखिन्छ ।

कोइरालाको यो भ्रमण कुटनीतिक क्षेत्रमा मात्र नभएर आर्थिक क्षेत्रमा पनि नेपालका लागि महत्त्वपूर्ण सावित भयो तर कोइरालाको यस भ्रमणमा नेहरूद्वारा नेपाल भ्रमणको अवसरमा व्यक्त विचारहरू प्रति कुनै कुरा नै उठाइएन । १९५० को सन्धि परिमार्जित गर्ने निर्णय ठोस रूपमा हुन सकेन । त्यस्तै सुरुमा नै विवादित देखिएको गण्डक सम्झौतामा

---

[४७१] राजकुमार झा, *द हिमालयन किङ्डम्स् इन इण्डीयन फरेन पोलिसी,* राँची: मैत्री पब्लिकेशन्स, ई. सं. १९८६, पृ. २१३ ।
[४७२] देवकोटा, *पूर्ववत् , पादटिप्पणी नं. ३,* पृ ३४७ ।
[४७३] चर्तुवेदी, *पूर्ववत् , पादटिप्पणी नं. ३९,* पृ १७ ।
[४७४] शर्मा , *पूर्ववत्, पादटिप्पणी नं. ३६,* पृ २४३ ।

हस्ताक्षर गरिएकाले यो सम्झौताको विरोधी दलहरूले खुब आलोचना गरे । गण्डक सम्झौताको विरोधमा कालो दिवस मनाइ ठूलो प्रर्दशनको आयोजना गरियो । प्रजातान्त्रिक मोर्चाले कङ्ग्रेसलाई आफ्नो निशाना बनायो । विरोधी दलहरूले देशको नदीनाला बिक्री गरिएको देशलाई पूर्ण क्षति पुऱ्याएको, मुलुकको स्वतन्त्रता र सार्वभौमिकतामा समेत असर पुऱ्याएको आरोप लगायो । तत्कालीन नेता डा. के आई. सिंहले गण्डक सम्झौतामाथि कडा प्रहार गर्दै "नेपाली कांग्रेसले निर्वाचनको समयमा गरेको कपाली तमसुकको प्रतिज्ञा पुरा गर्न गण्डक दान गरेको हो । यसले नेपालको वरवादी भारतको आवादी गरेको छ" [४७५] भने । प्रमुख प्रतिपक्षी दलले विश्वेश्वरप्रसाद कोइरालाको यस भ्रमणलाई समर्थन गरे पनि अन्य भारत विरोधी दलहरू यस कुरालाई रङ्गाइ वातावरण उचाली राखे ।

नेपाली कांग्रेसको सरकार स्थापना भएपछि भारततर्फ बढी झुकाव राख्छ भन्ने धारणाको विकास भइराखेको अवसरमा राजा त्रिभुवनको पालामा जस्तै मन्त्रीहरू थाहै नपाई दिल्ली पुग्ने त्यही प्रक्रिया पुनः सुरु भएको जस्तो देखियो । प्रधानमन्त्री कोइरालाको भारत भ्रमणको अघिल्लो दिन पहिलोपल्ट काठमाडौं दिल्ली हवाइसेवाको उदघाटन भयो । यस हवाइसेवाको उदघाटनका क्रममा गणेशमान दिल्लीको सफसगञ्ज हवाइजहाजद्वारा २०१६/१०/२ मा ओर्लिए ।[४७६] त्यस्तै एउटा विवादास्पद भ्रमण उपप्रधानमन्त्री सूवर्ण शमशेरबाट भयो उनी २०१६ आसोज १५ मा गई कार्तिक ५ गते फर्किए । यस यात्रालाई पत्रपत्रिकाले मातृकाको मन्त्रीमण्डलमा भएका दौडधुपसँग तुलना गरेका थिए । उनी भारतमा नेहरूसँग भेट गरी कुराकानीको विषयलाई २००७ को राजनीति दोहोरिन थाल्यो कि भन्ने शंका उब्जाएको थियो ।[४७७] सुरुमा भारतको औपचारिक भ्रमण नगरी चीन पुगेका नेपालका प्रधानमन्त्री टंकप्रसाद चीन भ्रमणको केही समयपछि मात्र भारत गए त्यो परम्परालाई प्रधानमन्त्री विश्वेश्वरप्रसाद कोइराला ले उल्टाइ पुनः २०१२ भन्दा अगाडिका पूवर्जहरूको बाटो पछ्याएको देखियो ।

---

[४७५] देवकोटा, *पूर्ववत्, पादटिप्पणी नं. ३,* पृ २९५ ।

[४७६] *ऐजन* ।

[४७७] *ऐजन,* पृ. ३४५ ।

जे होस् प्रधानमन्त्री कोइरालाको भारत भ्रमणमा वाणिज्य सन्धि पुनरावलोकन गर्ने प्रस्तावमा सहमती प्रदान गरी यसको परिणाम स्वरुप ई.सं. १९६० बाट संशोधित वाणिज्य सन्धि लागू भयो । स्वतन्त्रतरुपले नेपालले वैदेशिक विनिमय लागू गर्न पायो । त्यसका अलवा विकास कार्यक्रममा भारतीय सहयोग प्राप्त गर्ने वचनबद्धता प्राप्त भयो ।

## ५.२.२ विश्वेश्वरप्रसाद कोइरालाको भ्रमण (२०१७ साल श्रावण २४)

राजा महेन्द्रले जापान र अमेरिकाको राजकीय भ्रमण र अन्य देशहरूको अनौपचारिक भ्रमण सकी स्वदेश फर्केको २ हप्ता पनि नहुँदै २०१७ श्रावण १४ गते इजरायलको तेल अविवमा हुने बुद्धिजीवि सम्मेलनमा भाग लिनका लागि प्रधानमन्त्री कोइराला दिल्लीतर्फ प्रस्थान गरे । दिल्ली स्थित हवाइ अड्डामा प्रधानमन्त्री नेहरू, दिल्ली स्थित शाही नेपाली राजदूत भारतीय वैदेशीक मामलाका प्रोटोकल आदिले स्वागत गरेका थिए ।[४७८] दिल्लीमा उनी २ दिन बसे । जहाँ उनले भारतीय प्रधानमन्त्री, परराष्ट्रमन्त्री र राष्ट्रपतिसँग भेट गरे । त्यस समयमा कोइरालाले "हामीहरू पहिला पनि साथी थियौ र भविष्यमा पनि साथी नै रहनेछौ" [४७९]भनेका थिए । उनी भारतमा पत्रकारहरूसँग कुनै कुरा पनि गर्न अस्वीकार गरे । भ्रमणको शिलशिलामा विश्वेश्वरप्रसाद कोइराला नेहरूले आयोजना गरेको भोजमा पनि सरिक भएका थिए । भारतमा रहँदा उनी राष्ट्रपति भवनमा बसेका थिए । तेहरानमा पुगेपछि त्यहाँ भारतीय राजदूतले आयोजना गरेको एउटा स्वागत समारोहमा "नेपाल र भारतबीच रही आएको यस पुरानो सम्बन्धलाई . . . बढी महत्त्वपूर्ण भएको विचार व्यक्त गरे ।[४८०]

कोइराला आफ्नो भ्रमण सकी २०१७ भाद्रको दोस्रो हप्तातिर दिल्ली पुगे । दिल्लीमा प्रधानमन्त्री कोइराला र भारतीय प्रधानमन्त्री नेहरूका बीच बेग्लाबेग्लै बैठकहरूमा आपसी

---

[४७८] *गोरखापत्र* , २०१६ श्रवाण २८ ।
[४७९] देवकोटा, *पूर्ववत्* , *पादटिप्पणी नं. ३,* पृ ४७० ।
[४८०] *गोरखापत्र* , २०१६ भाद्र ११ ।

हितका विषयमा २ घण्टा कुराकानी भयो ।[४८१] दस दिनसम्म इजरायलको भ्रमण समाप्त गरी २०१७ साल भाद्र १० गते बिहान हवाइजहाजद्वारा काठमामौं फर्किए । गौचर हवाइ अड्डामा स्वागत गर्न मन्त्रीगण लगायत अन्य प्रतिष्ठित व्यक्तिहरू उपस्थित थिए ।[४८२] नेहरूसँग नेपालका प्रधानमन्त्री विश्वेश्वरप्रसाद कोइरालाले नेपालको हिमालय सिमानामा भएका घटनाहरूप्रति आफ्नो छोटो बसाइमा छलफल गरे उनी इजरायलको भ्रमणमा थिए ।[४८३]

नेपालका प्रधानमन्त्री विश्वेश्वर प्रसाद कोइराला इजराजय भ्रमणमा जानुभन्दा अगाडि मुस्ताङ घटनाप्रति भारतीय राजदूतसँग छलफल गरे त्यसपछि आफ्नो इजरायलको भ्रमणको अवसरमा यहि विषयमा नेपालका प्रधानमन्त्री विश्वेश्वरप्रसाद कोइराला र भारतीय प्रधानमन्त्री नेहरूबीच नेपालको उत्तरी सीमा सुरक्षाका लागि आवश्यक चेक पोष्ट र सैनिक संस्था वृद्धि बारे छलफल भयो ।[४८४] यी दुबै भनाइहरूबाट नेपालका प्रधानमन्त्री भारतीय प्रधानमन्त्री नेहरूलाई भेटी छलफल गरेको विषय उल्लेख गरिएबाट यो छलफल नेपाल भारत संयुक्त सुरक्षा अवधारणाको बारेमा बढी केन्द्रित भएको देखिन्छ किन कि २०१७ असारमा नेपाल र चीनका बीच मुस्ताङ विवाद उत्पन्न भएको थियो । यो विवाद कुटनैतिक माध्यमबाट शान्तिपूर्ण तरिकाबाट सम्पन्न भएको थियो । यस घटनाले बारम्बार हिमाललाई आफ्नो सुरक्षा सीमाना देखाउने नेहरूले यस विषयलाई गम्भीरता पूर्वक लिएको र प्रधानमन्त्री नेहरूद्वारा पटक पटक नेपालप्रति दिएका अभिव्यक्तिहरूले नेपाली राजनैतिक रङ्गमञ्च ज्यादै तताउने गर्दथ्यो । अर्को पक्ष चीन हिमालयको सीमा पार गरेर नेपाल पसेमा भारतले असुरक्षाको महसुस गर्दथ्यो । जे होस प्रधानमन्त्री कोइरालाको यो भ्रमणको केही समय पछि नेपाल भारतका बीच एउटा वाणिज्य सन्धि पनि भयो जुन सन्धिले नेपाललले पहिलोपल्ट स्वतन्त्र व्यापारको सुविधा प्राप्त गऱ्यो । जुन नेपालको लागि प्रत्यक्ष फाइदाको विषय थियो ।

---

४८१ *गोरखापत्र* , २०१६ भाद्र १४ ।

४८२ *ऐजन ।*

४८३ मुनी, *पूर्ववत्* , *पादटिप्पणी नं.३९*, पृ ११० ।

४८४ धरमदेशानी, *पूर्ववत्*, *पादटिप्पणी नं. २७*, पृ ६६ ।

### ५.१.३ विश्वेश्वरप्रसाद कोइरालाको भ्रमण (२०१७ साल कार्तिक १२)

प्रथम निर्वाचित सरकार र राजाका बीचको राजनैतिक दुरी क्रमशः बढ्दै गइरहेको थियो । सरकार प्रमुख र राष्ट्रप्रमुखका बीचमा २०१६ साल माघ देखि नै वाकयुद्ध जारी थियो, राजनैतिक क्षेत्रमा विभिन्न अडकलबाजीहरू गरिदै थिए । त्यस्तै परिस्थितिमा  वा संसदीय सरकार विघटन हुनुभन्दा केही समय अगाडि प्रधानमन्त्री विश्वेश्वरप्रसाद कोइराला अखिल भारत नेपाली विद्यार्थी सम्मेलनको उद्घाटन गर्न एक विशेष वायुयानद्वारा भारत गए । त्यहाँ चार दिन बसी २०१७ कार्तिक १६ गते काठमाडौं फर्किए । उनको स्वागतका लागि मन्त्रीगण कुटनीतिक प्रतिनिधि उच्च सरकारी पदाधिकारी तथा नेपाली कांग्रेसका कतिपय सदस्यहरू उपस्थित थिए ।[४८५] त्यस सम्मेलनमा सफलताको कामना गर्दै राजाबाट पठाइएको सन्देश पढेर सुनाइयो ।[४८६]

प्रधानमन्त्री कोइरालाको यो भारत भ्रमण एउटा अनौपचारिक कार्यक्रम थियो । यस भ्रमणको अवसरमा भारतमा रहँदा कोइरालाले भारतीय नेताहरूसँग भेटघाट गरेको तथा नेपालको राजनैतिक र परराष्ट्रसम्बन्धी कुनै विषयमा पनि छलफल भएको जानकारी प्राप्त गर्न सकिएन तर आर्थिक विषयको  बारेमा केही  उल्लेख  पाइन्छ । प्रधानमन्त्री विश्वेश्वरप्रसाद कोइरालाले भारतमा रहँदा  भारतीय  पूँजीपतिहरूलाई  नेपालमा पूँजी लगानी गर्न  आग्रह गरेका थिए ।[४८७]तर केही महिनामा नै नेपाली कांग्रेस भित्रको विवाद, देशको शान्ति सुरक्षाको बिग्रदै  गएको स्थिति आदि कुराहरूका कारण सरकार कमजोर बन्दै गइरहेको  थियो । यिनै अवस्थाहरू विद्यमान हुँदा राजा महेन्द्रले अचानक विभिन्न आरोपहरू लगाउँदै यस्तो शासन सत्ता आफ्नो हातमा लिए । जसको कारण संसदीय व्यवस्था पतन भयो । प्रधानमन्त्रीलाई गिरफ्तार गरियो तब नेपाल भारत सम्बन्धले अर्को मोड लिन पुग्यो कोइरालाको अपेक्षा अनुरुप भारतीय पूजीपतिहरूले नेपालमा लगानी गर्न आउने वातावरण उनको सरकारको विघटन पछि रहेन । निर्वाचित सरकारको विघटनपछि                    नेपाल भारत सम्बन्धमा केही आपसी शंका उपशंकाहरू उत्पन्न भए जुन कुरा यस पछाडिको परिच्छेदमा उल्लेख गरिनेछ । कोइरालाको यस भारत भ्रमणले नेपालको राजनीतिमा खासै कुनै ठूलै प्रभाव पार्न सक्ने बरु सरकार विरोधी दलहरूले यसै कुरालाई पनि आधार बनाइ भारतसँगको नेपाली कांग्रेसको सम्बन्धलाई

---

[४८५] *गोरखापत्र* , २०१६ कार्तिक १२ ।

[४८६] *गोरखापत्र* , २०१६ कार्तिक १७ ।

[४८७] देवकोटा, *पूर्ववत् , पादटिप्पणी नं. ३,* पृ ५४६ ।

नकारात्मक प्रचारहरू गर्न अर्को अवसर भन्दा केही देखिदैन । सायद प्रधानमन्त्री कोइरालाका अन्य कार्यका अलवा भारत तर्फका क्रियाकलापहरू राजालाई मन नपरेर हुनसक्छ उनको सरकार विघटन गरियो । जुन कुरा राजाको सरकार विघटनका सम्बन्धमा गरिएको घोषणाबाट अप्रत्यक्ष रुपमा प्रकट भएका थिए ।

## ५.३ भारतीय प्रधानमन्त्री जवाहरलाल नेहरुको नेपाल भ्रमण (२०१६ जेष्ठ २८)

भारतीय प्रधानमन्त्री नेहरू आफ्नो छिमेकी देश नेपालको दोस्रो भ्रमणका लागि २०१६ साल जेष्ठ २८ गते काठमाडौं आए । नेपाल आउनुभन्दा अगाडि श्री ५ को सरकारको शिक्षा विभागले एउटा अपिल गरी नेहरूको स्वागतका लागि उपस्थित हुन अनुरोध गरेको थियो भने नेहरू नेपाल भ्रमण आउनुभन्दा अगाडि नेपालमा केही प्रतिक्रियाहरू पनि व्यक्त भएका थिए । केही पत्रपत्रिकाहरूले नेहरूको आगमनका लागि स्वागत लेख पनि छापेका थिए । अर्कोतिर नेहरूलाई कालोझण्डा देखाउने भएका छन् भनी केही नेपाली कांग्रेसका सदस्यहरूद्वारा व्यापक प्रचारमा पनि ल्याइएको थियो ।[४८८] त्यस्तै भारतीय कर्मचारीहरू नेपालमा आएका अन्य विदेशी अथिति भन्दा बढी स्वागत नेहरूलाई व्यक्त होस् भन्ने कुरामा तल्लीन भएका थिए ।[४८९] भारतीय प्रधानमन्त्री नेहरूलाई राजा महेन्द्रले कोशी बाँध सिलन्यासको अवसरमा नेपाल भ्रमण गर्न पुन: लागी आग्रह गरेका थिए ।[४९०]

राजाको निमन्त्रणालाई स्वीकार गर्दै २०१६ जेष्ठ २८ गते बिहान १०:५ मा गौचर हवाइअड्डामा आइपुगे । उनको स्वागतका लागि मन्त्रीगण र कुटनैतिक प्रतिनिधिहरूका अतिरिक्त हजारौ नरनारीको उपस्थिति थियो । त्यहाँ नेहरूलाई शाही सेनाको एक दलले गार्ड आफ अनर प्रदान गऱ्यो । त्यसपछि नजिकै मञ्चमा स्वागत भाषण गर्दै विश्वशान्तिका लागि नेहरूले पुऱ्याएको योगदानको चर्चा गरियो । त्यसको प्रत्युत्तरमा नेहरूले "नौ वर्ष अगाडि म यहाँ आएको थिए त्यसको पहिलेमात्र यहाँ ठूलो परिवर्तन भएको थियो । आज म फेरि त्यो अवस्थामा आएको छु जब कि सफल आम निर्वाचन पछि तपाईहरूको इतिहासमा एउटा ठूलो

---

[४८८] *ऐजन*।

[४८९] *ऐजन*, पृ. १६७-१६८।

[४९०] *ऐजन*।

अध्याय सुरु भएको छ । तपाईहरू नयाँ यात्रामा हुनुहुन्छ । यो यात्रा अलि कठिन हुनसक्छ तर यस्तै कठिनाइबाट हामी केही सिक्दछौ पनि भन्दै "हिमाल दुबैको प्रहरी हो । हाम्रो इतिहास संस्कृति स्वतन्त्रता र धैर्यको यो प्रतीक हो" [४९१] भन्ने विचार व्यक्त गरे । यसको करिब एक घण्टापछि भारतीय प्रधानमन्त्री नेहरू सहरतर्फ प्रस्थान गरे । सहरका ठाउँ ठाउँमा जनताद्वारा नेहरूको हौसल्लासपूर्ण स्वागत गरिएको थियो । सिंहदरबारमा आयोजित राजकीय भोजमा राजाबाट "दुई देशका बीच रही आएको मैत्रीपूर्ण सद्भाव युगयुग पुरानो . . .खदिलो र सुगम बनाएको छ"[४९२] भन्ने विचार व्यक्त गरे । त्यही अवसरमा नेहरूले अन्तर्राष्ट्रिय परिस्थितिको चर्चा गर्दै "आज संसार दुईभागमा बाडिएको छ । यदि विश्वयुद्ध भयो भने मानव समाज ढुङ्गे युगमा फर्कने छ । यसैले विश्वको उत्ताउलो परिस्थितिमा नेपाल र भारतजस्ता शान्तिप्रिय देशको सम्बन्धले विश्व शान्तिलाई योगदान गर्दछ[४९३] भन्ने धारणा व्यक्त गरेका थिए । काठमाडौं नगरपालिकाद्वारा आयोजित एक स्वागत समाराहेमा "विश्वमा पञ्चशील कसैले मानेको छैन पञ्चशील तपाई हाम्रा मुखमा छ यस्ता शब्द ठाउँ बेठाउँ प्रयोग गरी यसलाई सस्तो नबनाइदिनुहोस" भन्ने आग्रह पनि गरेका थिए । साथै भारत नेपालको कुनै किसिमको आन्तरिक मामलामा हस्तक्षेप गर्ने इच्छा राख्दैन एक छिमेकी र मित्रको हैसियतमा सल्लाह दिनेछ । हामी हिमालयको छत्रछायामा बढ्दै हुर्केका छौ । जुन हिमाल देख्दा मलाई खुशी लाग्छ हिम्मवत बढ्छ"[४९४] पनि भनेका थिए । ललितपुर नगरपालिकाद्वारा आयोजित स्वागत समारोह, भक्तपुर नगरपालिकाद्वारा आयोजित समारोह आदि ठाउँमा नेपाल भारत बीचको ऐतिहासिक सम्बन्धलाई नियाल्दै समय अनुकूल अगाडि बढ्नुपर्ने विचार व्यक्त भए । भारतीय प्रधानमन्त्री नेहरूद्वारा आयोजना गरिएको एउटा राजकीय भोजको अवसरमा उनले "प्रधानमन्त्री र अरु सहयोगीहरूसँग भेट्ने अवसर पाए उहाँहरूको देश सम्हाल्ने नीतिबारे पनि केही कुरा सुने । मैले आफ्नो देशको व्यवस्था अनुसार ती नीति त्यति अन्तर पाइन खासगरी

---

[४९१] *ऐजन, पृ. १५८* ।

[४९२] *गोरखापत्र* , २०१६ जेष्ठ २९ ।

[४९३] *ऐजन* ।

[४९४] देवकोटा, *पूर्ववत् , पादटिप्पणी नं. ३,* पृ १५८-१५९ ।

परराष्ट्रनीतिमा केही फरक पाइन"[४९५]भन्ने कुरा उल्लेख गरे । त्यसको प्रत्युत्तरमा नेपालका प्रधानमन्त्री विश्वेश्वरप्रसाद कोइराला कोइरालाले "नेपाल प्रजातान्त्रिक व्यवस्थामा अग्रसर हुन थालेका नाताले पनि हामी नजिक छौ जुन नयाँ व्यवस्था अपनाउन थालिराखेका छौ त्यसले पनि हामीलाई घनिष्टतामा ल्याएको छ"[४९६] भन्दै आफ्नो भनाइ राखेका थिए ।

२०१६ जेष्ठ ३१ गतेका दिन शितलनिवासमा भारतीय प्रधानमन्त्रीसँग नेपालका पत्रकारहरूले केही प्रश्नहरू गरेका थिए । पत्रकारहरको प्रश्नको जवाफमा नेपालका प्रधानमन्त्रीसँग दुबै देशका हितसम्बन्धी कतिपय प्रश्नहरूमाथि छलफल भए साथै नेपालमा प्रधानमन्त्री साथ अन्तर्राष्ट्रिय मामिला, तिब्बतको हालैको घटना, विकास योजना, कोशी योजना, गण्डक योजना व्यापार सन्धिको संशोधन आदि विषयहरूमा कुराकानी भयो गण्डक योजनाका बारेमा नेपालमा भारतले कुनै कारणबस गण्डक बाँध बनाउन पाएन भने भारतीय इलाकामा बनाउने छ तर भारतीय इन्जिनियरहरूले बाँधबाध्ने थलोको प्राथमिकता नेपालभित्र दिएका छन् भन्ने कुराको पुष्टि गरे ।[४९७] नेपालको उत्तरी सिमामा रहेको चेकपोष्टमा रहेका भारतीय अधिकारीहरू फर्काउने बारे सोधिएको प्रश्नमा यो हटाउने कुरा नेपाल सरकारको विषय हो त्यहाँ रहेका भारतीय नेपालीहरूलाई तालिम दिन रहेका छन् [४९८]भन्ने पनि उल्लेख गरे । नेपालमा रहँदा नेहरूले राजा र प्रधानमन्त्रीलाई छुट्टाछुट्टै भेट गरे । नेहरू नेपालको राजधानी काठमाडौंमा ७२ घण्टा व्यस्त कार्यक्रमको अथित्व ग्रहण गरी जेष्ठ ३१ गते बिहान १० बजे आफ्नै विमानद्वारा दिल्ली फर्किए ।[४९९] त्यसैदिन साँझ नेपाल र भारतका प्रधानमन्त्रीद्वारा हस्ताक्षर गरिएको संयुक्त वक्तव्य प्रकाशित गरियो जसमा भारतका प्रधानमन्त्रीले "नेपालका प्रधानमन्त्री तथा सरकारमा भएका वहाँका सहयोगीसँग धेरै पल्ट मैत्रीपूर्ण तथ अनौपचारिक कुराकानी भए । कुराकानीको शिलशिलामा हालैको तिब्बतको घटना तथा दुबै देशबीच सम्बन्धी धेरै विषयहरूमा छलफल भयो । समान ध्येय तथा उद्देश्यले

---

४९५ *ऐजन, पृ. १५८-१६१।*

४९६ *ऐजन, पृ. १६३।*

४९७ *ऐजन।*

४९८ *गोरखापत्र*, २०१६ असार १ ।

४९९ देवकोटा, *पूर्ववत्*, *पादटिप्पणी नं. ३*, पृ १६५ ।

उत्प्रेरित हुनाले अन्तराष्ट्रिय तथा घरेलु दुबै क्षेत्रमा दुबै देशको नीतिमा निक्कै ऐक्य भयो ” ।[५००]

यो त भयो औपचारिक भ्रमणको जानकारी यसको अलावा नेहरूको नेपाल भ्रमणको भित्री उद्देश्यबारे केही कुरा चर्चा गरौ । भारतीय सुरक्षा नीतिको बचाउका लागि धेरै लामो समयदेखिको निमन्त्रणालाई स्वीकार गर्दै नेहरूले नेपाल भ्रमण गरे । उनी आफ्नो हिमाल सिमाना असुरक्षित देखि नेपाल र भारतको संयुक्त सुरक्षानीतिको अवधारणा लिएर नेपाल आए यहाँ उनले बारम्बार हिमालले नेपाल र भारत सम्बन्ध मजबुत पारेको उल्लेख गरेका थिए । [५०१]त्यस्तै भारत चीन विवादले गर्दा भारतीय सुरक्षाको दृष्टिकोणले नेपालको महत्व बढ्न गयो । त्यसकारण नेपालसँगको सम्बन्ध प्रगाढ बनाउनका लागि भारतीय प्रधानमन्त्री नेपाल आएको बुझिन्छ ।[५०२] संयुक्त प्रेस विज्ञप्तीमा दुबै देशले क्षेत्रीय शान्ति खलबलाउने चीनको नीतिको भर्सना गरे । नेपालमा नेपाली कङ्ग्रेसको विजयलाई भारतले निकै उत्साहसाथ हेरी रहेको थियो किन भने यसबाट दुबै देशको सम्बन्ध सुधार आउन सक्ने कुरामा भारत बढी आशावादी थियो भारतको ४० हजार वर्ग किलो मिटर भूमिको चीनले आफ्नो स्वामित्वको घोषणा गरी ‘म्याक मोहन लाईन’ प्रति असहमती देखिएको थियो ।[५०३] यस्तो परिस्थितिमा भएको नेहरूको भ्रमणको भित्री उद्देश्य उनले भन्ने गरे जस्तो शुद्ध सद्भावनाबाट प्रेरित देखिदैन । भारतले प्रथम पटक आमने सामने भएर चीनसँग विवादको सामना गर्दै थियो । यस्तो अवसरमा नेपाल भ्रमण गरी नेपाल भारत राजनैतिक क्षेत्रीय र अन्तर्राष्ट्रिय विषयहरूमा साझा सहमती देखियो । भारतले नेपालमा महत्त्वपूर्ण स्थान बनाउन सफल भयो ।[५०४] नेहरूको नेपाल भ्रमणको समाप्तिपछि प्रकाशित संयुक्त विज्ञप्ती तयार गर्दा शब्द शब्दमा नेहरू र विश्वेश्रप्रसाद कोइरालाका बीच धेरै पटक असहमती देखियो । त्यस ड्राफ्टमा स्वतन्त्रतालाई जोड दिने दृष्टिकोण प्रधानमन्त्री विश्वेश्वरप्रसाद कोइरालाको

[५००] *ऐजन*।

[५०१] *गोरखापत्र , पूर्ववत् , पादटिप्पणी नं. ८२*।

[५०२] झा, *पूर्ववत्, पादटिप्पणी नं ५५, पृ..* २००-२०१ ।

[५०३] चर्तुवेदी, *पूर्ववत् , पादटिप्पणी नं. ३९, पृ. १६*।

[५०४] *ऐजन ।*

रहयो भने भारतीय प्रधानमन्त्री नेहरू विशेष सम्बन्धको कुरामा जोड दिएको कुरा विश्वेश्वरप्रसाद कोइरालाले उल्लेख गरेका छन् ।[५०५] यसबाट पनि स्पष्ट हुन्छ भारतीय प्रधानमन्त्रीको भ्रमणको भित्रि उद्देश्य के रहेको थियो ।

नेपाली कांग्रेसलाई भारत समर्थक दल भनेर त पहिलादेखि नै मानिदै आएको थियो । नेहरूले काठमाडौं नगरपालिकाद्वारा आयोजना गरिएको स्वागत कार्यक्रममा पञ्चशीललाई सस्तो नबनाउन आग्रह गरेका थिए । यसमा नेहरू अलिकति पूर्वाग्रही देखिए किन कि चीनले यसलाई मानेन भनेर पञ्चशील कहाँ छ भनी उल्लेख गर्नु एउटा आश्चर्य लाग्दो विषय देखिन्छ । नेहरू आफ्नो छोटो नेपाल भ्रमण सकी स्वदेश फर्किए उनको नेपाल भ्रमणको बारेमा विभिन्न प्रतिक्रियाहरू व्यक्त भए । राष्ट्रिय प्रजातान्त्रिक मोर्चाले संयुक्त विज्ञप्तीमा नेपालको परराष्ट्रनीति परम्परागत स्वकीय तटस्थताको नीति छाडी भारतको नीतिसँग मतक्य स्थापित गरेको पाइन्छ । यसको अलवा विकास योजनाका नीतिमा पनि भारतको अधिपत्य रहने आभास पाइन्छ भन्ने आरोप लगायो । त्यस्तै २०१६ /२/३० मा नेपाल समाचारले नेहरूको प्रथम काठमाडौं आगमन तिब्बतलाई चीनद्वारा मुक्त गरिएको लगत्तै पछि भएको थियो । त्यसबेला "हिमालय भारतको सुरक्षा शक्ति हो" भन्ने भारतको धारणा रहँदा केही भ्रम फैलिएको थियो । अहिले "हिमालय नेपाल र भारत दुबैको आत्मीयताको स्रोत हो" भन्नेबाट पहिलेको भ्रम घटेको छ [५०६]भन्ने लेख छापेको थियो । त्यस्तै समाज पत्रिकाले भारतलाई फाइदा हुने गरी गण्डकलाई पनि कोशीकै रुप दिएको आभास पाइन्छ । अर्को तर्फ नेपालीले घाटी सुकाएर चिच्याइरहेको वाणिज्य सन्धिबारे कुनै उल्लेख छैन भन्ने भनाइ छापेको छ ।[५०७] नेपाल समाचार पत्रिकाले तिब्बत विषयको संयुक्त विज्ञप्ती गरिदा यस विषयमा दुबै देशबीच समाजस्य रहेको छ भन्ने कुराले हाम्रो चीन विषय परराष्ट्र नीतिमा परिवर्तन भएको" भन्ने लेख छापेको छ । राष्ट्रियसंयुक्त मोर्चाले कोइराला सरकारले आफ्नो स्वार्थका लागि देशको सार्वभौमिकतामा ठूलो क्षति पुऱ्याएको भन्ने ठानी नेपाली जनतालाई कोइराला

---

[५०५] धरमदेशानी, *पूर्ववत्, पादटिप्पणी नं.२७, पृ. ६१ ।*

[५०६] शर्मा, *पूर्ववत् , पादटिप्पणी नं.३६, पृ. २३० ।*

[५०७] देवकोटा, *पूर्ववत्, पादटिप्पणी नं.३, पृ.१६९ ।*

सरकारप्रति  बहुतै सर्तक हुन आग्रह गर्दछ[५०८] भन्ने  प्रतिक्रिया दियो । अचम्म लाग्दो प्रसङ्ग यो देखिन्छ कि भारतले अन्य राष्ट्रसँग पञ्चशीलका सिद्धान्तको आधारमा सम्बन्ध स्थापित गर्न अग्रसर हुन्छ तर किन नेपालसँग पञ्चशीलका सिद्धान्तको आधारमा सम्बन्ध स्थापित गर्न तयार हुँदैन ? यो एक अनौठो विषय छ । नेहरू नेपाल भ्रमणबाट तिब्बतका बारेमा नेपाल र भारतका प्रधानमन्त्रीहरूको विचारमा समाजस्यता आउनुको मतलब चीन विषयको नेपालको नीति केही फेरिएको हो कि  शंका पक्कै उब्जिन्छ । गण्डक योजनाको विषयको कुरालाई लिएर एक पत्रिका लेख्दछ "एउटा कोशी योजनाले त हामीलाई निल्नु न ओकल्नु बनायो भने अर्को गण्डक योजनाले गर्दा राज्यभित्र अर्को राज्यको सिद्धान्त नेपालमा प्रसारित हुने शंका उत्पन्न भएको छ ।"[५०९] त्यस्तै नेहरूको नेपाल भ्रमणको विषयलाई चीन समर्थक राजनीतिक दलहरूले भारतसँगको घनिष्ट सम्बन्धको कटु आलोचना गरी नेपाललाई भारतका हातमा बेच्न लागेको आरोप लगाए । तर यी  आलोचनाहरूको अपहेलना गर्दै विश्वेश्वरप्रसाद कोइरालाले विदेशनीति सम्बन्धी महत्त्वपूर्ण  मुद्दाहरूमा भारतसँग  विचार विमर्श  गर्ने क्रम जारी  राखे [५१०] नेहरूको यो भ्रमणपछि नेपालका प्रधानमन्त्री र मन्त्रीहरू भारततर्फ जाने

---

[५०८] *ऐजन,* पृ. १७३  ।

[५०९] *ऐजन,* पृ. १७९  ।

[५१०] चर्तुवेदी,  *पूर्ववत् , पादटिप्पणी नं. ३९, पृ. १६* ।

प्रक्रिया पुनः सुरु भयो । नेपालको भ्रमण सकी  फर्किएको केही समयपछि नेहरूले लोकसभालाई सम्बोधन गरी बोलेको वाक्यले नेपालको राजनीतिमा तरङ्ग पैदा गरिदियो यसबाट त्यस विषयमा बोल्ने वातावरण नेपाल रहँदा उनले बनाउन खोजेको प्रष्ट हुन्छ । फलतः उक्त वाक्यलाई प्रधानमन्त्री विश्वेश्वरप्रसाद कोइरालाले सच्चाउनु परेको थियो । नेहरू नेपालमा आउँदा यसपाली उनलाई कालो झण्डा  देखाइएन । उनी यहाँ आफ्नो अनुकूलको परिस्थिति देखि आएको र आफ्नो उद्देश्यमा  सफल पनि रहेको देखिन्छ ।

# छैटौं परिच्छेद

# नेपाल भारत उच्चस्तरीय भ्रमणहरूको आदान-प्रदान (२०१७-२०१९)

## ६.१ राजाबाट भएका भारत भ्रमणहरू

### ६.१.१ महेन्द्रको भारत भ्रमण (२०१८ भाद्र १२)

२०१७ पौषमा राजा महेन्द्रले नेपाली काँग्रेसको निर्वाचित मन्त्रीमण्डललाई अपदस्थ गरी आफ्नो प्रत्यक्ष शासनको घोषणा गरे । यस कुरालाई तत्कालीन भारतीय प्रधानमन्त्री नेहरूले यस कदमलाई अप्रजातान्त्रिक बताएका थिए । राजा महेन्द्रले भारतीय आलोचनालाई गम्भीरतापूर्वक लिई आफ्नो शासनको जनसमर्थनका लागि अनेकौ प्रयास सुरु गरेका थिए । राजा भारतसँग केवल आफ्नो शासनको समर्थन मात्र चाहेका थिएनन् कि भारत स्थित नेपाली काँग्रेसका नेताहरूद्वारा सञ्चालित सशस्त्र आक्रमणका विरुद्ध पनि कारवाहीको माग गरेका थिए । तर भारतले यस कुरामा असहमती जनाइसकेको थियो । नेपाल-भारत सम्बन्धमा एउटा गतिरोधको स्थति उत्पन्न भएको थियो । यसै कारण राजा अन्तर्राष्ट्रिय समर्थनका लागि कुटनीतिक प्रयासहरू गरेका थिए । उनी अप्रत्यक्ष रुपमा भारतलाई दवाव सिर्जना गर्ने रणनीति अङ्गिकार गर्न थालेका थिए । त्यसैले बेलग्रेडमा हुने सममेलनमा भाग लिन र त्यसपछि पाकिस्तानका राष्ट्रपतिको निमन्त्रणामा पाकिस्तानको राजकीय भ्रमणको लागि राजा महेन्द्र २०१८ भाद्र १२ मा नयाँ दिल्ली गए ।[५११] नेपाली कङ्ग्रेसको निर्वाचित मन्त्रीमण्डलको विघटन पछि नेपाल भारत सम्बन्धमा देखिएको गतिरोध एक आसमा सञ्चालित वाकयुद्धले एक अर्कालाई टाढा पुऱ्याएको थियो । विश्वको ठूलो प्रजातान्त्रिक मुलुक भारतले आफ्नो छिमेकी देशमा भएको यस्तो घटनालाई सामान्य रुपमा लिन सकेन जसको कारण उपयुक्त तनावपूर्ण स्थितिको विकास हुँदै गइरहेको थियो । आपसी अविश्वासलाई कम गर्न राजाले मन्त्रीमण्डल विघटनपछि तत्काल नेहरूलाई पत्र पठाए जसमा नेपालको वर्तमान परिस्थितिले नेपाल भारत सम्बन्धलाई कुनै असर नपर्ने जानकारी गराइएको थियो ।[५१२] सम्भवत यो पत्र प्रत्यक्ष शासनमा विदेश विभागको कार्यभार सुम्पेका डा. तुलसी गिरीले

---

[५११] *गोरखापत्र* ,२०१८ भाद्र १२ ।

[५१२] एस. डी. मुनी, *फरेन पोलिसी अफ नेपाल,* दिल्लीः नेशनल पब्लिसिङ हाउस, ई. सं. १९७३, पृ. ११४ ।

लगेको हुनुपर्दछ । किन कि उनी १९६१ जनवरी १९ मा भारत गएका थिए । गिरीले भारतीय प्रधानमन्त्री नेहरूसँग भारत भूमिबाट सञ्चालित नेपाल विरोधी गतिविधि दुबै राष्ट्रको लागि अहितकर छ यसैकारण यसलाई रोक्नु आवश्यक छ भन्ने आग्रह गरे । त्यहाँ नेहरूसँग लामो वार्तालाप गरिसकेपछि गिरीले पत्रकारहरूसँग नेहरूले दुबै देशको सम्बन्धमा प्रगति चाहेको कुरा उल्लेख गरे । डा. गिरीको भारत यात्रापछि नेपालमा भारत विरोधी प्रचार केही समयको लागि रोकिए ।[५१३] राजा महेन्द्रले ज्यादै चलाखीपूर्ण तरिकाबाट भारत तथा चिनका विचमा सन्तुलन कायम गर्नका लागि डा. तुलसी गिरीलाई विदेश विभागको अभिभारा सुम्पेका थिए । उनी चीनको तरफदारी गर्ने व्यक्ति थिए अर्को व्यक्ति ऋषिकेष शाह भारतको तारिफ गर्ने व्यक्ति बनाइए ।[५१४] राजाले शासन आफ्नो हातमा लिएपछि यिनै दुई जना व्यक्तिलाई विदेश विभाग सुम्पी कुटनीतिक जाल रचेका थिए । यसै शिलसिशलामा डा. गिरी भारत पठाइएको थियो तर यसबाट सम्बन्ध सुधारको खासै उल्लेख प्रगति हुन सकेन ।

बेलग्रेडतर्फ हिडेका राजा २०१८ भाद्र १२ मा दिल्ली पुगे । त्यहाँ राजालाई स्वागत गर्न भारतका कार्यबाहक राष्ट्रपति राधाकृष्ण प्रधानमन्त्री नेहरू अन्य मन्त्रीगण, दिल्लीस्थित विभिन्न देशका कुटनीतिक प्रतिनिधि इत्यादि उपस्थित थिए । त्यहाँ राजालई भारतीय सैनिक टोलीले गार्ड अफ अनर टक्रयायो र २१ तोपको सलामी पनि दिइयो त्यही दिन साँझमा भारतीय प्रधानमन्त्री नेहरूले राजालाई भेट गरेका थिए । दिल्ली सवारी भएको केहीवेर पछि नै राजाबाट राष्ट्रपति राजेन्द्र प्रसादको शिघ्र स्वास्थय लाभको कामना व्यक्त गरेका थिए । राजा केही दिन भारतमा रहँदा भारतीय प्रधानमन्त्री नेहरूले राजाको स्वागतका लागि एउटा भोजको आयोजना गरेका थिए ।[५१५] भारतमा केही दिनको बसाइपछि २०१८ भाद्र १४ गते राती ९:५५ बजे राजाले दिल्ली छाडे । आफ्नो बेलग्रेड भ्रमणभन्दा अगाडि राजाले भारत स्थित नेपाली दूतावासमा पत्रकार सम्मेलन गरी नेपाल भारत सम्बन्धबारे बताउँदै नेपालमा कुनै भारत विरोधी भावना नभएको र केही व्यक्तिहरूबाट उत्तेजनामा भारत विरोधी केही भने वा लेखे भन्दैमा नेपालमा भारत विरोधी भावना छ भन्नु गलत हुनेछ । . . . नेहरू र मेराबीच

---

[५१३] शैलेन्द्र कुमार चतुर्वेदी, *भारत-नेपाल सम्बन्ध,* दिल्ली: वि. आर पलिब्लसिङ हाउस, ई. सं. १९८९, पृ. २६-२७ ।

[५१४] डा. देवेन्द्रचन्द्र मिश्र, *विश्वेश्वरप्रसाद कोइराला और नेपालकी राजनीति,* काठमाडौं: मिश्रा प्रकाशन, ई.सं.१९९६, पृ. १६४ ।

[५१५] *गोरखापत्र* ,२०१८ भाद्र १३ ।

आपसी हितका विषयमा कुराकानीहरू भए[५१६] भन्नै  कुरा व्यक्त गरे । त्यसै अवसरमा नेपालको निम्ति संसदीय प्रजातान्त्रिक व्यवस्था अफावसिद्ध भएको पनि उल्लेख गरे । यसबाट नेपालमा पुनः प्रजातान्त्रिक व्यवस्था स्थापना हुन नसक्ने सङ्केत भारतमा व्यक्त गरेका थिए । राजा महेन्द्रले नेहरूसँग अगष्ट १९६१ मा डा. तुलसी गिरीको भारत भ्रमणको अवसरमा जस्तै विषयवस्तुहरूमा कुराकानी गरेका थिए । जहाँ धेरै पटक  भारत स्थित नेपाली नेताहरूको क्रियाकलापले नेपाल भारत मैत्री सम्बन्धलाई असर पार्ने कुरा गरिएको थियो [५१७]  थियो भन्ने भनाइबाट  राजा सकभर भारतले  आफू विरुद्ध  भएका क्रियाकलापलाई रोक्न  सहयोग गरोस  भन्ने पक्षमा  रहेको देखिन्छ । उनी १५  दिनभन्दा  लामो बेलग्रेड र पाकिस्तानको भ्रमण सकि २०१८ भाद्र ३१ गते दिउँसो राजधानी आइपुगे ।

राजा महेन्द्रको यस यात्राको भित्री उद्देश्य भारतलाई कुटनीतिक दवाव दिनु नै देखिन्छ । भारतसँग जन्मैदेखि शत्रुता साटेको देश पाकिस्तानको राजनैतिक भ्रमण गर्नु त्यस्तै त्यसको केही समयपछि राजाद्वारा चीनको भ्रमण गरिनु यसै उद्देश्यले प्रेरित भएर गरेको देखिन्छ । त्यतिबेला भारत पाकिस्तान सम्बन्ध त्यस्तै भारत-चीन सम्बन्ध तनावपूर्ण बनेको थियो भने नेपालमा महेन्द्रको शासन विरुद्ध भारतमा बस्ने नेपाली कङ्ग्रेसका कार्यकर्ताहरूले सशस्त्र आन्दोलन गरी अशान्ति मच्चाएका थिए । भारतका समाजवादी नेता जय प्रकाश नारायणले नेपाल भ्रमण त्यस्तै बेलग्रेडको सम्मेलनमा भाग लिन जाँदा भारतीय प्रधानमन्त्री नेहरूसँगको भेटले पनि राजालाई प्रजातन्त्रको पुर्नस्थापना गर्नका लागि लचिलो बनाउन सकेन । भारतबाट नेपाल विरोधी प्रचार र क्रियाकलापबाट राजा  भारतलाई कुटनीतिक दवाव सृजना गर्न चीन नजिकमा  पुगे कारण भारतलाई एउटा खतराको महसुस पैदा भयो । जसको फलस्वरुप भारतले नचाहँदा नचाहँदै पनि नेपाल चीनसँग नजिकिन पुग्यो । भारत सरकारले नेपाली कङ्ग्रेसले सिमानाका जिल्लाहरूमा गरेका सानातिना आक्रमणहरूको नैतिक समर्थन प्रदान गऱ्यो । त्यस्ता कार्यक्रमा सम्लग्न व्यक्तिहरूलाई स्वतन्त्रपूर्वक कार्य गर्न दिएकोमा नेपाल मन्त्रीहरूले भारत सरकारको विरोध गरे । राजाको यो भारत भ्रमणपछि नेपालको राजनीतिमा

[५१६] *गोरखापत्र* ,२०१८ भाद्र १५ ।

[५१७] मुनी, *पूर्ववत्, पादटिप्पणी नं २* पृ. ११४ ।

खास ठूलो केही असर देखिदैन । राजा आफ्नो अडान अडिक नै रहे ।[५१८] भारतीय दवावमा उनले प्रजातान्त्रिक सरकारको स्थापना गर्न असहमत नै रहे । राजाले आफ्नो अडान छाडेनन् । उनी आफ्नो शासनको समर्थनका लागि अन्तर्राष्ट्रिय परिस्थिति निर्माण गर्नका लागि विभिन्न देशहरूको भ्रमणहरू गर्न थाले । पाकिस्तानमा पनि प्रजातान्त्रिक व्यवस्था स्थापना नभएको हुँदा र उक्त देश भारतको विरोधी भएका कारण नै उनी त्यहाँ पुगेका थिए । राजाको यो भ्रमणलाई नियाल्दा उनी भारतीय शासकहरूको सामु घुँडा नटेक्ने अडानमा रहेको देखिन्छ । नेपाल भारत कुटनीतिक सम्बन्धमा खासै ठूलो प्रगति हुन नसके पनि पाकिस्तानसँग सम्बन्ध विस्तार गरी केही लाभ प्राप्त गर्न सफल भए ।

## ६.२ महेन्द्रको भ्रमण (२०१८ आश्विन)

नेपाल-भारत सम्बन्धमा देखिएको गतिरोध कम गर्न चालिएका प्रयासहरू असफल बन्दै गएपछि राजाले आफ्नो शासनको अन्तर्राष्ट्रिय समर्थन जुटाउन विभिन्न प्रयासहरू गरेका थिए । यसका लागि पाकिस्तानको भ्रमण गरिसकेका थिए । अब अर्को भारत विरोधी राष्ट्र चीनसँग पनि सम्बन्ध विस्तार गर्नुपर्ने आवश्यकता महसुस गर्दै २०१८ भाद्र ३१ मा बेलग्रेटको सम्मेलन र पाकिस्तानको राजकीय भ्रमण सिद्धाएको १५ दिन पनि नपुग्दै २०१८ आश्विन १० गते ११:३० बजे राजा चीन र मंगोलियाको भ्रमणको लागि कलकत्ता प्रस्थान गरे । कलकत्ता प्रस्थान गर्नुभन्दा अगाडि देशवासीका नाउमा दिइएको सन्देशमा "आज हाम्रो देशमा सुहाउँदो व्यवस्था सुरु भएको छ । यो व्यवस्था जनताकै प्रबुद्ध चेतनामा आधारित छ । . . . यसको एकमात्र लक्ष्य छ"[५१९] भन्नेबाट राजा पञ्चायती व्यवस्थालाई नै कायम राखी राख्ने आसय व्यक्त भएको पाइन्छ । कलकत्ता हवाइअड्डामा उत्रनासाथ राजाको सम्मान २१ तोपको सलामी दिइएको थियो । त्यहाँ पश्चिम बंगालका वरिष्ट मन्त्री लगायत अन्य व्यक्तिहरू पनि उपस्थित थिए । भारतीय सैन्यको पाँचौ गोरखा राइफलको दोस्रो बटालियनले राजामा गार्ड अफ अनर प्रदान गऱ्यो । त्यहाँबाट राजा राजभवनमा बसी त्यही

---

[५१८] त्रिरत्न मानन्धर र निरञ्जन शर्मा ,*आधुनिक नेपालको राजनैतिक इतिहास,* काठमाडौं: नेपाल र एसियाली अनुसन्धान केन्द्र, वि.सं. २०५३ , पृ. १२३-१२४ ।

[५१९] *सामयिक सन्देश,* श्री ५ को सरकार प्रचार-प्रसार मन्त्रालय प्रचार विभाग, वि.सं २०२२ , पृ. १२७

दिन हङकङ तर्फ गए ।[५२०] त्यसपछि राजा चीन तथा मंगोलिया भ्रमण सकी राजा कार्तिक ११ गते पुनः कलकत्ता आइपुगे । फेरि पनि राजामा २१ तोपको सलामी प्रदान गरियो । दमदम हवाई अड्डामा स्वागत गर्न पश्चिम बंगालका मुख्यमन्त्री लगायतका प्रतिष्ठित व्यक्तिहरू उपस्थित थिए, त्यही दिन राजा काठमाडौं फर्किए ।[५२१] यसको केही दिनमा टुडिखेलमा आयोजित नागरिक स्वागत समारोहमा ". . . चीनसँग भएको सन्धिले दुबै देशको सीमा निश्चित गरिएको छ । . . . उत्तरी सीमा सन्धिले हाम्रो नेपाल अधिराज्यलाई करिब ३ सय वर्ग मिलन भूमिको लाभ भएको छ . . . नेपाल चीन मार्ग निर्माणबारे भएको सम्झौताले प्राचीन कालदेखि रही आएको हाम्रो व्यापार सम्बन्धी आवत जावतको साधनलाई आधुनिक जमानाको माग बमोजिम नेपाल र चीन सीमाना जोड्ने बाटो बनाउने कुरा निश्चित रुपले निर्णय भएको छ . . ." [५२२] भन्ने जानकारी गराए ।

राजाको चीन भ्रमणपछि भारतीय प्रधानमन्त्री नेहरूले भारतीय लोकसभामा आफ्नो असन्तोष व्यक्त गरेका थिए । भारतीय प्रधानमन्त्री नेहरूको भनाइप्रति नेपालका तत्कालीन विदेशमन्त्री तुलसी गिरीले कठोर शब्दमा नेपाल भारत बीच रहेको १९५० को सन्धिको कुनै महत्व नरहेको विचार व्यक्त गरेका थिए । राजा महेन्द्रले पनि काठमाडौं कोदारी राजपथ निर्माण आर्थिक विकासका लागि गरिएको हो यसमा भारतीय डर अनावश्यक हो [५२३] भनी डा. गिरीको भनाइलाई पुष्टि गरेका थिए । नेपालले चीनसँग गरेका सम्झौताहरूले भारतको सुरक्षामा पनि खतरा उत्पन्न गरेको थियो । प्राकृतिक रुपमा रहेको हिमाल पर्खालको अब कुनै महत्व नरहेको महसुस गरियो । अब चीनको सैनिक ३ घण्टामा काठमाडौं आइपुग्न सक्छ [५२४] भन्ने धारणा भारतीयहरूमा पैदा भएको थियो । राजा महेन्द्रले यस्ता भ्रमणहरू गरिरहँदा भारतीय प्रधानमन्त्री नेहरू पनि चीनका विरुद्ध अन्तराष्ट्रिय समर्थन प्राप्त गर्न लण्डन

---

[५२०] *गोरखापत्र* ,२०१८ आश्विन १० ।

[५२१] *गोरखापत्र* ,२०१८ कार्तिक १२ ।

[५२२] गृष्मबहादुर देवकोटा, *नेपालको राजनीतिक दर्पण* (भाग ३), काठमाडौं: उपेन्द्र बहादुर देवकोटा, वि.सं.२०४०, पृ. २१६ ।

[५२३] चर्तुवेदी, *पूर्ववत् , पादटिप्पणी नं ३,* पृ. ११६ ।

[५२४] *ऐजन* ।

वासिङ्गटन लगायतका राष्ट्रहरूको भ्रमण गर्दै थिए ।[५२५] चीन र भारतको विवाद बढ्दै गइरहेको समयमा राजाको चीन भ्रमण भारतीय त्रासको अर्को महत्वपूर्ण कारण बन्यो । नेपालले चीनसँग गरेका सम्झौताहरूप्रति भारतीय पत्रपत्रिकाहरूले व्यापक विरोध गरेका थिए । जसको कारण नेपाल भारत कुटनीतिक क्षेत्र पनि प्रभावित बन्यो । अर्को पक्ष यस भ्रमणले नेपालको राजनीतिमा पनि केही प्रभाव पार्‍यो । राजाले आफ्नो यो भ्रमणहरू सकेको केही समयमा संविधानका निलम्बित धाराहरू केही चालु गराए । त्यसै मन्त्रीपरिषदमा केही व्यक्तिहरू पनि नियुक्ति गरियो । राजा पञ्चायती व्यवस्थामा नै अडिक रहे । जसको समर्थन चीनले गरेको देखियो किन कि राजाले शासन आफ्नो हातमा लिएपछि चीनले कुनै प्रतिक्रिया पनि दिएन अर्को भारतले जस्तो कुनै दवाव पनि दिए । तत्कालीन परिस्थितिमा राजाले चीनसँग सम्बन्ध बढाउन खोज्नुको पछाडि एक कुटनीतिक दवाव भारत सरकार प्रवासी आन्दोलनकारी नेताहरूद्वारा भारतभूमिबाट आन्दोलन गर्ने नीतिलाई परिवर्तन गरोस भन्ने थियो । यसै कारण राजाले भारत विरोधी तथा चीन पक्षधर नीतिको सञ्चालन गरेका थिए । ताकि देशमा एकाधिकार शासन व्यवस्था कायम राखी राख्न राख्न राजा महेन्द्रले भयङ्कर कुटनीतिक षड्यन्त्रको जाल रचे जहाँ नेहरू सरकारलाई पनि तल पारेका थिए ।[५२६] राजाबाट  भएको यो भ्रमण चीनका  लागि तय भएको भन्ने कुरा माथि नै उल्लेख गरियो । राजाको यस भ्रमणले नेपाल भारत सम्बन्धमा खास कुनै उपलब्धि हासिल गर्न नसके पनि नेपालले चीनसँगको सम्पर्कबाट धेरै नै उपलब्धिहरू हासिल गर्न सक्यो । कतिपय आपसी शंकाहरू निवारण गरिए भने यस भ्रमणले नेपालीहरूको जनभावना चीनप्रति सकारात्मक देखियो ।

---

[५२५] *गोरखापत्र* , *२०१८* कार्तिक २१ ।

[५२६] मिश्र, *पूर्ववत्, पादटिप्पणी नं ४,* पृ. १६६ ।

### ६.१.३ महेन्द्रको भ्रमण (२०१९ वैशाख ६)

भारतीय प्रधानमन्त्री जवाहरलाल नेहरूले एक खबर पठाइ राजा महेन्द्रलाई भारत भ्रमणको निमन्त्रणा दिए ।[५२७] सरकारको निमन्त्रणामा २०१९ वैशाख ६ गते ४:३० बजे ५ दिने अनौपचारिक भ्रमणको शिलशिलामा पोखराबाट विशेष वायुयानद्वारा राजा महेन्द्र दिल्ली पुगे । राजाको स्वागत गर्न पालम हवाइ अडडामा भारतका राष्ट्रपति राजेन्द्र प्रसाद उपराष्ट्रपति राधाकृष्णन, केन्द्रीय मन्त्रीमण्डल सदस्यहरू लगायत कुटनीतिक प्रतिनिधिहरू तथा भारतमा बसोवास गरेका हजारौ नेपाली नरनारीहरू उपस्थिति थिए ।[५२८] राजा भारत भ्रमण जानुभन्दा अगाडि शाही नेपाली राजदूत नर प्रताप थापाले भारतीय प्रधानमन्त्री नेहरूसँग भेट गरेका थिए । राजाको हालैको केही कारवाहीले नेपालमा भारत विरोधी भावना पैदा गरेको हुँदा राजा र प्रधानमन्त्री नेहरूको चाडो भेटबाट दुई देशको सम्बन्ध राम्रो सुधार होला भन्ने दिल्लीका पर्यवेक्षकहरू ठान्दैछन् भन्ने कुरा प्रचारमा आएको थियो ।[५२९] २०१८ चैत्र १५ गते राजाको प्रेस सचिवालयद्वारा " हाम्रो मित्रराष्ट्र भारतका प्रधानमन्त्री नेहरूको निमन्त्रणामा परस्पर हितका लागि छलफल गर्ने हेतुले . . . दिल्लीतर्फ सवारी होइवक्सदैछ । हाम्रो छिमेकी राष्ट्रका प्रधानमन्त्री नेहरूसँगको यो भेटघाट देशका लागि हितकर हुनेछ . . . सबै मित्रराष्ट्रसँग परामर्शद्वारा पारस्परिक समस्याहरूलाई सुल्जाउने नीति श्री ५ को सरकारले सदा अपनाई आएको छ . . . "[५३०] भन्ने प्रेस विज्ञप्ती प्रकाशित भयो । त्यस्तै चैत्र ३० गते राजाबाट "वर्तमान अवस्थामा नेपाल भारतबीच देखिएको गलत धारणाको आधारभूत कारण . . . नेपालले भारत र चीनलाई जुधाउने प्रयास गरिरहेको छ भन्ने भारतको तर्कना नै थियो । . . . नेपालको हित दुबै ठूला छिमेकीहरूसँग मैत्रीपूर्ण सम्बन्ध रहनुमा नै छ । म यो विश्वास र आशाले दिल्ली जान लागेको छु कि नेहरू जस्ता महान अन्तर्राष्ट्रिय राजनीतिज्ञको दूरदर्शिता र सहमतिपूर्ण दृष्टिकोण राख्ने व्यक्तिबाट हाम्रो कठिनाइ र समस्यालाई राम्ररी

[५२७] ए.एस. भासिन, *डकुमेन्ट अफ नेपाल्स रिलेसन्स विथ इण्डीया एण्ड चाइना (१९४९-६६)* , न्यू दिल्ली: एकेडेमिक बुक्स प्रा.लि., ई. सं १९७०, पृ. ६१ ।

[५२८] *गोरखापत्र* ,२०१९ वैशाख ६ ।

[५२९] देवकोटा, *पूर्ववत्, पादटिप्पणी नं १२,* पृ. ३६०-३६१ ।

[५३०] *ऐजन* , पृ. ३६२ ।

नबुझिएको छैन ।"[५३१] भन्ने कुरा एक पत्रकारलाई बताएका थिए । दिल्ली प्रस्थान अघि देशवासीको नाउँमा दिएको सन्देशमा ". . . यो व्यवस्था केवल देशप्रेमी नेपालीहरूकै सदभावनाबाट हुर्कने क्षमता राख्दछ । तापनि सबै मित्रराष्ट्रहरूसँग खास गरी छिमेकी देशसँग मेलमिलापको वातावरण कायम रहेमा . . . केही दिन देखि देशद्रोही र स्वार्थ तत्वहरूले विदेशमा बसी हाम्रो छिमेकी मित्रदेश भारत र नेपालको बीच झूठा र कपोकल्पित समाचार फैलाई फाटो ल्याउने कुचेष्टा गरेकोले त्यसको निराकरण हुनु हामीले आवश्यक सम्झिएका छौ . . . जे जति कल्पित या संभावित भ्रामक बादलहरू देखा परेका छन् ती यस भेटघाट र वार्तालापबाट तितरबितरहुनेछन् "[५३२] भन्ने उल्लेख गरिएको थियो । यी राजाका विभिन्न भनाइहरूको आसयबाट राजाको भित्री उद्देश्य भारतभूमि भएर सञ्चालन भएको नेपाली काँग्रेसको शसस्त्र आन्दोलन रोक्नु भारतलाई आह्वान गर्नु प्रस्ट हुन्छ । त्यस्तै दिल्लीमा पनि राजाले यस्तै प्रकारका विचाररु राखे । उनले पञ्चायती व्यवस्था देश र परम्परा सुहाउँदो छ यसको विकासका लागि मित्रराष्ट्रबाट सहयोगको आकाक्षा राख्दछ भन्दै सबै कुरा नबुझिकन टिकाटिप्पणी नगर्न सबै मित्रराष्ट्रसँग अनुरोध पनि गरेका थिए । भारतमा रहँदा राजाले भारतका प्रधानमन्त्रीलाई ७ गते बिहान त्यस्तै ६ गते बेलुकी छुट्टाछुट्टै र अन्य व्यक्तिहरूसँगको समउपस्थितिमा भेटघाट गरेका थिए । करिब १ घण्टा नेहरू र राजा एक्लै बसेका थिए भने वार्ताको पछिल्लो आधाघण्टा भारतीय प्रतिरक्षामन्त्री पनि सहभागी थिए ।[५३३] भारतीय नेताहरूसँगको भेटमा दुबैदेशको प्राचीनकालदेखिएको सम्बन्ध मजबुत बनाउनु पर्ने र मित्रताको ताली एक हातले नबज्ने जानकारी गराएका थिए । नेपालबाट राजासँग भारत गएका अन्य भ्रमण दलका सदस्यहरू पनि नेपाल भारतबीच उत्पन्न तनावलाई कम गर्ने विषयहरूमा विभिन्न चरणहरूमा वार्ता भए । यस्ता वार्ताहरूमा नेपाल र भारत दुबैले आ-आफ्ना अडान कायम राखेका कारण सफल हुन भने सकेनन् । नेपाली पक्षबाट भारतीय भूमिबाट सङ्गठन गरी शसस्त्र लुट मच्चाउन भारतमा अराष्ट्रिय तत्त्वहरूलाई स्वतन्त्रता

---

[५३१] *ऐजन* , पृ. ३६३ ।

[५३२] *ऐजन* , पृ. ३६७ ।

[५३३] *गोरखापत्र* ,२०१९ वैशाख ८ ।

प्रदान गरिएकोमा नेपाली अधिकारीहरूले असन्तोष व्यक्त गरेका थिए ।[५३४] उता राजा पनि नेहरूसँग ४ चरणसम्म वार्ता गरे । धेरै लामो लामो समयसम्म वार्ताहरू भए तर खासै उपलब्धीमूलक देखिएन । राजा भारतमा रहँदा नेपालले अपनाएको व्यवस्था, नेपालले चीनसँग गरेको सडक सम्झौता इत्यादिका बारेमा आफ्नो स्पष्ट धारणा राखेका थिए । आफ्नो ५ दिने भारत यात्रा सकी राजा २०१९ वैशाख ११ गते १२:३० बजे निजी विमानद्वारा स्वदेश फर्किए । हवाइअड्डामा राजालाई भव्य स्वागत गरियो ।[५३५]

अन्तर्राष्ट्रिय क्षेत्रमा एकातिर रुस र अमेरिकाको विवाद थियो भने अर्कोतिर भारतको आफ्ना दुई छिमेकी राष्ट्र चीन र पाकिस्तानसँग सीमा विवाद कायम थियो यी विवादहरू युद्धको अलावा अन्य उपायहरूद्वारा समाधान हुन नसक्ने महसुस सम्बन्धित राष्ट्रहरूले गरी राखेका थिए । यस्तो परिस्थितिमा नेपालका राजा भारत गए । भारतमा नेहरूले राजा महेन्द्रलाई आफ्नो शासन प्रजातान्त्रिक सिद्धान्त अनुसार सञ्चालन गरी नेपाली कङ्ग्रेससँग सम्झौता गर्ने सुझाव दिए तर राजाका लागि उक्त सुझाव मान्य थिएन  अन्तत नेपाल-भारत समस्याहरूको समाधानका लागि एउटा संयुक्त आयोग गठन गरियो । यस उपलब्धी बेगर राजा महेन्द्रको भारत भ्रमण लगभग असफल रहयो ।[५३६]  राजाले मुलुकको तत्कालीन अशान्तिको कारण भारत भएर गरिने क्रियाकलापहरू जिम्मेवार भएको विश्वास राख्दथे भने नेहरूले उक्त गडबडीका पछाडि नेपालको राजनीति र आर्थिक कुराहरू रहेको हुँदा उनले नेपाली काङ्ग्रेससँग सम्झौता गर्न सुझाव दिई मध्यमार्गी नीतिको पक्षमा देखिए । राजाको यो भारत भ्रमणबाट  राजनीतिक रुपमा कुनै ठोस उपलब्ध हासिल गर्न सकेको देखिदैन । उनले आफ्नो विचार अनुसार भारत सरकालाई ल्याउनका लागि १९६२ अप्रिल १८ -२२ सम्म गरेको भारत भ्रमण[५३७] आंशिक सफल देखिए पनि व्यवहारमा असफल बन्न पुग्यो । यस कुरालाई अर्का लेखकले नेहरू र राजाका बीचमा खुल्ला र दरिलो तरिकबाट विचारहरूको साटासाट गरियो । त्यसअवसरमा राजा महेन्द्रलाई भारतीय प्रधानमन्त्री नेहरूले मध्यमार्गी नीति

---

[५३४] *गोरखापत्र* ,२०१९ वैशाख १० ।

[५३५] *गोरखापत्र* ,२०१९ वैशाख १२ ।

[५३६] चर्तुवेदी, *पूर्ववत्, पादटिप्पणी नं ३,* पृ. ११९ ।

[५३७] मुनी, *पूर्ववत् , पादटिप्पणी नं २,* पृ. ११६ ।

अपनाउन सुझाव दिए साथै भ्रमणकै अवसरमा नेपालको राजतन्त्र र नेपाली कङग्रेस दुबै भारतका लागि असल साथी हुन भन्ने कुरा पनि राखियो । दुबै पक्षका बीच वार्ता सकिए तर कुनै पनि पक्षका बीच महत्वपूर्ण सहमती हुन सकने '[५३८] भनी उल्लेख गरेका छन् । यस भ्रमणपछि पनि भारत सरकारले शान्तिपूर्ण तरिकाबाट भारतमा रहेर कार्य गर्न दिने विचार व्यक्त गरेबाट राजा महेन्द्रले आफ्नो भ्रमणको मुख्य उद्देश्य प्राप्त गर्न सकेको देखिदैन । राजाको यस भ्रमणले नेपाल भारत सम्बन्धमा कुनै महत्वपूर्ण परिवर्तन ल्याउन सकेन ।

नेपाल सरकारले गरेको अनुरोध भारतबाट इन्कार भएपछि नेपाल-भारतबीच उत्पन्न विवाद बढ्दै गइरहेका थिए । यस्तो स्थितिमा राजाले बडो चलाखपूर्ण तरिकाबाट मन्त्रीपरिषदमा परिवर्तन गरे र डा. तुलसी गिरीलाई विना विभागको मन्त्री बनाए भने ऋषिकेश शाहलाई विदेश विभाग सुम्पिए किन कि उनी भारततर्फ कुटनीतिक सुदृढ बनाउन चाहन्थे ।[५३९] यसकारण ऋषिकेशलाई विदेश विभाग दिएर भारतसँग निश्चल कुटनीति सम्बन्ध स्थापन गर्ने अवसर प्रदान गरे । ४ सेप्टेम्बर १९६२ मा विदेशमन्त्री ऋषिकेश शाह भारतमा गई उच्चस्तरीय नेताहरूसँग वातचित गरे तर उनी भारतमा नै छँदा भारतीय प्रधानमन्त्री नेहरूले भारत नेपाली शरणार्थीको भारतमा शान्तिपूर्ण तरिकाबाट आफ्नो उद्देश्यको परिचालन गर्नका लागि इन्कार गर्न नसक्ने जानकारी गराए । ऋषिकेश काठमाडौं आइपुगेपछि राजाको अध्यक्षतामा मन्त्रीपरिषदको बैठक बस्यो जसमा भारतसँग निश्चल कुटनीति समाप्त गर्ने निर्णय गरियो । पुनः मन्त्रीपरिषदमा परिवर्तन गरी तुलसी गिरीलाई विदेश विभागको जिम्मा दिए ।[५४०] यसबाट झन नेपालभारत सम्बन्धमा तनाव दिन प्रतिदिन बढ्दै गयो । राजाको भारत भ्रमण पछि नेपाल भारत सीमा क्षेत्रमा छुटफुट घटनाहरू घट्न थाले । दुबै सरकारबाट एक अर्को देशका सेना घुसी जनधनको क्षति पुऱ्याएको आरोपहरू लगाउन थाले । पत्रपत्रिका र वक्तव्यहरूबाट वाकयुद्ध पुन सञ्चालन हुन थाले । यस्तै परिप्रेक्ष्यमा चीनका उप प्रधानमन्त्रीले बेजिङ्गमा आयोजित समारोहमा "कुनै विदेशी फौजले आज नेपालमाथि हमला गर्ने दुत्साहस गऱ्यो भने नेपाली जनताले अवश्य नै उनीहरूलाई हराउनेछन् . . . यदि कुनै

[५३८] लियो इ. रोज, *नेपाल स्ट्राटेजी फर सरभाइभल* , न्यु दिल्लीः अक्सफोर्ड युनिभर्सिटी प्रेस, ई.सं. १९७१ पृ. २४५ ।

[५३९] मिश्र, *पूर्ववत्, पादटिप्पणी नं ४,* पृ. १६४-१६५ ।

[५४०] राजकुमार झा, *द हिमालयन किङ्डम इन फरेन पोलिसी,* राँचीः मैत्री पब्लिकेसन्स, ई. सं. १९८६, पृ. २३७ ।

विदेशी फौजले हमला गरेमा चिनियाँ जनता नेपालको पक्षमा रहने छौं" भनी अभिव्यक्ति दिए ।[५४१] अर्कोतिर भारतले २०१९ आश्विन १४ गतेदेखि रक्सौलदेखि काठमाडौं आउने मालसामानहरू बन्द गरायो ।[५४२] यसबाट नेपालमा अघोषित नाकाबन्दी सुरु भयो । तर अचानक १९६२ अक्टोबर २० १९६२ मा भारतीय सिमानामा चीनले आक्रमण गऱ्यो यस आक्रमणबाट नेपाल पनि स्तब्ध भयो उसले आफ्नो सुरक्षमा पनि खतरा देख्न थाल्यो फलतः भारतको नेपालप्रतिको नीति र नेपालको भारत तर्फको नीतिमा परिवर्तन आयो ।[५४३] भारत चीन युद्धमा नेपालले अपनाएको तटस्थ कुटनीति नेपाल भारत सम्बन्धमा फलदायि देखियो त्यसपछिका दिनहरूबाट दुबै देशको सम्बन्ध क्रमशः सुधारिदै लैजान थालिएको थियो ।

२०१७ साल पुष १ देखि २०१९ साल वैशाखसम्म नेपालबाट राजाले ३ वटा भ्रमणहरू गरे दुईवटा भ्रमणह्रू अन्य देशको भ्रमणका लागि भनी तय गरिएको अवसरमा भयो भने एउटा भ्रमण भारतका लागि नै तय गरिएको थियो । नेपालमा संसदीय सरकारको विघटनको केही समयसमा भारत सरकारको तर्फबाट एउटा पनि उच्च स्तरीय भ्रमणहरू भएन खास गरी यस समयमा भारत स्वयम् पनि तनावपूर्ण स्थितिमा रहेको र नेपालमा राजाबाट भएको प्रजातन्त्र विरोधी कार्यलाई भारतले सहर्स स्वीकार गर्न नसकेको कारणबाट यस्तो हुन गएको देखिन्छ । कुटनैतिक सम्बन्ध तनावपुर्ण भएपछि दुबै देशबाट सम्बन्ध सुधार गर्न प्रयासहरू जारी भएका थिए । तर चीन र भारतबीचको युद्धका कारण पुनः एकअर्कासँग छिट्टै नजिक देखिए । यस पछिका दिनहरूमा फेरि भारतका तर्फबाट पनि उच्च स्तरीय भ्रमणहरू हुन थाले । त्यस्तै नेपालबाट पनि यस्ता भ्रमणहरूका क्रियाकलापहरू जारी राखियो जसले एक अर्को छिमेकी देशको प्राचीनकालदेखिको सम्बन्ध पुनः प्रगाढ बन्न पुग्यो । आपसी शंकाकाहरू निवारण भई कुटनैतिक सम्पन्न प्रगाढ बनाउँदै लैजान थालियो ।

---

[५४१] देवकोटा, *पूर्ववत्, पादटिप्पणी नं १२,* पृ. ४१८ ।

[५४२] *ऐजन* , पृ. ४१९ ।

[५४३] चर्तुवेदी, *पूर्ववत्, पादटिप्पणी नं ३,* पृ. ३२ ।

# सातौं परिच्छेद

## निष्कर्ष

नेपाल भारत सम्बन्ध निकै पुरानो छ र धेरै सयवर्ष अगाडिदेखि दुई देशवीच एउटा अटुट सम्बन्ध विकसित हुँदै आइरहेको छ । एक आपसमा रहेका सामाजिक, आर्थिक, सांस्कृतिक धार्मिक र ऐतिहासिक सम्बन्धहरूको कारण जनस्तरदेखि नै एउटा अटुटसम्बन्धको विकास भई आएको छ । नेपाल भारत बीच रहेका यिनै सामिप्यताहरूका कारण विभिन्न उद्देश्यहरूका साथ एक अर्को देशमा भ्रमणहरू आदान-प्रदान गर्ने गरिएको पाइन्छ । खुल्ला सिमाना र सहज आवागमनले यस कार्यलाई प्रोत्साहित गर्दै आइरहेको पनि छ । यी प्रक्रियाहरू जनस्तरमा मात्र सीमित नभई उच्चस्तरमा पनि लागू हुन्छ ?

अङ्ग्रेजहरूको उपनिवेशबाट मुक्त भएपछि नेपाल भारतबीच कुटनीतिक सम्बन्ध विधिवत रुपमा स्थापना भयो । स्वतन्त्र भारत नेपालसँग एउटा नयाँ सन्धि गर्न चाहन्थ्यो । तर निरङ्कुश राणा शासनसँग यथास्थितिमा सन्धि गर्न असहमत व्यक्त गर्दै भारत सरकारले नेपालमा प्रजातान्त्रिक सुधारका लागि कुरा उठाएको थियो तर तिब्बतमाथि चिनियाँ अधिपत्यले झस्किएको भारतले आफ्नो पुरानो अडान छाडी सत्ता रक्षाका पछाडि लागेका मोहन शमशेरको कमजोरीहरूको फाइदा उठाउँदै आफ्नो सुरक्षा छाताको अवधारणा अन्तर्गत नेपाल, सिक्किम र भुटानसित सन्धि तथा मित्रताका नाउँमा असमान सन्धिहरू गरी आफ्नो प्रभुत्व कायम गर्न सफल भयो । नेपालमा प्रजातन्त्रको स्थापनाका लागि फैलिदै गएको आन्दोलन र सशत्र विद्रोहको खतराबाट डराएका राणाहरूलाई सत्तामा टिकाइ राख्ने लोभमा फसाई चीनतर्फको डर देखाई सन् १९५० को सन्धि गऱ्यो । यस सन्धिबाट नेपालप्रतिको आफ्नो भावि नीतिको रुपरेखा समेत कोर्नसफल भारतीय सरकार आफ्नो राष्ट्रिय सुरक्षाका निम्ति नेपालमाथि प्रत्यक्ष नियन्त्रण नभएपछि विशेष सम्बन्ध स्थापना गर्न सफल भयो ।

गोप्यरुपमा राणा शासनका विरुद्धका गतिविधिमा धेरै अगाडिबाट सम्बद्ध राजा त्रिभुवन पनि एउटा बलियो साहाराको खोजीमा थिए जसले आफ्नो गुमेको राजसत्ताको अधिकार

पुर्नस्थापित गरिदिन सकोस यसका लागि उनले तत्कालिन भारतीय प्रधानमन्त्री जवाहरलाल नेहरूको आड भेट्टाए । त्यसैकारण राजा भारतीय सरकारप्रति विश्वस्त बन्दै राजगद्दी त्यागि नेपालस्थित भारतीय दूतावासमा शरण लिन पुगेका थिए । राजाको यो कार्य पूर्वनियोजित देखिन्छ यो एक महत्वपूर्ण घडी थियो राजा त्रिभुवनलाई भारतीय दूतावासमा शरण दिए पश्चात नयाँ दिल्ली पुऱ्याउनेदेखि लिएर राजगद्दी पुर्नस्थापित गराउने सबै कार्यमा भारत सरकारले त्रिभुवनको साथ दियो । नेपालमा राणाहरूले ज्ञानेन्द्रलाई सत्तामा राखी मान्यताको लागि कुटनैतिक प्रयास शुरु गरेका थिए तर भारतीय आग्रहलाई ध्यानमा राख्दै सबै राष्ट्रहरूले मान्यताका लागि केही समय पर्खिए । अर्कोतिर राणा शासनको विरुद्ध आन्दोलन गरी संवैधानिक राजतन्त्र पुर्नस्थापित गरी प्रजातान्त्रिक सरकारको स्थापना गर्न भनी भारतमा स्थापित नेपाली काँग्रेसले शसस्त्र विद्रोहको थालिन गऱ्यो । यसले गर्दा राणा प्रधानमन्त्री मोहन शमशेरलाई पनि भारतसँग गुहार्नुभन्दा अर्को विकल्प रहेन । अब भारतीय दूतावासमा शरण लिन पुगेका राजा, राणा र सशस्त्र आन्दोलन गरिरहेको नेपाली काँग्रेस तिनवटै पक्षहरूको केन्द्रविन्दु भारत बन्न पुग्यो । यसले भावी नेपालको रुपरेखा नयाँ दिल्लीबाट कोरिने स्पष्ट भयो । नेपालका तीनवटै पक्षहरूलाई आफ्नो अनुकूल बनाई भारतीय प्रधानमन्त्री नेहरूले एउटा मध्यमार्गी नीतिको अनुसरण गरे । उनीले नयाँ तथा पुरानो विचारलाई समिश्रण गरी राजा, राणा र नेपाली काँग्रेस तिनै पक्षहरूसँग ठिक्क भई आफ्नो स्वार्थ अनुकूल कार्य गरे । यस सम्झौतामा भारतीय प्रधानमन्त्री नेहरूको चाहना नेपालमा हिंसात्मक क्रान्ति नहोस् , परम्परावादी निरङ्कुश सामान्ती सरकारको ठाउँमा क्रमिक रुपले लोकतान्त्रिक व्यवस्था विकसित बन्दै जाओस् त्यसका लागि भारतले संरक्षण र निर्देशन प्रदान गर्न पाओस ताकि नेपालमा स्थिरता कायम भई आफ्नो उत्तरी सिमाना सुरक्षित र मजबुत होस् भन्ने थियो । भारतमा नेपालका तिनवटै पक्षहरूबाट वाध्य भएर दिल्ली सम्झौतालाई स्वीकार गरेको पाइन्छ । यस दिल्ली सम्झौताको जन्मदाता भारत थियो । यसमा सहभागी पक्षहरूको कुनै भूमिका थिएन यहाँसम्म कि स्वयम् राजा पनि भारतीय व्यवहारबाट पूर्ण सन्तुष्ट भने थिएनन् । जे होस् तत्कालीन परिस्थितिमा राम्रो मानिएको भएपनि यस सम्झौताले भावी नेपालको नयाँ रुपरेखा दिल्लीमा कोरिएकोमा केही व्यक्तिहरूले यस सम्झौतामा असहमती व्यक्त गरेका थिए । दवावपुर्ण सम्झौताका कारण नेपालको राजनैतिक स्थिति अस्थिर बन्दै गयो । नयाँ र पुरानोबीचको आपसी मेल भावनात्मक हुन सकेन ।

नेपालमा प्रजातन्त्रको स्थापना भएको केही समयदेखिनै विभिन्न बहानामा नेपालका राजा, प्रधानमन्त्री र मन्त्रीहरू भारतर्फ जाने क्रमको सुरुवात भयो भने भारतीय नेताहरूले अभिभावकत्व ग्रहण गरी कहिले धम्क्याएर र कहिले फकाएर नेपाली राजनेताहरूलाई नेपाल पठाउन थाले । आपसी विवाद र अप्ठ्यारो पर्दा गुहार माग्ने थलो बनेको भारत नेपालको राजनीतिको कारखानामा परिणत भयो । नेपालका राजा, प्रधानमन्त्री र मन्त्रीहरू जब-जब भारत भ्रमण गर्दथे तव-तव नेपाली जनतामा थुप्रै आशंकाहरू उत्पन्न हुन थालेका थिए । नेपालमा प्रजातन्त्रको स्थापना देखि २०११ सम्मको विशेष सम्बन्धको नामकरण गरिएको अवधिमा कुन व्यक्तिलाई सरकारमा राख्ने र कुन व्यक्तिलाई सरकारबाट बाहिर ल्याउने जस्ता विषयहरूमा पनि नेपालका राजनेताहरू भारतमुखी बने । नेपालमा भएका विद्रोह दवाउने देखि लिएर नेपालको उत्तरी सीमामा सैनिक संख्या वृद्धि, चेकपोष्ट स्थापना र नेपाली सेनालाई आधुनिकीकरणको नाउँमा पटक-पटक भारतीय सैनिकहरू नेपाल प्रवेश गराइयो । यहाँको आर्थिक, प्रशासनिक राजनैतिक , सुरक्षा र वैदेशिक नीति लगायतका हरेक क्षेत्रहरूमा भारतले देखाएको प्रत्यक्ष उपस्थितिको कारण उसले गरेको सहयोगको नेपालमा नकारात्मक प्रभाव पाऱ्यो । नेपालको विदेशनीतिलाई भारतीय इसारामा सञ्चालन गरी अन्तर्राष्ट्रिय क्षेत्रमा देखाउनुपर्ने उपस्थितिलाई भारतसम्म सीमित राखियो जसको कारण संयुक्त राष्ट्रसंघको सदस्यता प्राप्तिमा पनि अवरोध सृजना भयो अर्कोतिर भने चीनले पनि नेपालसँग भारत सरकारको विशेष प्रभावलाई स्वीकार गरेको थियो । नेपालको आन्तरिक मामिलामा भारतले गरेको हस्तक्षेपको कारण केही राजनैतिक दलका नेताहरूबाट पटक पटक विरोध गरेका थिए । यसैका कारण भारतीय प्रधानमन्त्री नेहरू र भारतीय संसदीय मिसनलाई नेपाल आएको अवस्थामा कालो झण्डा देखाई विरोध प्रकट  गरियो । नेपालको हरेक क्षेत्रमा भारतको प्रत्यक्ष वा अप्रत्यक्ष उपस्थितिले नेपाल एक स्वतन्त्र सार्वभौम देशको रुपमा प्रजातान्त्रिक प्रणाली अनुसार क्रमिक रुपमा विकास हुँदै जाओस भन्ने नेहरूको भावनाको उल्टो नेपाललाई हरेक कुरामा निर्देशित र हस्तक्षेप गरेको देखियो । पटक पटक नेपाल स्थित भारतीय राजदूत माथि कुटनैतिक मर्यादा नाघेर क्रियाकलाप सञ्चालन गर्दा पनि सरकारले केही बोल्न सकेन तत्कालीन प्रधानमन्त्री मातृकाप्रसाद कोइरालामा भारतीय प्रभाव बढी थियो । उनले नेपालमाथि भारतीय हस्तक्षेप भएको देख्दैनथे र विभिन्न समयमा विभिन्न वहान बनाई परामर्शको लागि दिल्ली दौडधुप गर्दथे । उनले पटक-पटक  "नेपालीको प्रजातान्त्रिक भावना

तथा प्रेरणा भारतबाट पायो . . .हामी भारतको प्रजातान्त्रिक प्रणाली जुन उच्चकोटिको छ नेपालमा पनि ल्याउन चाहन्छौँ । त्यही कुराको कोशिस गर्दैछौ” भन्ने धारणा व्यक्त गर्दथे ( देवकोटा, भाग १, पृ. १६६) । राजा त्रिभुवन भारतीय व्यवहारप्रति असन्तुष्ट प्रकट गर्दै “जब म पालम हवाई मैदानमा उत्रे . . . भारतीय प्रधानले मलाई चेसको सानो गोटिको रुपमा खेलाए । . . . मेरो साथमा एकजना सज्जन मेरो निजी सचिवको रुपमा काम गर्न र दुईजना मेरो सुरक्षा गर्न भारतीय सेनाका अधिकारीहरू ल्याएको छु । तिनीहरू नेहरूका विशेष उपहारहरू हुन. . . . अझ धेरै विशेष उपहारहरू भविष्यमा आउने देख्दछु . . . के म भारतीय प्रधानमन्त्रीको नियन्त्रण भन्दा बाहिर छु त ? (तुलाधर, पृ. २७२-७३) । भन्ने व्यक्त विचारलाई विश्लेषण गर्दा नेहरूको लाचारी छाया राजा त्रिभुवनमा पनि पाउन सकिन्छ । प्रधानमन्त्री मातृकाका हरेक कुरामा राजाबाट मौन स्वीकृतिको पछाडि भारतीय प्रभाव हुनसक्ने देखिन्छ । किन कि पटक पटक नेपालभित्र भारतीय सैनिकको प्रवेश कोशी सम्झौता लगायतका कार्यमा राजाले केही नबोल्नु र पटक पटक विदेश नीतिको विषयमा राजा र प्रधानमन्त्री दुबै परामर्श लिन भारत जानुको कारण के हुनुसक्छ ? किन प्रधानमन्त्री मात्रिकाप्रसाद नेहरू चीन भ्रमण जानुभन्दा अगाडि र भ्रमण सकि फर्केपछि भारत पुगे । नेहरूको विदेशनीतिको अनुभवले मातृका र त्रिभुवनको विदेशनीतिमा के फरक पाइयो? यो अन्य केही नभएर विदेशनीतिमा पनि नेहरूको अभिभावकत्व देखिन्छ ।

वि.सं २०११ मा राजा त्रिभुवनको मृत्युपछि राजा बनेका महेन्द्र शासनमा आफ्नो स्थानको खोजीमा गर्ने राजा थिए । शासनमा उनको उदय र विदेशनीतिमा उनको फरक उद्देश्यका कारण मातृकाप्रसाद कोइराला मन्त्रीमण्डलको पतनपछि नेपाल भारत सम्बन्ध फरक रुपमा विकसित हुन थाले । राजा महेन्द्रले २००७ सालदेखि भारतले जमाएको विशेष प्रभावलाई बुद्धिमत्तापूर्ण तरिकाबाट पन्छाउदै सबै देशहरूसँग मैत्रीपूर्ण सम्बन्ध विस्तार गरी राष्ट्रिय र अन्तराष्ट्रिय दुबै क्षेत्रमा आफ्नो उपस्थिति देखाउन चाहेका थिए । जुन भारतीय सुरक्षा कुटनीतिको भित्री चाहना विपरित थियो । जसको कारण महेन्द्रको विदेशनीतिले भारतलाई झस्काएको थियो । यसैकारण आफ्नो नेपालसँगको विशेष सम्बन्धलाई निरन्तरता दिन भारतीय राष्ट्रपतिबाट नेपाल भ्रमण भएको थियो । जुन भ्रमणहरूको भित्री उद्देश्य चीनतर्फ मोडिएको नेपालको विदेश नीतिलाई भारतीय अनुकूल ल्याउनु थियो । तर राजा

महेन्द्र भने भारतसरकारलाई नचिडाइकन विश्वका अन्य राष्ट्रहरूसँग मैत्रीपूर्ण सम्बन्ध गाँस्न इच्छुक थिए । यसैकारण नेपालले अन्य देशहरूको सम्बन्ध विस्तार गर्दा उठ्न सक्ने भ्रम र शंकाहरू हटाई मजबुत तुल्याउन राजा महेन्द्रले भारतको मैत्री भ्रमण पनि गरेका थिए । भारतसँग मात्र सीमित नेपालको विदेशनीतिलाई भारतबाट झिकेर विश्वका अन्य राष्ट्रहरूमा पुऱ्याउनका लागि उनले तत्कालीन चीन समर्थक मानिएका टंकप्रसादलाई प्रयोग गरे । त्यस्तै चीन भारत दुबैको शक्ति सन्तुलनका लागि डा. के आई. सिंहलाई प्रयोग गरे । यी दुबै कार्यमा उनको विशेष कुटनैतिक चाल थियो । विदेशनीतिका सम्बन्धमा उनको यस प्रयास सफल पनि भएको मानिन्छ । नेपालमा प्रजातन्त्र स्थापना भएको देख्न चाहने भारतीय नीति र शासनमा आफू सक्रिय हुन चाहने राजाको नीतिका कारण यस समय भारतीय चाहना अनुकूलको शासन कायम हुन सकेन त्यसको कारण सम्बन्ध पनि भावनात्मक भएन । तर उच्चसतरीय भ्रमणहरू भएका थिए र सम्बन्ध सुधारका प्रयासहरू पनि जारी थिए ।

२०१५ मा प्रथम पटक संसदीय निर्वाचन सम्पन्न भई नेपाली काँग्रेसले दुई तिहाई मत ल्याएपछि बल्ल भारतले आफ्नो अनुकूलताको सरकार आउनेमा विश्वस्त बन्दै आफ्नो पुरानो विशेष सम्बन्धलाई निरन्तरता दिन सरकार गठन भएको केही दिनमा नै भारतीइ प्रधानमन्त्री नेहरू काठमाडौं आएका थिए । चीनसँगको विवादका कारण आफ्नो हिमालय सीमा असुरक्षित देखि नेपाल र भारतको संयुक्त सुरक्षा अवधारणा लिएर आएका नेहरूले बारम्बार हिमाल दुबै देशको सुरक्षा सीमा भएको उल्लेख गरे । आफ्नो छोटो नेपाल भ्रमण सकेको केही दिनपछि भारतीय प्रधानमन्त्री नेहरूले १९५० को सन्धिको हवला दिदै नेपालको सार्वभौममाथि प्रश्न चिन्ह उठ्न सक्ने वक्तव्यले बौद्धिक जगतलाई तर्साएको थियो । जुन कुरालाई तत्कालीन प्रधानमन्त्रीले सच्चाएका थिए । नेपाल भ्रमणको केही समयपछि प्रधानमन्त्री विश्वेश्वर प्रसाद चीन यात्रा पूर्व भारतसरकारसँग परापर्शका लागि गए । त्यहाँ उनले विवादित गण्डक सम्झौताको उद्घाटन पनि गरेका थिए ।

नेपालमा नेपाली काँग्रेस्को निर्वाचित सरकारको स्थापना पछि देशमा विद्यमान अस्थिर राजनैतिक वातावरण र निर्वाचित सरकारको कार्यनीतिबाट असन्तुष्टी व्यक्त गर्दै २०१७ पौष १ गते राजा महेन्द्रले संसदीय सरकार विघटन गरी शासन आफ्नो हातमा लिए । यस कुराले विश्वको सबैभन्दा ठूलो प्रजातान्त्रिक मुलुक भारतले सामान्य रुपमा लिन सकेन र प्रजातन्त्रको

पुर्नस्थापनाका लागि राजा महेन्द्रलाई आग्रह गऱ्यो तर भारतीय सल्लाहलाई उनले इन्कार गरे जसले गर्दा दुई देशका बीचको सम्बन्धमा तनावपूर्ण स्थितिको विकास भयो दुबै तर्फबाट वाकयुद्धहरू सञ्चालन भइ एउटा गतिरोधको सृजना भयो । छिटफुट सीमा विवादहरू पनि भए । एक अर्को देशलाई दवावदिने कार्यहरू प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा सञ्चालन भए । त्यस्तै आपसी तनाव कम गर्न उच्च स्तरीय भ्रमण पनि भए तर नेपाल भारत दुवै आफ्ना अडानमा अडिक रहेका कारण स्थिति सामान्य हुन सकेन जसको कारण राजा महेन्द्र भारतलाई कुटनैतिक दवाव दिनका लागि भारतसँग सत्रुता साधेका राष्ट्रहरू पाकिस्तान र चीनको भ्रमण गरी आफ्नो शासनलाई अन्तराष्ट्रिय समर्थन प्राप्त गर्ने प्रयास गरेका थिए ।

तर तनाव धेरै लामो समय समयमा कायम रहेन । आपसी तनावले दुवैलाई अप्ठ्रो बनाएको थियो । संयोग यसै समयमा भारत चीन युद्ध सञ्चालन भयो यस युद्धमा नेपालले अपनाएको कुटनीतिले भारत प्रभावित बन्यो र भारतले नेपालप्रतिको आफ्नो नीतिमा परिवर्तन गऱ्यो चीन-भारत युद्धको समयमा नेपालले अपनाएको कुटनीतिले नेपाल भारत सम्बन्धको गतिरोध समाप्त भयो । यसपछिका दिनहरूमा दुबै देशबीच सौहार्दपूर्ण मित्रता कायम भयो । फेरि नेपाल भारत सम्बन्ध मजबुत पार्न र आपसी शंका निवारणका लागि उच्चस्तरीय भ्रमणहरूको आदान-प्रदान सुरुवात भयो । भारतले नेपालमा प्रजातन्त्रका पुर्नस्थापनाको आफ्नो मागलाई छाडी पञ्चायती व्यवस्थालाई समर्थन जनायो ।

यसबाट भारतको चाहना नेपालको राजनीतिक निकास भारतीय चाहनाभन्दा फरक नहोस् यसका लागि राजनीतिक गतिविधीहरूलाई आफ्नो अनुकुल बनाउनको लागि यहाँका हरेक घटनाक्रमहरूको सूक्ष्म तरिकाबाट चासो देखाउने गरेको पाइन्छ । राणा कालमा राणा शासक, राजा र प्रजातन्त्रबादी तीनै थरि शक्तिहरूसँग रहदै आएको भारतको प्रभाव पंचायत कालमा पनि राजा र पंचायत विरोधी दुवै शक्तिहरूमा थियो भनेपछि भारतका लागि कुनै पनि राजनेता वा राजनैतिक संगठनहरू उसका मित्र होइनन् यो उसको राष्ट्रिय स्वार्थ हो ।

# सन्दर्भसामग्री

**पुस्तकहरू (अङ्ग्रेजी)**


करुणाकरण, के.पी., *इण्डीया इन वल्ड एफियर्स,* लण्डनः अक्सफोर्ड युनिभर्सिटी प्रेस, ई.सं. १९५८ ।

के.सी., केशर बहादुर, *नेपाल अफ्टर द रेभोलुसन अफ १९५० (भाग २)* , काठमाडौं : शारदा प्रकाशन गृह, ई.सं. १९७६ ।

के.सी., केशर बहादुर, *नेपाल अफ्टर द रेभोलुसन अफ १९५० (भाग १),* काठमाडौंः शारदा प्रकाशन गृह, ई.सं. १९७६ ।

गुप्ता , अनिरुद्र , *पोलिटिक्स इन नेपाल,* बम्बइः कालिङ्गा पब्लिकेशन, ई.सं. १९९३ ।

गोयल, नरेन्द्र, *पोलिटिकल हिष्ट्री अफ हिमालय स्टेट,* न्यू दिल्लीः क्याम्ब्रिज बुक्स एण्ड स्टेशनरी, ई.सं. १९६६ ।

चटर्जी, भोला, *ए स्टडी अफ रिसेन्ट नेप्लिज पोलिटिक्स,* कलकत्ताः द वल्ड प्रेस प्रा.लि., ई.सं. १९६७ ।

चटर्जी, भोला, *नेपाल्स एक्सपेरिमेन्ट विथ डेमोक्रेसी,* न्यू दिल्लीः अंकुर पब्लिसिङ्ग हाउस, ई.सं. १९८९ ।

जैन, गिरीलाल, *इण्डीया मिट्स चाइना इन नेपाल,* बम्बइ : एसिया पब्लिसिङ्ग हाउस, ई. सं. १९५९ ।

जोशी, भुवनलाल र लियो इ रोज, *डेमेक्रेटिक्स इन्नोभेन्सन इन नेपाल,* वर्कले : युनिभर्सिटी अफ क्यालीफोर्निया प्रेश, ई.स. १९६६ ।

झा, राजकुमार, *द हिमालय किङ्ग इन इण्डीया फरेन पोलिसी,* राँचीः मैत्री पब्लिकेशन, ई.सं. १९८७।

तुलाधर, दमनराज, *कन्टेम्पोररी नेपाल (१९४५-१९५५),* काठमाडौ : लक्ष्मी पब्लिकेशन , ई.सं. १९८०।

दास, रविन्द्र कुमार, *नेपाल एण्ड इट्स निउज,* वाराणसी : लेखक स्वंम, ई.सं. १९८६ ।

धरमदेशानी, *मुरलीधर, इण्डीया डिप्लोमेसी इन नेपाल,* जयपुर : आलेख पब्लिसर्स, ई.सं. १९७६ ।

प्रसाद, ईश्वरी , *द लाईफ एण्ड टाइम्स अफ महाराज जुद्धशमशेर जङ्गबहादुर राणा अफ नेपाल,* दिल्लीः आशिष पब्लिसिङ्ग हाउस, ई.सं. १९७५ ।

बज्राचार्य, मनिकलाल, *नेपाल इण्डीया रिलेसन्स सिप ......?,* काठमाडौंः अनिल बज्राचार्य र राजिव बज्राचार्य, प्रकाशन मिति अनुल्लेखित ।

भट्टराई, मदनकुमार, *डिप्लोमोटिक्स हिष्ट्री अफ नेपाल (१९०१-१९२९)* , न्यूदिल्ली : मदनकुमार भट्टराई, ई.सं. १९९० ।

भासिन ए.एस., *डकुमेन्ट अफ नेपाल्स रिलेसन्स विथ इण्डीया एण्ड चाइना (१९४९-६६),* न्यूदिल्ली : एकेडेमिक बुक्स प्रा.लि., ई.सं. १९७० ।

मजुम्दार, कञ्चनमय, *पोलिटिकल रिलेसन्स विटविन इण्डीया एण्ड नेपाल,* न्यू दिल्लीः मुन्सिराम मनोहर लाल पब्लिसर्स, ई.सं. १९७३ ।

मुनी, एस.डी., *फरेन पोलिसी अफ नेपाल,* दिल्लीः नेशनल पब्लिसिङ्ग हाउस, ई.सं. १९७३ ।

रमाकान्त, *नेपाल चाइना एण्ड इण्डीया,* नयाँ दिल्ली : एभिनभ पब्लिकेशन, ई.सं. १९७६ ।

रमाकान्त, *इण्डो-नेप्लिज रिलेसन्स* , न्यू दिल्लीः एस चाँद एण्ड कम्पनी प्रा.लि., ई.सं. १९६८ ।

राणा, पदम जङ्गबहादुर, *लाईफ अफ महाराज सर जङ्गबहादुर* , काठमाडौ : रत्नपुस्तक भण्डार, ई.सं. १९७४ ।

रोज, लियो ई, *नेपाल स्ट्राटेजी फर सरभाइभल,* न्यू दिल्लीः अक्फोर्ड युनिभर्सिटी प्रेस, ई. सं. १९७१ ।

शाह, ऋषिकेश, *मोर्डन नेपाल (भाग २),* न्यू दिल्लीः मनोहर पब्लिसर्स एण्ड डिस्ट्रीब्यूटर्स, ई.सं. १९९६ ।

श्रेष्ठ, कुसुम, *मोनार्की इन नेपाल,* बम्बई : पपुलर प्रकाशन, ई.सं. १९८४ ।

सेभर, एड्रियन, *नेपाल अन्डर द रानाज,* न्यूदिल्ली : अक्सफोर्ड एण्ड इब्स पब्लिसिङ्ग प्रा.लि., ई.सं. १९९३ ।

हुसेन, आसद, *कन्फिट्स इन एसियाः अ केश स्टडी अफ नेपाल* , न्यू दिल्ली : क्याम्ब्रिज बुक्स एण्ड स्टेशनरी, ई.सं. १९६६ ।

**पुस्तकहरु (नेपाली)**


उदास, गेहेन्द्रमान, *नेपालमा प्रजातन्त्र र श्री ५ त्रिभुवन* , काठमाडौं : प्रतापसिंह राई नाछिरिङ्ग, वि.सं २०५३ ।

के.सी., सुरेन्द्र, *नेपालको कुटनैतिक इतिहास,* काठमाडौंः पैरवी प्रकाशन, वि.सं २०६१ ।

देवकोटा, गृष्मबहादुर, *नेपालको राजनीतिक दर्पण (भाग १),* काठमाडौ.: ध्रुवबहादुर देवकोटा, वि.सं. २०१६ ।

देवकोटा, गृष्मबहादुर, *नेपालको राजनीतिक दर्पण (भाग २),* काठमाडौः अर्जुनबहादुर देवकोटा, वि.सं. २०३६ ।

देवकोटा, गृष्मबहादुर, *नेपालको राजनीतिक दर्पण (भाग ३),* काठमाडौं : उपेन्द्र बहादुर देवकोटा, वि.सं २०४० ।

नेपाल, ज्ञानमणि, *नेपाल निरुपण, काठमाडौं : नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान,* वि.सं. २०५५ ।

नेपाली, चित्तरञ्जन, *श्री ५ रणबहादुर शाह,* काठमाडौंः रत्नपुस्तक भण्डार, वि.सं २०५७ ।

पंगेनी, भवेश्वर, *डा. के. आई.सिंहको चीन प्रवास,* न्यू दिल्लीः एड्रोट पब्लिसर्स , ई.सं. २००७ ।

पन्त, नयनराज, *श्री ३ महाराज पद्म शमशेरका कुरा,* काठमाडौं : संशोधन मण्डल, वि.सं २०३५ ।

पाण्डे, सरदार भिमबहादुर, *त्यस बखतको नेपाल (भाग २),* काठमाडौं : नेपाल एसियाली अनुसन्धान केन्द्र , वि.सं २०३८ ।

पाठक, मैत्रदेव, *श्री ५ महेन्द्रको भारत यात्रा,* कलकत्ताः जोगवनी प्रिन्टस एण्ड पब्लिसर्स, वि.सं २०१३ ।

वैद्य, तुलसीराम र तीर्थ प्रसाद मिश्र, *नेपालको राजनैतिक इतिहास,* काठमाडौंः नेपाल एसियाली अनुसन्धान केन्द्रं, वि.सं. २०५४ ।

मानन्धर, त्रिरत्न र निरञ्जन शर्मा, *आधुनिक नेपालको राजनीतिक इतिहास,* काठमाडौंः नेपाल र एसियाली अनुसन्धान केन्द्र , वि.सं २०५३ ।

शर्मा, गणेश राज, *विश्वेश्वरप्रसाद कोइरालाको आत्मवृत्तान्त,* ललितपुरः जगदम्बा प्रकाशन, वि.सं. २०५५ ।

शर्मा, बालचन्द्र, *नेपालको ऐतिहासिक रुपरेखा,* वाराणसीः कृष्णकुमारी देवी, वि.सं २०१३ ।

**पुस्तकहरु (हिन्दी)**

चर्तुवेदी, शैलेन्द्र कुमार, *भारत नेपाल  सम्बन्ध,* दिल्लीः वि. आर. पब्लिसिङ्ग हाउस, ई..सं. १९८९ ।

मिश्र, डा. देवचन्द्र, *विश्वेश्वर प्रसाद कोइराला और नेपाली राजनीतिक* काठमाडौंः मिश्र प्रकाशन ई. सं. १९९६ ।

**अन्य**

अन्तरिम शासन विधान २००७ ।

त्रिभुवन स्मारक समिति,  ५ त्रिभुवन  स्मृतिग्रन्थ, , काठमाडौं : वि.सं. २०२७ ।

श्री ५ को सरकार  सञ्चार मन्त्रालय  सूचना  विभाग,  सामयिक सन्देश , काठमाडौं : वि.सं. २०२८ ।

**पत्रपत्रिकाहरु ।**

गोरखापत्र दैनिक